

# वृत्तान्त बिर्ता



## रसुवाका किसानको विद्रोह नालीबेली

# वृत्तान्त बिर्ता

## (रसुवाका किसानको विद्रोह नालीबेली)




राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल
National Land Rights Forum Nepal

**जिल्ला भूमि अधिकार मञ्च**

**प्रकाशक**
जिल्ला भूमि अधिकार मञ्च, रसुवा
कालिका-२, कालिकास्थान, रसुवा
इमेल : dlrf.rasuwa@gmail.com

**प्रकाशन सहयोग**
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
टोखा-७, धापासी काठमाडौँ
इमेल : landrights@csrcnepal.org

**लेखन, सम्पादन**
रघुनाथ लामिछाने
विश्वास नेपाली
सुष्मा न्यौपाने

**प्रकाशन :** असोज, २०८२

**डिजाइन**
बिक्रम चन्द्र मजुमदार

# आरम्भ

अधिकार प्राप्तिको अभियानमा ज्ञान निर्माण महत्वपूर्ण पाटो हो । यस्तो ज्ञान अघिल्ला पुस्ताले गरेको सङ्घर्ष, उपलब्धि र सिकाइबाट सिर्जित हुन्छ । जसलाई अनुशरण गर्न सक्दा पछिल्ला पुस्ताले पनि अझ नयाँ ढङ्गले रूपान्तरणमा योगदान गर्न सक्छन् । यस्तो ज्ञानले अभियानकर्मी र अगुवाहरूलाई समान बुझाइ कायम गराउँछ । विगत अध्ययनले अगुवा एवं अभियन्तालाई नयाँ परिवेशमा कस्तो योजना तय गर्ने भन्ने ज्ञान दिन्छ । र, यसरी बन्ने योजनाले अधिकार प्राप्तिको अभियानलाई अझ सक्रिय, सशक्त बनाउन सघाउ पुग्छ ।

यही ध्येयले रसुवा जिल्लामा सुरु भएको भूमि अधिकार आन्दोलन, यसका सङ्घर्षपूर्ण क्षण, मुख्य उपलब्धि, सिकाइ र मूल मुद्दाहरू समेटी यो पुस्तक तयार गरिएको छ । पुस्तकमा भूमि अधिकार अभियानमा सङ्गठित अगुवा, अभियानकर्ता र सदस्यहरूको सङ्घर्ष र अनुभव समेटिएको छ ।

आन्दोलन सुरु भएपछि यसबीचमा केही गर्व लायक उपलब्धि प्राप्त भएका छन् । बिर्ता जग्गा जोतभोग गर्ने १६८ परिवारको जग्गा धनी प्रमाण पुर्जा बन्यो । बाँकी रहेको बिर्ता जग्गाको दर्ता प्रक्रियाका लागि निरन्तर अभियान भइरहेको छ । गुठीपीडित किसानको मोही हक सुरक्षित भयो, महँगो कुत आधा छूट भयो । भूकम्पका कारण विस्थापित भएका ८१५ परिवारको पुनर्वासमा मद्दत पुग्यो । सदस्य परिवारलाई जीविकोपार्जनलगायतको कार्यमा मद्दत गरी पुनर्स्थापनमा सघाउन सक्यौं । संयुक्त जग्गा धनी प्रमाण पुर्जा अभियानले महिला किसानको पनि पहिचान, आत्मसम्मान र भूमि एवं सम्पत्तिमा पहुँच बढ्दै गएको छ ।

कालिकास्थानमा घर निर्माण गर्‍यौं । जुन अहिले हामी सबैको साझा 'भूमि घर' बन्दै गएको छ । अभियानसम्बन्धी छलफल गर्ने, भेला हुने, तालिम एवं विभिन्न कार्यक्रम सञ्चालन गर्न सहजता भइरहेको छ । गाउँ तहमा भएका हाम्रा सङ्गठन, अगुवा एवं सदस्य अभियानका मुख्य आधार हुन् । सङ्गठन नियमित सञ्चालनमा छ । सदस्यता नवीकरण, आन्दोलन कोष सङ्कलन र उपयोग पनि नियमित भइरहेको छ । मञ्चका अगुवाहरू जिल्ला मात्र होइन, जिल्ला बाहिरसमेत हुने अभियान एवं आन्दोलनका

कार्यहरूमा सक्रिय सहभागी भइराख्नुभएको छ । साथै हाम्रा अगुवाहरू सरकारले विभिन्न चरणमा गठन गरेको भूमि आयोगहरूमा प्रतिनिधित्व गर्ने ठाउँमा पुग्नुभएको छ । यी सबै मञ्चका उपलब्धि हुन् ।

जिल्लामा भूमि अधिकार आन्दोलन सुरु भएको झण्डै २ दशक पुग्न लाग्यो । यसबीचमा धेरै अगुवा, अभियन्ता एवं सदस्यहरू अभियानमा जोडिनुभयो, अनि छुट्टिनु पनि भयो । यो दुई दशक निरन्तर खट्ने अगुवाहरूको क्रियाशीलता, माया, आफ्नोपन र सङ्गठनप्रतिको लगावले नै यो यात्रा सफल भएको हो । यो यात्रामा सहयोग पुऱ्याउनुभएका अगुवा, सदस्य र सहयोगी एवं शुभचिन्तकहरूप्रति सधैं आभारी छौं र रहिरहने छौं ।

जिल्ला मञ्चमार्फत यो पुस्तक प्रकाशन गर्न पाउँदा हामी खुसी छौं । रसुवासमेत डुलेर पुस्तक तयारीमा सहयोग गर्नुहुने रघुनाथ लामिछानेलाई विशेष धन्यवाद ज्ञापन गर्छौं । साथै तयारीमा सघाउने विश्वास नेपाली, सुष्मा न्यौपाने, कल्पना आचार्य र हेमनाथ खतिवडालाई पनि धन्यवाद व्यक्त गर्छौं । पुस्तक समीक्षा गरी गुणस्तरीय बनाउन सहयोग गर्नुहुने आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाप्रति आभारी छौं । साथै प्रकाशनमा सहयोग गर्ने सामुदायिक आत्मनिर्भर सेवा केन्द्रप्रति पनि साधुवाद छ ।  प्रेरणा र हौसलाको लागि राष्ट्रिय भूमि अधिकार मञ्चलाई पनि धन्यवादसहीत सम्झिन चाहन्छु ।

**भवानीप्रसाद न्यौपाने**
अध्यक्ष
जिल्ला भूमि अधिकार मञ्च, रसुवा

# विषयसूची


**आरम्भ** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ५

**रसुवाको छोटो चिनारी** . . . . . . . . . . . . . . . . . . . . . ११

भूगोल ....................................................................१२

जनसङ्ख्या ..............................................................१३

जीविका ..................................................................१३

**भूमि अधिकार मञ्च : सङ्घर्षको अविराम यात्रा** . . . . . . . . १५

उद्देश्य ...................................................................१५

**भूमि अभियानको जन्म** . . . . . . . . . . . . . . . . . . . . . . . १७

**सपना यात्रामा बिर्तावालासँग भवानी** . . . . . . . . . . . . . . . . . . . . . . . . . १७

भूमि अधिकार अभियानका क्रमिक चरण ................................१९

सङ्गठित स्वरूप ........................................................१९

राष्ट्रिय स्तरको साइनो ...................................................२३

त्रिपक्षीय तागत ........................................................ २५

सपना जब विपना बन्यो ................................................ २७

सङ्गठनको अर्को जीत.................................................... ३०

मञ्चप्रति बढेको विश्वास ................................................३१

पीडाका साथी ........................................................... ३४

विषयसूची...

महिला, सङ्घर्ष र न्याय ...... ३६
पालिकादेखि मन्त्रालयसम्म ...... ३९
निरन्तर ऊर्जा ...... ४३

**गतिविधि ग्राफ (२०६२-२०८१)...... ४७**

**सङ्घर्षपछिका प्राप्ति (२०६२-२०८१) ...... ५१**

अभियान र सफलता ...... ५३
सङ्घर्षको आलोकमा सिकाइ ...... ५६
सुशासन र पारदर्शिता ...... ५८
समावेशिताको अभ्यास ...... ५९
जिल्ला भूमि अधिकार मञ्चको आगामी दिशा ...... ६६

**भूमि-कृषिसम्बन्धी जिल्लाका मुख्य सवाल ...... ६६**

**बिर्ताको व्यथा** ...... ६६
**रसुवालीको प्रश्न** ...... ६७
**गुठी व्यथा** ...... ७०
**गुठी गाँठो** ...... ७१
**हाकुबासीको गुठी हैरानी** ...... ७३
**जग्गा गुठीमा कसरी रह्यो** ...... ७४
**भूमिहीन सुकुमबासीका आँसु** ...... ७५

विषयसूची...


अव्यवस्थित बसोबासीका दुःख . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .७६

भूमिमा महिला अधिकार. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .७६

भूकम्प, जोखिम बस्ती र पुनर्वासका दुःख . . . . . . . . . . . . . . . . . . . . . . . .७७

कृषिसम्बन्धी केही प्रश्न . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .७८

**भूमि मञ्च : अगुवा, अभियन्ता, सङ्घर्ष र सफलता. . . . . .८०**

जसले जिते 'मृत्यु दण्ड' . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८०

जो छन् धन्यवादका पात्र . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८०

१७ वर्षदेखि भूमि अधिकार प्राप्तिको लडाइँमा. . . . . . . . . . . . . . . . . . . . . .८५

जो ऋण लिएरै आन्दोलनमा हिंडिरहे . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८७

ठेगानाको खोजी. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९०

आन्दोलन : एक शब्दयात्रा. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९३

खड्ग जस्तै खड्गमायाको कथा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९४

आजीवन भूमि अभियन्ता . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९७

अविराम अगुवा. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९९

व्यवसाय पनि, आन्दोलन पनि. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१०१

हाकुकी असली नेता . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१०२

प्रारम्भका अगुवाका कथा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१०४

भूमि : मन, वचन र कर्ममा. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१०४

**अनुसूची** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . **१०८**

**बिर्तासम्बन्धी प्रकाशित लेख रचनाहरू** . . . . . . . . . . . . . . . **१२२**

बिपी र बिर्ता . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १२२

जिउँदो बिर्ता प्रथा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १२६

कहिलेसम्म राख्ने बिर्ता ? . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १३१

बिर्तापीडित किसानलाई सुन्दैन सरकार . . . . . . . . . . . . . . . . . . . . . १३४

कमजोर छैनौँ हामी . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १३८

बिर्ताको जाँतोमा रसुवा-नुवाकोट . . . . . . . . . . . . . . . . . . . . . . . . . १४२

रगत-पसिना बगायौं, बदलामा के पायौं ? : संगीता लामिछाने . . . . . . . . १४८

बिर्ता आन्दोलनको आइकनिक फोटो स्टोरी . . . . . . . . . . . . . . . . . . . . १४८

किसानलाई गलपासो . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १५२

**तस्बिर सङ्ग्रह** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . **१५६**

# रसुवाको छोटो चिनारी

जनसङ्ख्या : ४६,६८९
महिला : २२,६५४
वार्षिक जनसङ्ख्या वृद्धि दर : ०.७२
जनघनत्व : ३० (प्रतिवर्ग किमि)
साक्षरता दर : ६९.६
जम्मा घर : ११,१४०

• • •

रसुवा तामाङ जातिको बढी बसोबास भएको जिल्ला हो । तामाङ भाषामा र को अर्थ भेडा/च्याङ्ग्रा हुन्छ भने सोवाको अर्थ राख्ने ठाउँ भन्ने हुन्छ । यसरी हेर्दा तामाङ समुदायमा परम्परादेखि नै भेडा/च्याङ्ग्रा पाल्ने चलन भएकाले भेडा/च्याङ्ग्रा राख्ने ठाउँका रूपमा रसोवा भनिएको भन्ने भनाइ पाइन्छ ।ज्ञ यही रसोवा बोलिचालीको भाषामा अपभ्रंस हुँदै जाँदा रसुवा भएको आममान्यता छ ।

वाग्मती प्रदेशमा पर्ने उत्तरी भाग चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको रसुवा हिमाली जिल्ला हो । भौगोलिक बनोट, हावापानी, जङ्गलको विविधता, नदीनाला र जलकुण्ड, विभिन्न जातजातिको बसोबास, रहनसहन, वेशभूषाका साथै जैविक विविधताको धनी यस जिल्लाको आफ्नै पृथक ऐतिहासिक महत्त्व छ । यो छिमेकी मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतसँग मितेरी गाँसेर बसेको धार्मिक एवं पर्यटकीय जिल्ला हो । देशकै तेस्रो पदयात्रा गन्तव्यको रूपमा रहेको लाङटाङ राष्ट्रिय निकुञ्ज, रामसार क्षेत्रमा सूचीकृत गोसाइँ-कुण्ड ताल रहेको यस जिल्ला भौगोलिक, जैविक, सांस्कृतिक, धार्मिक र पर्यावरणीय हिसाबले सबल छ ।

..................................

१ रसुवा जिल्लाको सामान्य जानकारी, जिल्ला समन्वय समितिको कार्यालय, रसुवा

## भूगोल

सिङ्गै देशको जस्तै रसुवाको भूगोललाई पनि ३ भागमा वर्गीकरण गर्न सकिन्छ- हिमाली क्षेत्र, लेकाली क्षेत्र र पहाडी तथा वेसी क्षेत्र । हिमाली क्षेत्रमा गणेश, लाङटाङ, लाङटाङ लिरूङ, यलापिक, लाङसिसा खर्कलगायत ५ हजार मिटर भन्दा अग्ला भाग पर्छन् । जहाँ सधैँजसो हिउँ पर्छ । यस्ता पर्वत शृङ्खला पूरै हिमाली क्षेत्रमा पर्छन् ।

लेकाली क्षेत्र भनेरचाहिँ समुद्री सतहदेखि २५ सय भन्दा माथिका उच्च पहाडी भागलाई चिनिन्छ । यहाँ हिउँदमा हिमपात हुन्छ । लाङटाङ, क्यान्जिङ, गोसाइँ-कुण्ड, लौरीविनायक, चन्दनबारी, माङचेत, मानेदाङ, गञ्जला भञ्ज्याङ आदि यस क्षेत्रमा पर्छन् । यी यस्ता क्षेत्र हुन् जहाँ सधैँजसो ट्रेकिङ (पर्यटन क्षेत्रको भ्रमण) र धार्मिक यात्रा गर्नेहरूको आउ/जाउ भइ नै रहन्छ । विशेषगरी गोसाइँ-कुण्ड आउने/जानेहरू बाह्रै महिना भेटिन्छन् । र, रसुवालाई बाँकी जिल्लाका मानिसले चिन्ने मुख्य आधार पनि गोसाइँ-कुण्ड नै हो ।

पहाडी तथा बेसी क्षेत्रचाहिँ समुद्री सतहदेखि २५ सय मिटर भन्दा मुनिको भागलाई बुझिन्छ । वेत्रावती, पैरेबेसी, स्याफ्रुबेसी, फलाखु खोलाको किनार, त्रिशूली नदीको किनार क्षेत्र आदि यस क्षेत्रका मुख्य वेसी हुन् । जिल्ला सदरमुकाम धुन्चे, गोल्जुङ, गत्लाङ, यार्सा, सरमथली, कालिकास्थान, लहरेपौवा, ठूलो गाउँ आदि पनि यही क्षेत्रमा पर्छन् ।[२]

जिल्लाको कुल क्षेत्रफल १५१२ वर्ग किलोमिटर छ । पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा धादिङ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा नुवाकोट यसका छिमेकी हुन् । रसुवाको सब भन्दा होचो स्थान ६१४ मिटर छ भने सबै भन्दा अग्लोचाहिँ ७२२७ मिटर (लाङटाङ हिमाल) छ । जिल्ला सदरमुकाम धुन्चेचाहिँ १९५० मिटर उचाइमा अवस्थित छ ।

रसुवामा ५ वटा स्थानीय तह छन्- उत्तरगया, कालिका, आमा छोदिङ्मो, गोसाइँ-कुण्ड र नौ-कुण्ड गाउँपालिका । जसमध्ये उत्तरगया गाउँपालिका १०४.५१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । ५ वटा वडामा विभाजित यहाँको उत्तरगयाधाम प्रसिद्ध

................................

२ भूगोलसम्बन्धी जानकारी रसुवा जिल्लाको सामान्य जानकारी, जिल्ला समन्वय समितिको कार्यालय, रसुवाबाट लिइएको हो ।

तीर्थस्थल हो । त्यसैगरी कालिका गाउँपालिका १२९.५४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । ५ वटा वडामा विभाजित यहाँको कालिका माई धार्मिकस्थलका रूपमा परिचित छ । यसरी नै आमा छोदिङ्मो गाउँपालिका ६८३ वर्ग किलोमिटरमा फैलिएको छ । ५ वटा वडामा विभाजित यस पालिकामा चिलिमे, सान्जेन, त्रिशूली जस्ता जलविद्युत् आयोजना छन् । तामाङ भाषामा आमा छोदिङ्मो भनिने पार्वती कुण्ड यहाँको प्रसिद्ध धार्मिक स्थल हो ।

त्यसैगरी गोसाइँ-कुण्ड ९७८.७७ वर्ग किलोमिटरमा फैलिएको छ । ६ वटा वडा रहेको यो पालिकामा नेपालकै प्रसिद्ध तीर्थस्थलमा गनिने गोसाइँ-कुण्ड पर्छ । यसरी नै नौ-कुण्ड गाउँपालिका १२६.९९ वर्ग किलोमिटरमा फैलिएको छ । ६ वटा वडामा विभाजित यहाँको मुख्य तीर्थस्थल नौ-कुण्ड हो । यसरी रसुवाका ५ वटै पालिकाको नाम धार्मिक स्थलबाट राखिएको देखिन्छ । यी सबै पालिकामा यातायातको सुविधा पुगे पनि बाह्रै महिना सहज सवारी सञ्चालनमा भने कठिनाइ छ ।

## जनसङ्ख्या[३]

रसुवाको जनसङ्ख्या ४६ हजार ६ सय ८९ छ । जसमा पुरुष २४ हजार ३५ जना छन् भने महिलाको सङ्ख्या २२ हजार ६ सय ५४ छ । यसमध्ये तामाङको जनसङ्ख्या ३२ हजार १ सय २७ छ । जसमा पुरुष १६ हजार २ सय २८ जना छन् भने महिलाको सङ्ख्या १५ हजार ८ सय ९९ छ । यसरी हेर्दा रसुवामा सबै भन्दा बढी जनसङ्ख्या तामाङको छ । रसुवामा तामाङको जनसङ्ख्या ६८.८१ प्रतिशत छ ।

## जीविका

यस जिल्लाको उच्च भागहरूमा भेडा/च्याङ्ग्रा, चौंरीलगायतका पशु पाल्ने चलन छ भने बेसी परेका तथा अन्य पहाडी क्षेत्रमा खेती गरिन्छ । प्रायः भिरालो जमिन भएकाले खेतीपातीमा धान कम उत्पादन हुन्छ भने मकै, कोदोलगायतका बाली बढी उत्पादन हुने गर्छ । विशेषगरी नदी छेउछाउ बस्ने तामाङ समुदायका मानिसचाहिं

.................................

३ जनसङ्ख्यासम्बन्धी तथ्याङ्कको स्रोत राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा २०७८ मा गरिएको राष्ट्रिय जनगणनाको नतिजा हो ।

माछा मार्ने कार्यमा पनि लागेका छन् । कालो मुसुरो, दाल, छुर्पी आदि यहाँका प्रख्यात खानेकुरा हुन् । पछिल्लो समय स्याउ लगाउने क्रम पनि बढेको छ ।

त्यसबाहेक गोसाइँ-कुण्ड, लाङटाङ आदि घुम्न आउने पर्यटकलाई सेवा प्रदान गरेर जीविका चलाउनेहरू पनि छन् । रसुवागढी, वेत्रावती, कालिकास्थान, धुन्चे, स्याफ्रुबेसी चिलिमे, टिमुरे जस्ता जिल्लाका व्यापारिक केन्द्र तथा नाकाहरूमा व्यापार गरेर तथा होटल व्यवसाय सञ्चालन गरेर जीविकोपार्जन गर्नेहरू पनि यहाँ छन् ।

# भूमि अधिकार मञ्च :
# सङ्घर्षको अविराम यात्रा

जिल्ला भूमि अधिकार मञ्च रसुवा खेती गर्ने तर भूमिको अधिकारबाट वञ्चित बिर्ता, गुठी किसान, भूमिहीन र साना किसानको मञ्चअन्तर्गत सङ्गठित भई स्वःस्फूर्तरूपमा परिचालित गाउँ मञ्चहरूको सङ्ख्या प्रत्येक वर्ष बढ्दो छ भने यसमा आबद्ध हुन लालायित भूमि अधिकारबाट वञ्चितहरूको सङ्ख्या पनि बढिरहेको छ । जसले जिल्ला मञ्चलाई प्रत्येक दिन थप दरिलो र ऊर्जायुक्त बनाउन मद्दत पुगेको छ ।

लक्ष्य : भूमि र कृषिको अधिकारबाट वञ्चित भूमिहीन एवम् साना किसान सङ्गठित भइ भूमिलगायत प्राकृतिक स्रोत साधनको न्यायिक उपयोगका माध्यमबाट मर्यादित जीवन यापन निश्चित गर्नु ।

## उद्देश्य

जिल्लामा रहेका भूमि सवालहरू बिर्ता, गुठी, भूमिहीन सुकुम्बासी, विस्थापित एवं भूमि अधिकारबाट वञ्चित परिवारलाई सङ्गठित भइ भूमि हक, सुरक्षित आवास, जीविकोपार्जनको लागि खेतीयोग्य जमिन अधिकारका लागि आवाज उठाउने र सशक्त बनाउने ।

- भूमि अधिकार प्राप्तिका लागि अभियान सञ्चालन गर्ने ।
- भूमिमा महिलाको अधिकार स्थापित गर्न संयुक्त जग्गा धनी प्रमाण पुर्जा निर्माण अभियान सञ्चालन गर्ने ।
- भूमि अधिकार मञ्च र सङ्गठनहरूलाई आत्मनिर्भर, स्रोत सम्पन्न र स्वतः परिचालित हुने सङ्गठनको रूपमा विकास गर्दै लग्ने ।

- स्थानीय सरकारसँग समन्वय एवं सहकार्य गरी भूमिको दिगो उपयोगको लागि भूउपयोग योजना निर्माण र कार्यान्वयनको लागि पहल एवं पैरवी गर्ने ।
- भूमिहीन, साना किसान, महिला किसानलगायतको आर्थिक-सामाजिक अवस्था सुधारको लागि विभिन्न सरोकारवाला निकायसँग समन्वय एवं सहकार्य गर्ने ।
- समग्र भूमि सुधार, दिगो उत्पादन र वृद्धि, समुचित भूमिको उपयोग आदिको विषयमा नियमितजसो सरोकारवाला निकायसँग छलफल, विमर्श, संवाद गरी जनमत निर्माण गर्ने ।

# भूमि अभियानको जन्म

## सपना यात्रामा बिर्तावालासँग भवानी

२०३४ सालमा साइँला बाले 'फुच्चे' लाई काठमाडौं पनि देखाउने र आफूलाई बाटोमा कुरा गर्ने साथी पनि हुने भएकाले भवानीप्रसाद न्यौपानेलाई लैजाने सोच बनाएका थिए । उतिबेला गाडीको सुविधा थिएन । हिंडेरै धाउनुपर्ने । तर पनि काठमाडौं हेर्ने रहरले भवानीले साइँला बाको प्रस्ताव स्वीकारे ।

झट्ट हेर्दा काठमाडौं हेर्ने रहरले भएको यो यात्राको ठूलो अर्थ रह्यो भवानीको जीवनमा । काठमाडौं पुगेपछि काका/भतिज पकनाजोलस्थित घिउकोठी (त्यतिबेलाको कामचलाउ लज) मा बसे । भोलिपल्ट महाबौद्ध पुगे- 'मालिक' होमनाथ उपाध्यायलाई भेट्न । काम थियो- जग्गाको तिरो बुझाउने ।

के गर्न आइस्, ख्वै अहिलेसम्म तिरो पनि दिइनस् ? तमाखु तान्दै गरेका होमनाथले एकैछिन रोकिएर सोधे । साइँला बाले आफूले कमाएको जमिनको तिरो तिर्न आएको बताए । ५ वर्ष भइसकेको रहेछ तिरो नतिरेको । होमनाथले ५० पाथी धानको हिसाब निकाले । साइँला बाले उनको जमिनबाट यति चामल दिन सक्ने धान नै नफलेकाले दिन नसकिने बरु पैसा दिन्छौं भन्ने प्रस्ताव राखे । त्यसपछि होमनाथले पैसा नस्वीकार्ने भन्दै नजिकैको बजार असनमा गएर चामल किनेर घरैमा ल्याइदिन आदेश दिए । परेन फसाद ? कहाँबाट ल्याउने ५० पाथी चामल किन्ने पैसा ?

काका/भतिजा एकअर्कालाई हेराहेर गरे निकैबेर । दुवैको अनुहार मलिन थियो तर होमनाथको अनुहारमा भने गर्जन थियो । उनी आफ्नो आदेशबाट एकरत्ति पनि हलचल नहुने मुडमा थिए । काका/भतिजासँग मालिकलाई नमस्कार गरेर त्यहाँबाट 'हस्' का साथ उठेर हिंड्नुको विकल्प थिएन । धन्न त्यही घिउकोठी थियो र बस्न पाए रातमा । भोलिपल्ट अमिलो मन लिएर फर्के गाउँ । मालिकको दुर्व्यवहारबारे कुराकानी गर्दै काका/भतिजाको बाटो कट्यो घर नआइपुगुन्जेल ।

हो, मालिकको यही व्यवहारले भवानीलाई विद्रोही बनायो । त्यसपछि उनको बालमनमा एकपछि अर्कोगरी धेरै प्रश्न उब्जे क्रमशः- रसुवाको जग्गाा महाबौद्ध बस्ने मान्छेको कसरी भयो ?, खेती हामी गर्ने, कमाइ भने उसलाई बुझाउनुपर्ने नियम कसले बनायो ?, उत्पादन नै नभए पनि किनेरसमेत दिनुपर्ने निर्दयी नियमको सूत्राधार को हो ?, यस्तो अन्याय कहिलेसम्म सहने ?

हुन त कुत लिन मालिक आफ्नो घरमा आएका बेला उसले प्रदर्शन गरेको व्यवहारले यसअघि पनि भवानीमा विद्रोहको टुसा अङ्कुरण भइसकेको थियो । जब उनीहरू तिरो लिन आउँथे, भवानीको चुलो उनीहरूकै कब्जामा हुन्थ्यो । गाउँको असली घिउदेखि मीठा तरकारी र अन्य सरसामान सबै ठीक पारिदिनुपर्ने । खाइसकेपछि भाँडा पनि माझिदिनुपर्ने । उनीहरू टन्न खाएर डकार्दै निस्केपछि बल्ल भवानीको परिवारका लागि खाना बनाउन सुरु हुन्थ्यो । यतिञ्जेलसम्म बालबच्चाहरू भोकाइसकेका हुन्थे तर मालिकका अगाडि 'बालबालिका भोकाए' भन्न पनि निषेध थियो ।

त्यति मात्र हैन, जाने बेलामा गाउँघरका अर्गानिक खानेकुरा र रसिला/पोषिला चिजविजहरूको पोकोपन्तरो पनि बाँधिदिनुपर्थ्यो । अझ त्यति गरेर पनि कहाँ पुग्थ्यो र ? बोकेर उनीहरूसँगै पुऱ्याइदिनु पनि पर्थ्यो । यी सबै गर्न पर्नाको एउटै कारण थियो- आफूले जोतभोग गरिरहेको जमिन उसले नखोसोस् वा कमाइ गरिरहन देओस् ।

जब आफ्नै घर र मालिकको घर दुवैको व्यवहारमा समान दुर्व्यवहार पाए, त्यसले भवानीमा 'अब यस्तो कर्तुतविरूद्ध चूप लागेर बस्न नहुने' धारणाको बिजारोपण भयो । फलस्वरूप उनले अरूको नाममा रहेका जग्गा कमाउने र आफूजस्तै दुर्व्यवहार खपेकाहरूसँग सम्बन्ध बढाउन थाले । अनि यस्तो कर्तुत सहन नहुनेबारे सम्झाइबुझाइ गर्दै उनीहरूका धारणा बुझ्न थाले ।

समय सहज थिएन । केही मानिस मालिकका जासुस थिए । उनीहरू यहाँ कुरा सुन्थे, आफू पनि पीडित भएको बताउँथे तर पछि सबै कुरा उसलाई लगाउँथे । उसको नजिक हुन । साँचिलो हुन । त्यसैले कुनै पनि काम कुरा गर्दा होसियारीपूर्वक गर्नुपर्ने बाध्यता थियो । यसै क्रममा २०५१ सालमा भवानीप्रसाद न्यौपाने, वसन्त मगरलगायत ५-७ जनाले गोप्य बैठक गरे । जसले होमनाथ जस्ताको नाममा रहेको विर्ता जग्गाविरूद्ध आवाज उठाउने निर्णय गऱ्यो । अनि यसलाई अभियानकै रूपमा अघि बढाउन गोप्य समिति नै गठन गरे ।

## भूमि अधिकार अभियानका क्रमिक चरण

समिति गठनका लागि मात्र गठन गरिएको थिएन । त्यसैले यसलाई सशक्त बनाउने अभियान सुरु भइसकेको थियो । यसै सन्दर्भमा २०५२ सालमा 'मालिक' हरू कुत लिन गाउँ आए । भवानीप्रसाद न्यौपानेलगायत समितिमा रहनेहरूले कुत नदिने बताएपछि जग्गा धनी र किसानबीच झगडा भयो । केही सिप नलागेपछि मालिकहरू रित्तै फर्के ।

झगडा न हो, छोपेर के छोपिन्थ्यो र ? 'एक कान दुई कान मैदान' हुँदै सबैतिर फैलियो । झगडाको कारणबारे सोधखोज हुने नै भयो । यस क्रममा बिर्ता जग्गाका मालिकले गरेका अत्याचार अब नसहने भन्ने मुख्य कारण खुल्यो । त्यसपछि मालिक भनाउँदाहरूको अत्याचार अति भो, अब लुकेर हैन, खुलेरै आवाज उठाउनुपर्छ भन्नेबारे व्यापक छलफल भयो । फलस्वरूप साविक धैबुङ गाविसका विर्तापीडित किसानहरू भेला भएर 'भूमि अधिकार सङ्घर्ष समिति' नै गठन गरे ।

## सङ्गठित स्वरूप

अब पहिले गठन भएको गोप्य समितिमा सीमित रहनु नपरेपछि खुलेरै आफ्ना गतिविधि सञ्चालन गर्न सक्ने स्थितिमा पुगे भवानीप्रसादहरु । यतिबेलासम्म धेरै बिर्तापीडित किसान सामेल भइसकेकाले उनीहरुको मनोबल पनि उच्च हुँदै गएको थियो । त्यसैले समिति गठन भएपछि यसका अगुवाहरु गाउँ/गाउँमा गएर छलफल चलाउने, कुत नदिन आग्रह गर्ने जस्ता कामहरु गर्न थाले । यसरी किसानले पनि अहिलेसम्म आफूहरु अन्यायमा परेको र लुसुलुसु कुत तिर्नु नै गल्ती भएको महसुस गर्न पुगे । बिर्ता प्रथाविरूद्ध अभियानका लागि यसरी पीडितहरुमा चेतना जगाउन सक्नु ठूलो उपलब्धि थियो ।

बिर्ता प्रथाविरूद्धको आन्दोलन गाउँघरमा भुसको आगोझैं विस्तार भइरहेको थियो । यसैबीचमा विक्रम संवत् २०५४ मा देशमा स्थानीय निर्वाचन भयो । अभियानका अगुवाहरुले निर्वाचनबाट जितेर आएका जनप्रतिनिधिसमक्ष बिर्ता जग्गाका जग्गाधनीहरु गाविसमा सिफारिस लिन आएमा नदिन आग्रह गर्ने अभियान नै चलाए । यी अगुवाको तर्क थियो कि जसले आफ्नो जग्गाको साँध/सिमाना नै चिन्दैन, उसलाई के आधारमा सिफारिस दिने ? यसरी गाविसको सिफारिसबिना

जग्गा दर्ता गर्न तथा बेचबिखन गर्न मिल्दैनथ्यो । त्यसैले यस्तो अभियान समस्या भएका गाउँ विकास समिति सबैतिर चलाइयो ।

• • •

## जिल्ला भूमि अधिकार मञ्चले के गर्छ ?

- भूमि तथा कृषि अधिकारबाट वञ्चित किसानलाई सङ्गठित गरी उनीहरूको हक अधिकारका लागि संयोजनकारी भूमिका निर्वाह गर्छ ।
- भूमि अधिकार हननका घटना अन्त्यका लागि आवश्यक पहल र सङ्घर्षका कार्यक्रम गर्छ ।
- अगुवा कार्यकर्ताको क्षमता वृद्धि गर्दै वकालत गर्न सक्ने जनशक्ति तयार गर्छ ।
- आवश्यक नीति निर्माण र सोको कार्यान्वयनका लागि नीतिगत तहमा दबाब सिर्जना गर्छ ।

• • •

अर्कोतर्फ सम्बन्धित गाविसलाई त्यस्ता जग्गाको तिरो नलिन आग्रह गर्ने काम पनि अभियानकै रूपमा थालियो । कर तिरेपछि त्यो रसिदले एकातिर जग्गा उनीहरूको भएको भन्ने दाबीमा सहयोग पुग्थ्यो भने अर्कोतिर यही आधारमा दर्ता, किनबेचलगायतका चलखेल हुन सक्थे । जसका कारण जोतभोग गरिरहेका वास्तविक किसान आफ्नो अधिकारबाट वञ्चित हुन सक्थे । यही सम्भावनालाई रोक्न अभियानकर्ताले गाविसहरूमा बिर्तावालहरूले तिर्ने कर नलिन अभियान थालेका थिए ।

माओवादीले विक्रम संवत् २०५१ मा थालेको सशस्त्र आन्दोलन २०५५/५६ सम्म आइपुग्दा निकै चर्किसकेको थियो । बिर्ता प्रथाविरूद्ध सुरु भएको यो अभियान माओवादीको आन्दोलनसँग एकरत्ति पनि सम्बन्धित थिएन । तर अभियान जुन जग्गा धनीका विरूद्ध लक्षित थियो, तिनले यो अभियान माओवादीको हो भनी प्रचार गरे । फलस्वरूप प्रहरी प्रशासनले पनि उनीहरूकै कुरा सुन्यो । जसको पनि मुख्य प्राथमिकता बाँच्नु नै हुन्थ्यो । बाँचे त अभियान फेरि पनि सुरु गर्न सकिन्छ भन्ने लागेर अभियानका अगुवाहरू चूपचाप बसे । यसरी केही समय आन्दोलन निष्क्रिय बन्यो ।

एकप्रकारले गति समातिसकेको अभियानलाई बीचैमा बिसाउनुपर्दा अभियानकर्ताहरू दुःखी बन्नु स्वाभाविक थियो तर उनीहरूसँग यसको विकल्प पनि त थिएन ।

२०६२ सालमा सशस्त्र आन्दोलनकर्ता माओवादी र सरकारबीच शान्ति प्रक्रिया सुरु भयो । द्वन्द्व न्यून भएपछि तुलनात्मकरूपमा स्थिति केही सहज भयो । भूमि अधिकार अभियानकर्ताले फेरि आफ्ना स्थगित गतिविधि अघि बढाउने निर्णय गरे । तर शान्ति प्रक्रिया टुङ्गोमा पुगिनसकेकाले पहिलेकै जस्तो खुलेयाम अभियान सञ्चालन गर्न सक्ने अवस्था थिएन । यस्तो अवस्थामा अभियानलाई कसरी सार्थकता दिने भन्नेबारे अगुवाबीच निकै मन्थन भयो । सम्भावित चुनौतीबारे मात्र छलफल भएन, आइपरेका चुनौतीको सामना कसरी गर्ने भन्नेबारे पनि छलफल भयो ।

त्यतीबेला एक्सन एडको सहयोगमा जिल्लामा नेपाल कृषि वन प्रतिष्ठानले काम गरिरहेको थियो । अब यसकै सहयोगमा भूमि आन्दोलन फेरि ब्युँताउने भन्ने निष्कर्षमा पुगे अभियानकर्ताहरू । जसका लागि जिल्ला सदरमुकाम धुन्चेमा एउटा जिल्लास्तरीय तालिम आयोजना भयो । तालिमको सहजीकरण गर्नका लागि आत्मनिर्भर केन्द्रबाट जगत देउजा र राष्ट्रिय मञ्चबाट बलदेव राम पुग्नुभएको थियो । तालिम भूमि अधिकारको विषयमा थियो र करिव ३० जना सहभागी भएका थिए ।

गाउँ, गाउँका भूमि समस्या पहिचान तथा छलफल गरियो त्यस क्रममा । अनि त्यहीं जिल्ला भूमि अधिकार मञ्चको तदर्थ समिति गठन भयो । रसुवाको भूमि अधिकार आन्दोलनको इतिहासमा यो क्षण कोसे ढुङ्गा नै बन्यो किनकि यो समिति गठनपश्चात अब जिल्लाको भूमि अधिकार भङ्गालो समग्र देशको मूलधारे आन्दोलनसँग जोडिन पुगको थियो । अर्कोतर्फ अभियान गोप्य र तदर्थमा सीमित रहेन । यो संस्थागत हुन पुग्यो ।

सुरुमा तदर्थ समितिले जिल्लाका बिर्ता, गुठी र सुकुमबासी समस्या भएकाहरू र समुदाय पहिचान गर्ने काम अघि बढायो । पहिचान भइसकेपछि उनीहरूलाई सङ्गठित गर्ने काम भयो । सङ्गठित गर्नुअघि उनीहरूले भोगिरहेका समस्याको कारण र त्यसको समाधानबारे छलफल भएका थिए । जब छलफलबाट यी समस्या सामूहिकरूपमा मात्र समाधान गर्न सकिन्छ भन्ने निक्यौल निस्कियो त्यसपछि बल्ल बिर्ता र गुठीका किसान आफैं समितिमा बस्न इच्छुक भएका थिए । यसरी अभियानमा

जोडिएकाको विषयवस्तुप्रतिको बुझाइ बढाउन तथा क्षमता विकास गर्नका लागि बेलाबेलामा तालिम पनि आयोजना गरियो । जसबाट किसानहरू आफ्ना धारणा प्रमाणमा आधारित भएर तर्कसङ्गत हिसावले राख्न सक्ने भएका थिए ।

यसै क्रममा २०६३ साल माघ ६ गते कालिकास्थानमा भूमि अधिकार मञ्चको जिल्ला सम्मेलन आयोजना गरियो । जहाँ विर्ता, गुठीपीडित किसान र भूमिहीनहरूको ठूलै (करिव ५०० जना) सहभागिता थियो । यो सम्मेलन जिल्लाको भूमि अधिकारका सवाल उजागर गर्न तथा पीडितहरूमा आफ्नो समस्या समाधानका लागि जुट्ने ऊर्जा प्रदान गर्ने हिसाबले निकै फलदायी रह्यो । जुन सम्मेलनबाट भवानीप्रसाद न्यौपानेको अध्यक्षतामा जिल्ला भूमि अधिकार मञ्च निर्माण भयो । यसरी गोप्य र तदर्थ हुँदै अघि बढेको समिति अब भने पूर्ण तथा विधिसम्मत बन्न सक्यो । जसलाई भूमि अधिकारबाट वञ्चितहरूले आफ्नो शक्तिका रूपमा बुझे । यसरी बुझ्नु भूमि अधिकार आन्दोलनका लागि निकै सकारात्मक पक्ष थियो ।

• • •

## जिल्ला भूमि अधिकार मञ्चलाई आर्थिक सहयोग गरेका मुख्य केही सङ्घ/संस्था

- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल
- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
- नेपाल कृषि वन प्रतिष्ठान
- कर्डएड, नेपाल
- परिवर्तन पात्र
- माइती नेपाल
- साबिक धैबुङ, लहरेपौवा, हाकु र भोर्ले गाविस
- साबिक जिल्ला विकास समितिको कार्यालय, रसुवा
- कालिका गाउँपालिका कार्यालय

• • •

भूमि अधिकार मञ्चको नयाँ नेतृत्वले कृषि वन प्रतिष्ठानसँग मिलेर आफ्नो अभियानलाई तीव्रता दिइ नै रह्यो । प्रतिष्ठानकै सहयोगमाकिसानहरूको भेला बोलाउने, अन्तरक्रिया गर्ने, तालिम दिने जस्ता काम भए । यससँगै भूमि समस्या भएका अन्य स्थानको अध्ययन भ्रमण गर्ने र त्यहाँ समस्या तथा समाधानका उपाय आदान-प्रदान गर्ने काम पनि निरन्तर भइरह्यो ।

## राष्ट्रिय स्तरको साइनो

यसबाहेक यो मञ्चले गरेको अर्को मुख्य कार्य भनेको राष्ट्रिय मञ्चसँग सम्पर्क/समन्वय पनि थियो । किनकि स्थानीय तवरमा आन्दोलन गरेर मात्र यहाँका किसानले भोगिरहेका समस्याको समाधान सम्भव छैन भन्ने मञ्च नेतृत्वलाई राम्रैसँग थाहा थियो । त्यसैले आफ्ना समस्यालाई राष्ट्रव्यापी बनाउन तथा नीति/कानुन निर्माण, संशोधन आदिका लागि राष्ट्रिय स्तरकै बल चाहिन्थ्यो । यही कुरा मनन् गर्दै मञ्चले राष्ट्रिय मञ्चसँग सम्पर्क दरिलो बनाउँदै लग्यो । यही कारण पनि हो कि राष्ट्रिय भूमि अधिकार मञ्चले रसुवाको जिल्ला भूमि अधिकार मञ्चलाई सधैं आफ्नो सक्रियमध्येको एक अङ्गका रूपमा स्वीकार गर्दै आएको छ ।

जग्गा धनी प्रमाण पुर्जा जिल्ला भूमि अधिकार मञ्चको जग बलियो थियो । यसको लक्ष्य प्रष्ट थियो भने गन्तव्यमा पनि कुनै द्विविधा थिएन । यसअघि नै निकै हण्डर र कष्ट बेहोर्दै आएकाले सानातिना चुनौतीसँग डर मान्नुपर्ने कारण पनि थिएन । त्यसमाथि थुप्रै अवरोध छिचोलेरै अघि बढेको पनि हो । त्यसैले मञ्चका पदाधिकारीले यो भड्काव घटनालाई यात्राका क्रममा आइपर्ने सामान्य बाधाका रूपमा लिएर अघि बढे । अर्थात खासै ठूलो चुनौतीका रूपमा लिन आवश्यक ठानेनन् ।

त्यसैले यस्तो अवस्थामा पनि विचलित नभई आफ्नो अभियान निरन्तर गरिरह्यो । सामुदायिक आत्मनिर्भर केन्द्रका जगत देउजा, राष्ट्रिय भूमि अधिकार मञ्चका अगुवा तत्कालीन अध्यक्ष बलदेव राम र उपाध्यक्ष सोमप्रसाद भण्डारीलाई जिल्लामा ल्याएर अभियानबारे अगुवाहरूलाई तालिम दिने, अन्तरक्रिया गर्ने काम भयो । राष्ट्रिय अगुवाहरूको आगमन र उनीहरूले दिएका प्रशिक्षणले किसान/पीडितहरूमा उत्साह थपियो । जसले आफूले भोगिरहेका समस्या समाधान सम्भव छ भन्ने आशा उत्पन्न गरायो ।

त्यसपछि किसानहरूबाटै योजना बनाएरकिसानका समस्या समाधान गर्न दबाब दिने उद्देश्यले जिल्ला सदरमुकाम धुन्चेमा २०६४ सालमा प्रदर्शन गरियो । उसै त सानो जिल्ला, त्यसमाथि पनि जनसङ्ख्या नै थोरै, झन् त्यसमाथि पनि जटिल भौगोलिक अवस्थितिका कारण जिल्लाका धेरै ठाउँबाट सदरमुकाम पुग्न निकै अप्ठेरो हुने अवस्थामा समेत करिब ५ सय जना किसान उपस्थित हुनु चानचुने विषय थिएन । जसले साथमा हलो, जुवा र कृषि औजारसहित प्रदर्शन गरेका थिए । उनीहरूले त्यस क्रममा मागपत्र पेस गरेका थिए । आफूहरूले उठाएका माग जायज भएकाले सम्बोधनका लागि पहल गरिदिन सम्बन्धित निकायसँग आग्रह पनि गरेका थिए ।

कृषि औजारसहितको यो प्रदर्शनी २ वटा कुराले महत्त्वपूर्ण बन्यो । पहिलो त आकर्षक झाँकीसहितको भएकाले पीडित किसानहरूले आफ्ना समस्याप्रति सबैको रुचि जगाउन सके । अरूले राखेका चासोमार्फत जानकारी दिलाउन सके र किसानका समस्या जिल्लाकरण हुन सक्यो । दोस्रोचाहिँ, जिल्लास्थित भूमिसँग जोडिएका मात्र नभई अन्य कार्यालयका कर्मचारीले समेत यहाँका किसानको भूमिसँग जोडिएका समस्या कति विकराल रहेछ भन्ने थाहा पाउन सके । धुन्चेमा जिल्लास्तरका प्रायः सरकारी कार्यालय एकै ठाउँमा गुजमुज्ज जस्तै भएकाले पनि यो सम्भव भएको थियो । यस्ता अभियान निरन्तर भइरहे जसले किसानलाई आफ्ना समस्या समाधानका लागि सक्रिय बनाउने काम गरिरह्यो ।

• • •

## असल अभ्यास

- आफ्नै भूमि घर भएकाले बैठक बस्न, भेला हुन, योजना बनाउन मात्र हैन, खान/बस्नसमेत सहज भएको छ ।
- भूमि घरलाई तालिम केन्द्रका रूपमा दर्ता गरिएकाले आर्थिक स्रोत सङ्कलनको माध्यमसमेत बनेको छ ।
- स्थानीय सरकारसँग स्थापित मित्रवत् सम्बन्धका कारण बेलाबेलामा अन्य सहयोगबाहेक आर्थिक सहयोगसमेत प्राप्त हुँदै आएको छ ।
- आन्दोलन कोष सङ्कलनले अभियानको दिगोपना वृद्धि गरेको छ ।
- जसको सवाल उसकै नेतृत्वमा अभियान सञ्चालन भइरहेको छ ।

- मौसमी बाली सङ्कलन, मुठी सङ्कलन (चामल, दाल, नून, खुर्सानी, तेल, मसला) गरी आन्दोलन कोष उपयोगमा ल्याइएको छ ।
- स्थानीय स्तरका अगुवा तथा अभियानकर्ताको क्षमता अभिवृद्धि गरी परिचालन गरिएको छ ।
- मिडिया परिचालन (पत्रकारलाई समुदायमा नै लगी पीडितहरूसँग सम्वाद गराउने र समस्या बाहिर ल्याउने) लाई अभियानकै एक अङ्गका रूपमा अपनाइएको छ । यसले यहाँको भूमि सवाललाई एउटा बहसको मुद्दा बनाउन मद्दत पुगिरहेको छ ।

• • •

यो अवधिमा जिल्ला मञ्चको सम्पर्क काठमाडौँमा रहेर भूमि अधिकार अभियानमा दरिलो वकालतीय कार्य गरिरहेको सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) सँग हुन पुग्यो । सिएसआरसीसँगको सम्बन्ध विस्तार रसुवाको भूमि अधिकार आन्दोलनका लागि अर्को कोसे ढुङ्गा थियो किनकि यसपछि यो संस्थासँगको सहकार्यमा यहाँको अभियानले निकै गति प्रदान गर्न सक्यो । विशेषगरी नीतिगत, वैचारिक तथा रणनीतिक हिसावले सुरूदेखि हालसम्म पनि सिएसआरसीले सहयोग गरिरहेको छ ।

## त्रिपक्षीय तागत

विक्रम संवत् २०६६ मा सिएसआरसी, नेपाल कृषि वन प्रतिष्ठान र भूमि अधिकार मञ्च रसुवाबीच त्रिपक्षीय सम्झौता भई कामसमेत सुरु भयो । पहिले विभिन्न ठाउँमा निर्माण गरिएका सङ्गठनको अभिलेख थिएन भने कतिपय त परिचालन पनि भएका थिएनन् । त्यसैले विशेषगरी सङ्गठन निर्माण, समस्या पहिचान तथा छलफल, अभियानकर्ता छनोट जस्ता काम यस अवधिमा भए । साथै कार्यालय स्थापना भई आर्थिक स्रोतको खोजी गरी व्यवस्थापनका कामहरू पनि सुरु भए । झोलामा भएको कार्यालय कोठामा सरेपछि जिल्ला मञ्चलाई थप सक्रिय बनाइ योजनाबद्ध काम (अभियान) गर्न निकै मद्दत पुगेको थियो ।

सङ्गठन निर्माण तथा परिचालन, गाउँ-गाउँमा भूमि शिविर, अगुवा निर्माण तालिम, अन्तरक्रिया, छलफल, सरोकारवाला निकायसँग अन्तरक्रिया, भेटघाट, योजना निर्माण

र कार्यान्वयनका प्रयास, प्रतिविदेन तयारी र अभिलेखका कामहरू २०६६ सालदेखि नै सुरु भएका हुन् । त्यसैले अभियानलाई व्यवस्थितरूपले हाँक्ने हिसाबले यो साल निकै महत्वपूर्ण मान्नुपर्छ । त्यतिबेला सुरु भएको यो तौरतारिकाले हालसम्म पनि निरन्तरता पाएका छन् ।

यही साल भूमि अधिकार मञ्चले अभियानलाई अघि बढाउन निकै राम्रा कामहरू गऱ्यो । असार १ गते हाकुका ३०० परिवार गुठीका किसानद्वारा कृषि औजार तथा बोट, विस्र्वासहित सदरमुकाम धुन्चेमा ऱ्याली आयोजना गरे । ऱ्यालीपछि जिल्ला प्रशासन कार्यालय, जिविस र मालपोतमा मागपत्र पेस गरेका थिए । त्यति मात्र हैन, उनीहरूले भूमि समस्या समाधान गर्ने कामका लागि बजेट माग गर्दै जिल्ला परिषद्समेत घेराउ गरेका थिए ।

यसैगरी सोही सालको साउन १३ देखि २२ गतेसम्म रसुवालाई केन्द्र बनाएर राजनीति गर्ने दलका प्रमुखहरू, गाविस सचिव, मालपोत अधिकृतसमेतको सहभागितामा भूमि सुधार मन्त्रालय र गुठी संस्थान गई आफ्ना समस्या अवगत गराउने र मागपत्र पेस गर्ने काम भयो । जिल्ला मञ्चको नेतृत्वमा भएको यो पहलका क्रममा बिर्ता तथा गुठी समस्या चाँडै समाधान गरिदिन आग्रह गरिएको थियो ।

यिनै विविध र निरन्तर प्रयासका फलस्वरूप यही सालको मङ्सिर २८ गते मन्त्रिपरिषद्बाट निर्णय गरी बिर्ता समस्या समाधानका लागि किसानहरूले मालपोत कार्यालयमा प्रमाणसहित निवेदन पेस गर्न नेपाल राजपत्रमा सूचना प्रकाशित भयो । जसअनुसार मञ्चले सबै बिर्ता जग्गाका किसानलाई यसबारे जानकारी गरायो । त्यति मात्र हैन, मञ्चकै पहलकदमीमा फिल्डबुक उतार गरी ४०० परिवार किसानको निवेदन मालपोत कार्यालयमा पेस गरियो । अभियानका क्रममा यो ठूलो उपलब्धि थियो ।

विक्रम संवत् २०६७ को जेठ २९ मा जिल्ला मञ्चले जिल्ला सम्मेलन आयोजना गऱ्यो । सदरमुकाममा आयोजित यो सम्मेलनले भवानीप्रसाद न्यौपानेको अध्यक्षतामा १७ सदस्यीय जिल्ला मञ्च गठन गरेको थियो । यस्ता सम्मेलन पनि अभियानका क्रममा निकै लाभदायी हुन्छन् किनकि एक त यसले सङ्गठन रभियानलाई वैधता प्रदान गर्दै पारदर्शी बनाउँछ । अर्को पाटोचाहिं यस्ता सम्मेलनमा पनि भूमिसँग जोडिएका सरोकारवालाकै बाहुल्य हुने र कुरा पनि सबै भूमिपीडितकै हुने भएकाले समस्या पुनर्ताजगी हुन्छ र सरोकारवालाहरूमा पनि जागरूकता नवीकरण हुन्छ ।

सोझै भन्दा प्रत्यक्ष नदेखिए पनि यस्ता सम्मेलन अभियानकै एक अभिन्न अङ्ग हुने गरेका छन् ।

वर्षभरि नियमितरूपमा सङ्गठन तथा कार्यालयको काम जारी नै रह्यो । सँगै बिर्ता अभियान कहाँ पुग्यो, के हुँदैछ भनेर सोधखोज गर्ने र दबाब दिने काम पनि भइरह्यो भने म्याद तामेली अभियान पनि थालियो । यसबीचमा अघि-अघिझैँ अन्तरक्रियालगायतलाई पनि निरन्तरता दिइयो । अन्ततः चैत मसान्तका दिन १६८ बिर्तापीडित परिवारको नाममा लगभग १ हजार ५ सय रोपनी विर्ता जग्गाको जग्गा धनी प्रमाण पुर्जा बन्यो जसबाट जोतभोगका आधारमा बन्डा गर्दा ५ सय परिवारले जग्गा धनी प्रमाण पुर्जा पाए । यस पटक पनि मालपोत कार्यालयबाट जग्गा दर्ताका लागि अन्तिममा ३५ दिने सूचना फेरि जारी गर्नुपर्ने भनियो । गोरखापत्र दैनिकमा सूचना प्रकाशन गर्नका लागि ठूलो रकम लाग्ने रहेछ । किसानले तिर्न सक्ने अवस्था भएन । गोरखापत्र दैनिकमा सूचना प्रकाशन गर्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र नेपाल कृषि वन प्रतिष्ठानसँग आर्थिक सहयोग अनुरोध गरिएको थियो । मालपोत कार्यालयको त्यतिबेलाको मूल्याङ्कनअनुसार यो जमिनको मूल्य करिब ९ करोड रुपियाँ थियो । विक्रम संवत् २०६८ मा औपचारिक कार्यक्रम गरी जग्गा धनी प्रमाण पुर्जा वितरण गरिएको थियो ।

कुनै पनि काम प्रभावकारी हुन त्यो योजनाबद्ध र व्यवस्थित हुनुपर्छ । यसका लागि वैचारिक प्रशिक्षण, अन्तरक्रियादेखि आवश्यकीय खर्च र विभिन्न पूर्वाधारसमेत आवश्यक हुन्छ । लामो समयदेखि भूमि आन्दोलनमा लाग्दाका विभिन्न पाठमध्ये यो पनि एउटा थियो जिल्ला मञ्चका अगुवाहरूको । त्यसैले भूमि अधिकार अभियानलाई अझ सशक्त र प्रभावकारी बनाउन मञ्चलाई आफ्नै भूमि घर आवश्यक भएको निष्कर्ष निस्क्यो ।

## सपना जब विपना बन्यो

एउटा चर्चित भनाइ छ नेपालीमा- तँ आँट, म पुऱ्याउँछु भन्छन् रे भगवानले । जे होला त भनेर जिल्ला मञ्चले आफ्नै भवन बनाउने सपनालाई विपनामा उतार्ने निर्णय लियो । जग्गा किनेर बनाउन धेरै बजेट चाहिन्थ्यो जुन मञ्चसँग थिएन । त्यसैले सर्वप्रथम भवनका लागि सार्वजनिक जग्गाको खोजी गरियो । यसका लागि मञ्चका पदाधिकारी र शुभचिन्तक सबै सम्भाव्य उपाय सोच्दै र खोज्दै अघि बढे ।

भनिन्छ- आवश्यकता नै आविष्कारकी जननी हुन् । आवश्यकता परेर खोजेपछि नभेटिने के नै हुन्छ र ? मञ्चले पनि साविक धैबुङ गाविस-५ (हालको कालिका गाउँपालिका) को कालिकास्थानमा जग्गा पायो । कालिकामाई धार्मिक वनबाट करिव ६ आना जग्गा मिल्यो । त्यसपछि २०६८ चैतबाट भूमि घर निर्माण कार्य सुरु भयो पनि ।

२०६८ पुसमा मञ्चलाई नयाँ संस्था लुथरन विश्व फेडेरेसनले माइती नेपालमार्फत आर्थिक सहयोग गर्न सुरु गर्‍यो । जसले मञ्चको काममा सहजता ल्यायो । त्यसैगरी सोही वर्षको चैतमा १२ जोडीको संयुक्त जग्गा धनी प्रमाण पुर्जा बन्यो । जिल्ला मञ्चको लामो समयदेखिको पैरवीको उपलब्धि थियो यो । जुन जिल्लाकै भूमि इतिहासमा पहिलो घटनासमेत थियो । श्रीमान्को नाममा कानुनी स्वामित्व भएको भूमिमा श्रीमतीको समेत कानुनी अधिकार स्थापित गरी महिलाको आत्मबल बढाउने उद्देश्यले थालिएको यो अभियान नतिजा दिन सकेकोमा सबै खुसी हुनु स्वाभाविकै थियो ।

भूमि घर बनाउने काम त सुरु भयो तर यस क्रममा धेरै अप्ठेरा आइपरे । चुनौतीहरू यति आए, यति आए, भनिसाध्य नै छैन । भिरालो भएकाले सम्याउन झिकाइएको स्काभेटर नै एक समूहले काम गर्न नदिएर फिर्ता गरिदिए । कुनै अमुक दलको भवन बनाउन लागेको, एनजिओ भएको जस्ता आरोप लगाएर बनाउन दिँदैनौँ भनेर फर्काइदिए । भूमि अधिकार मञ्च सबैको साझा थियो । यसमा सबै भूमिहीन, बिर्ता, गुठी जग्गाका मोही र साना किसानहरू सङ्गठित थिए । यसमा सदस्य हुनका लागि कुनै अमुक दलको कार्यकर्ता हुनुपर्छ भन्ने पनि थिएन । तर पनि मञ्चले विभिन्न उपाय अपनाएर निडर भएर काम अघि बढायो । यात्रामा अवरोध आउँछन् त्यसलाई सकारात्मक तवरले सहजीकरण गर्दै अघि बढ्दा सफलता पाइन्छ भन्ने सिकाइ पनि यस घटनाबाट पनि भयो ।

भूमि घर निर्माणका लागि सबैको सहयोग रह्यो । सामुदायिक वनहरूबाट ७० हजार रुपियाँ बराबरको काठ/रुख जुट्यो । मञ्चका सदस्यहरूले देउसी/भैली खेली राम्रै पैसा जुटाए । भूमि घर बनाउन आर्थिक सङ्कलन गर्न आएको भनेर भट्याउँदासाथ दक्षिणाको रकम बढाउँथे दिनेले । त्यसबाहेक सहयोगी संस्थाहरू सामुदायिक आत्मनिर्भर केन्द्र, नेपाल कृषि वन प्रतिष्ठान र तत्कालीन धैबुङ र लहरेपौवा गाविसबाट पनि आर्थिक सहयोग प्राप्त भयो । अभियानमा क्रियाशील अभियन्ता एवं अगुवाहरूले पनि गच्छेअनुसार सहयोग गरे । घर सम्पन्न गर्न नपुग

रकम ऋणबापत लिइयो । र, पछि विस्तारै तिरियो । यसबाट पनि स्थानीयले भूमि घरप्रति देखाएका सहानुभूति प्रष्ट हुन्छ ।

यसरी विभिन्न चुनौती र अप्ठेराबीच २०६९ सालमा भूमि घर बन्यो । यो त्यही घर हो जसले भूमि अधिकारबाट वञ्चित हजारौँलाई आफ्नो घर बनेको भन्दा पनि बढी खुसी दिलायो । यो स्वाभाविक पनि थियो किनकि जसमा बसेर आफ्नो अधिकार प्राप्तिका लागि छलफल गर्ने, योजना बनाउने र आन्दोलन/सङ्घर्षसमेत गरी उपलब्धि हासिल गर्न सकिन्थ्यो । त्यसैले रुनदेखि हाँस्नसम्म, खानदेखि सुत्नसम्म र धम्की सहनदेखि दबाब दिनसम्म यो छहारी उपयुक्त थलो हुने बुझाइ सबैको हृदयमा बास गर्नु नै खुसियालीको मुख्य कारण थियो ।

निर्माण सम्पन्न भएपछि सहायक प्रमुख जिल्ला अधिकारी गौतम रिमाल, स्थानीय विकास अधिकारी ज्ञानराज पाण्डेलगायतको उपस्थितिमा भूमि घर उद्घाटन हुनु जिल्लाका भूमि अधिकारबाट वञ्चितहरूका लागि मात्र नभई भूमि अधिकार अभियानका अगुवाहरूका लागि पनि गौरवको विषय थियो किनकि उनीहरूले भूमि घरप्रति देखाएका माया/ममता भूमि अधिकारबाट वञ्चितहरूप्रतिको सहानुभूतिसमेत थियो ।

यही समारोहमा संयुक्त जग्गा धनी प्रमाण पुर्जा बनाउने जोडीलाई अभिनन्दन कार्यक्रम पनि राखिएको थियो । यसो गर्दा पहिलो कुरा त यस्ता जोडी आफूले राम्रो काम गरिएछ भनेर खुसी हुन्थे भने अर्कोतिर अरूलाई पनि यस्तो राम्रो काम गर्नुपर्दोरहेछ र गरियो भने सम्मानित होइने रहेछ भन्ने पर्न जान्थ्यो । त्यसैगरी ठूलो कार्यक्रममा जोडी सम्मान कार्यक्रम पनि मिसाइएका कारण संयुक्त जग्गा धनी प्रमाण पुर्जाको महत्त्व पनि धेरैले बुझ्ने अवसर पाए ।

यो अवधि अन्य हिसाबले पनि बिर्सन नसकिने बन्यो । बिर्ता जग्गाको जग्गा धनी प्रमाण पुर्जा लिनका लागि सरकारले निवेदन आह्वान गरेकै समयसीमाभित्र निवेदन पेस गरेका किसानलाई जग्गा धनी प्रमाण पुर्जा दिनुको साटो निवेदनलाई तामेलीमा राखिदिएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा तामेली विर्ताको निवेदन पेस गर्ने काम भयो । बिर्तालाई बढी जोड दिइएको देखिए पनि यही अवधिमा गुठी जमिनको सवालमा पनि अगुवा निर्माण गर्ने, उनीहरूको क्षमता अभिवृद्धिका लागि तालिम दिने जस्ता काम निरन्तर सञ्चालन भयो ।

## सङ्गठनको अर्को जीत

विक्रम संवत् २०७० मा भोर्लेका किसानको जग्गा फिर्ता अभियान पनि सुरु गरियो । यसका लागि आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेपछि १८ परिवार किसानलाई ११३ रोपनी जग्गाको जग्गा धनी प्रमाण पुर्जा दिलाउन सफल भइयो । साबिक भोर्ले गाविस-५ का २० परिवार किसानको पुर्खौंदेखि आफ्नै स्वामित्वमा भएको रैकर जग्गा थियो । २०३९ सालमा खेमराजशमशेर राणाले मालपोत कार्यालयका कर्मचारीहरूसँग मिलेर ती किसानका जग्गाको दोस्रो जग्गा धनी प्रमाण पुर्जा बनाएर कृषि विकास बैङ्कमा धितो राखेर ऋण झिकेर लगेका रहेछन् । यो अन्यायविरूद्ध लडेर उनीहरूको जमिन फिर्ता गराउन सक्नुले भूमि अधिकार मञ्चको गठन नै किसान/भूमि अधिकारबाट वञ्चितहरूलाई न्याय दिलाउन भएको हो भन्ने पुष्टि भयो । यो जग्गा फिर्ता गराउने कार्यमा तत्कालीन समयका जिल्लाका सांसद एवं संविधान सभा सदस्य जनार्दन ढकालको सहयोग पनि अतुलनीय छ । उहाँले उक्त जग्गा धितो-बन्धकीबाट निखनी किसानलाई जग्गा धनी प्रमाण पुर्जा दिलाउने कार्यमा सहजीकरणका साथै आर्थिक सहयोग पनि उपलब्ध गराउनुभएको थियो ।

यस्ता कामसँगै यो अवधिमा संयुक्त जग्गा धनी प्रमाण पुर्जा अभियान, बिर्ता तथा गुठी अभियान, क्षमता अभिवृद्धि र सङ्गठन परिचालनलगायतका कामहरू नियमितरूपमै भएका थिए । कुनै पनि अभियानलाई सफलीभूत तुल्याउन प्रमाणमा आधारित वकालत जरूरी हुन्छ । जसले पीडितलाई दरिलो बनाउँछ । यही बुझाइका कारण प्रशिक्षण र तालिमलाई मञ्चले सुरूदेखि नै प्राथमिकतामा राख्दै आएको छ ।

जिल्ला भूमि अधिकार मञ्च, रसुवाको तेस्रो जिल्ला सम्मेलन २०७० चैत ८ सम्पन्न भयो । सम्मेलनका क्रममा संयुक्त जग्गा धनी प्रमाण पुर्जा बनाएका ३७ जोडीलाई सम्मान गरियो ताकि संयुक्त पुर्जाको महत्त्व उजागर होस् र अरूमा पनि यो बनाउनैपर्ने रहेछ भन्ने सन्देश जाओस् । साथै यो सम्मेलनमा रसुवा जिल्लाबाट प्रत्यक्ष तथा समानुपातिकबाट सभासद भएका छोवाङतेन्जिन तामाङ र जनार्दन ढकाललाई अभिनन्दन पनि गरियो । यतिबेला संविधान लेखनका क्रममा र नीतिहरू बनाउँदा रसुवाको भूमि समस्या समाधान हुनेतवरले भूमिका निर्वाह गर्न उनीहरूसँग आग्रह गरिएको थियो । जनप्रतिनिधिसँग मिलेर अघि बढ्दा मात्र स्थानीयको भूमि अधिकार प्राप्तिको आन्दोलन सफल हुने मञ्चको बुझाइअनुसार यस्तो अभिनन्दन तथा आग्रह कार्यक्रम समावेश गरिएको थियो । तेस्रो सम्मेलनबाट चित्रकुमारी न्यौपानेको अध्यक्षतामा कार्यसमिति चयन भयो ।

२०७० चैत ४ गते थेगिनसक्नुको हुरीबतास चल्यो । जसले जिल्ला मञ्चको अथक प्रयासमा निर्माण भएको भूमि घरको छाना उडायो । अन्य धेरै क्षति पनि पुऱ्यायो । हुरीको यस्तो ताण्डवले भूमि अधिकार अगुवा एवं अभियानकर्ताहरूको हृदयमा चोट पुग्यो । आफूले खाइ/नखाइ निकै मेहनत गरेर निर्माण गरेको र साथै संरक्षणसमेत गर्दै आएको दुःखी/पीडितहरूको घर नै विचल्लीमा परेपछि कसको पो मन दुख्दैन र ? त्यसैले अभियानका अगुवाहरू चिन्तित भए । तर पनि हरेस खाने कुरा थिएन । मञ्चले २० हजार रुपियाँ ऋण खोजेर तुरुन्तै भूमि घर मर्मत गऱ्यो । यसबाट पनि जिल्ला भूमि अधिकार मञ्च रसुवाका भूमि अभियानकर्ताहरू कति जुझारु छन् भन्ने प्रष्ट हुन्छ ।

२०७१ सालमा पनि संयुक्त जग्गा धनी प्रमाण पुर्जा अभियान, बिर्ता तथा गुठी अभियान, क्षमता अभिवृद्धि र सङ्गठन परिचालनलगायतका कामहरू नियमित जारी रहे । यो अवधिमा स्थानीय बिउ संरक्षण तथा प्रबर्द्धनसम्बन्धी कार्यशाला गोष्ठी पनि आयोजना भयो । पर्यावरणीय कृषिलाई जोगाउन अत्यावश्यक पर्ने रैथाने बिउसम्बन्धी चेतना जगाउन र त्यसको संरक्षण गरी प्रबर्द्धनमा समेत लाग्न प्रेरित गर्ने हिसाबले आयोजना गरिएको यो कार्यशाला निकै फलदायी सावित भएको छ ।

## मञ्चप्रति बढेको विश्वास

२०७१ सालमा जिल्लामा सुकुमबासी समस्या समाधान आयोग गठन भयो । खुसीको कुरा उक्त आयोगमा जिल्ला मञ्चको तर्फबाट चित्रकुमारी न्यौपानेले प्रतिनिधित्व गर्ने अवसर पाउनुभयो । यो प्रतिनिधित्वले आयोगप्रति अपनत्व महसुस गरायो भने आयोगले भूमिहीनका पक्षमा अवश्य केही गर्छ भन्ने आशा पनि जगायो । यो आयोगमा २६५ वटा निवेदन पेस भए । जसमध्ये जिल्लाको तल्लो क्षेत्रमा स्थापित मञ्चको सम्पर्क कार्यालयमा मात्र ६२ वटा निवेदन सङ्कलन भयो । भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नका लागि आधारसमेत तयार हुनु यो अवधिको अर्को महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

साविक भोर्ले गाविस वडा नं. ५ का अन्यायमा परेका किसानको जग्गा फिर्ता अभियानका क्रममा सम्पूर्ण प्रक्रिया पूरा गरेर पनि केही जमिनको भने मिसिल नभेटिएकोलगायतका बहानामा मालपोत कार्यालयले जग्गा धनी प्रमाण पुर्जा दिन रोकिरहेको थियो । यसरी कि. नं. ५ को १६ रोपनी जग्गाको पुर्जा रोकिएपछि भूमि

अधिकार मञ्चले प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृतलगायतसँग पटक-पटक बैठक गरी समाधानका लागि प्रयास गऱ्यो । निरन्तर दबाबका कारण ती जग्गाको पनि जग्गा धनी प्रमाण पुर्जा बन्न सकेको छ । अहिले उक्त जग्गा जोतभोग गर्ने ३ परिवार खुसी छन् । यसरी पुर्जा बन्नेमा भोर्ले-५ का बुद्धिबहादुर गुरूङ र खेसमबहादुर गुरूङ छन् । पछि अशंबन्डा हुँदा भने यसमा ३ परिवारको कानुनी स्वामित्व कायम हुन्छ ।

भूमि अधिकारबाट वञ्चितहरूलाई न्याय दिलाउने कार्यमा सरिक भूमि अधिकार मञ्चलाई विभिन्न तहबाट सहयोग गर्ने क्रम पनि जारी रह्यो । विभिन्न व्यक्ति, सङ्घ/संस्थाले त सहयोग गरेकै थिए, साथै स्थानीय गाउँ विकास समितिले पनि सहयोग गर्न सुरु गऱ्यो । यस क्रममा साविक धैबुङ गाविसबाट जिल्ला मञ्चलाई २० हजार रुपियाँ प्राप्त भयो । उक्त रकमले भूमि घरको मर्मत र व्यवस्थापनमा मद्दत पुग्यो । यो सहयोग भूमि अधिकार अभियानकर्ताका लागि निकै महत्त्वको थियो किनकि पैसा धेरै थियो वा थोरै भन्दा पनि यो मञ्चले गरेको कामको अनुमोदन थियो । जसले भूमि अधिकार अभियानकर्तालाई 'तिमीहरूले सुरु गरेको यात्रा उपयुक्त छ, अघि बढ' भन्ने सन्देश दिएको रूपमा बुझ्न सकिन्थ्यो ।

जति सङ्घर्ष गर्दा र दबाब सिर्जना गर्दा पनि भूमि अधिकारबाट वञ्चितहरूका सबै समस्या समाधान हुन सकेका थिएनन् । केही उपलब्धि अवश्य भएका थिए तर मञ्चको उद्देश्य आंशिक उपलब्धिमा चित्त बुझाउने थिएन । आफ्नो गन्तव्यमा नपुगुन्जेल जस्तोसुकै कठिन सङ्घर्ष गर्नुपरे पनि नडराउने अठोट नै मञ्च र यसका अगुवाहरूको एक मात्र मार्गनिर्देश थियो । त्यसैले २०७१ सालको जेठदेखि फेरि सुरु भयो सङ्घर्षको अर्को चरण ।

• • •

## मञ्चको मूल्य/मान्यता

- अहिंसात्मक आन्दोलन
- वर्गीय पक्षधरता
- समावेशी संरचना
- जातीय/लैङ्गिक समानता
- काम राजनीतिक तथा प्रत्यक्ष दलगत संलग्नताबाट मुक्त

- कृषि कार्यमा लागेकालाई भूमि
- अधिकारबाट वञ्चितको आफ्नै अगुवाइ र नेतृत्वमा आन्दोलन
- पारदर्शिता
- सहभागीमूलक प्रक्रिया र व्यवहार

• • •

जेठ ४ देखि ९ गतेसम्म जिल्ला मालपोत कार्यालयमा धर्ना बसियो । एकै समयमा नुवाकोटमा पनि मालपोत कार्यालयमै धर्ना सुरु गरिएको थियो । उता बाँके र बर्दिया जिल्लामा पनि मोही किसानहरूले मालपोत/भूमि सुधार कार्यालयमा धर्ना सुरु गरेका थिए ।

यसबीचमा विभिन्न गतिविधि भए जसमा बिर्ता जग्गा रैकर अभियानअन्तर्गत जिल्ला मालपोत कार्यालयमा मागपत्र पेस गरियो भने काठमाडौं गएर भूमि सुधार मन्त्रालय तथा भूमि सुधार विभागमा पनि आफ्ना समस्या समाधानका लागि दबाब दिने उद्देश्यले मागपत्र पेस गरियो । यस क्रममा सरोकारवालाहरूसँग छलफल गर्ने, जिल्लास्तरीय अन्तरक्रियामार्फत समस्या अवगत गराउँदै समाधानको बाटो सुझाउने जस्ता काम पनि भए ।

यसरी एकातर्फ काठमाडौंमा दबाबमूलक कार्यक्रमहरू जारी थियो भने अर्कोतिर यही अवधिमा गाउँ/गाउँमा पनि प्रशिक्षण, छलफल चलाइयो । विद्यार्थीलाई पनि यसबारेमा जानकारी दिनु उपयुक्त हुने ठानेर विद्यालयमा पनि भूमि छलफल चलाइयो ।

यसरी धर्नासहितका दबाबमूलक गतिविधिको नतिजास्वरूप भूमि सुधार मन्त्रालय र मञ्चका प्रतिनिधि सम्मिलित समस्या समाधान गर्ने समिति गठन भयो । जसअनुसार समस्या समाधानका लागि ९ बुँदे लिखित सहमति नै भयो । जसबाट आगामी अभियान अगाडि बढाउन सजिलो भयो भने अद्यावधिकको बाटो पनि खुल्यो । धर्नाका क्रममा विभिन्न कम्पनी, सङ्घ/संस्था, व्यक्ति, सङ्गठन आदिबाट प्राप्त विभिन्नखाले सहयोग र समर्थन पनि मञ्चका लागि कहिल्यै भुल्न नसकिने गुन बनेर बसेको छ जसको अमूल्य सहयोगबिना सरकार यति चाँडै समिति बनाउने निर्णयमा नपुग्न पनि सक्थ्यो ।

भूमि अधिकारबाट वञ्चितहरूको अधिकार प्राप्तिका लागि निरन्तर आन्दोलन/दबाब

जारी रहेकै बेला यसै वर्ष सरकारी निकायबाट नयाँ नीति ल्याउने तथा पहलहरू गर्ने क्रम पनि सुरु भयो । यस क्रमा देशभरका ७२ जिल्लामा सुकुमबासी समस्या समाधान आयोग गठन भयो । आयोगमा सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीहरूको निवेदन पेस गर्ने, गाविसबाट सिफारिस लिनेलगायतका काममा मञ्चले सहजीकरण गऱ्यो । तर आयोगले प्रक्रिया सुरु गर्ने समयमा सर्वोच्च अदातलमा आयोगविरूद्ध रिट परेका कारण काम रोक्का गर्न आदेश भएपछि भूमि अधिकारबाट वञ्चित भएकाहरूको न्याय पाउने आशा धेरै दिन टिकेन । पीडितहरूले धेरै बाटो हेरे पनि 'आयोग खारेज पनि नगर्ने काम पनि रोक्ने' अदालती पाराका कारण सुकुमबासी तथा भूमिहीनमा पलाएको आशा त्यत्तिकै ओइलायो ।

## पीडाका साथी

२०७२ सालको वैशाख १२ गते नेपालमा ठूलो भूकम्प आयो । देशका विभिन्न जिल्लामा जन/धनको बढी क्षति भयो । भूकम्पका कारण बढी क्षतिग्रस्त हुने जिल्लामध्ये रसुवा पनि एक हुन पुग्यो । यही भूकम्पबाट रसुवामा मात्र ६८२ जना भन्दा बढीको मृत्यु भयो । २५० जना भन्दा धेरै बेपत्ता भए । जिल्ला भूमि अधिकार मञ्चमा आबद्ध सदस्यहरूकै परिवारका पनि ३३ जनाको मृत्यु भयो । सबैको घर पूर्ण क्षति भयो । साबिकको हाकु गाविस पूरै प्रभावित भयो । जिल्लाका अन्य गाविसमा पनि धेरै बस्ती नै बिस्थापित हुनुपर्ने अवस्था आइलाग्यो ।

यस्तो अवस्थामा सर्वप्रथम आफ्नो सङ्गठनमा आबद्ध र त्यसपछि अन्य प्रभावितलाई पनि मानवीय सहयोग गर्नु भूमि अधिकार अगुवाहरूको कर्तव्य नै हुन्थ्यो । त्यसैले भूकम्पपीडितहरूको सहयोगका लागि जुटियो । यस क्रममा भूमि अधिकार अभियानको काम केही शिथिल हुन पुग्यो । सिङ्गै देश भूकम्पले पुऱ्याएको क्षतिका कारण शोकमा डुबेका बेला भूमि अधिकार आन्दोलन मात्र सशक्त रहिरहन सक्दैनथ्यो । यो मञ्चले पनि बुझेको थियो । त्यसैले सक्दो मानवीय सेवा यो अवधिको प्राथमिकतामा पऱ्यो । भूकम्पबाट क्षति पुगेका सङ्गठन र अगुवाहरूका लागि खाद्यान्नलगायतका राहत सामग्री वितरण गर्ने कार्य पनि भयो । त्यसबाहेक अस्थायी बसोबास निर्माणका लागि सिङ्गो मञ्चको समूह र अगुवाहरू यथाशक्य परिचालित भए ।

भूकम्पपछि तत्काल एक्सनएड नेपाल र नेपाल कृषि वन प्रतिष्ठानसँगको समन्वयमा धैबुङ र लहरेपौवाका २७०० परिवार तथा हाकुका ४२० परिवारलाई चामल, दाल, चिनी, तेल नून, न्यानो कपडा (ब्लाङ्केट) लगायतका खाद्यान्न

सामग्री वितरण गरियो । गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित ४३० परिवारलाई अस्थायी आवास निर्माणका लागि १ बन्डल आधा जस्ता वितरण गरियो । सँगै यसका लागि आवश्यक पर्ने किला, हाते, ह्याम्बर आदि पनि वितरण गरियो । यो सहयोग जिल्ला मञ्चलाई वर्ल्ड जेविस रिलिफ र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमार्फत प्राप्त भएको थियो ।

यस्तै, धैबुङ, भोर्ले, लहरेपौवा र हाकुका ५,१९९ परिवारलाई ब्लाङ्केट पनि वितरण गरियो । यो व्लाङ्केट सहयोग आइओएमेबाट प्राप्त भएको थियो । विपद् परेर अस्थायी आवासमा बसोबास गरिररहेका भूकम्प पीडित, विस्थापित परिवारलाई यो सहयोगले ज्यादै ठूलो राहत मिलेको थियो ।

भूमि अधिकार अभियानको सबै भन्दा महत्वपूर्ण पाटो र शक्ति भनेकै यसको प्रतिबद्ध सङ्गठन र अगुवा पङ्ति हो । जसलाई नियमित परिचालन गरिरहन सक्यो भने मात्र यसको ऊर्जा कायमै रहन्छ । त्यसैले भूकम्पपछिको समयमा पनि मानवीय कर्मलाई प्राथमिकता दिँदै सङ्गठन परिचालनको कामलाई नियमितता दिइयो । यस क्रममा पनि सङ्गठनको बैठक, छलफल, आन्दोलन कोष सङ्कलन, अगुवा निर्माण र परिचालन, योजना निर्माण, कार्यान्वनयका प्रयास, फोटोसहितको सदस्यतापत्र वितरण, सदस्यतापत्र नवीकरण जस्ता काम भइ नै रहे ।

यति मात्र हैन, सुकुमबासी समस्या समाधान आयोग निर्माण, आयोगले प्रकाशित गरेको सूचना, संयुक्त जग्गा धनी प्रमाण पुर्जा अभियान, बिर्ता तथा गुठी अभियान, संविधानमा भूमि अधिकार अभियानबारे सङ्गठनमा निरन्तर छलफल भयो । भूकम्पपीडितलाई सहयोगका बाबजुद पनि यी कार्य किन जरूरी थिए भने लगत्तै संविधान निर्माणका लागि संविधान सभामा व्यापक छलफल चलिरहेको थियो । यस्तो बेला भूमि अधिकारबाट वञ्चितहरूका अधिकार प्राप्तिका लागि हरक्षेत्रबाट दबाब दिनु जरूरी थियो । त्यसैले मानवीय कार्य र भूमिपीडितको अधिकार दिलाउन दबाब दिने कार्य दुवै एकैसाथ जारी राखियो ।

यो वर्ष १५ वटा गाउँका गाउँ भूमि किताव तयार भयो । साथै जिल्लाको भूपरिवेश पुस्तिका र चिनारी तयार भई प्रकाशितसमेत भयो । यी सामग्री भूमि र यससँग जोडिएका समुदायका समस्या र परिवेश बुझ्न उपयोगी सामग्री बनेका थिए । प्रकाशन प्रचारप्रसारका लागि मात्र नभई अभिलेखनका लागिसमेत जरूरी हुन्छ । जसले इतिहास संरक्षणको काम गर्छ भने इतिहासका रचयिताहरूमाथि न्याय प्रदान

गर्छ । त्यसैगरी राम्रा कामको अनुशरण गर्न अरूलाई अवसरसमेत प्राप्त हुन्छ । त्यसैले मञ्चले जहिले पनि प्रकाशनलाई प्राथमिकतामा राख्दै आएको छ । अहिलेको यो जिल्ला मञ्चको इतिहास सुरक्षित गर्ने प्रयास पनि त्यसैको निरन्तरता हो ।

बिर्ता, गुठी र सुकुमबासी समस्या समाधानका लागि राजनीतिक दल, सरकारी निकाय, भूमि सुधार मन्त्रालय, सभासद्, जिल्लाका राजनीतिक दलका नेताहरूसँग बारम्बार अनौपचारिक छलफल भएको छ । साथै सरोकारवाला निकायसँग समन्वय बैठक पनि सम्पन्न भएका छन् । मालपोत कार्यालय धर्नाका क्रममा भएको सहमति कार्यान्वयन गर्न/गराउन निरन्तर धाउने काम भएको छ । गुठी तथा बिर्ता अध्ययनको लागि सरकारी समिति बनिवरी जिल्लामा भ्रमण गरी अध्ययनसमेत भएको छ । जुन प्रतिवेदन मन्त्रालयमा बुझाइएको छ । यसले सरकारी अधिकारीहरूलाई रसुवाको बिर्ता र गुठी समस्याको आकार थाहा पाउन तथा पीडितहरूले भोगिरहेका समस्या बुझ्न मद्दत गरेको छ ।

## महिला, सङ्घर्ष र न्याय

लामो समयदेखि जारी भूमिमा महिला अधिकार र संयुक्त पुर्जासम्बन्धी छलफल तथा घरदैलो अभियानको नतिजास्वरूप ५७० घर/परिवारले संयुक्त पुर्जाबारे ज्ञान लिए । ७४ जोडी किसानले ५ सय १३ रोपनी ३ आना १ पैसा जग्गाको संयुक्त जग्गा धनी प्रमाण पुर्जा बनाए । जसको मूल्य करिब ६ करोड ५२ लाख १७ हजार ५ सय रुपियाँ बराबर छ । यसले एकातर्फ भूमिमा महिलाको अधिकार स्थापित गर्न सघाएको छ भने अर्कोतिर महिलाको आत्मसम्मान वृद्धि भएको छ र घरायसी निर्णय प्रक्रियामा पहुँच बढेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई जिल्लाको भूमिसँग सम्बन्धित समस्या समाधानका लागि विक्रम संवत् २०७२ मा मागपत्र बुझाइयो । त्यसबाहेक जिल्ला स्तरमा सरोकारवालाहरू तथा राजनीतिक दलका प्रतिनिधिहरूसँग भूमि समस्या र समाधानका उपायबारे निरन्तर छलफल तथा अन्तरक्रिया गरियो । यस क्रमा राजनीतिक दलका नेताहरूबाट जिल्लाको भूमि समस्या समाधानका लागि लिखित प्रतिबद्धतापत्र नै प्राप्त भएको छ । जसबाट भूमि अधिकारबाट वञ्चितहरू उत्साहित बनेका छन् भने दलहरूले पनि उनीहरूलाई समस्याबाट मुक्ति दिलाउने दायित्व आफ्नो पनि भएको स्वीकार गर्नु भूमि अधिकार आन्दोलनको दृष्टिबाट निकै महत्त्वपूर्ण उपलब्धि मान्नुपर्छ ।

भूकम्पले धेरै क्षति पुऱ्याएका कारण रसुवाका किसानको अवस्था छिन्नभिन्न थियो । कैयौं परिवार बिस्थापित भइसकेका थिए । धेरैको बस्ने/खाने ठेगानसमेत थिएन । कतिपय दैनिक जीविका चलाउनै नसकेर तनावमा थिए । यस्तो अवस्थामा भूमि अधिकार मञ्च, रसुवामार्फ कार्यक्रम लागु हुने गरी सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनको सम्झौता भयो । यसका लागि केन्द्रलाई वर्ल्ड जेविस रिलिफले सहयोग उपलब्ध गराएको थियो ।

यो कार्यक्रम सञ्चालनका लागि सबै भन्दा पहिले प्रकोप जोखिम न्यूनीकरण तालिम आयोजना गरियो । त्यसपछि समुदाय छलफलमार्फत लाभग्राही किसानको सूची छनोट गरियो । वर्ल्ड जेविस रिलिफ र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा सञ्चालन भएको कार्यक्रममार्फत भूकम्प पीडित ६९५ परिवारलाई (व्यावसायिक आलु खेती, व्यावसायिक प्याज खेती, व्यावसायिक गोलभेडा खेती, बाख्रा पालन तथा मौरी पालन, काउली खेतीलगायतको) व्यवसाय खेतीको लागि तालिम तथा अनुदान सहयोग उपलब्ध भएको थियो । यो सहयोग भूकम्प पीडित परिवारलाई लक्षित गरी तत्कालिन धैबुङ, लहरेपौवा र भोर्ले गाविसमा सञ्चालन गरिएको थियो र यस क्रममा २४९ परिवार गाउँ भूमि अधिकार मञ्चमा आबद्ध सदस्य थिए ।

यी विभिन्न व्यवसायबाट तत्कालका लागि त भूकम्पपीडित किसानलाई निकै लाभ पुग्यो नै, साथै त्यसको सकारात्मक प्रभावस्वरूप अहिले पनि धेरै किसानले फाइदा लिइरहेका छन् । कतिपयले त्यतिबेला थालिएको व्यवसायलाई आफ्नै पहलमा निरन्तरता दिएका छन् भने कतिपयले त लगानी थपेर यसैलाई जीविकाको दीर्घकालीन स्रोतसमेत बनाएका छन् । विशेषगरी तरकारी खेतीबाट धेरै किसानले राम्रो आम्दानी लिन सकेका देखिन्छ ।

यसबाहेक भूकम्पबाट प्रभावित किसान परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले परिवर्तन नेपाल नामक संस्थाबाट जिल्ला मञ्चमार्फत १०५ सदस्यलाई बाख्रा पालन, ७ परिवारलाई ५५ वटाका दरले कुखुरा वितरण र ४ सङ्गठनलाई बोका उपलब्ध गराइएको थियो । जसले पीडित परिवारलाई निकै भरथेग गर्न सक्यो । विपद्को यस्तो अवस्थामा पनि यसरी सङ्गठनात्मक र मानवीय दुवै काम सँगै लैजान सक्यो भूमि अधिकार अभियानले । जुन अरूका लागिसमेत अनुशरणीय बन्न सक्छ । अझ गजबको कुरा त मानिसहरू छिन्नभिन्न भएका, थातथलोको ठेगान नभएर भौतारिइरहेका यस्तो सङ्कटका बेलामा पनि यो अभियानअन्तर्गत २०७२ सालमा ४ वटा नयाँ सङ्गठन बन्न सक्नुलाई चानचुने उपलब्धि मान्न सकिन्न ।

भूकम्पकै धङधडी बाँकी रहेको र पीडितहरूको व्यवस्थापन तथा पुनर्स्थापना पनि सम्पन्न नभइसकेकाले विक्रम संवत् २०७३ पनि रसुवालीका लागि खासै उत्साहप्रद् रहेन । तर पनि भूमि अधिकार अभियान जारी नै रह्यो । यो अभियानले अघिल्लो वर्षभैँ मानवीय कार्यमा सहयोग जारी राख्दै अभियानलाई पनि गति दिन उत्तिकै तदारुकता देखायो । शायद, मञ्च र भूमि अधिकार अगुवाहरूको यही निरन्तरको तपस्यारूपी कार्यले गर्दा होला, यो वर्ष पनि साबिक धैबुङ गाविसबाट मञ्चलाई सहयोगस्वरूप ३५ हजार रुपियाँ उपलब्ध भयो भने लहरेपौवा गाविसबाट पनि २० हजार रुपियाँ सहयोग प्राप्त भयो । भूमि अधिकार अभियानलाई सहयोग पुऱ्याउन आर्थिक सहयोग दिनेमा धैबुङपछि लहरेपौवा पनि मिसिएपछि भूमि अधिकार अगुवाहरू निकै हौसिन पुगे ।

यो वर्ष थप ३० जोडी किसानले संयुक्त जग्गा धनी प्रमाण पुर्जा बनाए । त्यसैगरी कर्डएड नेपालसँग भूमि अधिकार अभियान तथा संयुक्त जग्गा धनी प्रमाण पुर्जा अभियानलाई तीव्रता दिने प्रयोजनका लागि जिल्ला मञ्चले ५ लाख २२ हजार रुपियाँ पाउने गरी सम्झौता भयो । यसबाहेक नेपाल कृषि वन प्रतिष्ठान रसुवासँग पनि भूमि अधिकार अभियान सञ्चालनलाई प्रभावकारी बनाउन ४ लाख ४० हजार रुपियाँ सहयोग पाउने गरी सम्झौता भयो । यस्ता सम्झौताले एकातिर भूमि अधिकार अभियानकर्ताहरूको हौसला बढाउने काम गरे भने अर्कोतर्फ अभियानले थालेका पहलकदमी सही रहेछन् भन्ने पुष्टि हुँदै गयो । अभियान अघि बढाउन यही कारण यी सहयोग कोसे ढुङ्गा सावित हुँदै गए ।

यही वर्ष भूमि घर तालिम केन्द्र पनि दर्ता भयो । यस कार्यबाट भूमि घरमा तालिम सञ्चालन गर्न सकिने बाटो खुल्यो । जसबाट केही आयआर्जन भइ भूमि घर सञ्चालन/संरक्षण तथा मर्मत र विस्तारसमेतका लागि कोष सङ्कलन हुने सम्भावना वृद्धि भयो । कुनै पनि काम गर्दा दीर्घकालीन सोच राख्ने र प्राप्त उपलब्धिलाई दिगो बनाउने अभिप्रायले थालिएको यो कामको सकारात्मक प्रभाव देखिन थालिसकिएको पनि छ ।

विक्रम संवत् २०७४ मा पनि भूमि अभियानसम्बन्धी धेरै काम भए । सङ्गठन निर्माण, तालिम, दबाबमूलक गतिविधि जस्ता नियमित कर्म त भए नै, साथै यो वर्ष भूकम्पका कारण बिस्थापितको पुनर्स्थापना र गुठी सवालबारे बृहत् छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना भयो । त्यसबाहेक हाकुको १३२ परिवारको गुठी जग्गाको मोही पुर्जा पनि प्राप्त हुन सक्यो । पुस्तौँदेखि कमाए पनि मोहीको कानुनी स्वामित्व प्राप्त

नभएको अवस्थामा यो हक प्राप्तिले गुठी किसानको मनोबल उच्च भएको थियो ।

यो वर्ष भूमि अधिकारमा ससानो धक्का लाग्यो । जहाँ बसेर भूमि अभियानको योजना, रणनीति बन्थ्यो त्यही ठाउँ अर्थात भूमि घरमाथि गाडी पल्ट्यो । घर नै भत्क्यो । कार्यालयमा रहेका सामानहरूमा क्षति पुग्यो । तर पनि भूमि अभियानकर्ताहरूले कुनै हरेस खाएनन्, शायद यस्ता हण्डर/ठक्कर खाने बानी परिसकेकाले पनि हुनुपर्छ । कालिका गाउँपालिका वडा नं. ३ का १७ परिवारको बिर्ता जग्गाको जग्गा धनी प्रमाण पुर्जा बदर गरी जिल्ला अदालतमा मुद्दा दर्ता भएको हुँदा किसानको जग्गा फिर्तीका लागि कानुनी लडाइँ पनि सुरु भयो यही वर्ष ।

किसानहरूले भूमि अधिकार मञ्चको अगुवामा भएको आन्दोलनपछि २०६७ सालमा जग्गा धनी पुर्जा प्राप्त गरेका थिए । तर, पछि काठमाडौंमा बसी वकालत गरिरहेका ६ जना वकिलको समूहले तत्कालीन जग्गा धनी (विर्तावाल) लाई विभिन्न प्रलोभन देखाइ, ठूलो पैसा उठाइ खान पाइन्छ भन्ने दूषित मनसाय राखी किसानले लिएको पुर्जा बदर गराउन जिल्ला अदालतमा मुद्दा दर्ता गरी दुःख दिए । जसको प्रत्यक्ष असर खेतीपाती गर्दै आएका किसानलाई पर्‍यो । पुस्तौंपुस्ता सङ्घर्ष गर्दै आएका किसानको हातमा बल्लतल्ल परेको जग्गा धनी पुर्जा खोसिने हो कि भन्ने चिन्ता पर्‍यो । किसानहरूले धेरै पटक तारेक धाउन बाध्य हुनु पर्‍यो । धेरै पटक तारेक धाउन पर्‍यो भनी किसानहरू चिन्तित भए । किसानलाई साथ दिन मञ्चका अगुवा तथा अभियानकर्ताहरूले समेत अदालती तारेक धाई किसानको पक्षमा पैरवी गरिरहे । तत्कालीन समयमा मञ्चमा कार्यरत कार्यालय सचिव कल्पना आचार्यले आफ्नो बिहेको भोलिपल्टै धुन्चे गएर तारेक थामिदिन मद्दत गरेको जस्ता थुप्रै अविश्मरणीय क्षण छन् मञ्चसँग । यद्यपि यो मुद्दा लामो समय भइसक्दा पनि फैसला नभइ रोकिइराखेको छ ।

## पालिकादेखि मन्त्रालयसम्म

विक्रम संवत् २०७५ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याल, वाग्मती प्रदेशका मुख्य मन्त्री डोरमणि पौडेल र पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीसमक्ष ज्ञापनपत्र पेस गरियो । जसमा रसुवाको भूमि समस्याबारे विस्तृतमा उल्लेख थियो भने समाधानका लागि पहल गरिदिन आग्रह गरिएको थियो ।

केन्द्रीय स्तरमा मात्र हैन, आफूले सक्दो पहल आफैँ गर्न तथा नसक्ने कामका लागि समन्वय र पहल गरिदिन आग्रह गर्दै रसुवाका किसानले आफ्नै जिल्लाको कालिका गाउँपालिकामा पनि ज्ञापनपत्र पेस गरे । कृषि औजारसहित भेला भएका किसानहरूको एक र्‍यालीले पालिका नेतृत्वसमक्ष दिएको ज्ञापनपत्रमा भूमि अधिकारका मुद्दा समाधानका लागि याचना गरिएको थियो । यही वर्ष जिल्ला भूमि अधिकार मञ्चको चौथो जिल्ला सम्मेलन पनि सम्पन्न भयो ।

२०७६ साल वैशाख ४ मा कालिका गाउँपालिका रसुवाले भूमि सुधारसम्बन्धी विशेष घोषणा नै जारी गर्‍यो । जसमा भनिएको थियो :

**घोषणा १ :** ६० वर्षअघि २०१६ सालमै कानुनद्वारा उन्मूलन गरिएको सामन्ती बिर्ता प्रथाको अवशेषहरू कालिका गाउँपालिकामा भने अझै बाँकी हुनु यस पालिकाको मात्र नभएर सिङ्गै जिल्ला, प्रदेश र राष्ट्रकै निम्ति असान्दर्भिक एवम् प्रगतिको बाधक बनेको छ । कानुनले बिर्ता उन्मूलन गरिसकेको अवस्थामा सबै बिर्ता जग्गा जोताहाको नाममा दर्ता हुनुपर्नेमा विभिन्न जालझेल र षड्यन्त्रका कारण पुस्तौँदेखिका वास्तविक जोताहा परिवारहरू अन्यायमा पर्दै आएका छन् । तसर्थ, यो पालिका गैरकानुनी ढङ्गले अझैसम्म विभिन्न स्वरूपमा अस्तित्वमा रहेका बिर्ता प्रथाका अवशेषहरूलाई अन्त्य गर्दै उक्त जग्गा जोताहा किसानकै नाममा दर्ता गरी जग्गा धनी पुर्जा वितरण गर्ने घोषणा गर्दछ ।

**घोषणा २ :** कालिका गाउँपालिकाको भूमि ऐन, २०७५ संशोधन गर्न आवश्यक देखिएको हुँदा पालिकाको विधेयक समितिलाई समुदाय एवम् विज्ञसमेतको परामर्शमा आगामी गाउँ सभामा संशोधित भूमि ऐन पेस गर्ने जिम्मेवारी तोकिएको छ ।

**घोषणा ३ :** कालिका गाउँपालिकाको बिर्ता समस्यालाई व्यवहारमा नै समाप्त पारी जग्गा जोतिरहेका किसानको नाममा जग्गा दर्ता गरी जग्गा धनी पुर्जा वितरण गर्नेलगायतका काम गर्न उपाध्यक्षको संयोजकत्वमा ५ वटै वडाका वडा अध्यक्षहरू, जिल्ला समन्वय समिति सदस्य चित्रकुमारी न्यौपाने, जिल्ला भूमि अधिकार मञ्चका अध्यक्ष हेमनाथ खतिवडा प्रतिनिधि सदस्य र पालिकाबाट प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहेको भूमि सुधार कार्यान्वयन समिति गठन गरिएको छ ।

यो वर्ष भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले भूमि अधिकारबाट वञ्चितका समस्या प्रत्यक्ष नियाल्ने उद्देश्यले रसुवाको भ्रमण

गरिन् । उनको भ्रमणका अवसरमा जिल्ला भूमि अधिकार मञ्चले बृहत् कार्यक्रम नै आयोजना गरी जिल्लाको भूमि समस्या समेटिएको मागपत्र पेस गरेको थियो । साथै समाधान गरिदिन आग्रह पनि गरिएको थियो । कालिकास्थानमा सयौँ किसान भेला भएर मन्त्रीलाई आफ्ना पीडासमेत राखेका थिए ।

त्यसैगरी हाकुमा रहेको गुठी समस्या बुझ्नका लागि मन्त्री अर्याल हाकु नै पुगिन । त्यहाँ किसानहरू भेला भएर जग्गा आफ्नै पुर्खाले खनीखोस्री बनाएको भए पनि पछि काठमाडौंस्थित स्वयम्भु घ्याङ गुठीको नाममा नापी भएकाले आफूहरू भूमिहीनसरह हुनु परेको पीडा पोखे । त्यतिबेला मन्त्री अर्यालले बिर्ता र गुठी समस्या समाधान गर्न आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन् ।

भूमि अधिकार मञ्चको पहलमा कहिले किसान त कहिले अगुवाको भेला भइ नै रहन्थ्यो । यही क्रमलाई निरन्तरता दिंदै विक्रम संवत् २०७७ मा जिल्ला अगुवा कार्यकर्ता भेला सम्पन्न भयो । यो भेलामा विशेषगरी जिल्लाका भूमिहीनले भोगिरहेका समस्या समाधान गर्न आवश्यक पर्ने नीतिहरूका बारेमा छलफल केन्द्रित थियो । जसको निचोड सरोकारवाला निकायहरूमा पेस गर्न निकै प्रभावकारी सावित हुँदै आएको छ ।

यही वर्ष भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भयो । जसको रसुवा आयोगमा विज्ञ सदस्यका रूपमा जिल्ला भूमि अधिकार मञ्चकी सचिव सुष्मा न्यौपाने नियुक्त भइन् । भूमि अधिकारबाट वञ्चितहरूका समस्या समाधान गर्न सरकारद्वारा गठित आयोगमा जिल्ला भूमि अधिकार मञ्चबाट प्रतिनिधित्व गराइनु मञ्चले उठाएका आवाजको स्वीकारोक्ति थियो । त्यसैले पनि मञ्चको सचिवलाई आयोगमा विज्ञ सदस्यका रूपमा नियुक्त गरिनुले भूमि अधिकारकर्मीहरूमा थप हौसला प्रदान गरेको थियो ।

यो आयोगमा ५९ भूमिहीन र ६३६ अव्यवस्थित बसोबासीको निवेदन पेस भएको थियो । तर केन्द्रीय सत्ता गठबन्धनमा आएको फेरबदलसँगै आयोग विघटन हुँदा फेरि पनि भूमि अधिकारबाट वञ्चितहरू निराश हुन पुगे । यही वर्ष भूकम्पपछिका जोखिम क्षेत्रका ८१५ लाभग्राहीलाई सुरक्षित स्थानमा सार्न जग्गा खरिद गर्ने कार्यमा मञ्चले सहजीकरण गर्‍यो भने २१ परिवारले पुनर्निर्माण र पुनर्वासका लागि जग्गा खरिद गर्दा पनि मञ्चले भरपुर सघायो । सो कार्यमा सामुदायिक आत्मनिर्भर सेवा

केन्द्रले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र पिपुल इन निडलगायत संस्थाहरूसँग सहकार्य गरी उक्त अभियान अघि बढाएको थियो ।

भूमि तथा महिला अधिकार कृषि सहकारीबाट ऋण लिएका सदस्यहरूको ऋण असुल गरी १८४ जना सदस्यलाई आफूले राखेको सेयर र बचतबापतको रकम फिर्ता गर्न जिल्ला भूमि अधिकार मञ्चले पूर्णरूपमा सघायो विक्रम संवत् २०७८ मा । जिल्ला भूमि अधिकार मञ्चले आफ्नै पहलमा भूमि अधिकार कृषि सहकारी संस्था गठन गरेको थियो । नेपाल कृषि वन प्रतिष्ठानले भूकम्पछिको पुनर्निर्माणका क्रममा सुरु गरेको अभियानका क्रममा सहकारी मर्ज गरी विस्तारित गर्दा उत्तरगया गाउँपालिकामा पनि फैलियो । संस्थाको सहयोगमा कर्मचारीसमेत राखी सहकारीलाई व्यवस्थित गर्न खोजिएको थियो । सदस्य सङ्ख्या पनि बढ्दै गएको थियो । तर एक्सन एड नेपालको सहयोगमा सञ्चालित परियोजना सकिएपछि संस्थामा काम गर्ने कर्मचारीहरूले छाडेपछि सहकारीको नियमित बैठक बस्ने, बचत सङ्कलन गर्ने र ऋण लगानी एवं उठाउने कार्य ठप्प हुन पुग्यो । यो बेलासम्म सहकारीले समेटेको गाउँहरूको सङ्ख्यासँगै सदस्यहरू पनि बढिसकेका थिए । तर, उनीहरू कोही पनि आफैं बैठक बस्ने, बचत-ऋण कारोबार गर्ने गर्दैनथे । ऋण लिएका कतिपय सदस्यले फिर्ता नगरेको लामो समय भइसकेको र कतिपय गाउँमै नबस्ने पनि भएको पाइयो ।

यही कारण सहकारी सदस्यहरूको बचतसमेत डुब्ने स्थिति बन्यो । केही मानिस ऋण लिएर तिर्न आएनन् । त्यसको हिसाव राख्ने पनि कोही नभएपछि सहकारीकी अध्यक्ष पुतलीमाया तामाङको सक्रियतामा जिल्ला भूमि अधिकार मञ्चका अभियानकर्ता/अगुवाहरूसमेत सहभागी भई सहकारीको डुबेको ऋण उठाउनका लागि धेरै नै प्रयत्न गरियो । अधिकांश ऋण उठ्यो भने केही ऋण उठ्नै सकेन । जुन अझै बाँकी छ । तर सुरुमा सहकारीमा सङ्गठित भएका सदस्यहरूलाई बचत र सेयर रकम फिर्ता गर्ने अभियान चलाइ अधिकांश सदस्यलाई फिर्ता गरिएको छ ।

यसबाहेक यही वर्ष विश्व अहिंसात्मक दिवसको सन्दर्भमा छलफल तथा अन्तरक्रिया पनि आयोजना भयो । भूमि अधिकार मञ्चले आफ्नो अधिकार प्राप्तिको आन्दोलनलाई जहिले पनि अहिंसात्मकरूपमा सञ्चालन गर्दै आएको र भविष्यमा पनि यही मार्ग अपनाउने प्रतिबद्धता व्यक्त गर्दै आएको सन्दर्भमा अहिंसात्मक दिवस मनाउनु मञ्चका लागि निकै ठूलो काम हो ।

जिल्ला भूमि अधिकार मञ्चको पाँचौं जिल्ला सम्मेलन २०७९ सालमा भयो ।

जिल्ला सम्मेलनमा १३३ जना सहभागी भएका थिए । सम्मेलनले पुनः भवानीप्रसाद न्यौपानेको अध्यक्षतामा १५ सदस्यीय जिल्ला कार्य समिति चयन गऱ्यो । केही दिन सम्मेलन नै स्थगित गरी भवानीप्रसाद न्यौपानेलाई नै अध्यक्षामा आउन आग्रह गरिएको थियो । संस्थापक अध्यक्ष भवानीप्रसाद न्यौपाने २०७४ साल वैशाखमा भएको स्थानीय तहको निर्वाचनमार्फत कालिका गाउँपालिकाको उपाध्यक्ष निर्वाचित भएका थिए । सम्मेलनका प्रतिनिधिहरूले बिर्ता समस्या समाधान गर्नका लागि एकपटक भवानीप्रसाद न्यौपानेलाई नै नेतृत्व गरिदिन आग्रह गरेपछि सम्मेलन भएको करिव १ महिनापछि मात्रै समितिले पूर्णता पाएको थियो । खासगरी यसरी लम्बिनुको कारण जिल्लाका अगुवाहरूले नेतृत्वमा एक पटक भवानीप्रसाद न्यौपानेनै आइदिए बाँकी रहेको भूमि समस्या समाधानमा नेतृत्वदायी भूमिका खेल्नसक्नुहुन्थ्यो कि भन्ने अपेक्षा राखेर हो ।

यसै वर्ष बिर्ता समस्या समाधानका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठसँग भेटी छलफल गरी ज्ञापनपत्र बुझाइ ध्यानाकर्षण गराइयो । हरेकपटक मन्त्री फेरिएपछि सिंहदबार पुग्नु र बिर्ता-गुठी समस्या सुनाउनु, ज्ञापनपत्र बुझाउनु नियमित चर्या जस्तै भएको थियो । यही क्रममा जिल्लाका बिर्तापीडित किसान प्रतिनिधिहरू, जनप्रतिनिधिसमेतको सहभागितामा मन्त्रालयमा डेलिगेसन गरी मन्त्रीलाई पुनः बिर्ता र गुठी समस्या समाधान गर्नका लागि अनुरोध गरियो ।

## निरन्तर ऊर्जा

यस्तै, यही वर्षको असोज १ र २ सामुदायिक आत्मनिर्भर केन्द्रको सहयोगमा अगुवाहरूलाई जनसङ्गठन सुदृढीकरण तथा सङगठनको स्वायत्त स्वपरिचालनसम्बन्धी कार्यशाला आयोजना गरियो । अगुवाहरूले नयाँ परिवेशको भूमि सुधारको मुद्दा र अगुवाले बुझ्नैपर्ने कुराबारे ज्ञान लिने/दिने गरे । यो कार्यशालाले अगुवाहरूमा केही ऊर्जा पनि थपियो ।

यसरी भूमि अधिकार प्राप्तिका लागि जारी आन्दोलनले विभिन्न आरोह/अवरोह पार गर्ने क्रममा धेरै उपलब्धि हासिल भएका छन् भने अझै कतिपय हासिल हुनै बाँकी छ । त्यसैले अभियानले विश्राम लिने बेला आइसकेको छैन । यही वास्तविकतालाई मनन गर्दै रसुवाका भूमि अधिकार अभियानकर्मीहरूले विक्रम संवत् २०८१ मा पनि आन्दोलनको होस्टेमा हैंसे हुने गरी गतिविधिहरू सञ्चालन गरे ।

यसरी सञ्चालित मुख्य कार्यक्रममा अहिंसात्मक सामाजिक आन्दोलन र ग्रामीण अर्थतन्त्रबारे प्रशिक्षण एउटा महत्त्वपूर्ण थियो भने अर्कोचाहिं बिर्ता, गुठी, भूमिहीन सुकुमबासी एवं अव्यवस्थित बसोबासी र विस्थापितको समस्या समाधानका लागि प्रधानमन्त्रीको सचिवालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गुठी संस्थान, राष्ट्रिय भूमि आयोग, सङ्घीय संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत/साधन समितिको सचिवालय, राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय कार्यालय, नेकपा एमालेको कार्यालय, राष्ट्रिय सभाका अध्यक्षलगायतसँग भेटी छलफल गरी समस्या समाधानपत्र पेस गरियो । त्यस क्रममा सबैसँग रसुवाली जनताले भोग्नुपरेका भूमि समस्याबाट मुक्ति दिलाइदिन अनुरोध गरिएको थियो ।

यस्तै, हाकुका गुठी किसानले तिर्नेपर्ने कुत (कर) मिनाहा तथा छूट र फिल्डबुकमा सिसाकलमले लेखिएकोलाई सदर गरी मोही कायम गर्नका लागि आवश्यक सहयोग गरिदिन माग राखी गुठी संस्थानका अध्यक्ष डा. शिवराज पण्डित र प्रशासक किरण शाक्यसँग भेटी छलफल गरी मागपत्र पनि पेस गरिएको थियो । ठूलो सङ्ख्याको गुठीपीडित किसानको समेत सहभागितामा भएको छलफलमा गुठीको कुत चर्को भएकाले मिनाहा गर्न माग राखिएको थियो ।

२०८१ अभियानको हिसावले ऊर्जामूलक रहयो । बिर्ता समस्या समाधानको माग राखी असारमा गरिएको डेलिगेसनका क्रममा प्रतिबद्धता भएअनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी रसुवा पुगी एक दिन जिल्लामै बसेर किसानको बिर्ता पीडा-व्यथा सुनेर समाधानका लागि पहल गर्ने वचनसमेत दिए ।

वर्षौंदेखि समस्याका रूपमा रहेको तर केन्द्रमा रहेका शासक-प्रशासकलाई बुझाउनै नसकिएको बिर्ता समस्याबारे बुझाउनका लागि कान्तिपुर दैनिकले राम्रो सहयोग गर्‍यो । कान्तिपुर दैनिकमा पत्रकार दीपक सापकोटाले फिल्डमा आएर किसानहरूको पीडा-व्यथा टिपेर लगी कान्तिपुर दैनिकमार्फत मुख्य समाचार बनाइ राज्यको ध्यानाकर्षण गराउन महत्त्वपूर्ण सहयोग गरे । बिर्तासम्बन्धी कान्तिपुरमा ६ वटा फिचर स्टोरी, १ सम्पादकीय, ३ वटा भिडियो स्टोरी तथा करिव १ दर्जन पाठकपत्र एकैपटक प्रकाशन भए । साथै, सोही विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीको अन्तर्वार्ता पनि छापियो ।

हाकुमा गुठी किसान भेला भयो । भेलामा ७३ जना किसान सहभागी भए । गुठी समस्या समाधानका लागि गुठी संस्थान र मन्त्रालयमा पनि डेलिगेसनहरू भयो ।

यही वर्ष हाकुका गुठीपीडित किसानले तिर्दै आएको कुतमा ५० प्रतिशत छूट दिने निर्णय गुठी संस्थानबाट भयो । यसले पनि किसानलाई केही राहत मिल्यो ।

यही वर्ष सरकारले भूमि समस्या समाधान आयोग गठन गऱ्यो । जिल्ला भूमि आयोगमा जिल्ला भूमि अधिकार मञ्चका पूर्वअध्यक्ष हेमनाथ खतिवडा सदस्यका रूपमा नियुक्त भए । गाउँ-गाउँमा भूमि शिविरहरू आयोजना गरी अगुवाहरूमा ऊर्जा भर्ने प्रयत्न पनि भए । साथै गुठी अभियानलाई नयाँ र ऊर्जामयतवरबाट अघि बढाउनका लागि गुठीपीडित सङ्गठित मञ्चहरूलाई पुनर्गठन पनि गरियो ।

जिल्लामा अभियान हुँदा होस् या राष्ट्रिय मञ्चले काठमाडौं वा अन्य विभिन्न जिल्लामा आयोजना गर्ने कार्यक्रममा होस्, रसुवाका भूमि अगुवाका उपस्थिति सधैं राम्रो र सक्रिय हुँदै आयो । जिल्लाका अगुवाहरूमा पलाएको जोस्, जाँगर र अभियानप्रतिको प्रतिबद्धताका कारण उनीहरू जुनसुकै ठाउँमा पनि आफ्नो सक्रिय उपस्थित जनाउन कहिल्यै पछि परेनन् । खासगरी अगुवाहरूको भूमिका र सक्रिय सहभागिता नै यहाँसम्मको यात्रा सफलताको कारक हो ।

यस अभियानमा जोडिएका केही अगुवा पात्रहरू जसले सुरुवातको दिनमा धेरै नै सक्रिय भूमिका निर्वाह गरेका थिए र कतिपय अगुवाहरू हालका दिनसम्म पनि उत्तिकै जोसका साथ अथक सक्रिय छन्, तिनको ऋण भूमि अधिकार आन्दोलनले कसैगरी चुक्ता गर्न सक्ने छैन । उनीहरूको नाम यहाँ हामी क्रमशः सम्झन चाहन्छौं : भवानीप्रसाद न्यौपाने, टङ्कलबहादुर नगरकोटी, चित्रकुमारी न्यौपाने, हेमनाथ खतिवडा, भुवनेश्वरी लामिछाने, पुतलीमाया लो तामाङ, विश्वास नेपाली, लक्ष्मी गुरूङ, राधिका लामिछाने, विष्णु देवकोटा, गोविन्द पौडेल, टेकप्रसाद लामिछाने, कृष्णबहादुर भुषाल, डिठ्ठा तामाङ (हाल स्वर्गवास), मेन्दो तामाङ, सोनाम तामाङ, निमा कैसाङ तामाङ, कार्साङ तामाङ, वाङटासी तामाङ, काल्साङ तामाङ, तेम्बादर्के तामाङ (हाल स्वर्गवास), पुतली तामाङ, मिङ्मर तामाङ, दुधर्के तामाङ, उर्ची तामाङ, सितेम्बा तामाङ, दावा नोर्चुङ तामाङ, बुचुङ तामाङ, सोमबहादुर तामाङ, मुरली नेपाली, अर्चना लामा, जानुका थापा मगर, श्याममाया घलेनी, शान्ता ग्लान, राममाया तामाङ, हरिमाया थिङ, जीतबहादुर थिङ, गोपिनी परियार, शान्ति मुक्तान, बुद्धिबहादुर मोक्तान, विष्णुबहादुर गुरूङ, जुलेली लो, सुमिना परियार, खिलप्रसाद आचार्य, खेमराज न्यौपाने, लक्ष्मी न्यौपाने, खड्गमाया न्यौपाने, प्रेमनाथ अगस्ती, मोहनप्रसाद ढकाल, रामकृष्ण ढकाल, कोपिला आचार्य न्यौपाने, शकुन्तला आचार्य, लक्ष्मि ढकाल, उर्मिला ढकाल, निलप्रसाद अगस्ती, लुमडीप्रसाद अगस्ती, रमेश अगस्ती, ध्रुवप्रसाद पौडेल, पुरुषोत्तम पौडेल, उषा पौडेल, रामकृष्ण पौडेल, चिरञ्जीवी पौडेल, रत्नकुमारी पौडेल, भोजकुमारी पौडेल, नेत्रप्रसाद

पौडेल, खड्गबहादुर तामाङ, रामकृष्ण पौडेल, धर्मबहादुर गुरूङ, समीक्षा न्यौपाने, भूमिनन्द न्यौपाने, याकबहादुर लिम्बु, लक्ष्मी देवकोटा, चन्द्रनाथ घिमिरे, कृष्णबहादुर तामाङ, भगवती घिमिरे, दयानिधी न्यौपाने, सुष्मा न्यौपाने, सोममाया तामाङ, कल्पना आचार्य, संगिता लामिछाने, कमला नेपाली, रामबहादुर नेपाली, विन्दा न्यौपाने, सुमित्रा तामाङ, लिलाकुमारी न्यौपाने, धनुकुमारी न्यौपाने, देउती न्यौपाने, सिता लामिछाने, निमा वाङ्दी लामा, कृष्णबहादुर थोक्रा, बीरमान तामाङ, आङतेम्बा तामाङ, कविता तामाङ, प्रेमनाथ न्यौपाने, साधुराम पौडेल, सिता विक, सुकुलक्ष्मि विक, दुर्गा विक, मानबहादुर नेपाली (हाल स्वर्गवास), विन्दा नेपाली, हरीबहादुर नगरकोटी (हाल स्वर्गवास), कोमलनाथ घिमिरे, सिता घिमिरे, रमा भट्ट, रमिला तामाङ, फुलमाया तामाङ, रामबहादुर तामाङ, जीतबहादुर तामाङ, सुमित्रा पौडेल, देवबहादुर ढकाल, जानुका थापा मगर, टेकबहादुर ढकाल, चेतकुमारी आचार्य, राजेन्द्र श्रेष्ठ, पेमाबुटि तामाङ, जमानसिं थोक्रा, लक्ष्मी न्यौपाने, बोधनाथ लामिछाने, रूद्रप्रसाद घिमिरे, दीपकुमारी न्यौपाने, सुन्तली न्यौपाने, ज्ञानु न्यौपाने, सिता घिमिरे, कृष्णबहादुर गलान, भीमकुमारी गोले, आइतबहादुर गोले, सानुकान्छा गोले, कृष्णप्रसाद ढकाल, मिननाथ पौडेल, गोपालबहादुर थापा मगर, लुमडीप्रसाद आचार्य, कृष्णप्रसाद आचार्य, सिता पौडेललगायत छन् । यहाँ नाम उल्लेख गर्नु छुट्नु भएका तर आन्दोलनमा धेरै सहयोग गर्नुभएका थुप्रै अगुवाहरूलाई पनि भूमि अधिकार मञ्च रसुवा धन्यवाद ज्ञापन गर्दछ ।

साथै भूमि अधिकार अभियानको यस अवधिमा भूमिअधिकारकर्मी रूपमा सहयोग एवं भूमिका निर्वाह गरेका सुष्मा न्यौपाने, हेमनाथ खतिवडा, संगिता लामिछाने, कमला आचार्य, सोममाया तामाङ, अभिशेक भुषाल, कल्पना आचार्य, सुस्मिता भट्ट लामिछाने पनि विशेष धन्यवादका पात्रहरू हुनुहुन्छ ।

# गतिविधि ग्राफ (२०६२-२०८१)

| वर्ष | मुख्य अभियान |
|---|---|
| २०६२ | • भूमि अधिकारबाट वञ्चितहरूको तदर्थ समिति निर्माण |
| २०६३ | • पहिलो सम्मेलन<br>• सङ्ठन निर्माण<br>• अगुवा क्षमता विकास तालिम |
| २०६४ | • अन्तरक्रिया, गाउँ भेला<br>• सङ्गठन निर्माण र विस्तार<br>• राजनीतिक दलहरूसँग संवाद् र छलफल |
| २०६५ | • सङ्गठन विस्तार<br>• अगुवा भेला, प्रशिक्षण<br>• कार्यालय स्थापना<br>• जिल्ला प्रशासन कार्यालयमा डेलिगेसन |
| २०६६ | • धुन्चेमा भूमि किसान, सरकारी कार्यालयका प्रमुख तथा भूमि सुधार मन्त्रालयका उपसचिवबीच बृहत् अन्तरक्रिया<br>• ३०० परिवार गुठीपीडित किसानहरूद्वारा कृषि औजारसहित सदरमुकाममा प्रदर्शन र मागपत्र पेस<br>• जिल्लाका राजनीतिक दलका प्रतिनिधिसहित भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयमा डेलिगेसन तथा मागपत्र पेस<br>• ५०० किसानद्वारा मालपोत कार्यालयमा निवेदन पेस<br>• बिर्ता जग्गाको दर्ता प्रक्रियाका लागि सहयोग, सूचना प्रकाशनमा सहयोग |
| २०६७ | • दोस्रो जिल्ला सम्मेलन<br>• गाउँ गाउँमा सङ्गठन विस्तार, भूमि शिविर प्रशिक्षणहरू सञ्चालन<br>• मालपोत कार्यालयमा पेस गरिएको निवेदनको फलोअप र जग्गा धनी प्रमाण पुर्जा बनाउने कार्यमा सहयोग एवं सहकार्य<br>• १६८ परिवार बिर्ता जग्गाका किसानलाई लालपुर्जा वितरण ।<br>• राष्ट्रिय आन्दोलनमा सहभागी |

| | |
|---|---|
| २०६८ | • गुठी समस्या समाधानका लागि भूमि सुधार मन्त्रालय, गुठी संस्थान, भूमि सुधार तथा व्यवस्थापन विभागमा मागपत्र पेस तथा छलफल<br>• जिल्ला स्तरमा अन्तरक्रिया .<br>• संयुक्त जग्गा धनी प्रमाण पुर्जा निर्माण अभियान सुरुवात<br>• भूमिघर निर्माण सुरुवात |
| २०६९ | • भोर्ले गाविसका किसानहरूको जग्गा फिर्ता अभियानका लागि जिल्ला तथा राष्ट्रिय तहमा छलफल, अन्तरक्रिया, मागपत्र पेस, डेलिगेसन ।<br>• अगुवा प्रशिक्षण, राजनीतिक दलहरूसँग छलफल<br>• देउसी/भैली र आर्थिक सङ्कलन |
| २०७० | • चैतको हुरी बतासले भूमि घरको छानो उडाएको<br>• चैत ८ मा कालिकास्थान भूमि घरमा तेस्रो जिल्ला सम्मेलन<br>• भोर्ले किसानहरूलाई जग्गा धनी प्रमाण पुर्जा दिलाउन सहजीकरण |
| २०७१ | • जेठ ४ देखि ९ गतेसम्म मालपोत कार्यालयमा धर्ना, रसुवा र नुवाकोट जिल्लामा एकैपटक धर्ना<br>• संविधान लेखनमा भूमि मुद्दा, सभासद्लाई पत्र लेख्ने अभियान |
| २०७२ | • प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष ज्ञापनपत्र पेस<br>• जिल्ला प्रशासन कार्यालय धुन्चेमा ज्ञापनपत्र पेस तथा अन्तरक्रिया<br>• भूमि घरमा जिल्लाका राजनीतिक दल, सरोकारवाला निकायहरूबीच छलफल तथा अन्तरक्रिया<br>• भूकम्पपीडित परिवारलाई राहत, पुनर्स्थापना र जीविकोपार्जनमा सहयोग |
| २०७३ | • जिल्ला प्रशासन कार्यालय धुन्चेमा जिल्लाका प्रमुख सरोकारवालाहरूसँग छलफल अन्तरक्रिया र मागपत्र पेस<br>• बिस्थापित र भूकम्पपीडितको समस्या समाधानका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण उपक्षेत्रीय कार्यालय नुवाकोटको कार्यालयमा ४ बुँदे मागपत्र पेस<br>• पुनर्निर्माण र पुनर्स्थापनामा देखिएका भूमि समस्या समाधानबारे प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र पेस |
| २०७४ | • बिस्थापितको पुनर्स्थापना र गुठी सवालबारे बृहत् छलफल तथा अन्तरक्रिया<br>• भूमि घरको छानोमा गाडी पल्टिएर घर भत्किएको र कार्यालयमा रहेका सामानमा क्षति<br>• कालिका गाउँपालिका वडा नं. ३ का १७ परिवारको बिर्ता जग्गाको जग्गा धनी प्रमाण पुर्जा बदर गरी जिल्ला अदालतमा मुद्दा दर्ता भएको हुँदा किसानको जग्गा फिर्तीका लागि कानुनी लडाइँ |

| | | |
|---|---|---|
| २०७५ | • | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याल, वाग्मती प्रदेशका मुख्य मन्त्री डोरमणि पौडेल र पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीलाई भेटी ज्ञापनपत्र पेस |
| | • | कृषि औजारसहित किसानहरू भेला भई ऱ्याली गरी भूमि अधिकारका मुद्दा समाधानका लागि कालिका गाउँपालिकामा ज्ञापनपत्र पेस । |
| | • | फागुन ४ गते मञ्चको चौथो जिल्ला सम्मेलन सम्पन्न, ७५ (महिला ३९, पुरुष ३६, दलित ८, जनजाति २९ र ब्राह्मण/क्षत्री ३८) जना सहभागी |
| २०७६ | • | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालको रसुवा भ्रमण र बृहत् कार्यक्रम, मागपत्र पेस । |
| | • | वैशाख ४ मा कालिका गाउँपालिकाद्वारा भूमि सुधार एवं बिर्ता समस्या समाधान गर्ने विशेष घोषणा |
| २०७७ | • | भूमिसम्बन्धी समस्या समाधान आयोग गठन, विज्ञ सदस्यमा सुष्मा न्यौपाने नियुक्त |
| | • | भूमिसम्बन्धी समस्या समाधान आयोगमा ५९ भूमिहीन र ६३६ अव्यवस्थित बसोबासीको लगत सङ्कलन कार्यमा सहजीकरण |
| | • | जिल्ला अगुवा कार्यकर्ता भेला सम्पन्न, नीतिगत विषयमा छलफल |
| | • | चैत १८ मा कालिका, उत्तरगया र नौ-कुण्ड गाउँपालिकामा बाँकी रहेको बिर्ता समस्या समाधानमा ध्यानाकर्षण गराउँदै पत्र पेस, भूमिसम्बन्धी समस्या समाधान आयोगमा जिल्लाका दलित भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि पत्र पेस |
| | • | एसिया अनलुसको आर्थिक सहयोग र नेपाल कृषि वन प्रतिष्ठानको सहयोगमा कालिका गाउँपालिका र उत्तरगया गाउँपालिकामा गाउँ भूमि अधिकार मञ्चका अगुवा तथा सदस्यहरूका लागि भूमिमा महिला अधिकारसम्बन्धी २ दिने तालिम भूमि घरमा सञ्चालन, तालिममा २७ (२३ महिला ४ पुरुष) जना सहभागी |
| | • | जिल्ला वन कार्यालय रसुवाको सहयोगमा धुपी ४५ बोट, तेजपत्ता २० बोट र कपुर २० बोट गरी ९५ वटा बिरुवा भूमि घर वरिपरि वृक्षरोपण |
| २०७८ | • | विश्व अहिंसात्मक दिवसको सन्दर्भमा छलफल तथा अन्तरक्रिया |
| | • | कोरोना महामारीबाट मृत्यु भएका काभ्रे गाउँ भूमि अधिकार मञ्चको २ सदस्यको परिवारलाई सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा ४० हजार रुपियाँ आर्थिक सहायता प्रदान, मञ्चमार्फत स्व. चित्रबहादुर विकको परिवारलाई ५ हजार रुपियाँ आर्थिक सहयोग प्रदान |
| २०७९ | • | पाँचौँ जिल्ला सम्मलन, १३३ जना सहभागी, नयाँ कार्यसमिति चयन (२०७९ फागुन ७) |
| | • | बिर्ता समस्या समाधानका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठसँग भेटी छलफल, ध्यानाकर्षण पत्र पेस |

| | |
|---|---|
| | • असोज १ र २ सामुदायिक आत्मनिर्भर केन्द्रको सहयोगमा अगुवाहरूलाई जनसङ्गठन सुदृढीकरण तथा सङ्गठनको स्वायत्त स्वपरिचालनसम्बन्धी कार्यशाला |
| २०८० | • अहिंसात्मक सामाजिक आन्दोलन र ग्रामीण अर्थतन्त्रबारे प्रशिक्षण<br>• बिर्ता, गुठी, भूमिहीन सुकुमबासी एवं अव्यवस्थित बसोबासी र बिस्थापितको समस्या समाधानका लागि प्रधानमन्त्रीको सचिवालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गुठी संस्थान, राष्ट्रिय भूमि आयोग, सङ्घीय संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत/साधन समितिको सचिवालय, राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय कार्यालय, नेकपा एमालेको कार्यालय र राष्ट्रिय सभाका अध्यक्षलगायतसँग भेटी छलफल गरी समस्या र समाधानका उपाय समावेश भएको पत्र पेस (मङ्सिर २५, २६ र २७)<br>• भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा डेलिगेसन मन्त्री रन्जिता श्रेष्ठसमक्ष ज्ञापनपत्र पेस (२०८० मङ्सिर २६)<br>• गाउँ मञ्चको भेला, छलफल तथा अभिमुखीकरण<br>• हाकुको गुठी समस्या समाधानमा समन्वय, किसानले तिर्नेपर्ने कुत (कर) मिनाह तथा छूट र फिल्डबुकमा सिसाकलमले लेखिएकोलाई सदर गरी मोही कायम गर्नका लागि आवश्यक सहयोग गरिदिन माग राखी गुठी संस्थानका अध्यक्ष डा. शिवराज पण्डित र प्रशासक किरण शाक्यसँग भेटी छलफल गरी मागपत्र पेस |
| २०८१ | • हाकुमा गुठी किसान भेलामा ७३ (२५ महिला र ४८ पुरुष) जना सहभागी<br>• भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रसुवा-नुवाकोटको संयुक्त डेलिगेसन<br>• बिर्तासम्बन्धी कान्तिपुर मिडियामा विस्तृत रिपोर्ट (दीपक सापकोटाले फिल्ड भ्रमण गरी कान्तिपुरमा ६ वटा समाचार तयार गरेका थिए भने कान्तिपुरले बिर्ता सम्बन्धमा सम्पादकीयसमेत प्रकाशन गरेको<br>• रसुवा र नुवाकोटको बिर्ता सम्बन्धमा केन्द्रित भइ सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजा र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीको अन्तर्वार्ता कान्तिपुरमा प्रकाशन<br>• भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीद्वारा रसुवा र नुवाकोट जिल्लाको भ्रमण गरी बिर्तापीडित किसानहरूसँग छलफल<br>• राष्ट्रिय भूमि अधिकार मञ्च, रसुवाको टोलीद्वारा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी, सचिव अर्जुनप्रसाद पोखरेललगायतसँग भेटी रसुवाको बिर्ता समस्या तत्काल समाधान गर्न माग, मन्त्रीद्वारा १ महिनाभित्र समस्या समाधानको पहल गर्ने आश्वासन। |

# सङ्घर्षपछिका प्राप्ति (२०६२-२०८१)

| वर्ष | मुख्य उपलब्धि |
|---|---|
| २०६२ | • भूमि अधिकारबाट वञ्चितहरूको तदर्थ समिति निर्माण |
| २०६४ | • १० वटा सङ्गठन निर्माण |
| २०६५ | • ५ वटा सङ्गठन विस्तार<br>• कार्यालय स्थापना |
| २०६६ | • सरकारद्वारा 'ख' श्रेणीको बिर्ता जग्गाको जग्गा धनी प्रमाण पुर्जा दिने निर्णय |
| २०६७ | • ५०० परिवार बिर्तापीडित किसानले १५ सय रोपनी जग्गा दर्ता भई १६८ थान जग्गा धनी प्रमाण पुर्जा पाएका |
| २०६८ | • संयुक्त जग्गाधनी प्रमाण पुर्जा निर्माण अभियान सुरुवात |
| २०६९ | • भूमि घर निर्माण भएको<br>• भूमि कृषि सहकारी दर्ता गरी सञ्चालन |
| २०७० | • साबिक भोर्ले गाविसका २० परिवारले गुमेको हक २९ वर्षपछि फिर्ता लिएका |
| २०७१ | • जेठ १ देखि ९ गतेसम्म मालपोत कार्यालयमा भएको धर्नापछि ९ बुँदे समझदारी<br>• जिल्ला सुकुमबासी आयोगमा मञ्चकी अध्यक्ष चित्रकुमारी न्यौपाने सदस्य नियुक्त |
| २०७२ | • भूकम्पपीडित ४३० सदस्य परिवारलाई आस्थायी आवास निर्माणमा सहयोग<br>• ३०० परिवारलाई खाद्यान्न र ५१०० परिवारलाई ब्लाङ्केट वितरण<br>• ६९५ सदस्य भूकम्पपीडित परिवारलाई जीविकोपार्जनमा सहयोग<br>• संयुक्त जग्गा धनी प्रमाण पुर्जा निर्माण गर्ने ५४० जोडीलाई सम्मान<br>• भूमि घरमा जिल्लाका राजनीतिक दल, सरोकारवाला निकायहरूबीच छलफल तथा अन्तरक्रियापश्चात ६ बुँदे पत्रमा हस्ताक्षरसहित सामूहिक प्रतिबद्धता व्यक्त । |

| | |
|---|---|
| २०७३ | • हाकुका ६० परिवार बिस्थापितलाई अस्थायी आवास निर्माणमा सहयोग<br>• विस्थापित बस्तीका २८४ परिवारलाई खाद्यान्न वितरण<br>• भूमि घर तालिम केन्द्र दर्ता |
| २०७४ | • हाकुको १३२ परिवारको गुठी जग्गाको मोही पूर्जा प्राप्ति |
| २०७६ | • रसुवाको कालिका गाउँपालिकाद्वारा भूमि सुधारसम्बन्धी विशेष घोषणा<br>• भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालद्वारा रसुवा भ्रमणका क्रममा बिर्ता र गुठी समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त |
| २०७७ | • भूमिसम्बन्धी समस्या समाधान आयोग रसुवामा जिल्ला भूमि अधिकार मञ्चकी सचिव सुष्मा न्यौपाने विज्ञ सदस्य नियुक्त<br>• जोखिम क्षेत्रका ८१५ लाभग्राही सुरक्षित स्थानमा र २१ परिवार पुनर्निर्माण र पुनर्वासका लागि जग्गा खरिद गर्न सफल<br>• कोरोना महामारीबाट मृत्यु भएका काभ्रे गाउँ भूमि अधिकार मञ्चका २ सदस्यका परिवारलाई सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग समन्वय गरी प्रतिपरिवार २० हजार रुपियाँका दरले सहयोग प्रदान<br>• सल्लेघारी गाउँ भूमि अधिकार मञ्चका सदस्यको श्रीमान्को मृत्यु भएको र उनको आर्थिक अवस्था पनि कमजोर भएको अवस्थालाई मध्यनजर गरी जिल्ला भूमि अधिकार मञ्च रसुवाको कोषबाट ५ हजार रुपियाँ सहयोग प्रदान |
| २०७८ | • कालिका गाउँपालिकाको करिव १० लाख रुपियाँ सहयोगमा भूमि घर मर्मत, शौचालय निर्माण र गोरेटो बाटो निर्माण |
| २०७९ | • पाँचौं जिल्ला सम्मेलन, १३३ जना सहभागी, नयाँ कार्यसमिति चयन |
| २०८० | • गुठीको तिरो कम गराउन पहल सुरु |
| २०८१ | • जिल्ला भूमि आयोगमा जिल्ला भूमि अधिकार मञ्चका पूर्वअध्यक्ष हेमनाथ खतिवडा सदस्यका रूपमा नियुक्त<br>• हाकुमा गुठी किसान भेला, ७३ जना (२५ महिला र ४८ पुरुष) सहभागी)<br>• बिर्तासम्बन्धी कान्तिपुर मिडियामा रिपोर्ट (दीपक सापकोटाले फिल्ड भ्रमण गरी कान्तिपुरमा ६ वटा रिपोर्ट तयार गरेका थिए भने कान्तिपुरले बिर्ता सम्बन्धमा सम्पादकीयसमेत प्रकाशन गरेको<br>• गुठी संस्थानबाट हाकुका गुठीपीडित किसानले तिर्दै आएका कुतमा ५० प्रतिशत छूट दिने निर्णय |

## अभियान र सफलता

**बिर्ता अभियान :** १६७ परिवारले जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरेका छन् । करिव १५ सय रोपनी जमिनको रैकर पुर्जा किसानहरूसँग छ । यस्तै, १८ परिवार बिर्तापीडित किसानले जोतभोग गर्दै आएको जग्गा बिर्तावालाले कृषि विकास बैङ्कमा धितो बन्धकी राखी लिलामी भएकामा पछि मञ्चको पहलमा ऋण चुक्ता गरी फिर्ता ल्याइ किसानलाई पुर्जा दिलाइएको छ ।

**गुठी :** १३२ परिवार गुठीपीडित किसानले मोही हक (पुर्जा) प्राप्त गरेका छन् । किसानले वार्षिक प्रतिरोपनी २०० रूपियाँ तिर्नुपर्ने कुतमा ५० प्रतिशत छूट भएको छ ।

**सङ्गठनको सङ्ख्या :** हाल २० वटा सङ्गठन क्रियाशील छन् । सङ्गठनमा २३४ महिला र २२८ पुरूष गरी ४६२ सङ्गठित छन् । साथै जिल्ला मञ्चमार्फत ४९ अगुवा सक्रिय सङ्गठित-स्वःपरिचालित छन् ।

**कोष :** जिल्ला भूमि अधिकार मञ्चको अभियान/आन्दोलन कोषमा १७ लाख, ५१ हजार ९ सय ६४ रूपियाँ छ भने गाउँ मञ्चहरूमा २ लाख, ४६ हजार ८ सय ४६ रूपियाँ छ । जुन मञ्चले आफ्नो आन्दोलन तथा अभियानको क्रममा खर्च व्यवस्थापन गर्ने गरेको छ । साथै मञ्चको आन्दोलन कोष वृद्धिमा योगदान गर्ने हिसावले भूमि घर तालिम केन्द्र पनि दर्ता गरी सञ्चालन गरिरहेको छ ।

**नीति/सम्झौता/प्रतिबद्धता (जिल्लाको हकमा मात्र) :** कालिका गाउँपालिकाले २०७६ वैशाख ४ गते विशेष घोषणा गरी बिर्ता उन्मूलन गर्ने सन्देश दिएको थियो । साथै उत्तरगया र कालिका गाउँपालिकाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई पत्र लेखी बिर्ता समस्या समाधानका लागि अनुरोध गरेका छन् र सो समस्या समाधानका लागि पालिकाले प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

**आफ्नै भूमि घर :** मञ्चको आफ्नै भूमि घर छ । २०६८ सालमा अगुवाहरूले गाउँ गाउँमा स्रोत जुटाएर मेहनतले बनाएको भूमि घर कालिकास्थानमा छ । यो भूमि घर त्यसयता विभिन्न भेला, तालिम, प्रशिक्षण, नियमित बैठकहरू सञ्चालन गर्ने थलो बनेको छ । भूमि अधिकार मञ्चको कार्यालय सञ्चालन भइरहेको छ । यसले अभियानसम्बन्धी योजना बनाउन, समीक्षा गर्न र कार्यान्वयन गर्नका लागि पनि एउटा बलियो आधार दिएको छ ।

मञ्चका अगुवाहरूमा भूमि घरप्रति आफ्नोपन जगाउन र अभियानमा लागिराख्न प्रेरणा दिइरहेको छ ।

मञ्चको भूमि घर निर्माण गर्नको विभिन्न सहयोगी क्रिया, संघ, संस्था, स्थानीय सरकार, गाउँ मञ्चहरू र विभिन्न व्यक्तिहरूबाट समेत ९ लाख, १९ हजार ५ सय चौवन्न रूपियाँ सङ्कलन भई उपयोग भएको थियो ।

## भूमि घर निर्माणका लागि प्राप्त सहयोग

| क्र.सं | सहयोग दाता | सहयोग रकम |
|---|---|---|
| १ | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | २५०,०००.०० |
| २ | नेपाल कृषि वन प्रतिष्ठान रसुवा | १५६,०००.०० |
| ३ | एक्सनएड नेपाल | ५०,०००.०० |
| ४ | माइती नेपाल | ४९,०००.०० |
| ५ | धैबुङ गाविस | १६५,२५०.०० |
| ६ | जिल्ला विकास समिति, रसुवा | ७०,०००.०० |
| ७ | जनार्दन ढकाल (संविधान सभा सदस्य) | ५०,०००.०० |
| ८ | चन्दा सङ्कलन (गाउ भूमि अधिकार मञ्च तथा अन्य व्यक्तिहरुबाट) | ८,१०२.०० |
| ९ | देउसी भैलोबाट संकलित | २५,२४२.०० |
| १० | जिल्ला भूमि अधिकार मञ्च, रसुवा (आन्तरिक स्रोत) | ४६,९१०.०० |
| ११ | भवानीप्रसाद न्यौपाने | ५,०००.०० |
| १२ | चित्रकुमारी न्यौपाने | ५,०००.०० |
| १३ | सुष्मा न्यौपाने | ५,०००.०० |
| १४ | सोममाया तामाङ | ५,०००.०० |
| १५ | नवराज आचार्य | ५,०००.०० |

| | | |
|---|---|---|
| २२ | जगत देउजा | २,७००.०० |
| २४ | कल्पना कार्की | २,७००.०० |
| २५ | विश्वास नेपाली | २,१००.०० |
| १६ | शान्ता ग्लान | २,०००.०० |
| १७ | टंकलबहादुर नगरकोटी | १,०००.०० |
| १८ | रत्नकुमारी पौडेल | १,०००.०० |
| १९ | खड्कमाया न्यौपाने | १,०००.०० |
| २० | हेमनाथ खतिवडा | १,०००.०० |
| २१ | पुतली तामाङ | १,०००.०० |
| २३ | जगत बस्नेत | १,०५०.०० |
| २६ | सरीता लुइँटेल | ५००.०० |
| २७ | भुवनेश्वरी लामिछाने | ५००.०० |
| २८ | मुरली नेपाली | ५००.०० |
| २९ | शान्ति मुक्तान | ५००.०० |
| ३० | पीपलबोट गाउँ भूमि अधिकार मञ्च धैबुङ ६ | १,०००.०० |
| ३१ | मनिगाउँ गाउँ भूमि अधिकार मञ्च लहरेपौवा ४ | १,०००.०० |
| ३२ | कामधेनु गाउँ भूमि अधिकार मञ्च धैबुङ ४ | १,०००.०० |
| ३३ | काभ्रे गाउँ भूमि अधिकार मञ्च लहरेपौवा ८ | १,०००.०० |
| ३४ | उत्पन्नेश्वर गाउँ भूमि अधिकार मञ्च धैबुङ ९ | १,५००.०० |
| ३५ | चनभूमे गाउँ भूमि अधिकार मञ्च भोर्ले ५ | १,०००.०० |
| | **जम्मा** | ९१९,५५४.०० |

## सङ्घर्षको आलोकमा सिकाइ

सङ्गठनमा नै सङ्गठित शक्ति हुन्छ । हिजोको दिनमा सदस्य एवं अगुवा सक्रिय हुँदा अभियान जुरुक्क उठेको थियो, केही उपलब्धि पनि प्राप्त भएको थियो । तर पछिल्लो समयमा स्रोतहरू परिचालन गर्न नसक्दा निष्क्रियता बढ्दै गयो । अभियानप्रतिको सहभागिता कमजोर हुँदै गयो । स्रोतले पनि अभियान चलायमान बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने सिकाइ यो दौरानमा भएको छ । यसैले यही सिकाइलाई आत्मसात गरी मञ्चले स्थानीय स्रोतहरू सङ्कलन, अभियान कोष सङ्कलन र भूमि घरमा तालिम केन्द्र सञ्चालन गरी धेरथोर स्रोत सङ्कलन गरी अभियानलाई जीवन्तता दिन प्रयत्न गरिरहेको छ । यसबाट अहिले धेरै सहजता आएको छ । नियमित बैठक गर्न बाहिरी स्रोतमा भर पर्नुपर्ने अवस्थाबाट विस्तारै आत्मनिर्भरता बढ्दै छ ।

अधिकार दावी गरी लिने अभियानमा 'जसको सवाल उसको अगुवाइ' महत्त्वपूर्ण हुन्छ । पीडा भोगेकालाई नै पीडा कसरी कम गर्ने भन्ने ज्ञान पनि हुन्छ । उनीहरू पीडाबाट मुक्ति पाउनका लागि जस्तोसुकै त्याग र सङ्घर्ष गर्नका लागि पनि तयार हुने रहेछन् । यहीबाट नै सफलता पनि प्राप्त हुन्छ र सङ्गठित शक्ति पनि बढ्दै जान्छ । सङ्घर्षबाट प्राप्त सफलता नै मीठो हुन्छ, दीर्घकालीन हुन्छ । मञ्चका सङ्गठन निष्क्रिय छैनन् । भेला हुनुपर्दा, अभियानमा हिंड्नुपर्दा अहिले पनि सदस्यहरू उत्तिकै क्रियाशील छन् ।

मञ्चको अभियान यात्राका क्रममा विभिन्न बाधा र अवरोध पनि आउने रहेछन् । अभियान यात्रामा आउने यस्ता अवरोधलाई सकारात्मकतवरले सहजीकरण गर्दै अघि बढ्दा सफलता पाइन्छ भन्ने सिकाइ पनि विभिन्न घटनाक्रमबाट सिकाइ भएको छ ।

अभियान निरन्तरको प्रक्रिया हो । यो कुनै सानो सानो गतिविधि जस्तो होइन । यसका लागि सानो सानो प्रयासबाट स्रोत सङ्कलनमा पनि ध्यान दिनुपर्ने रहेछ । सानो स्रोतले पनि मञ्चका अगुवाहरू बेलाबेला भेट हुने, छलफल हुने र खर्च व्यवस्थापन गर्न सघाउ पुग्ने रहेछ । यस कार्यलाई मञ्चले सक्रियताका साथ स्थापना गरी सञ्चालन गरेको भूमि घर तालिम केन्द्रले भरथेग गरेको छ । यसले २ जना अगुवालाई अल्पकालीन रोजगारी पनि सिर्जना गरेको छ भने अभियानका लागि केही स्रोत सङ्कलनमा पनि मद्दत पुगेको छ ।

मञ्चमा सङ्गठित सदस्यहरूलाई विभिन्न आपत् विपद् आइपर्दा मञ्चको सक्रियता र समन्वयमा गरिने सानो सानो सहयोगले पनि सदस्यहरूमा खुसी ल्याउन सकिन्छ । यस्ता सहयोग एवं समन्वयले सदस्यमा मञ्च र अगुवा नेतृत्वप्रति अझ बढी सद्भाव बढ्ने रहेछ । मञ्चले आफ्नो भूकम्पको विपद् आउँदा होस् या कोरोनाको समयमा होस् या बाढी/पहिरोले क्षति गर्दा होस्, सदस्य परिवारलाई परेको दुःख र क्षतिमा गरिने सहयोग, त्यस्तो समस्या र दुःखबाट पार गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग गरिने समन्वयले उनीहरूमा सहयोग पुग्छ र उनीहरू समस्याबाट मुक्त पनि हुन्छन् भने मञ्चप्रति उनीहरूको लगाव अझ बढ्दै जान्छ । जसले अभियानलाई पनि सहयोग पुग्छ ।

नियमित गरिने प्रशिक्षण, शिविर, भेला र डेलिगेसन बैठकहरूले अगुवाहरूमा नियमित क्षमता विकासमा मद्दत पुग्छ । साथै यसले अगुवाहरूलाई आफ्नो गाउँ मञ्च क्रियाशील बनाइराख्न र आफ्नो सवालप्रति चासो जगाइराख्न पनि मद्दत पुग्छ । यस अवधिमा भएका यी कार्यले अगुवालाई मञ्च र अभियानबाट टाढा राख्न सकेको छैन । बरु उनीहरूमा अझ बढी सहभागी हुने क्रियाशीलता र प्रतिबद्धता बढाइराखेको छ ।

आन्दोलन-अभियान यात्राका क्रममा सफलता मिल्दै गएपछि त्यसलाई असफल बनाउनका लागि विभिन्न विरोध हुने, अवरोध गर्न खोज्ने, टिप्पणी हुने अवस्था पनि आइपर्दा रहेछन् । त्यस्ता कठिन क्षणहरूलाई पनि सहजरूपमा पार गर्दै अघि बढ्न सक्ने अगुवाहरू मञ्चमा हुँदा अविच्छिन्न यात्रा गर्न सकिने रहेछ । मञ्चलाई हिजोको जस्तो अहिले कठिन अवस्था छैन । हिजोका ती विरोधीहरू पनि अहिले मञ्चको नियमित क्रियाशीलता र मञ्चले ल्याएको उपलब्धि देखेर नतमस्तक छन् ।

अभियान र आन्दोलनको यात्रा कठिन र लामो हुने रहेछ । भन्नेबित्तिकै उपलब्धि आइहाल्ने भन्ने हुँदैन । अभियानको यात्रा नै लामो हो । यसबीचमा भन्नेबित्तिकै उपलब्धि आएन, पुर्जा पाउन सकिँदैन भनेर बीचमै छाडी हिंड्ने अगुवा पनि धेरै भए । ती कतिपय पुनः फर्किएर सक्रिय छन् भने कतिपय छैनन् । कतिपयले मञ्चलाई पार्टी अनुकूल चलाउनुपर्छ भनेर पनि हस्तक्षेप गर्न खोजे तर ती सबै आरोह/अवरोहलाई पार गरी मञ्चलाई सबैको साझा चौतारी जस्तो बनाएर यहाँसम्मको यात्रामा ल्याउन सकिएको छ । मञ्च साझा चौतारीकै रूपमा अघि बढ्नुपर्छ ।

मञ्चले उठाएको सवाललाई नीतिगत तहसम्म सुन्ने बनाउन, प्रदेश र सङ्घीय तहमा

डेलिगेसनहरू गर्न भने बाह्य स्रोत र समन्वय जरूरी हुन्छ । यसरी गरिने अभियानको प्रभाव पनि अर्थपूर्ण हुन्छ । बिर्ता र गुठीको सवाल राम्रोसँग बुझ्नका लागि सङ्घीय सरकारको भूमि व्यवस्था मन्त्रीहरू २ पटक रसुवा नै आउने वातावरण बन्यो । मन्त्रीहरूले यहाँको समस्या समाधान गर्ने प्रतिबद्धता नै जनाएका छन् भने कानुन संशोधनको प्रक्रिया पनि अघि बढेको छ ।

## सुशासन र पारदर्शिता

जिल्ला भूमि अधिकार मञ्च, रसुवाले आफ्ना हरेक क्रियाकलापलाई पारदर्शी गराउन भरमग्दुर प्रयास गर्दै आएको छ । चाहे गरिएका काम र आगामी दिनका योजना हुन् वा भएका खर्च र तिनका स्रोत जसले जतिबेला बुझ्न वा थाहा पाउन चाहेमा पनि जानकारी दिने व्यवस्था अपनाइएको छ । यस मञ्चको आर्थिक हिसाबकिताब कानुनी मान्यता प्राप्त अडिटरद्वारा प्रत्येक वर्ष तोकिएकै समयमा अडिट गराउने र बुझाउनुपर्ने निकायमा बुझाउने कार्यलाई समेत नियमितता दिइएको छ । सबै भन्दा महत्त्वपूर्ण पक्ष त जिल्ला भूमि अधिकार मञ्च र योअन्तर्गतका निकायहरूले गर्ने कुनै पनि गतिविधिका दौरानमा हुने खर्च तथा त्यसको स्रोत सम्भव भएसम्म कार्यक्रमस्थलमै जानकारी गराइने अभ्यास थालिँदै आएको छ । यसले जिल्ला मञ्चको पारदर्शिता कायम राख्न सघाउ पुगेको छ ।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले पनि सङ्गठनले गर्ने अभियान र त्यसमा लाग्ने खर्चको हरहिसाब आफ्ना सदस्य र सरोकारवाला निकायबीच सार्वजनिक गर्ने', त्यसको सार्वजनिक लेखाजोखा गर्ने कामलाई नित्य कर्मको रूपमा आत्मसात् गरेको छ । यो नियमित प्रक्रिया हो र सार्वजनिकरूपले आफूलाई परीक्षण गर्ने सशक्त औजार मान्छ । यस सङ्गठनका तलदेखि माथिसम्मका सबै कमिटीले आफूले गरेको काम, लागत र उपलब्धिलाई सार्वजनिक गर्ने, सार्वजनिकरूपमा आफूलाई परिक्षण गर्ने काम महत्त्वपूर्ण हो भन्ने ठान्छ भनेको छ । त्यसैले पारदर्शितालाई सङ्गठनको मूल्य/मान्यताका रूपमा ग्रहण गरी व्यवहारमा आफूलाई परीक्षण गर्न जोड दिइरहेको छ । जसमा केन्द्रदेखि तलसम्मका निकायले यो अभ्यास पछ्याइरहेका देखिन्छ ।

जिल्ला भूमि अधिकार मञ्चको कार्यसमिति पनि निर्वाचनमार्फत गठन गरिँदै आइएको छ । जहाँ पूर्णरूपमा लोकतान्त्रिक पद्धति पछ्याइन्छ । निर्विरोध भएको अवस्थामा

बाहेक सबै भन्दा बढी मत ल्याउनेले नेतृत्व गर्छ । हार-जीत चुनावको परिणाम घोषणासम्म मात्र जारी रहन्छ । त्यसपछि सबै भूमि अधिकार अभियानको आन्दोलनमा संलग्न हुन्छन् । अहिलेसम्म रसुवामा भूमि अधिकार अभियानले जे/जति उपलब्धि हासिल गर्न सकेको छ, यो त्यसैको परिणाम भएकामा शङ्का छैन ।

## समावेशिताको अभ्यास

राष्ट्रिय भूमि अधिकार मञ्चले समावेशी संरचना नीति बनाएको छ जसअनुसार 'महिला, दलित, जनजाति भूमिमा ज्यादा श्रम गर्ने वास्तविकतालाई आत्मसात गर्दै जसले जमिनमा श्रम गर्छ, पसिना बगाउँछ, त्यही समुदाय भोकै बस्नुपर्ने अवस्था अन्त्यका लागि निर्माण भएको सङ्गठन समावेशी हुनैपर्छ' भनिएको छ । यसको सबै तहमा न्यायपूर्ण र समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने कुरालाई पनि यो नीतिले जोड दिएको छ ।

त्यसैगरी जातीय/लैङ्गिक समानतालाई पनि राष्ट्रिय मञ्चले उत्तिकै जोड दिएको छ । 'समाजमा विद्यमान जाति, लिङ्ग र समुदायको समान सहभागिता र उनीहरूकै नेतृत्वमा हुने कुराको यो सङ्गठन ग्यारेन्टी गर्छ' भनिएबाट राष्ट्रिय मञ्च यसप्रति सचेत छ भन्ने प्रष्ट हुन्छ ।

त्यसैले जिल्ला भूमि अधिकार मञ्च रसुवा पनि राष्ट्रिय मञ्चअन्तर्गतकै एउटा वफादार र कर्तव्यपालक निकाय भएका कारण यो मञ्चले पनि राष्ट्रिय मञ्चले तोकेको दायरा भन्दा बाहिर नगई आफ्ना सबै साङ्गठनिक संरचना र आयोजित गतिविधिहरूलाई समावेशी गराउने भरमग्दुर प्रयास गर्दै आएको छ । जिल्ला भूमि अधिकार मञ्चको कार्यसमिति गठनबाट पनि यो पुष्टि हुन्छ । जस्तो- विक्रम संवत् २०७५ साल फागुन ४ मा भएको चौथो सम्मेलनबाट १५ सदस्यीय कार्यसमिति चयन भएको थियो । जसमा ८ महिला थिए भने आदिवासी जनजातिबाट ५ जनाले प्रतिनिधित्व गरेका थिए । त्यसैगरी दलित समुदायका २ सदस्य थिए ।

## पाचौँ जिल्ला सम्मेलन (२०७९ फागुन २२) बाट निर्वाचित जिल्ला मञ्च कार्यसमिति विवरण

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | भवानीप्रसाद न्यौपाने | अध्यक्ष | ९८४१६११२७२ |
| २ | टङ्कलबहादुर नगरकोटी | उपाध्यक्ष | ९८०३२९४५३९ |
| ३ | गोपिनी परियार | सचिव | ९८६२५७४३२७ |
| ४ | शान्ताकुमारी गलान | कोषाध्यक्ष | ९८६०२७१२११ |
| ५ | भूमिनन्द न्यौपाने | सहसचिव | ९८४१०८३८४५ |
| ६ | पुतलीमाया लो | सदस्य | ९८६१८८३९१९ |
| ७ | चित्रकुमारी भट्ट न्यौपाने | सदस्य | ९८४१०८४३९७ |
| ८ | भुवनेश्वरी न्यौपाने लामिछाने | सदस्य | ९८४१९०३७९५ |
| ९ | मोहनप्रसाद ढकाल | सदस्य | ९८१८५०७३९७ |
| १० | खड्गमाया न्यौपाने | सदस्य | ९८४९९८४८४१ |
| ११ | श्याममाया घलेनी | सदस्य | ९८४३९५५३२६ |
| १२ | खिलप्रसाद आचार्य | सदस्य | ९८४००२६८६९ |
| १३ | सोमबहादुर तामाङ | सदस्य | ९८४३५०७७५३ |
| १४ | कामिनी तामाङ | सदस्य | ९८६६२९६४६८ |
| १५ | सुशीला नेपाली | सदस्य | ९८६५४६८१५० |
| १६ | हेमनाथ खतिवडा | पदेन सदस्य | ९८५१०११२७१ |

## चौथो जिल्ला सम्मेलन (२०७५ फागुन ४) बाट निर्वाचित जिल्ला समिति

| क्र.सं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | हेमनाथ खतिवडा | अध्यक्ष | कालिका -३, कटुञ्जे, रसुवा |
| २ | टङ्कलबहादुर नगरकोटी | उपाध्यक्ष | कालिका -२, काभ्रे, रसुवा |
| ३ | सुष्मा न्यौपाने | सचिव | कालिका -३, कटुञ्जे, रसुवा |
| ४ | भुवनेश्वरी लामिछाने | कोषाध्यक्ष | कालिका -२, गैराघर, रसुवा |
| ५ | गोपिनी परियार | सहसचिव | नौकुण्ड -५, भोर्ले, रसुवा |
| ६ | खिलप्रसाद आचार्य | सदस्य | कालिका -३, कटुञ्जे, रसुवा |
| ७ | खड्गमाया न्यौपाने | सदस्य | कालिका -३, कटुञ्जे, रसुवा |

| | | | |
|---|---|---|---|
| ८ | पुतली तामाङ | सदस्य | कालिका -५, ज्याङलाङ, रसुवा |
| ९ | शान्ताकुमारी ग्लान | सदस्य | उत्तरगया -४, मनिगाउँ, रसुवा |
| १० | मुरली नेपाली | सदस्य | कालिका -३, इटपोर, रसुवा |
| ११ | कार्साङ्तेम्पा तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकु, रसुवा |
| १२ | रमा भट्ट | सदस्य | उत्तरगया -५, माझगाउँ, रसुवा |
| १३ | श्याममाया घलेनी | सदस्य | उत्तरगया -४, पैरवेशी, रसुवा |
| १४ | मोहनप्रसाद ढकाल | सदस्य | कालिका -३, ढकालडाँडा, रसुवा |

पुनगर्ठित जिल्ला समिति : २०७४ साल वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा अध्यक्षलगायत केही पदाधिकारी निर्वाचित भई केही पदाधिकारी जानुभएकाले रिक्त रहेको पदमा निम्नानुसार पदाधिकारी मनोनीत गरिएको थियो :

| क्र.सं. | पदाधिकारीको नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | टङ्कलबहादुर नगरकोटी | अध्यक्ष | कालिका -२, काभ्रे, रसुवा |
| २. | भुवनेश्वरी लामिछाने | कोषाध्यक्ष | कालिका -२, गौराघर, रसुवा |
| ३. | हेमनाथ खतिवडा | सचिव | कालिका -३, कटुञ्जे, रसुवा |
| ४. | बृद्धिबहादुर मुक्तान | सहसचिव | नौकुण्ड -५, भोर्ले, रसुवा |
| ५. | शान्ति मुक्तान | सदस्य | नौकुण्ड -५, भोर्ले, रसुवा |
| ६. | खड्गमाया न्यौपाने | सदस्य | कालिका -३, कटुञ्जे, रसुवा |
| ७. | चन्द्रनाथ घिमिरे | सदस्य | उत्तरगया -५, उपल्लोपौवा, रसुवा |
| ८. | मुरली नेपाली | सदस्य | कालिका -३, इटपोर, रसुवा |
| ९. | निमा कैसाङ तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| १०. | मेन्द्रो तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| ११. | रत्नकुमारी पौडेल | सदस्य | कालिका -५, जिवजिवे, रसुवा |

## तेस्रो जिल्ला सम्मेलन (२०७० चैत ८) बाट निर्वाचित जिल्ला समिति

| क्र.सं. | पदाधिकारीको नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | चित्रकुमारी न्यौपाने | अध्यक्ष | कालिका -२, गौराघर, रसुवा |
| २. | टङ्कलबहादुर नगरकोटी | उपाध्यक्ष | कालिका -२, काभ्रे, रसुवा |
| ३. | शान्तिकुमारी गलान | कोषाध्यक्ष | उत्तरगया -४, मनिगाउँ, रसुवा |

| | | | |
|---|---|---|---|
| ४. | हेमनाथ खतिवडा | सचिव | कालिका -३, कटुञ्जे, रसुवा |
| ५. | बृद्धिबहादुर मुक्तान | सहसचिव | नौकुण्ड -५, भोर्ले, रसुवा |
| ६. | भुवनेश्वरी लामिछाने | सदस्य | कालिका -२, गौरघर, रसुवा |
| ७. | शान्ति मुक्तान | सदस्य | नौकुण्ड -५, भोर्ले, रसुवा |
| ८. | खड्गमाया न्यौपाने | सदस्य | कालिका -३, कटुञ्जे, रसुवा |
| ९. | चन्द्रनाथ घिमिरे | सदस्य | उत्तरगया -५, उपल्लोपौवा, रसुवा |
| १०. | मुरली नेपाली | सदस्य | कालिका -३, इटपोर, रसुवा |
| ११. | निमा कैसाङ तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| १२. | मेन्द्रो तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| १३. | रत्नकुमारी पौडेल | सदस्य | कालिका -५, जिवजिवे, रसुवा |
| १४. | भवानीप्रसाद न्यौपाने | पदेन सदस्य | कालिका -३, कटुञ्जे, रसुवा |

## दोस्रो जिल्ला सम्मेलन (२०६७ जेठ २९) बाट निर्वाचित जिल्ला समिति

| क्र.सं. | पदाधिकारीको नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | भवानीप्रसाद न्यौपाने | अध्यक्ष | कालिका -३, कटुञ्जे, रसुवा |
| २. | सोनाम तामाङ | उपाध्यक्ष | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| ३. | अर्चना लामा | कोषाध्यक्ष | उत्तरगया -५, वेत्रावती, रसुवा |
| ४. | गोविन्दप्रसाद पौडेल | सचिव | कालिका -४, रुप्सेपानी, रसुवा |
| ५. | हेमनाथ खतिवडा | सहसचिव | कालिका -३, कटुञ्जे, रसुवा |
| ६. | चित्रकुमारी न्यौपाने | सदस्य | कालिका -२, गौराघर, रसुवा |
| ७. | पुतली तामाङ | सदस्य | कालिका -५, ज्याङलाङ, रसुवा |
| ८. | खिलप्रसाद आचार्य | सदस्य | कालिका -३, कटुञ्जे, रसुवा |
| ९. | कृष्णप्रसाद आचार्य | सदस्य | उत्तरगया -५, बनुवा, रसुवा |
| १०. | कृष्णबहादुर भुषाल | सदस्य | उत्तरगया -५, बनुवा घुम्ती, रसुवा |
| ११. | शान्ताकुमारी ग्लान | सदस्य | उत्तरगया -४, मनिगाउँ, रसुवा |
| १२. | धर्मबहादुर गुरुङ | सदस्य | नौकण्ड -५, भोर्ले, रसुवा |
| १३. | डिठ्ठा तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| १४. | उर्ची तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| १५. | लक्ष्मी गुरुङ | सदस्य | उत्तरगया -२, डाँडागाउँ, रसुवा |
| १६. | राधिका लामिछाने | सदस्य | उत्तरगया -५, बनुवा घुम्ती, रसुवा |

## पहिलो जिल्ला सम्मेलन (२०६३ माघ ६) बाट निर्वाचित जिल्ला समिति

| पद | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | भवानीप्रसाद न्यौपाने | अध्यक्ष | कालिका -३, कटुञ्जे, रसुवा |
| २. | डिङ्घ तामाङ | उपाध्यक्ष | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| ३. | विष्णुप्रसाद देवकोटा | सचिव | कालिका -५, जिवजिवे, रसुवा |
| ४. | लुमडीप्रसाद आचार्य | कोषाध्यक्ष | उत्तरगया -५, बनुवा घुम्ती, रसुवा |
| ५. | विश्वास नेपाली | सहसचिव | कालिका -३, इटपारे, रसुवा |
| ६. | हेमनाथ खतिवडा | सदस्य | कालिका -३, कटुञ्जे, रसुवा |
| ७. | रमेश अगस्ती | सदस्य | कालिका -३, वेतिनी, रसुवा |
| ८. | राधिका लामिछाने | सदस्य | उत्तरगया -५, बनुवा घुम्ती, रसुवा |
| ९. | कृष्णबहादुर भुसाल | सदस्य | उत्तरगया -५, बनुवा घुम्ती, रसुवा |
| १०. | लक्ष्मी गुरुङ | सदस्य | उत्तरगया -२, डाँडागाउँ, रसुवा |
| ११. | टेकप्रसाद लामिछाने | सदस्य | कालिका -४, रुप्सेपानी, रसुवा |
| १२. | गोविन्द पौडेल | सदस्य | कालिका -४, रुप्सेपानी, रसुवा |
| १३. | धर्मबहादुर गुरुङ | सदस्य | नौकण्ड -५, भोर्ले, रसुवा |
| १४. | ज्ञानु ग्लान | सदस्य | उत्तरगया -४, मनिगाउँ, रसुवा |
| १५. | याकबहादुर लिम्बु | सदस्य | गोसाइकुण्ड -५, धुन्चे, रसुवा |
| १६. | लक्ष्मी देवकोटा | सदस्य | गोसाइकुण्ड -५, धुन्चे, रसुवा |
| १७. | सितेम्वा तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकुबेसी, रसुवा |
| १८. | भ्यार्ती तामाङ | सदस्य | आमाछोदिङमो -१, हाकु, रसुवा |
| १९. | टङ्कबहादुर नगरकोटी | सदस्य | कालिका -२, काभ्रे, रसुवा |
| २०. | सीता पौडेल | सदस्य | उत्तरगया -५, माभ्रागाउँ, रसुवा |
| २१. | चित्रकुमारी न्यौपाने | सदस्य | कालिका -२, गौराघर, रसुवा |
| २२. | दयानिधि न्यौपाने | सदस्य | कालिका -२, गौराघर, रसुवा |
| २३. | टेकबहादुर बि.क. | सदस्य | |

• • •

## गाउँ भूमि अधिकार मञ्चहरूको विवरण

| क्र.सं. | गाउँपालिका | वडा नं. | साविक गाविस | सङ्गठनको नाम | सङ्गठित सदस्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | जम्मा |
| १ | उत्तरगया | ५ | लहरेपौवा | बेत्रगंगा गाउँ भूमि अधिकार मञ्च | २२ | ७ | २९ |
| २ | | ५ | लहरेपौवा | भवानीस्वर गाउँ भूमि अधिकार मञ्च | १७ | १४ | ३१ |
| ३ | | ५ | लहरेपौवा | बनुवाडाँडा गाउँ भूमि अधिकार मञ्च | ७ | १९ | २६ |
| ४ | | ४ | लहरेपौवा | मनिगाउँ गाउँ भूमि अधिकार मञ्च | २७ | १४ | ४१ |
| ५ | | ४ | लहरेपौवा | मालिकादेवी गाउँ भूमि अधिकार मञ्च | १६ | १८ | ३४ |
| ६ | | ४ | लहरेपौवा | चौरखर्क गाउँ भूमि अधिकार मञ्च | ४ | ४ | ८ |
| ७ | | ५ | लहरेपौवा | भीमसेनस्थान गाउँ भूमि अधिकार मञ्च | ३२ | १६ | ४८ |
| ८ | कालिका | २ | लहरेपौवा | काभ्रे गाउँ भूमि अधिकार मञ्च | ६ | २७ | ३३ |
| ९ | | २ | धैबुङ | कालिकादेवी गाउँ भूमि अधिकार मञ्च | १५ | २१ | ३६ |
| १० | | २ | धैबुङ | पिपलबोट गाउँ भूमि अधिकार मञ्च | ३२ | १६ | ४८ |
| ११ | | २ | धैबुङ | सल्लेघारी गाउँ भूमि अधिकार मञ्च | ८ | ६ | १४ |
| १२ | | २ | धैबुङ | घुम्ती गाउँ भूमि अधिकार मञ्च | ८ | १३ | २१ |
| १३ | | २ | धैबुङ | ढकालडाँडा गाउँ भूमि अधिकार मञ्च | ७ | ६ | १३ |
| १४ | | ३ | धैबुङ | चेतनशिल गाउँ भूमि अधिकार मञ्च | १६ | १५ | ३१ |
| १५ | | ३ | धैबुङ | सन्तोषीमाता गाउँ भूमि अधिकार मञ्च | १२ | २७ | ३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | | ३ | धैबुङ | कामधेनु गाउँ भूमि अधिकार मञ्च | १९ | २३ | ४२ |
| १७ | | ३ | धैबुङ | सरस्वती गाउँ भूमि अधिकार मञ्च | ३ | १५ | १८ |
| १८ | | ४ | भोर्ले | श्री कृष्ण गाउँ भूमि अधिकार मञ्च | १० | १४ | २४ |
| १९ | | ४ | भोर्ले | रुप्सेपानी गाउँ भूमि अधिकार मञ्च | १५ | १९ | ३४ |
| २० | | ५ | धैबुङ | उत्पन्नेश्वर गाउँ भूमि अधिकार मञ्च | १५ | १७ | ३२ |
| २१ | नौकुण्ड | ५ | भोर्ले | चनभूमे गाउँ भूमि अधिकार मञ्च | १८ | १७ | ३५ |
| २२ | आमा छोदिङमो | २ | हाकु | सानोहाकु गाउँ भूमि अधिकार मञ्च | ३२ | ३१ | ६३ |
| २३ | | १ | हाकु | हाकुबेशी गाउँ भूमि अधिकार मञ्च | ३९ | १८ | ५७ |
| २४ | | १ | ठूलो हाकु | ठूलोहाकु गाउँ भूमि अधिकार मञ्च | ६९ | ८० | १४९ |
| जम्मा | | | | | ४४९ | ४५७ | ९०६ |

## जिल्ला भूमि अधिकार मञ्चको आगामी दिशा

- बिर्तापीडित किसानलाई जोतभोगका आधारमा जग्गा धनी पुर्जा दिलाउने अभियानमा सहजीकरण गर्ने ।
- हाकुका गुठीपीडित किसानहरूले जोतभोग गरेको जग्गा दर्ता र जग्गा धनी पुर्जा दिलाउने अभियानमा सहजीकरण गर्ने ।
- भूमिहीन एवं सुकुमबासी परिवारलाई सुरक्षित बसोबास र जीविकोपार्जनका लागि उपयुक्त जमिन उपलब्ध एवं व्यवस्थापन गर्न पैरवी गर्ने ।
- भूकम्पपीडित एवं विस्थापित परिवारको सुरक्षित पुनर्वासको अभियानमा सहयोग गर्ने ।
- भूमिमा महिलाको कानुनी र व्यावहारिक स्वामित्वका लागि संयुक्त पुर्जा अभियान नियमित गर्ने ।
- सङ्गठन सबलीकरण र सुदृढीकरण गर्ने । मञ्चमा सङ्गठित सदस्यहरूको क्षमता विकासमा सहयोग गर्ने ।
- जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चको आन्दोलन कोष बढाउने तथा स्थानीय बजेट तथा स्रोतको दाबी र उपयोग गर्ने । र, भूमिहीन एवं साना किसान परिवारको कृषि-जीविकोपार्जनमा सहयोग गर्ने ।
- सदस्य परिवारको आर्थिक र जीविकोपार्जन समृद्धिका लागि विभिन्न निकायसँग सहकार्य गरी सहयोग गर्ने ।

• • •

# भूमि-कृषिसम्बन्धी जिल्लाका मुख्य सवाल

## बिर्ताको व्यथा

रसुवामा कायम बिर्ता प्रथा नेपालका राष्ट्र निर्माता पृथ्वीनारायण शाहसँग जोडिएको छ जो नेपाल एकीकरणकर्ता हुन् । एकीकरणकै क्रममा शाहले विक्रम संवत् १८०१ मा नुवाकोट जितेका थिए । त्यसपछि उनले यस क्षेत्रको जग्गा बिर्ताबापत बाँड्ने कार्यको श्रीगणेश गरेका थिए । जसका कारण अहिले पनि नुवाकोट र रसुवाका

हजारौँ परिवार आफ्नो पुस्तैनी जमिनमा कानुनी स्वामित्व नपाएर तड्पिरहेका छन् ।

खासमा बहादुरी देखाएबापत वा वृत्तिका निम्ति मिलेको, सरकारलाई तिरोभोर गर्नु नपर्ने जग्गा, सबै वा केही मालपोत खान पाउने गरी सबैखालको माफी पाएको जग्गा (हाल बिर्ता उन्मूलन ऐनअनुसार खारेज भएका कुशबिर्ता, सुनबिर्ता, सेवाबिर्ता आदि) लाई बिर्ताले चिनिन्छ । यस्तो बिर्ता मुख्यगरी ३ प्रकारका पाइन्छ । जसमध्ये एउटा हो कुश बिर्ता । तिल कुशसहित सङ्कल्प गरी सबै रकम माफी गरी ब्राह्मणलाई दिइएको एकप्रकारको जग्गा कुश बिर्ता हो । कुश समाती दान दिइएको यस्तो जग्गाको पोत तिर्नु पर्दैन ।

सुन बिर्ता बिर्ताको अर्को प्रकार हो । राजा/महाराजाले सुन र कुश साक्षी राखेर दिएको वा किनिएको जग्गा सुन बिर्ताको नामले चिनिन्छ । त्यसैगरी सेवा गरेबापत दिएको जग्गा, सेवक वा नोकरचाकरलाई तलबबापत उत्पादन खानू भनी दिइने गरेकोचाहिँ सेवा बिर्ता हो ।

यस्तो बिर्ता जमिलाई २ भागमा विभाजन गरिएको छ । जसअनुसार ठेकिएको मालपोतसम्म उठाइ खान पाउने गरी पाएको वा जसरी लिए/पाएको भए पनि ठेकिएको मालपोत वा मालपोतको अङ्कबमोजिमसम्म उठाइ खानेगरी आएको नेपाल सरकारमा केही तिर्नुपर्ने वा नपर्ने बिर्ता जग्गा र आवाद नभएको पर्ती जग्गा तथा जङ्गल बिर्ता जग्गासमेतलाई क श्रेणीको बिर्ता जग्गा भनेर कानुनले नै तोकेको छ । क श्रेणीको बिर्ता जग्गाबाहेकको अरू सबै जग्गाचाहिँ ख श्रेणीको बिर्ता बुझ्नुपर्ने परिभाषा पनि यही कानुनले समेटेको छ ।

• • •

## रसुवालीको प्रश्न

रसुवामा २०३५/३६ सालमा नापी भयो । जतिबेला जोगभोग गर्नेलाई थाहै दिइएन । जो थाहा पाएर आए, उनीहरूलाई जग्गा धनीमा नाम लेख्न दिइएन, धम्क्याएर । जसले मोहीमा सम्म नाम लेखाउन सके, उनीहरूमध्ये पनि धेरैले अहिलेसम्म कानुनी हक पाएका छैनन् । यसरी जग्गा नपाउँदा बिर्ता शब्दको नामोनिसान कतै देखाइएन । जसमा नापी गर्ने कर्मचारी र स्थानीय पञ्चहरू बिर्तावालद्वारा किनिए, प्रभावमा पारिए । यही कारण धेरै बिर्तावालले पछि जमिन आफ्नो नाममा बनाए । किनबेच पनि गरिरहे । तर जोतभोगवाला यी घटनाबाट बेखबर छन् । बिर्ता

जग्गा जोतभोगकर्ताको स्वामित्वमा जानुपर्ने कानुनविरूद्ध किन बिर्तावालकै नाममा गरियो ? बिर्तावालकै नाममा गरिनु थियो भने बिर्ता उन्मूलन ऐन किन जरूरी थियो ? जबकि ऐनको दफा ३ ले नै बिर्ता जग्गामा रहेको बिर्तावालहरूको भूस्वामित्व स्वतः समाप्त हुने भनेको छ । अहिले यहाँका बिर्तापीडितले उठाइरहेका प्रश्न यिनै हुन् ।

• • •

बिर्ताको जरो निकै कडा र गहिरो देखिन्छ अध्ययन गर्दै जाँदा । इश्वी संवत् २५० देखि शासन सम्हालेका लिच्छविकालीन शासकदेखि नै बिर्ताका नाममा जग्गा बाँड्न थालेको देखिन्छ । यतिबेला अग्रहार भनेर दिइने जमिन बिर्ताकै तत्कालीन रूप हो । खासगरी प्राचीन समयमा गुरूकूलबाट शिक्षा पाइ आउने विद्वान् ब्राह्मणलाई जीविकाका निम्ति चलनअनुसार दिइन्थ्यो अग्रहार । यसबाहेक राजाद्वारा ब्राह्मणलाई जीविकोपार्जनका लागि दिइएको जग्गा कहीं अग्रहार त कहीं कुश बिर्ताका नामले चिनिन्छ । मल्ल कालमा यस्तो जग्गा कसलाई दिने र कसलाई नदिने भन्नेबारे नियम बनेको देखिन्छ ।

गोरखा राज्यका चौथो शाह वंशीय राजा राम शाह (जसले वि.सं. १६६३ देखि १६९० सम्म २७ वर्ष शासन गरे) ले राज्य सञ्चालनका लागि २६ थिति बसालेका थिए । जसमध्ये नवौं थितिमा 'अघि ब्राह्मणलाई बिर्ता दिदामा पनि फलानु डाडो फलानो षोलो फलानु पहरो फलानु काँल्हो भित्रको जग्गा विर्ता दिञ्यु भन्याको मात्रै येति मुरी येति रोपनी येति भन्या ठेगाना केही न हुनाले ब्राहम्णको विर्ताको र रैकर जग्गाका साध किलाको व्रंदेज न भयाको नजर हुँदा कस्तो हुकुम भयो भन्दा अब उप्रान्त ब्राहम्णलाई विर्ता संकल्प परि वक्सदा श्री ५ महाराजाको भूमि चौतरियाको झारी काजिको विती ब्राहम्णको हात दान गर्नाले येति षेत येति रोपनी येति मुरी भनि संकल्प गर्नु संकल्प गराउन्याले पनि संकल्प वाक्ये यही येति षेत येति रोपनी मुरी भन्या वाक्ये परि संकल्प गराउनु विर्ता लिनु अरूलाई दिलाउनु पनि श्री ५ माहाराजका हुकुमले थर घर पाँचहरू गै साधलाई ४ किल्ला गाडी येति षेत येति रोपनि भनी साधलाई श्री ५ महाराजका बाहुलीबाट संकल्प भयामा घटि बढि कति नपारि जति संकल्प भयाको छ तति साधलाई आउनु भन्या थिति बाधि बक्सनु भयो...' उल्लेख छ ।

पृथ्वीनारायण शाहले १८२५ मा बिना कानुन बिर्ता नदिनू भन्ने नियम बसाले । यसको मतलव बिर्ता पाउनेले कुत तिर्नैपर्ने भन्ने भयो । त्यसपछि जङ्गबहादुर राणाले

जारी गरेका मुलुकी ऐनमा बिर्ताबारे केही व्यवस्था गरिएको छ भने त्यसपछिका श्री ३ चन्द्रशमशेरले बिर्ता जग्गाको अभिलेख तयार गर्न लगाएका थिए । पछि १९९६ मा पोत बिर्ता अड्डा नै खडा गरियो र यसलाई व्यवस्थित बनाउने अभ्यासहरू भएका देखिन्छ ।

बिर्ता उन्मूलन ऐन २०१६ को प्रस्तावनामै यो ऐनको औचित्य पुष्टि गर्न भनिएको छ कि 'नेपाल अधिराज्यका विभिन्न वर्गका जनतामा समनताको भावना र स्थिति उत्पन्न गराइ सुसम्बन्ध कायम राख्नका लागि...', 'राज्य कर नतिरी जग्गा जमिन भोग गर्ने समान्त प्रथालाई अन्त गर्न वाञ्छनीय भएकाले...।' त्यसैले ऐनले नै सामन्त प्रथा किटान गरिसकेपछि बिर्ता प्रथा ठीक थियो वा छ भनेर हजारौँ तर्क गरे पनि यो गलत हुनेछ ।

यसरी हेर्दा नेपालमा कानुनतः बिर्ता जग्गा छैन । तर व्यवहार भने ठ्याक्कै उल्टो छ । जिल्ला भूमि अधिकार मञ्च, रसुवा र नुवाकोटको संयुक्त अध्ययनअनुसार रसुवामा ७ सय १८ परिवारले जोगभोग गरेका १४६९ रोपनी जमिन अझै पनि बिर्ताका रूपमा छ । विशेषगरी बिर्ता समस्या जिल्लाको उत्तरगया, कालिका र नौ कुण्ड गाउँपालिकामा धेरै छ । यी यस्ता जमिन हुन् जसको कानुनी स्वामित्वको लडाइँमा अर्थात कानुनले नै गरेको व्यवस्था कार्यान्वयनका लागि पीडित किसानले सङ्घर्ष गरेका ६५ वर्ष अर्थात एउटा सिङ्गो जीवन बितिसकेको छ ।

पृथ्वीनारायण शाहले नेपालका प्रथम प्रधानमन्त्री रङ्गनाथ शर्मा पौडेलका भाइ जयमङ्गललाई मन्दिर व्यवस्थापनका लागि भनेर यहाँका करिब १८ हजार रोपनी जमिन दिएका थिए । कुश बिर्ता यी जग्गा पछि पारिवारिक बनाइयो । मुलुक यतिबेला गणतन्त्रात्मक शैलीमा फेरिएको छ । अनि अन्यायचाहिँ २८३ वर्षअघिकै सहनुपर्ने ?- बिर्तापीडितले बारम्बार प्रश्न गर्दै आए पनि सुनुवाइ कतैबाट हुन सकेको छैन ।

बिर्ता जग्गामा दाबी गर्न सरकारले सूचना पनि निकालेको हो । पहिलो कुरा त यो सूचना निक्लनुअघि नै धेरै बिर्तावालले जालझेलमार्फत जमिन आफ्नो बनाइसकेका थिए । दोस्रो कुरा, यस्तो सूचना बिर्ताका जोतभोगकर्तासम्म पुग्ने गरी जारी नै गरिएन । यस्तो अवस्थामा प्राविधिक अल्झन अघि सारेर सरकार आफैँले बनाएको कानुनविपरित अघि बढ्न पाउँछ ? प्रश्न अर्को पनि उठाउने गरेका छन् पीडितले ।

कुनै दुर्गम तथा विकट जिल्लाको सयौं रोपनी जमिन काठमाडौंका सम्भ्रान्त वर्गको नाममा हुन्छ, जसलाई न ठाउँ थाहा छ न आफ्नो जमिन नै चिनेको छ भने उक्त जग्गा बिर्ता हो भन्ने सबै भन्दा ठूलो आधार यो भन्दा के हुन सक्छ ? जसलाई पुष्टि गर्न स्थानीय तह नै काफी छन् । त्यसैले यो विधि अपनाएर बिर्तावालले गैरकानुनीरूपमा आफ्नो नाममा ल्याइसकेका पुर्जा रद्द गरेर जोतभोगकर्ताकै नाममा गर्ने र उनीहरूले पुर्जा नबनाइसकेका जग्गाको स्वामित्व स्वतः किसानलाई नै दिने निर्णय गर्न सरकारलाई बिर्तापीडितले बारम्बार अनुरोध गर्दै आएका छन् । यो समस्याको उपयुक्त समाधान पनि यही हो । तर पनि सुनुवाइ भने हुन सकेको छैन ।

## गुठी व्यथा

रसुवा जिल्ला आमाछोदिङ्मो गाउँपालिकाको वडा नं. २ मा बसोबास गर्ने सबै परिवार गुठीपीडित छन् । वडा नं. १ मा बस्ने धेरै परिवार पनि गुठीद्वारा सताइएका छन् । साबिकको हाकु गाविस वडा नं. २ देखि ७ सम्मका बासिन्दा आफ्ना पुर्खाले खनिखोस्री उब्जाउयोग्य र बसोबासयोग्य बनाएका जमिनको स्वामित्व माग गर्दै आएका थिए वर्षौंदेखि तर सुनुवाइ भएको थिएन । यहाँको जग्गाको स्वामित्व काठमाडौंस्थित स्वयम्भुघ्याङ गुठीको नाममा छ । लामो समयको भूमि अधिकार प्राप्ति अभियानको फलस्वरूप २०७४ जेठ २१ गते ६० परिवारले मोहियानी पुर्जा पाएका थिए । त्यसयता थपिएकासमेत गरेर यस्तो पुर्जा पाउने किसान परिवारको सङ्ख्या १ सय ३२ पुगेको छ तर पनि समस्या पूरै छिमोलिन भने बाँकी छ ।

गुठी प्रथाको आफ्नै इतिहास छ । मानव समुदायमा जतिबेला अहिले जस्तो पैसाको चलन थिएन, त्यतिबेला धार्मिक परम्परा, संस्कार र चलनलाई निरन्तरता दिन जग्गाको आयस्तालाई आधार बनाइयो । गुठी राख्ने चलन मठ, मन्दिर तथा देवलको संरक्षण, सञ्चालन र निरन्तरताका लागि सुरु भएको पाइन्छ । गुठी परम्परा प्राचीनकालदेखि चलिआए पनि यसलाई कानुनी दायरामा ल्याउने काम भने वि.सं. २०२१ मा गुठी संस्थान स्थापना भएपछि भएको पाइन्छ । जतिबेला गुठी संस्थानमा २ हजार ३ सय ८५ गुठीका १४ लाख २४ हजार २ सय ८० रोपनी जग्गा दर्ता भएको देखिन्छ ।

प्राचीन समयमा सबै जग्गामाथि मानिसको सामूहिक स्वामित्व हुन्थ्यो । आदिम साम्यवादी समाजमा जमिनमा तेरो/मेरो भन्ने हुँदैनथ्यो । सबैले सोही जमिनमा

काम गर्ने, उत्पादन गर्ने र आम्दानी बाँडचुँड गरेर जीविका चलाउने गर्थे । जीविका त चलेकै थियो तर समुदायका लागि आवश्यक पर्ने अलि ठूला काम गर्न, तिनलाई निरन्तरता दिन तथा संरक्षण गर्न भने ठूलै स्रोत चाहिन्थ्यो । त्यसैले यस्तै कामका लागि गुठी बनाउने क्रम सुरु भए । मन्दिर र धार्मिक प्रयोजनका लागि सुरु भए पनि पछि समुदायका लागि आवश्यक पर्ने धेरै सामाजिक काममा गुठीको उपयोग हुन थाल्यो । जस्तो- कुलो बनाउने, सरसफाइ गर्ने, समुदायको रेखदेख गर्ने, बाटो बनाउने, कसैले जात्रा, मेला र पर्वलाई निरन्तरता दिने जस्ता थुप्रै कार्यका लागि गुठी बनाउने क्रम विकास हुँदै आयो । जसले धार्मिक तथा सामाजिक सम्पदा, संस्कृति र भौतिक निर्माणसमेतमा ठूलो योगदान पुऱ्याएका छन् भने त्यस्ता कैयौं गुठी अहिले पनि निरन्तर चलिरहेकै छन् ।

समयको विकासक्रमसँगै मानिसका आवश्यकता बढ्दै गए । मानिस सामूहिक जीवन यापन त्यागेर व्यक्तिगतरूपमा बसोबास गर्न थाले । पारिवारिक गतिविधि हुन थाले । यस क्रममा जमिन पनि आफ्नै निजी बनाएर राख्न थाले । सीमा बाँधेरै राख्न थालियो । आफ्नै जमिनमा खेती लगाउने र उत्पादन गरी पारिवारिक जीविकोपार्जन र आवश्यकतामा मानिस व्यस्त हुन थाले । तर यसबीचमा पनि कतिपय जमिनचाहिं सामूहिक नै हुने गरी छुट्याइयो । मेला, पर्व र जात्रा जस्ता कार्यलाई निरन्तरता दिन, मन्दिर, देवालय आदि सञ्चालन गर्न भनेर जमिन तोकियो । यस्तो खेती सामूहिक गरिन्थ्यो भने त्यसबाट उत्पादित अन्न सङ्कलन गरेर सामूहिक कामका लागि खर्च गरिन्थ्यो । यस्तो जमिन कतिपय पहिलेदेखि नै किसानले खेतीपाती गर्दै आएका थिए भने कतिपयमा क्रमशः पछि किसानले खेतीपाती सुरु गरे । बाँझो तथा रूखो जमिनलाई उत्पादनयोग्य बनाए । अधिकांशको आवास पनि त्यस्तै जग्गामा भयो ।

• • •

## गुठी गाँठो

कुनै देवीदेवता वा मठको पर्व, पूजा वा जात्रा चलाउन र कुनै धार्मिक परोपकारी कामका लागि मन्दिर, देवस्थल, धर्मशाला, इनार, पाटीपौवा, तलाउ, बाटा, पुल, चौतारा, बगैंचा, गौचरन, पुस्तकालय पाठशाला चिकित्सालय वा कुनै अन्य इमारत बनाउन, चलाउन र संरक्षण गर्न कुनै दाताले आफ्नो हकदाबी पुग्ने चल अचल सम्पत्तिलाई राखिदिएको जमिन नै गुठी हो ।

वि.सं. १९१० सालमा जङ्गबहादुरले मुलुकी ऐन जारी गरी गुठीको औपचारिक र कानुनी सुरुवात गरेका थिए । गुठी जारी गरेमा ७ पुस्तासम्म पुण्यफल प्राप्त हुने बताउँदै जङ्गबहादुरले गुठीलाई प्रोत्साहन गरेका थिए । पछि मुलुकी ऐन २०२० मा पनि गुठीको प्रावधान राखियो । गुठी संस्थान ऐन २०३३ र मुलुकी देवानी संहिता २०७४ मा गुठीसम्बन्धी स्पष्ट व्यवस्था छ । कानुनअनुसार नै गुठी फरक फरक प्रकारका छन् । मुलुकी देवानी संहिता २०७४ मा सार्वजनिक गुठी र निजी गुठी गरी दुई गुठीको व्यवस्था छ । गुठी संस्थान ऐन २०३३ मा चाहिं गुठीलाई ३ प्रकारमा परिभाषित गरिएको पाइन्छ- राज गुठी, छूट गुठी र निजी गुठी ।

• • •

यसरी लामो समयसम्म किसानले त्यस्तो जमिनको आयस्ता सामूहिक कार्य, जात्रा, पर्व र संस्कार चलाउनकै लागि प्रयोग गरे । अर्थात कुतका रूपमा मन्दिरका पुजारी एवं व्यवस्थापनलाई तिर्दै आए । उतिबेलाको प्रथा/परम्पराअनुसार त्यसो गर्नु आवश्यक पनि थियो । तर आज विश्व धेरै परिवर्तन भइसकेको छ । कतिपय प्रथाहरू 'म्याद गुज्रिएका' छन् । अनि कतिपय गुठी पनि असान्दर्भिक भएका छन् । छुट्याइएको जमिनमा किसानले उत्पादन गरेको अन्न कुतका रूपमा बुझाएर गुठी चल्ने अवस्था पनि छैन  किनकि बढ्दो महँगी यसका लागि बाधक छ ।

गुठी संस्थान ऐन, २०३३ जारी भएपछि गुठीको जग्गा जोतभोग गरिरहेका किसानले बर्सेनि कुत बुझाएबापत तिनलाई मोहीको हक दिने व्यवस्था गरियो । त्यसपछि कतिपय किसान मोहीका रूपमा दर्ता भए तैपनि जग्गाको स्वामित्व भने गुठीकै नाममा रह्यो । २०४१ सालमा भएको गुठी ऐन संशोधनपछि केही टाठाबाठा र पैसा खर्चन सक्नेले गुठीको जग्गा आफ्नो नाममा सारे । २०४१ सालदेखि २०६४ सालसम्ममा गुठी अधीनस्थ ११ लाख २४ हजार ८ सय रोपनी जग्गा रैतान नम्बरी गरी व्यक्तिका नाममा नामसारी भएका विवरण छन् । तर ग्रामीण भेगका किसानले सो जानकारी पाउन सकेनन् । कतिपयसँग जानकारी भएर पनि यसका लागि बुझाउनुपर्ने रकम भएन । उनीहरूले जोतभोग गर्दै आएका जग्गा भने गुठीकै नाममा रहिरह्यो । २०६४ माघ १० मा सर्वोच्च अदालतले गुठीको बाँकी जग्गा रैतान नम्बरी गर्न नपाउने फैसला गरिदियो । यसपछि त झन् गुठीको नाममा रहेको जग्गा किसानका नाममा दर्ता गर्न पूरै रोकियो ।

नेपालको संविधानको दफा- २९० मा गुठीसम्बन्धी व्यवस्थामा भनिएको छ- गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउनेछ । अनुसूची ६ को प्रदेशको अधिकार सूचीमा बुँदा २१ मा गुठी व्यवस्थापन प्रदेश सरकारको जिम्मेवारीमा छ । यसैगरी धारा ५१, को उपधारा 'ङ' मा कृषि र भूमि सुधारसम्बन्धी नीतिगत व्यवस्थामा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने, किसानलाई प्राथमिकता दिएर भूमि सुधार गर्नेमा जोड दिइएको छ । अनुपस्थित भूस्वामित्वलाई निरूत्साहित गर्ने, किसानको हकहित संरक्षण गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन व्यवसायीकरण गर्ने गरी भूउपयोग नीति बनाउने विषयमा जोड दिइएको छ । यस्तो व्यवस्थाले गुठीको जमिन जोतभोग गर्दै आएका किसानलाई जमिनको स्वामित्व दिनेगरी आवश्यक कानुनी व्यवस्था गर्न सरकारलाई निर्देशित गरेको छ ।

यसरी हेर्दा यो समस्या समाधान गर्न चाहने हो भने कानुनी बाधा छैन तर सरकारमा पुग्नेहरू किसानको समस्या समाधान गर्न चाहिरहेका छैनन् । गुठी समस्या समाधान गर्ने विषय प्रत्येक पटकको चुनावी मुद्दा भने हुने गरेको छ तर चुनावपछि यो मुद्दा उठ्न फेरि अर्को चुनाव कुर्नुपर्ने अवस्था छ । त्यसैले वास्तवमै सरकार गुठी समस्या समाधान गर्न चाहन्छ भने उसले अहिलेको परिवर्तित अवस्थालाई ध्यान दिँदै गुठी ऐनको संशोधन एवं परिमार्जन गर्न जरूरी छ । बरु यसका लागि ठाउँविशेष र गुठीविशेष सन्दर्भअनुसार फरक कानुन बनाएर जान सकिन्छ ।

## हाकुबासीको गुठी हैरानी

हाकुका किसानको प्रमुख समस्या भनेकै जमिनको स्वामित्व नहुनु हो जुन उनीहरूले पुस्तौँदेखि जोतभोग गर्दै आएका छन् । यो समस्या करिब ७०० परिवारको हो । जमिन उनीहरूले खनजोत गरिरहेका छन्, घर त्यही जमिनमाथि ठड्याइएको छ, दिनरात पसिना बगाउने र गरिखाने एउटै उपाय त्यही मात्र हो तर विडम्बना, यही जग्गाको कानुनी स्वामित्व भने काठमाडौँमा रहेको पुरानो स्वयम्भू घ्याङ गुठीको नाममा छ । जमिनको स्वामित्व (जग्गा धनी प्रमाण पुर्जा) आफूसँग नभएकै कारण यहाँका किसान राज्यबाट पाउने सेवा/सुविधाबाट त वञ्चित छन् नै, साथै 'अर्काको' भएकाले जमिनले समेत पाउन सक्ने जति माया/ममता पाउन सकेको छैन ।

हाकुबासीलाई आफ्नो जग्गाको कमाइबाट मुस्किलले ४ देखि ६ महिनासम्म मात्र खान पुग्छ । हलगोरूसमेत राम्रोसँग नअडिने भिरालो पाखोमा पुस्तौंदेखि रगत पसिना बगाएर कैयौं पुस्ता बितिगए उनीहरूका । बाँकी भएकाहरू अझै त्यही माटोमा रगत पसिना बगाइरहेकै छन् । त्यसो गर्दा पनि जीविका नधान्ने भएकाले यहाँका मानिस ज्याला मजदूरी गर्छन् । युवा तथा महिला विदेशमा श्रम बेचेर जीविका चलाइरहेका छन् । खेती गरिरहेको जमिनको कुत (खेती कमाइ गरेबापत दिने अन्न, जिन्सी सामान वा पैसा) स्वरूप वार्षिकरूपमा १४४ रकम र खसी, केरा आदि बुझाउने गर्थे ।

यो प्रक्रिया करिब २०५० सालसम्म रह्यो । २०३५ सालमा भएको जग्गाको नापीपछि नगदी रसिद बुझाएका उनीहरूकै नाममा जग्गा नापी गरी प्रमाणपत्र दिनुपर्नेमा त्यसो नगरी मोहीका रूपमा दर्ता गरिएकाले किसानले दुःख पाइरहेका हुन । अझै कतिको त नापीका बेला मोहीसमेत जनिएन । कतिको त सिसाकलमले लेखेको भन्दै मालपोतले कागजात प्रमाणित नै मान्दैन ।

जिल्ला भूमि अधिकार मञ्च रसुवाको नेतृत्वमा हाकुका किसानको लामो समयको सङ्घर्ष तथा राजनीतिक दबाबका कारण २०७६ सालमा त्यहाँका १३२ परिवारले मोही पुर्जा पाउन सफल भए तर त्यसले पनि समस्या समाधान हुन सकेन । हाकुका किसानसँग अन्य रैकर जग्गा एक आना पनि छैन । त्यहाँको भूगोल सबै गुठीको नाममा छ । घरसमेत गुठीको नाममा छ । किसानसँग उक्त गुठी जग्गाको प्रमाणस्वरूप जिन्सी तथा नगद बुझाएको भर्पाइ (रसिद) समेत धेरैजसोको नष्ट भइसक्यो । केही भने अझै बाँकी छ ।

## जग्गा गुठीमा कसरी रह्यो

स्थानीयका अनुसार पञ्चायतकालमा दाबो लामा भन्ने हाकुको 'सानो राजा' र गोबर लामा भन्ने मुखिया थिए । स्वयम्भूका लामाहरूसँग उनीहरूको आउजाउ र सम्बन्ध राम्रो थियो । जग्गा स्वयम्भूको नाममा राख्दा लामाहरू खुसी हुने र कर पनि तिर्नु नपर्ने बुझाइले गर्दा जग्गा स्वयम्भूको नाममा हुन पुग्यो । यता मुखियाको पद सम्हालेका गोबर लामाले किसानबाट कुत (जिन्सी, रकम) उठाएर स्वयम्भूका लामालाई पठाउने कार्य गर्थे । उतिबेलाका गोबर लामा र गाउँका अन्य मुखियाहरू खामसुङ लामा, अष्टबहादुर लामा, ज्याल्जा लामा, थेप्च्या लामा, छेजुकुस्सो लामालगायतका केही मुखियाले स्वयम्भू घ्याङसँग सम्बन्ध स्थापना गरी गुठी प्रथालाई निरन्तरता दिइरहे ।

२०३४/३५ सालमा जग्गा नाप्न नापी टोली हाकु आयो । किसानले आफ्नो नाममा जग्गा नाप्न खोजे तर मुखियाहरूले स्वयम्भूकै नाममा राख्नुपर्छ भने । जसले जोतभोग गरेको छ उसैको नाममा नापिएको थियो भने आजसम्म किसानहरू यो समस्याबाट पीडित हुनै पर्ने थिएन । यसरी हाकुबासीलाई गुठी रोगले ग्रस्त तुल्याइरहनुको मुख्य उद्‍गम विन्दु त्यतिबेलाको नापी थियो भन्ने बुझ्न सकिन्छ । जब उनीहरूका जग्गा स्वयम्भू घ्याङ गुठीको नाममा नापियो, त्यतिबेलादेखि किसानले वार्षिकरूपमा कोदो, घैया धान, केरा र पैसालगायत 'दान' मुखियालाई बुझाउनुपर्थ्यो ।

यसरी मुखियाले सिङ्गो गाउँबाट जम्मा १४४ रुपियाँ रकम, चार बोतल रक्सी, घैया धान तथा कोदो, एक घरी केरा स्वयम्भू लैजान्थे र बाँकी रकम तथा जिन्सी सामानचाहिं आफैं राख्थे । यो प्रथा २०४६ सालसम्म कायम रहेको स्थानीय जानकारहरू बताउँछन् । त्यसपछि भने स्थानीयहरूले कुत बुझाउन छाडेर जग्गा धनी प्रमाण पुर्जा माग गर्दै आन्दोलन सुरु गरे । गुठी संस्थानले गुठी जग्गाको कर बढी लाग्ने बनाइदिएको छ । अहिले प्रतिरोपनी २०० रुपियाँ वार्षिकरूपमा तिर्नै पर्ने बाध्यता यहाँका किसानलाई छ जबकि उत्पादन होस् या नहोस्, उक्त जमिन पहिरो गएर बगिसकेको होस् या खोलाले आफूमा मिसाइसकेको होस् ।

जग्गाको स्वामित्व नै आफूमा नभएपछि धेरै पक्षबाट तड्पिन बाध्य छन् हाकुबासी । जस्तो- घर जग्गा धितो राख्दै ऋण लिन नपाउने भएपछि शिक्षा, स्वास्थ्य र व्यवसाय सञ्चालन गर्न सक्ने अवस्था उनीहरूसँग छैन । जग्गा किनबेच र अंशबन्डा गर्न अप्ठेरो परिरहेको छ । जलविद्युत् कम्पनीबाट जग्गाबापत दिइने मुआब्जा किसानले राम्रोसँग लिन पाएनन्, गुठीमै गयो । जग्गा भएर पनि स्वामित्व आफ्नो नाममा नहुँदा सुकुमबासीसरह भएका उनीहरूले आफूलाई असुरक्षित र अपमानित महसुस गरिरहेका छन् । जमिनको उपयोग गर्न नपाउँदा हरेक गतिविधिका लागि व्यक्तिसँग मात्र ऋण लिन पर्नाले चर्को ब्याज तिर्नै परेको छ । तर पनि उनीहरूका यी प्रत्यक्ष/अप्रत्यक्ष पीडाप्रति सरकारहरू संवेदनशील हुन सकेका भने देखिन्न ।

## भूमिहीन सुकुमबासीका आँसु

एकातिर आफ्ना पुर्खादेखि जोतभोग गरिआए पनि त्यसमा पूर्णतः वा आंशिकसमेत स्वामित्व कायम नहुनु एउटा समस्या हो भने रसुवालीको अर्को समस्याचाहिं भूमिहीनता पनि हो । यहाँका केही बासिन्दा भूमि नभएकै कारण दोस्रो दर्जाको

नागरिकका रूपमा बाँच्नुपर्ने बाध्यताबाट गुज्रिरहेका छन् । भूमिसम्बन्धी ऐन, आठौँ संशोधन २०७६ अनुसार भूमिहीन सुकुम्बासी भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनुपर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ ।

यसरी हेर्दा २०७८ सालमा गठित भूमिसम्बन्धी समस्या समाधान आयोगले जारी गरेको सूचनाअनुसार रसुवाका स्थानीय तहमा भूमिहीन भएकाले जमिन पाउँ भनी निवेदन पेस गर्ने ६० परिवार छन् ।

## अव्यवस्थित बसोबासीका दुःख

रसुवा जिल्लामा २०७८ सालमा भूमिसम्बन्धी समस्या समाधान आयोगले जारी गरेको सूचनाअनुसार स्थानीय तहमा ६ सय परिवारले अव्यवस्थित बसोबासी भन्दै निवेदन पेस गरेका छन् । उनीहरू सार्वजनिक जमिन तथा वन क्षेत्र जनिएको जमिनमा बसोबास गर्छन् । भूमिसम्बन्धी ऐन, आठौं संशोधन २०७६ अनुसार अव्यवस्थित बसोबासी भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि कम्तीमा दश वर्षदेखि आवाद कमोत गरी घर टहरा बनाइ बसोबास गरेका भूमिसम्बन्धी ऐन २०२१ को दफा ५२ग. को उपदफा (३) को आधारमा वर्गीकरण गरिएको व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ ।

## भूमिमा महिला अधिकार

देशभरि जस्तै रसुवा जिल्लामा पनि भूमिमा महिला अधिकारका सवाल छन् । घर जग्गामा महिलाको स्वामित्व अत्यन्तै न्यून थियो । थोरै थोरै मात्रामा महिलाको नाममा घर जग्गा थियो । भूमि अधिकार अभियानको फलस्वरूप १ सय स्त्रियाँ तिरेपछि संयुक्त जग्गा धनी प्रमाण पुर्जा बन्ने नीति आयो । त्यसपछि रसुवामा ८ सय ८० भन्दा धेरै परिवारले श्रीमान्-श्रीमतीकै नाम राखेर संयुक्त जग्गा धनी प्रमाण पुर्जा बनाएका छन् । महिलाको एकल नाममा पनि स्वामित्व बढ्दैछ । अझै श्रीमान्-श्रीमतीको संयुक्त नाममा जग्गा धनी प्रमाण पुर्जा बनाउने, महिलाको मात्र एकल स्वामित्व वृद्धि

गराउने तथा उक्त जमिन र सम्पत्तिको पूर्ण उपयोगमा महिलाको पहुँच र सक्रियता बढाउन पनि जिल्ला भूमि अधिकार मञ्चले अभियान जारी नै राखेको छ ।

## भूकम्प, जोखिम बस्ती र पुनर्वासका दुःख

२०७२ सालको भूकम्पपश्चात रसुवाको धेरै बस्तीमा पहिरो गयो । बस्तीहरू बस्नै नमिल्ने गरी जोखिममा परे । भौगर्भिक अध्ययनअनुसार १ हजार १ सय २७ परिवारलाई स्थानान्तरण गर्नुपर्ने थियो । सोमध्ये ८ सय ४६ परिवारले स्थानान्तरणका लागि अनुदान लिई जग्गा खरिद गरेका छन् भने बाँकी परिवारले अनुदान नै लिएका छैनन् । साथै अनुदान लिएकाले पनि करिव ४० प्रतिशतले मात्र घर निर्माण गरेका छन् । बाँकीले घर निर्माण गरेका छैनन् । अस्थायी शिविरमै बसोबास गरिरहेका छन् । जिल्लाको भूमि अधिकार आन्दोलनका लागि यो समस्याको समाधान एउटा चुनौतीको विषय बनेको छ ।

ठूलो भूकम्प आइवरी बिदाबारी भएको पनि १० वर्ष भयो । यही भूकम्पबाट भएको क्षतिलाई पूर्ति गर्ने उद्देश्यले स्थापना गरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पनि अवकाश पाइसक्यो । यसको मतलव भूकम्पका कारण सिर्जित समस्या समाधान भइसक्नुपर्ने हो । तर विडम्बना, रसुवाको उत्तरगया गाउँपालिका-५ मा पर्ने खाल्टेको विस्थापित बस्तीले यतिबेला सरकारको अक्षमता उजागर गरिरहेको छ । मुलुकभर अन्यत्र के के भयो थाहा छैन तर यहाँ भने अझै पनि भूकम्पका कारण विस्थापितहरूको बिजोग कायमै छ ।

उत्तरगया गाउँपालिका-१ मा पर्ने गोगने, तिरु र मैलुङका १७५ परिवार खाल्टेमा बसोबास गर्दै आएका छन् । त्रिशूली नदीको बगरमै रहेको यो ठाउँ यही कारण खाल्टे भनिएको बुझ्न गाह्रो छैन । त्यसैले यो कति सुरक्षित होला भनेर पनि सहजै थाहा पाउन सकिन्छ । वर्षामा पानी पर्दा पनि जङ्गलकै रूख चढेर र गर्मी हुँदा पनि जङ्गलकै छहारीमा बिताउनु यहाँका बासिन्दाको दिनचर्या हो । घर भन्दा ठूला ढुङ्गाका बीच-बीचमा बस्दै आएका उनीहरूको 'पुनर्स्थापन' कहिले हुन्छ ? कसैलाई थाहा छैन । आफैँ बिस्थापित कार्यपालिका सदस्यसमेत रहेका पूर्णबहादुर घले भन्छन्- ७ वर्ष पूरा भो यो बगरमा बसेको, यहीं मरिन्छ कि भन्ने लाग्न थाल्यो अब त ।

# कृषिसम्बन्धी केही प्रश्न

## जङ्गली जनावरबाट बाली क्षति

हिमाली जिल्ला रसुवाको प्रमुख समस्यामध्ये एउटा जङ्गली जनावरहरूबाट अन्न, फलफूल र तरकारी क्षति भइरहनु हो । यहाँको अधिकांश भूभाग लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्छ । मान्छे र मान्छेको समस्या भन्दा जङ्गल र जनावरलाई बढी महत्त्व दिने र किसानको क्षति भएको बालीको क्षतिपूर्ति पनि नपाउँदा समस्या बढिरहेको छ । विशेषगरी बाँदर, भालु, बँदेल, मृगबाट धेरै बाली क्षति भइरहेको छ । बाँदरका कारण कतिपय किसानले खेती नै गर्न छाडेका छन् ।

## अन्न बालीमा रासायनिक मल

रसुवामा जैविक मलको प्रयोगबाट मात्रै बालीनाली उत्पादन हुँदै आएकामा केही वर्षदेखि सबै अन्न बाली, तरकारी तथा फलफूलमा रासायनिक मल र विषादिको अधिक प्रयोग बढ्दै गइरहेको छ । जुन माटो र मानव स्वास्थ्यका लागि हानिकारक छ । यो कार्य न्यून गरी जैविक खेतीमा किसानलाई प्रोत्साहन गर्नु जरुरी छ भन्ने बुझाउन भूमि अधिकार मञ्चले आफ्नो गच्छेअनुसारको पहल गरिरहेको छ ।

## परनिर्भरता : तरकारी तथा अन्न बाली र बिउ

अन्न बाली तथा तरकारीहरूको रैथाने बिउ बिस्थापित भइरहेको छ । नयाँ र हाइब्रिड (विकासे) बिउहरू बाहिरबाट ल्याएर रोप्ने/उमार्ने क्रम बढ्दो छ । बिउमा बढेको परनिर्भरता र भविष्यमा पर्न सक्ने असरबारे स्थानीय तह र किसानहरू सचेत हुन जरुरी छ ।

## अनुदान : छैन किसानको पहुँच

विशेषगरी सरकारी निकायबाट अनुदान प्राप्त गर्नका लागि कृषि तथा पशुपन्छी फर्म दर्ता भएको हुनुपर्ने नियम छ । एकातिर वास्तविक किसानलाई पशुपन्छी तथा कृषि फर्म दर्ता गर्नेबारे जानकारी हुन्न भने अर्कोतिर सरकारी झन्झटिलो प्रक्रियामा छिरेर दर्ताका लागि धाइरहने फुर्सद पनि हुन्न । त्यसैगरी दर्ता भएकाहरूले पनि अनुदान पाइने प्रक्रियाबारे जानकारी नपाउने, जानकारी पाए पनि प्रक्रिया पूरा गर्न

नसक्ने, कतिपय अवस्थामा बिचौलिया/कर्मचारीलाई कमिसन दिनुपर्ने जस्ता कारण वास्तविक किसानले अनुदान पाउने अवस्था छैन । यस्तो अवस्थामा सरकारले उपलब्ध गराउने अनुदान 'गाईको कल्चौंडामा न बाछाको मुखमा' भइरहेको छ । जसबाट रसुवाका कृषक पनि पीडित छन् ।

## सिँचाइ अभाव : बढ्दो बाँझोपन

रसुवा पूरैजसो भिरालो भूगोलयुक्त भूमि हो । त्यसैले यो भूगोल सिँचाइका हिसाबले अप्ठेरै छ । उसै त कृषियोग्य भूमि कम छ, त्यसमाथि भएकै जमिन पनि भिरालो र पाखो बढी भएकाले सिँचाइका लागि अप्ठेरो हुनु स्वाभाविकै हो । यही कारण उत्पादन कम हुन्छ । उत्पादन हुने जमिनमा पनि एक बाली मात्रै हुने गरेकाले कृषकको जीविकोपार्जन सहज छैन । यही वास्तविकतालाई मध्यनजर गर्दै जिल्ला भूमि अधिकार मञ्चले बेलाबेलामा सहयोगी दातृ निकायसँग समन्वय गरेर किसानका लागि जीविकोपार्जनमा सघाउ पुग्ने कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ ।

## न्यून खेतीयोग्य जमिन

रसुवामा पाखो र भिरालो जमिन धेरै छ । भएको थोरै समथर भूभागमा पनि बस्ती भएका कारण उत्पादन धेरै हुँदैन । त्यसमाथि हिमाली जिल्ला भएकाले चिसो बढी हुन्छ र उत्पादन लिन बढी समय लाग्छ । यस्तो अवस्थामा जमिन बढाउन सम्भव छैन तर भएको जमिनलाई कसरी जोगाउने र त्यसबाट धेरै उत्पादन कसरी लिने भन्ने योजना बनाएर अघि बढ्न आवश्यक छ । यसका लागि के गर्न सकिन्छ भन्नेबारे जिल्ला मञ्चले सरोकारवाला निकायहरूसँग छलफल सुरु गरेको छ ।

# भूमि मञ्च : अगुवा, अभियन्ता, सङ्घर्ष र सफलता

## जसले जिते 'मृत्यु दण्ड'

घरमा अमिन बस्थे- एकनाथ गौतम । जब कुत तिर्न गएको साहूले दुर्व्यवहार गरे त्यसपछि यिनै अमिनलाई सोधे- के चाहिन्छ जग्गा दर्ता गर्न ? ४ नं. र ७ नं. फाराम चाहिन्छ भने । सानो फुच्चे भए पनि पछि हटेनन् । वडाध्यक्ष थिए डिल्लीप्रसाद न्यौपाने । यी कागजात छ भनेर सोधे । एकै पटकमा छैन भनेर टक्टकिए । किन चूप लाग्थे र यी जब्बर किशोर ? कि खोजिदिनु पर्‍यो हैन भने बनाइदिनु पर्‍यो भनेर अड्डी लिए । उनैसँग रहेछ, भोलिपल्ट ल्याएर दिए । त्यसपछि उनले आफ्नो लिए र अरूको पनि मागेर बाँडिदिए गाउँभर ।

भवानीप्रसाद न्यौपानेले खोजेका यिनै प्रमाण थिए जसका कारण गाउँभरका किसानको जमिन नापी भयो । यिनी यति चलाख थिए कि भनिसाध्य नै छैन । त्यसैले त हो- १३ वर्षकै उमेरमा १६ वर्ष भन्ने बनाएर वडा सदस्य बनाए उनलाई गाउँफर्कका मानिसले । बच्चै उमेरमा सदस्य भएकाले उनको नामै 'दूध सदस्य' राखिदिएका थिए धैबुङ गाविसका बासिन्दाले । यसरी 'हुने बिरुवाको चिल्लो पात' भनेझैँ बच्चैदेखि नेतृत्व क्षमता प्रदर्शन गर्न थालेका भवानीले आफैँमाथि अन्याय गर्ने बिर्तावाललाई के छाड्थे र ?

• • •

## जो छन् धन्यवादका पात्र

रसुवाको भूमि अधिकार अभियानले धेरै उपलब्धि हासिल गरेको छ । यसका लागि धेरै महानुभावको साथसहयोग छ जसलाई धन्यवाद दिइएन भने उनीहरूप्रति ठूलो अन्याय हुन जान्छ । तीमध्ये मुख्य यसप्रकार छन् : प्रमुख जिल्ला अधिकारी केपी भट्टराई । मालपोत प्रमुख भुपबहादुर बोगटी, फणिन्द्र भट्टराई र फणिन्द्र दाहाल, मालपोत

कर्मचारीहरू गोपाल कार्की, छेक्याल तामाङ । धैबुङ गाविस सचिव टिकमबहादुर ठकुरी । राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका पूर्वअध्यक्षहरू बल देव राम, सोमप्रसाद भण्डारी र सरस्वती सुब्बा र वर्तमान अध्यक्ष ल्यामबहादुर दर्जीलगायत टिम । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका जगत बस्नेत, देउजा देउजा, कल्पना कार्की, गीता पण्डित, कुमार थापालगायत टिम । सामाजिक अध्येता विमलकुमार फुयाँल । नेपाल कृषि वन प्रतिष्ठानका श्रीधर थापा, शैलेशध्वज जोशी, भद्रा राजभण्डारी, दिपक गौतम, भगिरथ घिमिरे, कमलनाथ आचार्य, विश्वास नेपाली, नेत्रकुमारी पण्डित, सावित्री न्यौपाने, बासु न्यौपाने, दावा नोचुङ् तामाङ । महिला अधिकार मञ्चका मिठू तामाङलगायत टिम । कर्डएड र परिवर्तन पात्रका मिलन मुखिया, सुवर्णमान प्रधान, ज्ञानबहादुर तामाङ, सविन ख्वाइजु, प्रवेश खनाल, धनेज थापालगायत टिम । यस्तै माइती नेपालका छिरिङ तामाङ, मदन चौलागाइँलगायत टिम ।

भूमि अभियानका सहयोगी पत्रकारहरू ज्ञानेन्द्र न्यौपाने, रघुनाथ लामिछाने, शुशिल कोइराला, कृष्ण थापा, प्रेमप्रसाद पौडेल, बलराम घिमिरे, हेमनाथ खतिवडा, दिपक लामा, गीता न्यौपाने, हिमनाथ देवकोटा, शिव लामिछाने, सरस्वती न्यौपाने, अनु आचार्य, नवदीप श्रेष्ठ, देवचन्द्र भट्ट, कपिलदेव खनाल, राजुमित्र खनाल, रामहरी गजुरेल, शरण उत्सुक सापकोटा, रमेश कुमार, दीपक सापकोटा, अंगद ढकाल, सिताराम बराल र लेखक झलक सुवेदीलाई पनि यो अभियानको क्रममा विभिन्न सहयोग एवं सहकार्य प्राप्त भएको थियो । उहाँहरूको सहयोग जिल्लाको भूमि अधिकार प्राप्तिको अभियानमा महत्वपूर्ण रहेको छ ।

साथै जिल्लाका राजनीतिक दलका नेताहरू तथा जनप्रतिनिधिहरूको सहयोग सधैं महत्वपूर्ण रह्यो । यसअवधिमा मञ्चले सम्झनै पर्ने नामहरूमा जनार्दन ढकाल, मोहन आचार्य, छोवाङ तेन्जिङ तामाङ, प्रेम तामाङ, इन्द्र गोतामे 'जगतजंग', माधव अर्याल, अशोक घिमिरे, कुलप्रसाद भट्ट, पेम्वा छिरिङ तामाङ, कर्न्याल लामा, नुर्वु साङ्वो घले, चन्द्रबहादुर थिङ, सिताकुमारी पौडेल, रामहरी देवकोटा, विक्रम थोक्रा, पुष्पराज न्यौपाने, मंगलमान तामाङ, चमेली गुरूङ, जनकजीवन उपाध्याय, उपेन्द्र लम्साल, हरिकृष्ण देवकोटा, माधव लामिछाने 'समिर' मेघनाथ घिमिरे, पुष्पराज न्यौपाने, फणिन्द्र प्रसाद न्यौपाने, नविना लामा, सिर्जना लामा, सन्दिप पौडेल, केशरबहादुर बुलुन, अमर तामाङ, यमनाथ आचार्य, घोण्टे ग्याम्दान, श्यामबहादुर तामाङलगायत छन् । यस्तै, यस अभियानलाई सहयोग गर्नुहुनेमा एसिया नेपालका नवराज आचार्य र लुथरन विश्व फेडेरेशनका कृष्ण पाठकलाई पनि सम्झन चाहन्छौं । भूमि अधिकार मञ्चको अभियानमा न्यायाधीस फुर्पा तामाङको पनि अतुलनीय सहयोग रहेको छ ।

• • •

बिर्ताका 'मालिक' कुत लिन आएका थिए गाउँमा । गाउँभरका मानिस जम्मा भएका थिए मालिकको उर्दी मानेर । उत्पादन नै नभए पनि तिर्नैपर्थ्यो । कसैले ऋण गरेर ल्याएका थिए कुत । कसैले भने अर्को साल तिर्न बिन्तीभाउ गर्ने मनस्थिति बोकेका थिए । जे होस्, गाउँमा रमिता थियो ।

जब पालैसँग कुत बुझ्ने क्रम सुरु हुँदै थियो, दूध सदस्यले मालिकसँग कुत उठाउन आउनुको आधार मागे । मतलव जग्गा उनको हो भन्ने प्रमाण खोजे उनले । त्यति मात्र हैन, प्रमाण नभई कुत नदिने अडानसमेत सुनाए । अनि यो अडानलाई आफ्नो मात्र नठान्न चेतावनी दिँदै यो सबै गाउँलेको सामूहिक निर्णय भएको पनि सुनाए ।

यहाँ कुनै नाटक मञ्चन भइरहेको थिएन । तर उपस्थित गाउँलेलाई भने यो वास्तविक घटना भइरहेको छ भन्ने पत्याउनै मुस्किल पर्‍यो । मालिकको अगाडि ठाडो शिर गरेर हेर्नसमेत नसक्ने बेला एउटा 'फुच्चे' जग्गा धनी पुर्जा देखाउन र नत्र कुत नदिन औँला ठड्याइरहेको छ । पत्याउन् पनि कसरी ? यसअघि कहिल्यै यस्तो दृश्य देखिएको भए पो । अझ कतिपयले त अब भवानीलाई केही गर्ने पो हुन् कि भनेर जिब्रोसमेत टोके । केही त डराएर कानेखुसीसमेत गर्ने वातावरण सिर्जना भयो ।

भवानीका बाबुले मालिकको हप्की खाए । 'छोरो मात्तेको' आरोप लाग्यो । त्यति मात्र हैन, छोरालाई ठेगानमा राख्न चेतावनी पनि दिए । मालिक फर्कर गए । केही सिप नलाग्ने भएपछि बसेर पनि के गर्नु थियो र ? त्यसपछि भवानीले अर्को उर्दी जारी गरे गाउँ/समाजका अगाडि- अब कसैले पनि बिर्ता जमिनको तिरो नतिर्ने ।

विक्रम संवत् २०४३ सालको कुरा हो । यी दूध सदस्यले स्थानीयको मन यति जिते कि उनी वडा सदस्यबाट वडा अध्यक्ष जित्न सफल भए । हुन त उनलाई वडाध्यक्षमा हराउन तत्कालीन माननीयसमेत लागिपरे । उनकै हजुरआमालाई बोकाएर लगी अर्कैलाई मत हाल्न लगाइयो । तर पनि जिते । यति मात्र हैन, त्यसपछिको चुनावमा पनि फेरि वडाध्यक्ष जिते । यसबाटै थाहा हुन्छ कि उनी कति लोकप्रिय थिए भन्ने । र, यसको मुख्य कारण उनको नेतृत्व क्षमता नै थियो । जसको पुष्टि बिर्ताका नक्कली मालिकविरुद्धको कर्मबाट भइसकेको थियो ।

• • •

## यस्तो पनि भयो

माओवादीहरू हामीलाई पुर्जा कहिले आउँछ त भनेर जहिले पनि व्यङ्ग्य गर्थे । जब हाम्रै अभियानका कारण १६८ परिवारको बिर्ताको पुर्जा तयार भयो, त्यो पुर्जा माओवादीबाट संविधान सभा सदस्य बनेका प्रेम तामाङको प्रमुख आतिथ्यमा बाँडियो । यो एकदमै खुसीको क्षण थियो ।

•••

खेमराज शमशेरले भोर्लेको १७ रोपनी जमिन कृषि बैङ्कमा राखेर २०४०/४१ सालमै ऋण लिएका रहेछन् । मालपोत जाने/आउने क्रममा यो कुरा थाहा भयो । पीडित किसानका तर्फबाट मुद्दा हालियो । अदालत नुवाकोटमा थियो । त्यसैले सबै तारिख लिन जान सम्भव नहुने भएकाले २ जनालाई वारेस दिइएको थियो । ती दुवैजनालाई खेमराजले किनेछन् । उनीहरूले बोलाएका बेला नगइदिएर तारेक गुजारेपछि अदालतले खेमराजको पक्षमा फैसला गऱ्यो । त्यसपछि भवानीकै पहलमा अदालतको निर्णयविरूद्ध कदम चालियो । फलस्वरूप पीडित किसानको जमिन फिर्ता ल्याउने काम सम्पन्न भयो ।

•••

जति जति जनप्रतिनिधिका रूपमा रहँदै गए, उति उति भूमि अधिकारबाट वञ्चितहरूका आवाज उठाउन उनलाई सहज भयो । स्थानीयलाई सङ्गठित गर्न सजिलो भयो । जनप्रतिनिधि भएकाले उनीप्रति विश्वास नगर्नुपर्ने कारण पनि कसैसँग रहेन । फलस्वरूप, दिनदिनै रसुवाको भूमि अधिकार अभियान सुदृढ हुँदै जान थाल्यो । स्थानीय बूढापाकाको पूरै साथ थियो उनलाई । इन्द्र गौतम, वसन्त मगरलगायतले पूरै साथ दिए । जसले भवानीको काम सही भएको अनुमोदन हुन सक्यो ।

यसरी बढ्दै गएको धेरैको साथ २०५१ मा आएर बिर्ता जग्गा सङ्घर्ष समितिमा परिणत भयो । भवानी अध्यक्ष बने । वसन्त मगर सचिव । वसन्त पछि माओवादीमा प्रवेश गरे । तर उनी माओवादीमा गए पनि बिर्ता जमिनको तिरो नतिर्ने अभियानमा भने विमति रहेन । अन्यको साथसहयोग त सदाझैं कायमै थियो ।

२०५४ मा उपाध्यक्ष जिते भवानीले । अध्यक्ष राजीनामा दिएर सांसद उठेकाले त्यसपछि अध्यक्षकै भूमिकामा रहे उनी । त्यसपछि आफैंले नेतृत्व गरेको अभियान अघि बढाउन उनलाई सहज भयो ।

भवानी माओवादी थिएनन् । तर भूमि अधिकारबाट वञ्चितहरूको अधिकारका पक्षमा लड्ने योद्धा भन्ने पक्कै थिए । माओवादी बिर्तावालको जमिन लुट्ने पक्षमा थिए । त्यसैले बिर्तावालले भवानीलाई पनि माओवादी बनाइदिए, आफ्नो रिस पोख्न । त्यसपछि सेनाको तारोमा पर्ने नै भए । धुन्चेमा लगेर थुनियो पनि उनलाई । जो माओवादीको विचारसँग सहमत थिएनन्, उनैलाई माओवादी पालेको आरोपसमेत लाग्यो । सेनाबाट खोजबिन हुन थालेपछि कति समय त लुकेर पनि बसे ।

जिल्ला विकास समितिका तत्कालीन सभापति थिए- भीमलाल हिराचन । उनैको पहलकदमीमा भवानीलाई छाडियो । करिब ३ सय जनाको हस्ताक्षर नै बुझाउनु पऱ्यो उनले 'भवानी माओवादी हैन' भनेर पुष्टि गराउन । मेजरले यसलाई मार्नैपर्छसमेत भने । यी सारा दबाबका बाबजुद 'बोलाउनेबित्तिकै उपस्थित हुने' सर्तमा बल्लबल्ल छाडियो उनलाई ।

एकातिर सेनाले यसरी दुःख दिइरह्यो बारम्बार । अर्कोतिर माओवादीले उनी नेतृत्वको अभियान नै फुटायो । अर्कै मञ्च गठन गऱ्यो । मञ्चका पदाधिकारीलाई नै भड्कायो । त्यति मात्र हैन, अपहरणसमेत गऱ्यो । २०५८ सालको कुरा । एउटा बिहे भोजमा निम्ता मान्न गएका थिए भवानी । अपहरण गरेर रातभर थुने । तत्काल अध्यक्षबाट राजीनामा दिन भने । चौतारा बनाउन पैसा मागे ।

त्यसपछि पनि उनलाई दुःख दिने काम सकिएन । २०६२ मा भवानीविरूद्ध 'मृत्यु दण्ड' को घोषणा गऱ्यो माओवादीले । धन्न प्रमुख जिल्ला अधिकारीकै सहयोगमा काठमाडौं भाग्न सफल भए । २ महिना उतै लुके । त्यसपछि मानव अधिकारवादीको सहयोगमा गाउँ फर्कन सके । उनलाई माओवादीले तारो बनाउनुको एउटै मुख्य कारण थियो- उनको चुलिँदै गरेको नेतृत्व क्षमता । जससँग जोडिएको थियो- भूमि अधिकार अभियानको एकपछि अर्को कदम । अनि सेनाचाहिं बिर्तावालको कुरा सुनेर रिसिएको थियो उनीसँग । यो स्वाभाविक पनि थियो किनकि भवानीका क्रियाकलाप वास्तवमै बिर्तावालविरूद्ध लक्षित थियो ।

तर पनि भवानीले हार खाएनन् । उनका लागि 'आफ्नो मृत्यु दण्ड' भन्दा अन्यायमा परेका किसानको अधिकार प्रप्ति ठूलो बन्यो । त्यसैले त उनको जीवनको सबै भन्दा खुसीको क्षणमा बिर्तावाललाई जग्गा धनी प्रमाण पुर्जा वितरण गर्ने प्रयोजनका लागि गोरखापत्रमा सूचना निकाल्न पैसा जुटेको दिन थियो न कि बिहे भएको, बाउ भएको, घर बनाएको, सदस्य/वडाध्यक्ष/उपाध्यक्ष, अध्यक्ष, मञ्चको अध्यक्ष...आदि जितेको ।

# १७ वर्षदेखि भूमि अधिकार प्राप्तिको लडाइँमा

पुतलीमाया लो कालिका गाउँपालिका-५ प्याङलाङस्थित आलडाँडाकी बासिन्दा हुन् । ससुरा साह्रै सोझा । नापीका बेला आफ्नो जमिनमै गएनन् । किनकि उनलाई लाग्यो रे- अर्काको जग्गा, आफ्नो नाममा नापिदिने हैनन्, किन जानु ? आफूले आफैँलाई सोधे र गएनन् । नतिजा- जग्गा पुर्खौंदेखि जोतिआएको हो । आफ्नै हो । तर पनि कानुनीरूपमा भने हैन ।

हो, पुतलीमाया ससुराको यस्तै सोझोपनको नतिजा उल्ट्याउन १९ वर्षदेखि भूमि अधिकार आन्दोलनमा सक्रिय छिन् । आफ्नो ससुरा मात्र हैन, थुप्रैका यस्तो सोझा र अन्यायमा पारिएका ससुरामाथि परेको अन्यायविरूद्ध पनि आफ्नो लडाइँ जारी राख्नुपरेको उनको प्रष्टीकरण छ । त्यसैले त रसुवाको कुनै त्यस्तो उल्लेख्य भूमि आन्दोलन छैन, जहाँ पुतलीमायाको उपस्थिति नहोस् । त्यो पनि सक्रिय उपस्थिति । सार्थक उपस्थिति ।

'होमनाथ, गौरीनाथ भन्थे साहूको नाम', त्यत्ति हो उनलाई थाहा भएको । ससुरा बुढेसकालले हिंडडुल गर्न पनि सक्दैनन् । कुत तिरेको एकाध रसिदबाहेक अन्य प्रमाण पनि छैन आफैँले जोतेको जमिनको । जमिन बिर्ता हो- बस् यत्ति थाहा छ मालिकको नामबाहेक । कान नसुन्ने र आँखा पनि राम्रोसँग नदेख्ने ससुरालाई पनि यसबारे खासै जानकारी छैन ।

छिमेकी नन्द घुम्ती (स्थानीय बजार) मा सिलाइकटाइको काम गर्थिन् । उनैले सुनाइछिन् भूमि अधिकार मञ्चबारे पुतलीमायालाई । विक्रम संवत् २०६२ को कुरा हो- भवानीप्रसाद न्यौपानेले डाकेका भूमि बैठकमा पुतलीमाया पनि जाने भइन् । यसरी कालिकाको बैठकमा गएपछि उनी छर्लङ्ग भइछिन् कि यो मञ्च त आफू जस्तै समस्या भएका पीडितहरूको पो रहेछ । अनि यसमा नलागेर भो त ?

त्यसपछि नै हो, उनी निरन्तर भूमि आन्दोलनमा लाग्न थालेकी । लाग्न पनि यसरी लागिन् कि आन्दोलनमा जान उनलाई कहिल्यै मुसलधारे पानीले छेकेन, धान काट्ने दिनले रोकेन, पर्व, जात्रा, बिहे र व्रतबन्धले अवरोध खडा गरेन । बरु त्यस्ता कार्यक्रम त्यागिदिइन् तर भूमि अधिकार आन्दोलन भने कहिल्यै छाडिनन् । किन ? उनको उत्तर छ- यो हाम्रो अधिकारसँग सम्बन्धित छ । यो हाम्रो जीविकासँग सम्बन्धित छ । यो हाम्रो मात्र हैन, हाम्रा छोराछोरी र भावी पुस्ताको भविष्यसँग गाँसिएको छ ।

हो, घरमा भैंसी थियो । उत्पादन कम हुने भए पनि केही रैकर जग्गा पनि थियो । ६ जना छोराछोरी थिए । तर पनि उनी कहिल्यै आन्दोलनबाट पछि हटिनन् । जुन दिन आन्दोलनका कार्यक्रम हुन्थे, अघिल्लो दिन रातको ११/१२ सम्म काम गर्थिन्, भोलिपल्टको पनि । छोराछोरीलाई काम बाँडिदिन्थिन् । त्यसमाथि श्रीमान् घर बनाउने मिस्त्री भएकाले प्रायः घरबाहिरै हुन्थे । गाइड पनि थिए, त्यसैले उनी घरमा बस्ने समय कमै हुन्थ्यो । तर श्रीमान्ले पनि सधैं साथ दिइरहे । यसबाट पुतलीमायाको व्यवस्थापन क्षमता कति दरिलो थियो भन्ने थाहा हुन्छ ।

उनलाई कार्यक्रममा धेरै हिंडेको भनेर रिस गर्नेहरू पनि थिए । तर एकदिन पक्कै नतिजा हात पर्छ भन्ने दृढ विश्वासका साथ अघि बढिरहिन् । 'आफ्नै बाउको नामको जग्गा छोराछोरीको नाममा ल्याउन त कति गाह्रो पर्छ, अर्काको नाममा भएको जग्गा सहजै कहाँ आउँछ त ?'- यही प्रश्नले उनको परिपक्वता प्रमाणित गर्छ । त्यसैले उनी निरन्तर लागिरहेकी छिन् आन्दोलनमा । जसले एकदिन पक्कै आफूहरूलाई जिताउने विश्वास उनीभित्र दरिलोसँग गढेको छ ।

यतिबेला उनका ६ जनै छोराछोरी स्नातक पास छन् । ४ जना पढाउँछन् । एक छोरी हवल्दार छिन् भने एक छोरी ब्याङ्कमा जागिर गर्छिन् । अघिल्लै रात भात पकाएर बिहान त्यही ख्वाएर विद्यालय पठाएका छोराछोरी जागिरे भएर आत्मनिर्भर भइसक्दा पनि पुतलीमायाको सङ्घर्ष भने टुङ्गिएको छैन । तर पनि उनलाई बिस्मात छैन किनकि उनको भनाइ छ- अभावमा त सङ्घर्ष गर्न छाडिएन अहिले त के कमी छ र डराउन ?

धेरैले भूमि अधिकार आन्दोलनलाई भूमि प्राप्तिसँग मात्र जोडेर बुझेका छन् । तर पुतलीमायाको बुझाइ भने यो भन्दा धेरै फराकिलो छ । उनका अनुसार भूमि अधिकार आन्दोलनमा नलागेको भए आज उनको परिवारमा देखिएको खुसी आउँदैनथ्यो रे । किन ? प्रश्न खस्न नपाउँदै जवाफ फर्काउँछिन्- यदि म भूमिसम्बन्धी कार्यक्रमहरूमा नहिंडेको भए, घरभित्रै रहन्थें । म बाहिरी संसार बुझ्नै पाउन्नथें । यसरी नबुझेपछि छोराछोरी पढाउने कुरै हुन्थेन । नपढेपछि कसले दिन्थ्यो र जागिर ? अहिले त मेरा छोराछोरीले जागिर खोज्न जानै पर्दैन, आफैं आउँछ खोज्न जागिर ।

उनले भूमि अधिकारसम्बन्धी प्रशिक्षण कार्यक्रममा शिक्षाको महत्व थाहा पाइन रे । जसले उनको आँखा खोलिदियो रे । त्यसैले भूमि अधिकार आन्दोलनलाई भूमिसँग मात्र जोडेर हेर्नु कमजोरी हुने उनको बुझाइ छ । भूमिमाथिको स्वामित्व मुख्य कुरा

भए पनि यस अभियानले आफूलाई र आफू जस्तै अन्य पीडितलाई धेरै कुरा दिएको उनको बुझाइ छ ।

## जो ऋण लिएरै आन्दोलनमा हिंडिरहे

भुवनेश्वरी लामिछाने कालिका गाउँपालिका-२ गैराघरकी बासिन्दा हुन् । जीवनका ५८ वर्षमध्ये एकतिहाइ भन्दा बढी समय भूमि अधिकार आन्दोलनमै बित्यो । उनी अब कति बाँच्छिन् थाहा छैन तर यो अभियानचाहिं कुनै हालतमा नछाड्ने दृढ अठोट छ उनको ।

धानको बिटा लगाउने दिन थियो । आन्दोलनमा जानुपर्ने खबर आयो । भुवनेश्वरीले आउन्न, मिल्दैन भनिनन् । आफ्नो सट्टा एकजना खेताला खोजिन् र राम्रोसँग गर्नु है भनेर सिकाइवरी गइन् । कति दिन त घर/परिवारका लागि राति नै खाना र खाजा तयार पारेर पनि हिंडिन् । कहिले धुन्चे त कहिले काठमाडौं जानुपर्ने । बसमा भाडा लागिहाल्थ्यो । आफूले पनि केही खानै पर्‍यो । भन्छिन्- पैसा हुँदा खाइयो, कहिलेकाहीं भोकै पनि हिंडियो । कहिले त आन्दोलनमा जानकै लागि ऋण पनि लिइयो ।

• • •

## बरू भोकै बस्न तयार

छोराछोरी कामको सिलसिलामा प्रायः बाहिरै हुन्छन् । भूमिसम्बन्धी आन्दोलन, बैठक भएका बेला श्रीमती जान्छिन् । त्यतिबेला एक्लै खाना बनाउन जाँगर लाग्दैन । त्यसैले भोकै बस्छु । तर पनि श्रीमतीलाई नजाऊचाहिं भन्दिन किनकि पीडित नै गएन भने अभियान कसरी सफल हुन्छ ? कतिपयले तेरी बूढी त खालि हिंडी मात्र रहन्छे भनेर उकास्न खोज्छन् । त्यतिबेला उनीहरूलाई आफ्नो घर राम्रोसँग सम्हाल्न र अरूको घरको चिन्ता नलिन सुझाव दिन्छु । आखिर उनी आवश्यक कामकै लागि हिंडेकी हुन् दिनरात नभनेर, नखाएर, दुःख पाएर ।

- **चुडाप्रसाद लामिछाने,** भुवनेश्वरीका श्रीमान्

• • •

४ रोपनी जति त बिर्ता । जोताहामा भुवनेश्वरीकै परिवारको नाम भए पनि जग्गा धनीमा भने काठमाडौंको पकनाजोल बस्ने वीरभद्र भट्टराई र सुवर्णराज भट्टराईको नाम छ । उनीहरूले पुर्जा नै बनाएर लगिसके । भुवनेश्वरी बेलाबेलामा छक्क पर्छिन्- जग्गा हामीले खनजोत गरिरहेका छौं वर्षौंदेखि । जबकि रसुवाको जमिन कसरी काठमाडौंमा बस्नेको हुन्छ ? आफ्नो जमिन यो भनेर नचिन्नेसँग कसरी त्यो जमिनको जग्गा धनी प्रमाण पुर्जा बन्यो ?

हो, यही प्रश्नको उत्तर खोज्ने क्रममा उनलाई भूमि अधिकार आन्दोलनले बोलायो । जसमा उनी निरन्तर लागिरहेकी छिन् । उनको जमिनको पुर्जा बनेको छैन तर एक दिन आफ्नै नाममा यो जग्गाको पुर्जा बनेको हेर्न पाइने सुनौलो क्षणको भने आशा मारेकी छैनन् । मारून् पनि किन ? आखिर उनी जस्तै धेरै परिवारको पुर्जा बनेको पनि त छ । त्यसैले भूमि अधिकार अभियानको तागत उनले नापिसकेकी छिन् । यही कारण त मानिस आशावादी भएर अघि बढेका छन् । जसमा भुवनेश्वरी पनि एक हुन् ।

छिमेकीले कुरा नकाटेका हैनन् । तात्तो न छारोसँग दिनदिनै झोला बोकेर हिंड्छे भनेर श्रीमान् नउक्साएका पनि हैनन् । तर बुझ्झकी श्रीमान् उनीहरूका कुरा किन सुन्थे र ? एक कानले सुनिरहे । अर्को कानले उडाइदिइ रहे । घरमा छोराछोरीले पनि अभियानमा लाग्न साथ दिइरहे । सकेको काम आफूले सघाइदिए । आखिर भूमिमाथि स्वामित्व कायम हुँदा त्यसको लाभ सबैलाई पुग्थ्यो । यो कुरा उनको घरका सबै परिवारले राम्रैसँग बुझेका थिए ।

२०४० सालसम्म त यो बिर्ता जग्गाको तिरो पनि तिरेकै हुन् यिनले । माओवादी युद्धपछि मालिकहरू प्रत्यक्ष सम्पर्कमा आउन छाडे । कतै अज्ञात स्थलबाट खबर पठाउँथे, तिरो लिएर आउनू भनेर । धान हैन, पैसा ल्याऊ भन्थे । कुत तिर्न जाने अवस्था नै थिएन । त्यसैले उनीहरूले खबर गरिरहे, तर भुवनेश्वरीहरू गएनन् ।

बिचौलियाहरू गाउँघरमा घुमेका घुम्यै छन् चिलझैं । आधा/आधा गरौं, हामी मिलाइदिन्छौं भन्छन् । तर कानुनीरूपमै बिर्ता उन्मूलन भइसकेकाले यी जग्गामा बिर्तावालको स्वामित्व रहनुहुन्न भन्ने दाबी भुवनेश्वरीको छ । त्यसैले २०६७ सालमा निवेदन पनि दिएकी छिन् जोताहाको नाममा गराइपाउँ भनेर । जुन तामेलीमा छ । 'अभियानमा हिंडिसकेपछि यति कानुनी कुरा त थाहा पाउनै पर्‍यो नि, हैन र ?'- भूमि अधिकार अभियानले प्रशिक्षणमार्फत पीडितहरूलाई कति दरिलो बनाएको छ

भन्ने प्रमाण बनेको छ उनको बोली ।

कहाँ मात्र गइनन् आन्दोलन गर्न ? काठमाडौँको वनकालीको धर्नामा २ पटक गइन् । एकपटक ७ दिन र अर्कोपटक ९ दिन बिताइन् । संविधान सभा भवनअगाडि धर्नामा गइन् । आफ्नो पालिका र जिल्ला प्रशासन कार्यालय तथा मालपोत कार्यालयमा धाएका दिन त गनेरै साध्य छैन । आफ्नो पालिकादेखि जिल्ला सदरमुकाम हुँदै सङ्घीय मन्त्रालयका कोठाचोटासम्म चाहारेकी छिन् उनले आन्दोलनका क्रममा । अनि संसद् भवनसँग पनि परिचित छिन् । जसले उनलाई शक्तिकेन्द्रहरू चिनाउन मद्दत गऱ्यो । आत्मबल बढायो । र त एकरत्ति पनि पछि हट्नेवाला छैनन् अधिकार नपाउन्जेल ।

• • •

## कहिलेसम्म गोठालो ?

मेरो ७ रोपनी २ आना छ बिर्ता जग्गा । जग्गा धनी हुन् गुणनाथ उपाध्याय । कमाइ खाइएको छ तर न धितो बन्धकी राखेर केही काम गर्न पाइन्छ न त बेचबिखन गरेर आवश्यक गर्जो टार्न । ११ वर्षदेखि आन्दोलनमा लागेको लाग्यै छु । ठिमुरा गइएन् कि काठमाडौँ पुगिएन कि, धुन्चे धाइएन कि पालिका र्सँगिएन कि ? आन्दोलनका क्रममा खाली पेट बसिएन कि, आधा मात्र खाइएन कि, घरका सारा काम लथालिङ्ग पारिएन कि, के मात्र गरिएन ?

आफू बसेको घर पनि यही जग्गामा छ । यही जग्गा बाँडचुँड गरेर जीविका चलाउनुपर्ने ४ छोरा छन् । घरैमुनि सडक बनेको छ । सडक बनेपछि जमिनको मूल्य बढेको छ । तर मूल्य बढेर के गर्नु ? जग्गा आफ्नो हुन सकेको छैन । उसैको जग्गा कुरिदियो, उसैको सम्पत्ति बढाइदियो भएको छ । आखिर बिर्तावालको गोठालो कहिलेसम्म बन्नुपर्ने हो, ठेगान छैन । तर पनि भूमि अधिकार प्राप्तिको आन्दोलन भने छाड्ने पक्षमा छैन । किनकि एकदिन त कसो न्यायको जीत नहोला ?

- **प्रेमनाथ अगस्ती,** बेतिनी, कालिका गापा-३

• • •

कतिपय आफू जस्तै पीडितलाई भूमि अधिकारको बैठकमा आउन आग्रह गर्छिन् उनी । तिमीहरूको तलव पचाउन हामी मिटिङमा आइदिनुपर्ने भनेर उल्टै जवाफ फर्काउँछन् । यस्तो बेला पनि भुवनेश्वरीलाई रिस उठ्दैन किनकि उनले

आलोचना गर्ने र कुरा काट्नेको पछि लागे प्रगति अवरूद्ध हुने बुझिसकिन् । त्यसैले भनिदिन्छिन्- म हिंडेको तिमीहरूका लागि पनि हो । यो अभियानले तिमीहरूलाई पनि फाइदा पुग्छ ।

सीता (देउरानी) गाउँ मञ्चमा थिइन् । बैठकमा गइरहन्थिन् बेलाबला । एकदिनको कुरा हो- मेलापातमा भूमि समस्या र उनकी देउरानी गइरहने कार्यक्रमबारे प्रसङ्ग चल्यो । जतिबेला सीताले सबै कुरा बताइदिइन् । यसपछि नै हो भुवनेश्वरी भूमि अधिकार आन्दोलनसँग जोडिन पुगेकी । सुरुमा ठाउँ अभावमा खुला चौरीमै बसेर छलफल हुन्थ्यो । मेलापात भ्याएर साँझ/बिहान हतारमा छलफल सकाउनु पर्थ्यो । चिया नास्ता दिने कसले ?

तर आजकल अवस्था फेरिएको छ । छलफल गर्न आफ्नै भूमि घर छ । छोराछोरी कमाउने भए । २-४ पैसा खर्च गर्न ऋण लिनुपर्दैन । अभियान व्यवस्थित र दरिलो भएकाले जो पायो उसैले हेप्ने आँट पनि गर्दैन । बिर्तापीडितहरू सचेत भएकाले पहिले जस्तो मालिकहरूले हेप्न पनि सक्दैनन् । यो सबको जस भूमि अधिकार अभियानलाई दिने भुवनेश्वरी भन्छिन्- कस्तो अप्ठेरो बेलामा त आन्दोलनमा जान छाडिएन, अब त झन् किन छाड्ने ? आखिर अधिकार नपाइ बीचमै छाड्ने हो भने यत्रो वर्ष लाग्नुको अर्थ पनि के रह्यो र ?

## ठेगानाको खोजी

जब ठेगाना सोधिन्छ, त्यसपछि अकमक्क पर्छन् मुरली नेपाली । थर नेपाली तर ठेगाना नेपाल पनि हो कि होइन, यसै भन्न सक्ने अवस्थामा छैनन् उनी । किन ? किनकि उनी सुकुमबासी हुन् । आफ्नो भन्ने जमिन नै नभएपछि कहाँ बस्ने ? बस्ने ठाउँ नै एकिन नभएपछि कहाँको ठेगाना बताउने ? यस्तै रनभुल्लमा बितिरहेका छन् उनका ७० वर्ष । त्यसैले २०११ सालमा जन्मेका मुरलीलाई यतिबेलाको सबै भन्दा ठूलो चिन्ता सुकुमबासी भएरै पो मरिने हो कि भन्ने छ, पुर्खा जस्तै ।

उनले खासै ठूलो कुरा केही खोजेकै छैनन् । संविधानले नै गरेको व्यवस्था लागु होस् भन्ने चाहना मात्रै हो । संविधानले भूमिहीन दलितलाई बसोबासका लागि जमिन दिने प्रष्ट लेखेको छ तर त्यही प्रावधान लागु नहुँदा मुरली सुकुमबासीको सुकुमबासी नै रहन बाध्य छन् । यही कारण हो जसले उनलाई भूमि अधिकार आन्दोलनसँग जोड्यो ।

उनी आफ्नो मात्र चिन्ताले भूमि अधिकार आन्दोलनमा लागेका हैनन् । उनलाई आफू जस्तै हजारौं पीडितलाई न्याय दिलाउने हुटहुटीले पनि यो अभियानमा दरिलैसँग लाग्न प्रेरित गरिरहेको छ । त्यसैले त २ छाक खानकै लागि दिनरात पाखुरा बजानुपर्ने अवस्थाका यी मुरली भूमि अधिकारको आन्दोलन भनेपछि हुरूक्कै हुन्छन् । बरु आधा पेट खान्छन् । परिवारलाई भएको बाँडचुँड गरेर खाऊ भन्छन् अनि आफूचाहिं किलोमा झुण्ड्याइएको थोत्रो कमिज टक्टक्याएर 'हिंडे है' भन्दै लाग्छन् बाटो । त्यस्तो बाटो, जहाँ हिंड्दा गन्तव्यमा पुगिने पूरापुर विश्वास छ उनलाई । भन्छन्- नत्र त किन हिंडिरहन्थैं र यतिञ्जेलसम्म ?

लोकनाथ न्यौपानेको जग्गामा बस्थे यिनी पहिले । २०५६ सालको कुरा हो । गाविस अध्यक्ष भवानीप्रसाद न्यौपाने घर/घर आएका थिए सामाजिक सुरक्षा भत्ता वितरण गर्न । त्यही क्रममा उनको ध्यान एउटा कर्कस आवाजले तान्यो । बुझ्दा थाहा भयो कि मुरलीलाई गाली गरिएको रहेछ । त्यो पनि जथाभावी । घरबेटीले । जसलाई भवानीले सहनै सकेनन् ।

• • •

## एकता भए हार्नुपर्दैन

४/५ वर्षको उमेरदेखि नै नून लिन वेत्रावती जानुपर्थ्यो । त्यस क्रममा प्रधानपञ्चले 'सबै मोहीको दस्तखत गराएर ल्याउनू, जग्गा उनीहरूकै नाममा गरिदिन्छु भन्छन् तर म सधैंका लागि मोहीको आँखो बन्न चाहन्न' भनेको सुन्थैं । खासमा त्यो के भनेको भन्ने नबुझे पनि मनमा चाहिं निकै गढेको थियो । अलि बुझ्ने भएपछि थाहा पाएँ- यदि प्रधानले त्यसो गरेका भए त्यतिबेलै बिर्तावालले मोहीको स्वीकृति छ भनेर सबै जग्गा आफ्नो बनाइ बेचबिखन गरिसक्ने रहेछ ।

सुरूदेखि नै भूमि अधिकार आन्दोलनमा सक्रिय भएर लागे पनि मेरो २ रोपनी बिर्ता अझै आफ्नो बनाउन सकेको छैन । रामेश्वर पौडेल नामका बिर्तावालले यो जमिनको पुर्जा भने २०६२ सालतिरै बनाएर लगिसके । तर पनि यो जग्गा आफ् नो गराउन सकिन्छ भन्ने विश्वास छ किनकि हामीसँग दरिलो सङ्गठन छ । सबै एक भएर अघि बढ्ने हो भने कहिल्यै हार्नुपर्दैन । त्यसैले म सुरूदेखि यो ६५ वर्षको उमेरसम्म पनि हरेस नखाइ सक्रियपूर्वक लागिरहेको छु ।

२०३४ सालतिर नापी आएका बेला आफ्नै नाममा नपाउन खोजेको पनि हो तर नापी

आउनु केही दिनअघि नै बिर्तावालले स्थानीय पञ्चहरूलाई अघि सारेर 'बिर्ता जग्गा आफ्नो नाममा नपाए ३ वर्ष कैद र ५ लाख जरिवाना हुने' धम्की देखाए । होला त भन्ठानियो । फेरि त्यतिबेलाका पञ्चले भनेपछि नपत्याउने कुरा पनि भएन । यसरी हामी दिनदहाडै ठगियौं । जसको असरले अहिलेसम्म पनि पोलिरहेको छ ।

खासमा राजनीतिक दलहरूले सहयोग गरेका भए यो समस्या समाधान भइसक्थ्यो तर उनीहरू न यसबाट किसानमाथि अन्याय भएको छैन भन्न सक्छन् न त समाधानका लागि दृढ भएरै लाग्न सक्छन् । समाधान गर्दा जस कसले लिने भन्ने होडबाजी पनि देखिन्छ । यसरी दलीय स्वार्थको असर पनि भूमि अधिकार आन्दोलनमा परेको छ । जे होस्, हामी ऐक्यबद्ध छौं । त्यसैले एकदिन कसो नजितौंला ?

- **खिलप्रसाद आचार्य**
कटुन्जे, कालिका गाउँपालिका-३

• • •

यसपछि हालको कालिका गाउँपालिका-३ स्थित इटपारेको वनछेउको एउटा ढिस्को खार्न लगाए भवानीले । जहाँ मुरलीलाई बास बनाइदिने योजना थियो । छिमेकी गाउँ उत्तरगयाका मानिस आएर यहाँ सुकुमबासी बस्न पाइन्न भनेर नारा जुलुस गरे । वन कार्यालयमा उजुरी दिएछन् । मुरलीका बूढा/बूढी नै पक्राउ परे । भवानीसँग सोधपुछ भयो । थुन्दिन्छौं भनेर धम्क्याए । विरोध गर्नेहरू अहिले पनि गरिरहेकै छन् तर पनि भवानीको चट्टानी अडान र साथले यतिबेला मुरली यो ठाउँमा बस्न सकेका छन् । तर पनि आफू बसेको जमिन र घरको कानुनी स्वामित्व भने अझै छैन । त्यसैले उनी यो ठाउँलाई पनि आफ्नो ठेगाना बताउन झस्किरहन्छन् ।

मुरली जिल्ला भूमि अधिकार मञ्चको सदस्य हुन् भने प्रदेश मञ्चको कोषाध्यक्ष पनि । पिशाव र अल्सरको गरी २ पटक अपरेसनसमेत गराएका यिनी स्वस्थ छँदै छैनन् । तर पनि अहिलेसम्म भूमि अधिकारसँग जोडिएका कुनै पनि बैठक, छलफल हुन् या आन्दोलन, त्यतिबेला यी आफूलाई रोग छ, आराम गर्नुपर्छ भन्ने नै बिर्सन्छन् । आखिर यस्तै यस्तै पात्र त हुन् जसले रसुवाको भूमि अधिकार आन्दोलन निकै उचाइमा पुऱ्याएको छ ।

## आन्दोलन : एक शब्दयात्रा

जग्गा त थियो तर यो गुठी, रैकर, बिर्ता, ऐलानी के हो भन्नेचाहिं थाहा थिएन । एकदिन जग्गाबारे घरमा विवाद भयो । त्यसै क्रममा खोजीनीति गर्दा पो थाहा भयो कि यो त बिर्ता जग्गा पो रहेछ- भूमि अधिकार आन्दोलनमा जोडिएपछिको पहिलो फाइदा यसरी बताउँछिन् उत्तरगया गाउँपालिका-४, मनिगाउँकी शान्ताकुमारी गलान ।

त्यसपछि नै हो उनले थाहा पाएकी अर्को कुरा- बिर्ता जग्गा जालझेल गरेर काठमाडौंका हुनेखानेले आफ्नो नाममा गराएका हुन् । वास्तविक धनी त हामी जोतभोगकर्ता नै हौं । अनि यस्तो अन्याय सहनुहुन्न, बिर्ता जग्गा जोतभोग गर्नेकै कानुनी स्वामित्वमा ल्याउनुपर्छ भनेर लागिन् भूमि अधिकार अभियानमा । जहाँ सक्रिय भएको पनि २ दशक बित्न लागिसक्यो ।

२०७१ सालको कुरा हो । जिल्ला सदरमुकाममा भूमि अधिकारबाट वञ्चितहरूको धर्ना थियो । त्यहीबेला घरमा भैंसी ब्यायो । परेन फसाद ? जाउँ आफूलाई पाल्ने भैंसीको स्याहार गर्ने मान्छे छैन, नजाउँ त्यति महत्वपूर्ण आन्दोलनमा आफ्नो योगदान नहुने चिन्ता । 'जहाँ इच्छा त्यहाँ उपाय' भनेझैं शान्ताले पनि उपाय निकालिन् । अनि गाउँका अरू पीडितसँग आफ्नो ससुरालाई पठाइदिइन्- कुचो, डोको आदि बोकाएर ।

आन्दोलनमा त हिंड्ने । यसमा उनलाई कत्ति पनि समस्या थिएन । तर खर्चै नहुने । कहीं बस भाडा तिर्नुपर्‍यो, कहीं खाना, खाजा खानुपर्‍यो । यस्तोबेलामा अङ्कल (भवानीप्रसाद न्यौपाने) ले धेरै सहयोग गरे । 'उहाँले पनि कतिलाई मात्र सहयोग गर्नु, अर्काका छोरी/चेली सँगै भएपछि हेरविचार पनि गर्नै पर्‍यो, निकै चुनौती थियो उहाँलाई पनि'- शान्ता विगत सम्झन्छिन् । तर पनि भवानी अङ्कलको कुशल अभिभावकत्वले आफूहरूमा जाँगर र जोस बढेको उनको भनाइ छ ।

भूमि अधिकार यात्रामा दाङ पुगेकी थिइन् । घुम्ने क्रममा हराइन् । साथमा लगेको ५ सय रुपियाँ पनि कता खसालिन् कता ? परेन फसाद ? बल्लतल्ल मिलन भयो यात्रामा गएको टोलीसँग । यो थियो २०६६ सालको कुरा । यस्ता धेरै कुरा छन् शान्तासँग भूमि अधिकार आन्दोलनमा लाग्दाका । गाउँमा माओवादीले भूमि सङ्गठन नबनाउन धम्क्याउँथे तर यिनै शान्तालाई माओवादीमा लागेर मान्छे पिटेको आरोप पनि लाग्यो ।

भूमि अधिकार आन्दोलनकै परिणामस्वरूप केही परिवारको बिर्ता जग्गाको पुर्जा बनेको पनि छ जसमध्ये सबै भन्दा धेरै उनकै मनिगाउँका बासिन्दा छन् । यस्तो पुर्जा बन्नुअघि सहजीकरणका लागि ९ दिनसम्म धुन्चेमै बसेर पूर्ण सहयोग गरिन् उनले पनि । जतिबेला आवश्यक खर्च जोहो गर्न राँगो बेचेको पैसा लगेकी थिइन् । यस क्रममा उनले आफू जमानी बसेर धेरैको पुर्जा बनाउन सहयोग गरिन् ।

राँगो बेचेको पैसा खर्च भयो, ९ दिनसम्म घर छाड्दा धेरै काम लथालिङ्ग भयो, दैनिकी र खेतीबालीमा असर पुग्यो तर पनि उनलाई कुनै बिस्मात भएन । किनकि उनको केही बिगार भए पनि धेरैले जग्गा धनी प्रमाण पुर्जा पाउन सकेका थिए । जुन उनी लागेकी आन्दोलनको मुख्य उद्देश्य नै थियो । शान्ता भन्छिन्- मैले जमानी बसेर जसको पुर्जा निकालिदिएँ आज त्यही मान्छे तैंले के गऱ्या होस् र भन्छ । तर पनि मलाई गुनासो भने छैन किनकि उनीहरूले पाएका पुर्जामा मेरो योगदान के थियो भन्ने दुनियालाई थाहा छ ।

उनको ससुराका ३ भाइ हुन् जसमध्ये ३ कित्ता बिर्ताको पुर्जा आयो तर अझै केही बाँकी छ । उनी अभियानमा हिंड्दा परिवारका सदस्यले तिम्रो मात्र हो र ? किन सधैं हिंड्नु पऱ्यो भन्थे । जब पुर्जा आयो, त्यसपछि भने उनी ठीक काममा हिंडेकी सबैले बुझेका छन् । पहिले सङ्गठन बनाउनै नदिने माओवादीसमेत अहिले तिमीले राम्रो काम गरेकी छौ भन्दा शान्ता निकै खुसी हुने गरेकी छिन् । त्यति मात्र हैन, माओवादीहरू हाम्रो पनि पुर्जा आएको छ भनेर सोध्छन् अहिले त उनीसँग ।

जिल्ला भूमि अधिकार मञ्चको सदस्य थिइन् । २०७४ को चुनावमा महिला सदस्यमा उठ्न सबैतिरबाट दबाब आयो । चुनाव जितेपछि कार्यपालिका सदस्य पनि बनिन् । चुनावमा उठ्न मञ्चको सदस्यबाट राजीनामा दिनुपर्थ्यो । यसरी राजीनामा दिन उनलाई निकै कठिन भयो । आफूले माया ममता गरेको आन्दोलनबाट बाहिरिनु पऱ्यो भनेर भक्कानो नै फुट्यो । यसबाट पनि थाहा हुन्छ कि शान्तालाई भूमि अधिकार अभियानप्रति कस्तो लत बसेको रहेछ भन्ने ।

## खड्ग जस्तै खड्गमायाको कथा

फलामबाट बनेको एक किसिमको घातक हतियार हो खड्ग । अर्थात सोझो किसिमको तरबार । सबैलाई थाहा छ- सदुपयोग गर्न जान्यो भने हतियारले अवरोध छिचोल्छ । बाधा हटाउँछ र जीवन र जीविकालाई सहज तुल्याउँछ ।

यदि सदुपयोग गर्न जानेन वा त्यसको जथाभावी प्रयोग गऱ्यो भने त्यसले विध्वंश मच्चाउन पनि सक्छ ।

यतिबेला कालिका गाउँपालिका-२ स्थित कटुन्जेकी खड्गमाया न्यौपाने भूमि अधिकार अभियानका लागि उचिततवरले सदुपयोग हुँदै आएकी हतियार बनेकी छिन् । अर्थात उनी यो अभियानमा यति सक्रिय छिन् कि उनले छुटाएका भूमिसम्बन्धी कार्यक्रम शायदै भेटिन्छन् । विक्रम संवत् २०६५/६६ देखि निरन्तर यो आन्दोलनमा लागेकी उनी अझै कति वर्ष लाग्नुपर्ने हो भन्ने चिन्तामा छैनन् किनकि उनलाई थाहा छ- अधिकार प्राप्तिको आन्दोलन सहज हुँदैन ।

श्रीमान् बितेकै १५ वर्ष भयो । घरमा एउटी नानी । त्यस्तो अवस्थामा पनि उनी जिल्ला सदरमुकाम धुन्चेदेखि मुलुककै राजधानी काठमाडौंसम्मका सबै आन्दोलनमा धाएकी छिन् । काठमाडौंका टुँडिखेल, वनकाली र मुख्य राजनीतिक दलका कार्यालयहरू कन्ठै छन् उनलाई कहाँ छन् भन्ने । नहोस् पनि किन ? जहाँ उनी धेरैपटक धर्ना बस्न, ज्ञापनपत्र बुझाउने प्रतिनिधिमण्डलमा सामेल भएर गएकी छिन् ।

परिवारबाट पनि साथ पाएकाले उनको आन्दोलन यात्राले निरन्तरता पाएको हो । जतिबेला जिल्ला सदरमुकाम धुन्चेमा धर्ना कार्यक्रम थियो, त्यतिबेला खड्गमायाले नभ्याएका बेला ससुरा र नन्दले पालो दिन्थे । कैयौंपटक उनी भूमिसम्बन्धी कार्यक्रम, आन्दोलनमा जानकै निम्ति रातको ११/१२ बजेसम्म नसुतेरै काम सकेकी छिन् । त्यति गर्दा पनि नसकिए बिहानको ३/४ बजेदेखि नै उठेर काम गरेका थुप्रै स्मरण उनीसँग ताजै छन् । तर पनि भन्छिन्- कुनै गुनासो छैन किनकि भूमि अधिकार प्राप्तिको आन्दोलन अरूका लागि गरिदिएको हैन, यो मेरो पनि आन्दोलन हो ।

खसी बेच्छिन् । बाख्रा छ । तरकारी खेती गर्छिन् । भैंसी छ । के गर्ने, खानका लागि मेहनत त गर्नै पऱ्यो । तर पनि यी सबै काम भ्याइवरी भूमिसम्बन्धी अभियानमा पनि उत्तिकै सक्रिय हुन सक्नुले पनि खड्गमायाको छुट्टै परिचय बनेको छ । त्यति मात्र हो र ? मेलापात पनि भ्याउँछिन् उनी । त्यसैले त भूमि अभियन्ता मात्र नभइ 'मेहनती महिला' को विशेषणसमेत थपिएको छ उनको नामका अगाडि । उनी आफैं भन्छिन्- 'अल्छी गरे त काम पनि, अभियान पनि कहाँ भ्याइन्छ त ? तर व्यवस्थापन गर्न सक्यो भनेचाहिं समस्या नपर्ने रहेछ ।' सासूआमाले सकेको सघाइदिंदा उनलाई निकै सहज भएको छ ।

उनको भागमा करिब ४ रोपनी बिर्ता जग्गा थियो । यही अभियानको प्रभावस्वरूप उनले जग्गा धनी प्रमाण पुर्जा हात पारेकी छिन् । सुरूदेखि नै भूमि अधिकार प्राप्तिको आन्दोलनमा लागेकी खड्गमायालाई सबैले गिज्याएर 'झोला बोकेर दिनदिनै हिंडेर आखिर के पाउँछस् ?' भन्थे । उनलाई हँसिमजाकको पात्र बनाउँथे । जब अभियानकै नतिजास्वरूप जग्गा धनी प्रमाण पुर्जा प्राप्त भयो, त्यसपछि भने कुरा काट्नेहरू चूप लाग्न बाध्य भएका छन् । उल्टै 'यसले ठीकै काम गरेकी रहिछ' भन्न थाले । जसले खड्गमायालाई खुसी तुल्याउँछ ।

• • •

## हामी सिफारिस दिँदैनौं

बिर्तावालका मानिस वडा कार्यालयमा तिरो तिर्न आउँछन् । तर हामी यसरी तिरो तिर्न आउनेसँग 'पहिले तिम्रो जग्गा कहाँ पर्छ देखाऊ अनि मात्र तिरो बुझ्छौं भन्छौ ।' त्यसपछि उनीहरू टाप कस्छन् । तिरो तिरेपछि यही आधारमा जग्गा दर्ता गराउने र लालपुर्जा लिनका लागि उनीहरू आउने गरेका हामीले राम्रोसँग बुझेका छौं । त्यसैले कुनै हालतमा हामी उनीहरूलाई सहज हुने कागजात दिँदैनौं ।

जग्गा एउटाले जोतभोग गरेको छ पुर्खौंदेखि, स्वामित्वको दाबी गर्नचाहिं ठाउँ नै थाहा नभएको व्यक्ति आउँछ । यस्तो अवस्थामा उनीहरूलाई सिफारिस दिन सकिन्न । त्यसैले एउटा आयोग बनाएर स्थानीय सरकारको सरजमिनका आधारमा जोतभोग गर्नेलाई नै बिर्ता जग्गा दिनुपर्छ । हाम्रो पहल पनि त्यसैमा हुनेछ । जग्गा कसको हो भनेर पहिचान गर्ने अधिकार स्थानीय तहलाई दिनुपर्छ र त्यसैका आधारमा जोतभोगकर्तालाई स्वामित्व दिलाइनुपर्छ । किनकि स्थानीय नै हुने भएकाले स्थानीय सरकारका प्रतिनिधिलाई मात्र वास्तविकता थाहा हुन्छ ।

- **फणिन्द्रप्रसाद न्यौपाने**
वडाध्यक्ष, वडा नं. ३, कालिका गाउँपालिका

• • •

आफूले कमाइरहेको जग्गा नै आफ्नो नभएको बुझेपछि उनी भूमि आन्दोलनप्रति आकर्षित भएकी थिइन् । नजिकै घर भएका भवानीप्रसाद न्यौपाने उनको ऊर्जाका स्रोत हुन् जसले भूमि अधिकार आन्दोलनप्रति लत बसाइदिए । यति मात्र हैन, ससुराले

समेत साथ दिए बुहारीलाई । अनि कतिपयले सासूलाई बुहारीविरूद्ध उकास्न खोजे । तर सासूआमा पनि बुहारीकै पक्षमा लागिरहिन् । कसैको कुरा फिटिक्कै सुनिनन् । त्यसैले त खड्गमायाको भूमि अधिकार यात्रा सुखद बन्न सकेको छ ।

उनको अझै केही जमिनको जग्गा धनी प्रमाण पुर्जा आउन बाँकी छ । खड्गमाया अरूसँग तुलना गर्दा आफ्नो केही भए पनि पुर्जा बनेकाले चूप लाग्न पनि सक्थिन् । तर उनी चूप लाग्ने पक्षमा छैन । भन्छिन्- मेरो बाँकी जग्गाको पुर्जा आयो भने पनि सबैको जग्गा धनी प्रमाण पुर्जा नआउन्जेल भूमि आन्दोलनमा लाग्न छाड्दिन । किनकि मैले मात्र न्याय पाएर हुँदैन । न्याय सबैले नपाउन्जेल लडिरहन्छु ।

हो, धार्मिक कथाहरूपमा पनि अत्याचारका विरूद्ध धेरैपटक खड्ग उठेका छन् । अनि सफलतामा टुङ्गिएका छन् । खड्गमायाको अठोट र प्रतिबद्धता सुन्दा लाग्छ- उनी पनि अन्याय न्यायमा रूपान्तरण नहुँदासम्म जाइलाग्न छाड्नै छैनन् । छाड्नु पनि किन ? आखिर नामै त छ खड्गमाया ।

## आजीवन भूमि अभियन्ता

भवानी न्यौपाने छिमेकी थिए । उमेरबीच अलि अन्तर भए पनि धेरै कुरा मिल्थ्यो दुवैबीच । धेरै समय सँगै पनि हुन्थे दुवैजना । कुराकानी हुने क्रममा बेलाबेला आफ्नो गाउँका धेरैको जग्गा बिर्तावालको नाममा भएको, आफूहरू खेताला/गोठाला मात्रै भएको जस्ता कुरा हुन्थे । जसले उनीहरू दुवैलाई पश्चातापको घेरामा पुऱ्याउँथ्यो, केही गर्न सकिएन भनेर ।

त्यसैले भवानी न्यौपाने र वसन्त मगरहरूले सुरु गरेका भूमि अधिकार बहसमा मिसिए उनी पनि अर्थात हेमनाथ खतिवडा । यसरी दुवैलाई जोड्न २ वटा सुपरग्लुले काम गरेको थियो- एउटा दुवै अन्याय सहनु हुन्न, यसबारे केही गर्नैपर्छ भन्ने समान सोचका सारथि । अनि अर्कोचाहिं दुवै आफैं आफैं पनि बिर्तापीडित । निरन्तरको बहसले दुवैलाई बिर्ता जस्तो सामन्ती अवशेषका विरूद्ध 'केही गर्नैपर्छ' भन्ने निष्कर्षमा पुऱ्यायो ।

यत्तिकैमा हेमनाथ गाउँकै कृषि वन प्रतिष्ठान नामक संस्थासँग जोडिए, कर्मचारीका रूपमा । अर्कोतर्फ सामुदायिक आत्मनिर्भर केन्द्र पनि भूमि अधिकारबाट वञ्चितहरूको अधिकार पुनर्स्थापनाका लागि गाउँ छिऱ्यो । यी दुवैको अभियानमा मानेकोर नामक संस्था पनि मिसियो । यसरी ३ वटा संस्था मिसिएको त्रिवेणी अभियानले गति लिँदै

गयो । हेमनाथ भन्छन्- हेर्दाहेर्दै त्रिवणी अभियानले सुसले मात्रै पनि ५-७ सय जना जम्मा भइहाल्ने परिस्थिति बन्यो । जसले हामी जस्ता अभियानकर्तालाई अघि बढ्न प्रेरित गऱ्यो ।

त्यसपछि वैचारिकरूपमा खारिन हेमनाथले भूमि अधिकारबारे पढ्न थाले । सामग्री खोजबिन गरेर आफ्नो तार्किक क्षमता बढाउनतर्फ लागे । तर माओवादी युद्धको समय भएकाले मुलुकमा सङ्कटकाल लाग्यो । सङ्गठन बनाउन गाह्रो भयो । यसरी केही समय भूमि अधिकार आन्दोलन शिथिल बन्यो । हुन त देशै ठप्प भएका बेला भूमि अभियान मात्र किन स्वस्थ रहिरहन्थ्यो र ? हेमनाथहरूले पनि यही वास्तविकता बुझेर परिस्थितिअनुसार चल्नुपर्ने अवस्था आयो । मनिगाउँ, चिती जस्ता ठाउँमा त माओवादीले भूमि अभियन्तालाई कामै गर्न दिएनन् ।

मञ्चले पुर्जा दिने हो र ? भनेर खिसी गर्थे अभियानकर्ताहरूलाई । विशेषगरी माओवादीले 'पुर्जा ल्याइदिने त हामी पो हौँ' भनेर भड्काउन खोजे । जब भूमि अभियानकै कारण केही बिर्ताको र केही गुठीको जमिनको जग्गा धनी प्रमाण पुर्जा बनेर वितरणसमेत भयो, जमिनवालाले बैङ्कमा धितो राखेको जमिनसमेत फिर्ता ल्याएर किसानकै नाममा पुर्जा बनाउन सकियो, त्यसपछि भने खिसीकर्ताहरू आफैँ खिसीका पात्र बनेका छन् । पीडितको घर/घरका सन्दुकमा राखिएका पुर्जा आफैँ त्यसको उत्तर बनेका छन् । अझै पनि उत्तर खोजिरहेकालाई उत्तर दिने कुशल भूमि कार्यकर्ता/अगुवा तयार भएका छन् । हेमनाथ यो उपलब्धि चानचुने नभएको ठान्छन् । कतैबाट सहयोग आए अभियान चलाउने नत्र चूपचाप बस्ने प्रवृत्तिसमेत अन्त्य हुनु अर्को महत्वपूर्ण उपलब्धि भएको उनको दाबी छ ।

तर अभियानसमक्ष केही चुनौती पनि रहेका हेमनाथको स्वीकारोक्ति छ । जस्तो- ३ तहको सरकार बनेपछि सबैतिर धाउनुपर्ने, एकले अर्कोलाई देखाएर पन्छिने अवस्था बनेको छ । तर पनि 'यिनीहरूले गर्छन् भन्ने आमस्वीकारोक्तिचाहिँ अभियानको सबै भन्दा ठूलो सम्पत्ति भएको' उनको बुझाइ छ ।

यिनीहरूले पुर्जा दिन सक्दैनन् भनेर प्रचार गर्दै हिंड्ने माओवादीलाई नै पुर्जा वितरण गर्न लगाउनु, सफलताको श्रेय आफूले मात्र नलिएर सबैलाई दिनु जस्ता रणनीतिले पनि अभियानप्रति सबैजना सकारात्मक बन्न सकेको उनको बुझाइ छ । अब यो अभियानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्छ भन्ने हेमनाथ यसको कारण यसरी खुलस्त पार्छन्- यो सवाल जमिनको पुर्जा प्राप्तिसँग मात्र सम्बन्धित छैन, यो

प्रकृति र वातावरण संरक्षणको सवाल पनि हो ।

अहिलेसम्म जिल्ला भूमि अधिकार मञ्चको ५ वटा कार्यसमिति बन्यो । जसमध्ये हेमनाथ एउटामा अध्यक्ष भएर काम गरे भने ३ वटामा सचिवका रूपमा भूमिका निर्वाह गरे । सुरूदेखि नै यो अभियानमा डटेर लागेका हेमनाथ आफ्नो कार्यकालमा भएका कामबाट आफैं पनि सन्तुष्ट छैनन् । एकातिर अपेक्षा धेरै अर्कोतिर आफ्नो र सङ्गठनको सीमितता थोरै । त्यसमाथि कोरोना जस्ता महामारी उनकै कार्यकालमा । त्यसैले पनि अपेक्षाकृत काम गर्न नसकिएको उनकै स्वीकारोक्ति अस्वाभाविक लाग्दैन ।

भूमि अधिकार अभियानले उठाएका कतिपय सवाल स्थानीय सरकारहरूले पनि पूरा गर्न सक्थे । तर हेमनाथ र भूमि अभियानकर्ताहरूले जसले आफ्नो सवाल बुझ्छ र परिवर्तन गर्छ भन्ने ठानेर जिताएर पठाए, कुर्सीमा पुगेपछि उनीहरू आफैं परिवर्तन भए । त्यसैले पनि राजनीतिक पाटो दाहिने नहुँदा गर्न सकिने धेरै काम पनि अधुरै रहेको गुनासो उनको छ ।

हेमनाथको भूमि अभियानमा लामो समय लाग्दाको निष्कर्ष छ- कुनै पनि अभियान सफल तुल्याउन वातावरण तयार बनाएर मात्र अघि बढ्नुपर्ने रहेछ । सङ्गठित गराउन सक्नु ठूलो कुरा रहेछ । सवाललाई प्रधान ठान्दा पार्टीगत आधारमा हेर्न नहुने रहेछ । सबैलाई साथ लिएर अघि बढ्दा मात्र गन्तव्य छोट्टिने रहेछ ।

उनको यो बुझाइ यस कारण सही हो कि भूमि अभियानले आत्मसात गरेको यही मान्यताको नतिजास्वरूप आज रसुवाका सबै दलमा कोही न कोही भूमि अधिकारबाट वञ्चितको पक्षमा वकालत गर्ने मानिस छन् । सयौं यस्ता भूमि अगुवा तयार भएका छन् जसलाई कार्यक्रम/गतिविधि गर्न दाता चाहिन्न, स्वःस्फूर्त अघि बढ्छन् । जसले विचार र धारणा निर्माण गर्न सक्छ त्यही नेता हो । त्यसैले त हेमनाथ सदाबहार भूमि नेता बन्न सफल व्यक्ति हुन् ।

## अविराम अगुवा

कालिका गाउँपालिका-२ गैराघरकी बिर्तापीडित चित्रकुमारी भट्ट न्यौपाने भूमि आन्दोलनकी एक योद्धा हुन् । उनले पढ्न पाइनन् । बाल्यकाल घाँसपात, बाख्रावस्तु गोठालो, मेलापातमै बित्यो । १७ वर्षको उमेरमा ध्रुवप्रसाद न्यौपानेसँग विवाह भयो ।

ससुराले जुनेली रातमा नाम्लो-डोरीको पटुकी कसेर, ढुङ्गा फुटाएर, पाखो बिराएर खेत बनाएको र लडेका पहिरो लगाएको दृश्य उनको आँखामा अझै झलझली आउँछ । पछि थाहा पाइन्- उनको ससुराको पनि बाबु-बाजेको समेत रगत पसिनाले मुछिएको त्यो माटो राजाका नातेदारको अर्थात् बिर्तावालाको नाममा पो रहेछ ।

बिस्तारै उनी भूमि आन्दोलनमा जोडिइन् । घरको काम, मेलापात सबैको व्यवस्थापन गरेर बैठकमा पुग्न थालिन् । नाम सुनाउँदा पनि रातोपिरो हुने उनी आन्दोलनको लामो समयपछि तर्कपूर्ण र तार्किक भाषण गर्ने भएकी छिन् । गाउँ मञ्चको अगुवा हुँदै उनी जिल्ला भूमि अधिकार मञ्चको अध्यक्षसमेत भइन् । एक पटक सुकुमबासी समस्या समाधान आयोगको सदस्य भइन् भने २०७४ मा भएको स्थानीय तहको निर्वाचनमा वडा सदस्य निर्वाचित भएकी चित्रकुमारी ५ वर्षसम्म जिल्ला समन्वय समिति रसुवाको सदस्य भइ काम गर्ने तहमा पुगिन् ।

उनी अध्यक्ष भएकै समयमा ठूलो पङ्क्तिमा किसानहरू २०७१ जेठमा बिर्ता तथा गुठी खारेजी माग राखी मालपोतमा ७ दिन धर्ना पनि बसे । आन्दोलनपछि सरकारले बिर्ता समस्या समाधान गर्ने प्रतिबद्धता गऱ्यो ।

२०७२ सालको भूकम्पले पीडित बनेका सदस्य परिवारलाई राहत दिलाउने, पुनर्निर्माण र पुनर्स्थापनाका कार्यहरूमा पनि मद्दत गरिएको थियो । चित्रकुमारी भन्छिन्- भूकम्पले हाम्रा सदस्यहरूलाई ठूलो पीडा दियो । क्षति बेहोर्नु पऱ्यो । उसै त त दुःखी र गरिब, झन प्राकृतिक विपत्तिले पनि उसैगरी समस्या थपिदियो । तैपनि हामीले सानै भए पनि सो समयमा सहयोग गर्न सक्यौं, सदस्यहरू खुसी भए ।

चित्रकुमारी भन्छिन्- बिर्ता जग्गाले हामीलाई साह्रै दुःख दिएको छ । जग्गा न आफ्नो भन्न पाइएको छ न त सरकारलाई नै कर तिर्न पाएका छौं । दोहोरोखाले समस्यामा हामी छौं । उनको प्रश्न छ- नेताहरूले चाहे ऐन, कानुन सबै फेर्न मिल्ने, उन्मूलन भइसकेको बिर्ताको जग्गा धनी प्रमाण पुर्जा हामीले लिन किन नपाउने ? तर हामी आफ्नो जग्गाको जग्गा धनी प्रमाण पुर्जा लिइछाड्ने अभियानका साथ अभियानमा छौं ।

चित्रकुमारी घर/परिवारको काम सम्हाल्दै आन्दोलन र अभियानको कहिले नेतृत्व गर्दै त कहिले सहभागी हुँदै जिल्ला मात्र होइन, काठमाडौंलगायत विभिन्न जिल्लामा पनि पुगेकी छिन् । यसरी हिंड्दा धेरै सिकाइ हुने रहेछ, भूमि अभियानका सवालहरूबारे ज्ञान बढ्ने रहेछ र आन्दोलनमा अझ सक्रिय हुन उत्साह पनि थपिने रहेछ ।

भन्छिन्- त्यही भएर मञ्चले बोलाएको ठाउँमा कहीं जान पनि छुटाएकी छैन । यो २० वर्षको अवधिमा धेरै ज्ञान लिइयो, धेरै सिकाइ पनि भयो र विभिन्न तीता-मीठा अनुभव पनि बटुलियो । अब पहिले जस्तो अवस्था छैन, घर/परिवारमा पनि केही सहजता भएको छ, अझ बढी सक्रिय भएर यो आन्दोलनकै बलमा आफ्नो पनि बिर्ता जग्गाको जग्गा धनी प्रमाण पुर्जा लिने र अरू पीडितलाई पनि जग्गा धनी प्रमाण पुर्जा दिलाउने अठोट गरेकी छु ।

## व्यवसाय पनि, आन्दोलन पनि

टङ्कलबहादुर नगरकोटी सुरुवातदेखि नै जिल्ला भूमि अधिकार मञ्चका सक्रिय अगुवा हुन् । हाल मञ्चको उपाध्यक्ष छन् । काभ्रे गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित छन् । २०७४ सालको स्थानीय तहको निर्वाचनमा मञ्चका अध्यक्ष स्थानीय तहमा निर्वाचित भएपछि उनले कार्यबाहक अध्यक्षको भूमिका पनि निर्वाह गरे ।

टङ्कलबहादुरको आम्दानीको स्रोत भनेको सानो होटल व्यवसाय हो । यो व्यवसाय उनी र उनको परिवार मिलेर कालिकास्थानको घुम्ती बजारको आफ्नै घरमा सञ्चालन गर्दै आएको वर्षौं बित्यो । तर उनले आजसम्म कुनै पनि आन्दोलन र अभियानको काममा अनुपस्थिति भने जनाएका छैनन् । जहाँ भने पनि पुगेकै छन् । उनी भन्छन्- म घरमा छँदा आफ्नो काम गर्छु, मञ्चले खटाएको बेलामा आन्दोलन र अभियानको काममा पनि उत्तिकै सक्रिय छु । हामी आफ्नो गाउँ मञ्चको नियमित बैठक बस्छौँ । कोष जम्मा गर्छौँ । आफ्नो गाउँ मञ्चको नियमित बैठक राखेर सबैलाई सक्रिय तुल्याइराख्नुपर्छ भन्नेमा प्रतिबद्ध देखिन्छन् टङ्कल ।

टङ्कलबहादुर बिर्तापीडित किसान हुन् । उनको काभ्रे गाउँमा रहेको घरबाससमेत बिर्तामा छ । बिर्ताको जग्गा आफ्नो नाममा ल्याउने अभियानमा लागेको २० वर्ष हुन लाग्यो, टङ्कल भन्छन्- मेरो पहिले बिर्तावाल काठमाडौँको थियो, पछि आफ्नै जिल्लाकाले किनिसकेछ । पटक-पटक घर/जग्गा खाली गर भन्दै धम्की दिन नयाँ जग्गा धनी बनेकाहरू आए । तर हामीले छाडेनौँ । जिल्ला भूमि अधिकार मञ्चका अगुवाहरू पनि आएर सहयोग गर्नुभयो ।

कालिकास्थानको जग्गा हो, ठूलो पैसा पाइन्छ भनेर कसैले फसाइदिएछ, मान्छे रसुवाकै गोगनेको रहेछ, टङ्कल भन्छन्- अब हामीले त आफ्नो घरबाससमेत

भएको जग्गा छाड्ने कुरा भएन, जोसँग किनेको हो, उतै जाउ भनिदिएका छौं ।

टङ्कलको ठूलो परिवार छ । सबै आआफ्नो पेसा/व्यवसायमा आबद्ध छन् । तैपनि टङ्कल र उनकी श्रीमती बिहानैदेखि आफ्नै घरमा राखिएको होटल व्यवसायमा खट्छन् । त्यसका अलावा खेतीपातीको काममा पनि उत्तिकै खट्छन् उनी । थप्छन्- खानका लागि दुःख त गर्नैपर्‍यो ।

धुन्चेको आन्दोलन होस् कि काठमाडौं या विभिन्न जिल्लाको, राष्ट्रिय मञ्चले आयोजना गरेको सम्मेलन र आन्दोलनका हरेक कार्यक्रममा टङ्कल पुगेकै हुन्छन् । उनको भनाइ छ- यसरी हिंड्दा ज्ञान पनि पाइने र साथी पनि चिनिने रहेछ । अन्त जिल्लाको हेरी हाम्रो समस्या त धेरै कम हो जस्तो लाग्छ मलाई । भूमिको समस्या अरू जिल्लामा धेरै पीडादायक रहेछ ।

अब हामी जिल्लामा रहेको बिर्ता र गुठी समस्या समाधान गरेरै छाड्छौं । आन्दोलनमा लागिहालियो, लागेपछि आफूले उठाएको सवाललाई टुङ्गोमा पुर्‍याउनुपर्छ । नत्र पछिल्लो पुस्ताले पनि हामीले जस्तैं दुःख पाउन सक्छन् ।

## हाकुकी असली नेता

मेन्दो तामाङ आमाछोदिङ्मो गाउँपालिका वडा नं. १ हाकुबेसी बस्छिन् । उनी भूमि अधिकार आन्दोलनमा २०६४ देखि सहभागी भइन् । उनी गुठी पीडित हुन् । उनी, उनको परिवार र गाउँले सबैले बसोबास गरेको र जोतखन गरेको जग्गा गुठीमा दर्ता भएको छ । गुठी पनि स्थानीय होइन, जग्गा यहाँको तर गुठीचाहिं काठमाडौंस्थित स्वयम्भु घ्याङको ।

हाकु गाउँ, भिरालो जमिन । न त राम्रो उब्जनी नै हुने । तैपनि आफ्नो जीविकोपार्जनका लागि किसानहरू बडो कष्टसँग खेतीपाती गर्दैछन् । खेत छैन, धान फल्दैन । भिरालो र पाखो बारी छ । कोदो र मकै मुस्किलले फल्छ । खरबारी र पाखोहरूमा गाईवस्तु र बाख्राका लागि चरन र घाँसपातका लागि भने उपयुक्त छ । मेन्दो किसान हुन्, उनी भूमि अधिकार आन्दोलनमा एकदम सक्रिय भएर लागिन् ।

हाकुको आन्दोलनको नेतृत्व गरेकी मेन्दो भन्छिन्- साविक हाकु गाविसको ६ वटा वडा त पूरै गुठीकै नाममा छ । यो अहिले आमाछोदिङ्मो गाउँपालिका वडा नं. १

र २ मा पर्छ । यहाँका ५०० भन्दा बढी परिवार गुठी समस्याले पिरोलिएका छन् ।

मेन्दो थप्छिन्- जग्गा वि.सं. २०३५ सालमा नापी नक्सा हुँदा जग्गा धनी स्वयम्भु पुरानो घ्याङ गुठीको नाममा मालपोत कार्यालय रसुवामा दर्ता कायम गरिदिएछन्, हामीलाई त मोहीका रूपमा पो राखिदिएछन् । यस्तो अन्याय भएकाले हामी भूमि अधिकार आन्दोलनमार्फत आफ्नो जग्गाको स्वामित्व लिने अभियानमा सङ्गठित भएका हौँ ।

भूमि अधिकार मञ्चको अगुवाइमा २०७४ मा १३२ परिवारको भने मोही पुर्जा बन्यो । यो पुर्जा बनाउनकै लागि पनि धेरै नै सङ्घर्ष गर्नुपर्‍यो । मेन्दो भन्छिन्- लामो समयदेखि कुत तिर्न बाँकी रहेछ । त्यो कुत मिनाहा गरिदिनका लागि भूमि अधिकार मञ्चका पदाधिकारी र तत्कालीन सांसद जनार्दन ढकालले धेरै प्रयत्न गर्नुभयो र सबैको कुत मिनाहा भयो । जम्मा एकमुष्ट ५ हजार रुपियाँ तिरे पुग्ने भयो । त्यो ५ हजार पनि हाकुका युवाहरूले कताकताबाट उठाएर किसानलाई राहत दिए । पुर्जा बनाउनका लागि महिनौँ लाग्यौँ, भूमि अधिकार मञ्चका अगुवा र अभियानकर्ताहरू अहोरात्र खटेर र जीवनमा पहिलोपटक रातो जग्गा धनी प्रमाण पुर्जा (मोही नै भए पनि) लिन पाउँदा किसान ज्यादै खुसी भए । मेन्दोको भनाइ छ- यो पुर्जा पाएपछि आफ्नो बसोबास र खेती गरिएको जमिनको अबचाहिं सुरक्षा भयो कि भन्ने आशा पलाएको छ ।

मेन्दो एक समयकी सक्रिय अगुवा हुन् । उनी आन्दोलनका लागि हाकुको गाउँ-गाउँ मात्र डुलिनन्, सदरमुकाम धुन्चे, कालिकास्थान, काठमाडौँ र त्यस भन्दा परका जिल्लाहरूमा समेत पटक-पटक पुगेको सम्झिन्छिन् । थप्छिन्- पहिले पहिले आन्दोलन र अभियानको काममा म अघि लागिदिए हुन्थ्यो भन्ने गाउँबासीको चाहना हुन्थ्यो, अनि म पनि घरमा मेलोमेसो मिलाएर जहाँ जहाँ जानुपर्छ जान्थेँ । म हिंड्दा जिल्ला मञ्चका साथीहरू पनि खुसी हुन्थे । त्यसैले मलाई आन्दोलनमा हिंडिरहन ऊर्जा दिन्थ्यो ।

## प्रारम्भका अगुवाका कथा

उत्तरगया गाउँपालिका वडा नं. २ डाडाँगाउँकी लक्ष्मी गुरूङ एक समय भूमि अधिकार आन्दोलनको सक्रिय अगुवा थिइन् । भूमि अधिकार आन्दोलनको सुरूवातका दिनहरूमा लक्ष्मी अति नै सक्रिय भएर खट्थिन् । बैठक हुन्थ्यो कालिकास्थानमा अनि कहिले धुन्चेमा । तर जहाँ भए पनि उनी पुग्थिन्, पुग्थिन् । झोलामा सधैं बोक्थिन भुटेको मकै र भटमास । साथीभाइलाई पनि खुवाउने गरी बोकेकी हुन्थिन् । जिल्लाभित्र मात्र होइन, जिल्ला बाहिर जहाँ जहाँ आन्दोलन हुन्छ, त्यहाँ त्यहाँ रसुवाबाट प्रतिनिधित्व गर्न पुग्नेमा पहिलो रोजाइमा लक्ष्मी नै पर्थिन् । आफ्नो सातु, सामल बोक्ने र लुरूलुरू हिंड्ने लक्ष्मी सबैकी प्रिय पनि थिइन् ।

लक्ष्मी गुरूङ पटक-पटक जिल्ला भूमि अधिकार मञ्चको अगुवा सदस्य भइन् भने एकपटक राष्ट्रिय भूमि अधिकार मञ्चको केन्द्रीय सदस्यसमेत भइन् । केन्द्रीय सदस्य भएपछि त झन उनको सक्रियता बढ्ने नै भयो । भन्छिन्- मैले काठमाडौंमा भएका आन्दोलनहरू कहिले पनि छुटाइन् । काठमाडौं बाहिर हुने आन्दोलन र मञ्चको सम्मेलन/भेलाहरूमा धेरै ठाउँ पुगें ।

भूमिहीन लक्ष्मी माइतीगाउँ डाडाँगाउँमै ४ आना जग्गा किनेर घर बनाइ बसेको बताउँछिन् । भन्छिन्- खेतीपाती गरिखाने जग्गा त छैन, माइतीसँग नै सानो क्षेत्रफलको जग्गा किनेर घर बनाएर बसेकी छु । छोरोलाई दुःख सुख पढाएँ, नागरिकता बनाउन नसकेर जागिर गर्नचाहिं पाएको छैन । छोराको नागरिकताका लागि अहिले भौतारिइरहेकी छु ।

## भूमि : मन, वचन र कर्ममा

कालिका गाउँपालिका वडा नं. ३ कटुन्जेकी सुष्मा न्यौपाने सानै उमेरदेखि भूमि अधिकार अभियानमा जोडिएकी हुन् । भर्खरै विद्यालय शिक्षा सकेकी न्यौपानेलाई जिल्ला भूमि अधिकार मञ्चमा कार्यालय सचिवका रूपमा काम गर्ने जिम्मेवारी आयो । २०६६ सालदेखि यो भूमि अधिकार अभियानमा जोडिएकी सुष्मा त्यसपछि निरन्तर मञ्च र भूमि अभियानमै अभियानकर्मीका रूपमा सक्रिय छिन् ।

सुष्मा विद्यालय शिक्षा सकेपछि बाँकी शिक्षा र ज्ञान यही भूमि आन्दोलनबाट लिएको बताउँछिन् ।भन्छिन्- यसबीचमा धेरै आन्दोलन र अभियानका कार्यक्रमहरूमा सहभागी भएँ, आन्दोलनको सडक नै पाठशाला हो । किशोरकालदेखिकै आन्दोलनकारी हुन् उनी, जो बिर्तापीडित बुबा भवानीप्रसाद न्यौपानेको पछि-पछि भूमि आन्दोलनमा लम्किरहिन् ।

सुष्माले आन्दोलनसँगसँगै आफ्नो पढाइलाई पनि निरन्तरता दिइन् । आफ्नै गाउँ नजिकै कालिकास्थानमा रहेको कालिका हिमालय क्याम्पसबाट स्नातकोत्तर तहसम्म अध्ययन सकाइसकिन् । सुष्मा भन्छिन्- हामीले जिल्लामा आन्दोलन सुरु गरेपछि मन्त्रालयमा गएर ज्ञापनपत्र बुझायौं । २०६६ मा मन्त्रिपरिषद्को बैठकबाट 'ख' श्रेणीको बिर्ता जग्गा जोतभोग गरेका किसानले आफ्नो नाममा दर्ता गराउन सक्ने निर्णय भएबाट पनि केही किसानले जग्गा धनी प्रमाण पुर्जा पाउन सके । यो हाम्रो आन्दोलनको आंशिक उपलब्धि थियो ।

सरकारले निर्णय त गर्‍यो तर पुर्जा लिन भने साह्रै सङ्घर्ष गर्नुपर्‍यो । किसानले प्रमाणसहित निवेदन पेस गर्नुपर्ने भयो । पुराना कागज नष्ट भइसकेका थिए । तिरो बुझाएका रसिद, अस्थायी निस्सा, नागरिकता केहीका भेटिए, केहीसँग त्यो पनि थिएन । अर्को साल पुसको ठण्डीमा धुन्चेको चिसोमा करिव १ महिना बसेर सबै बिर्तापीडितको फिल्डबुक उतार गरे सुष्मा र उनका साथीहरूले । स्थानीय निकायबाट सिफारिस बनाउन र गाउँ सरजमिन मुचुल्का उठाउन गाउँ-गाउँ धाइन् । यत्तिले पुगेन, बिर्तावालाको म्याद-तामेली गर्न काठमाडौं गइन् ।

त्यसैले २८ दिनसम्म उनी अरू पाँच जनाको समूह (भवानी, विश्वास, सङ्गीता, हेम र खिलप्रसाद) सँग काठमाडौंका चिसा, अँध्यारा गल्ली-गल्ली चाहारिन् । 'एक त हामी गाउँको मान्छे, काठमाडौंको बाटो-घाटो, ठेगाना थाहा थिएन, खान-बस्न र गाडी भाडा तिर्न पनि गाह्रो थियो । कहिले बाटो भुलिएर हराइन्थ्यो- महाबौद्धको गल्लीभित्र, चाबहिलभित्र...धेरै ठाउँमा धेरै पटक हराएका छौं । कहिले गल्लीमा कुकुरले लखेटेर भागाभाग पार्थ्यो'- उनले सुनाइन् । बिर्तावालाको ठेगानामै म्याद तामेल टाँस गर्न', घर नभेटे सम्बन्धित वडा कार्यालयमा म्याद टाँसेर उनीहरूले बुझेको हस्ताक्षर कपी ल्याउनु एक महाहैरानीको काम थियो । तर किसानको मुहारमा खुसी ल्याउने सपनाको बाटो सुष्मा हिंडिरहिन् ।

म्याद तामेलीको पत्र लिएर, सरासर मालपोत गएर, फेरि लामो समय सदरमुकाम बस्नु, फिल्डबाट कागजात जुटाउनु, किसानको तारेक धान्न सहयोग गर्नु जस्ता महत्त्वपूर्ण कार्यमा सुष्माहरूले गरेको योगदानले नै किसानले हातहातमा जग्गा धनी प्रमाण पुर्जा पाउन सकेका हुन् । सुष्मा भन्छिन्- 'आन्दोलनभित्रका केहीले जग्गा पाए, केही समय खुसी छायो । आन्दोलनमा उत्साह पनि थपियो । तर फेरि धेरै किसान जग्गा धनी प्रमाण पुर्जा पाउनबाट वञ्चित हुनुले पूर्ण खुसी हुन पनि सकिएन ।' अधिकांशको निवेदन मालपोत कार्यालयले कारबाही नै नगरी पोको पारेर थन्क्याइदियो, कारण थियो- जोतभोग गरेको बिर्ता जग्गाको जग्गा धनी प्रमाण पुर्जा किसानलाई नै थाहा नदिई बिर्तावालाले पुर्जा बनाइ लगिसकेका रहेछन् ।

यो मात्रै होइन, रसुवा जिल्लाभित्र र जिल्ला भन्दा बाहिर आयोजना भएका धेरै आन्दोलन र अभियानका काममा रसुवाली भूमि अगुवाहरूले सहभागिता जनाएका थिए । जसमा सुष्मा पनि सहभागी हुन्थिन्, समन्वय र व्यवस्थापन गर्थिन् । सुष्मा सम्झन्छिन्- २०६७ साल चैतमा काठमाडौँमा महिला किसानको आन्दोलन भएको थियो । जहाँ देशभरबाट करिब १ हजार महिला किसान सहभागी भएका थिए । रसुवाका ४० महिला काठमाडौँ आएका थिए । सबैका झोलामा थिए- आफ्ना लागि एउटा थाल, गिलास, ओढ्ने बर्को र तन्ना । आन्दोलनमा आउन नसकेकाले पनि दाल, चामल, नून, तेल, आलु पठाएका थिए । १ हप्ता भन्दा बढी काठमाडौँको खुला मञ्चमा भएको त्यो आन्दोलनले धेरै पाठ सिकायो । आन्दोलनको नवौं दिन सम्झौता भयो, सबै घर फर्किए । त्यही साल सरकारले नीति तथा कार्यक्रममा भूमिमा महिलाको अधिकार सुनिश्चितताका लागि सय रुपियाँमा संयुक्त जग्गा धनी प्रमाण पुर्जा बन्ने नीति ल्यायो । महिलाको नाममा जग्गा पास गर्दा लाग्ने शुल्कमा समेत स्थानअनुसार २५ देखि ५० प्रतिशतसम्म छूट दिने व्यवस्था सरकारले ल्यायो । सुष्मा भन्छिन्- यो नीति आएपछि हामीले रसुवामा गाउँघर अभियान गरेर यसको महत्त्व बुझायौं, ८८७ जोडीले अभियानमा सहभागी भएर संयुक्त जग्गा धनी प्रमाण पुर्जा बनाएका छन् ।

सुष्मा भन्छिन्- २०७१ जेठ ३ मा गाउँ-गाउँबाट दाल, चामल, नून, तेल, तरकारी, भाँडा, ओढ्ने, ओछ्याउनेसहित हलो, जुवा, कुटो, कोदालो, डोको-नाम्लो बोकेर करिव ३०० किसान जिल्ला मालपोत कार्यालय, धुन्चेमा धर्ना बस्न पुग्यौं । माग थियो- बिर्ता जग्गा रैकर गर्नुपर्ने, गुठी समस्या समाधान गर्नुपर्ने ।

आन्दोलनको सातौँ दिनमा सरकारसँग सम्झौता भयो, बिर्ता समस्या समाधान गर्ने भनी सरकारी प्रतिबद्धता पनि आयो । तर सहमति भएको दशक बित्यो, समाधान हुन सकेन । सुष्मालाई दिक्क लागेको छ- सरकार देखेर । सम्झौता गर्ने तर कार्यान्वयन भने नहुने ।

सुष्मा भन्छिन्- हामीले भूमि अधिकार अभियान सँगसँगै गाउँ-गाउँमा मञ्च गठन गरेर बिर्तापीडित, गुठीपीडित, भूमिहीन सुकुमबासीलाई सङ्गठित गऱ्यौं । अभियानमा जोड्दै लग्यौं । कोष सङ्कलन गरेर अभियानमा चलायमान बनायौं । गाउँ-गाउँमा भूमि शिविर र प्रशिक्षण गऱ्यौं । यसले मानिसलाई आन्दोलनप्रति जागरूक बनाउन मद्दत गऱ्यो । र, स्थानीय स्रोत सङ्कलन गरेर नै भूमि घर बनायौं । थप्छिन्- यसले छलफल गर्ने, प्रशिक्षण गर्ने र भेला हुने थलोका रूपमा राम्रो भूमिका निर्वाह गऱ्यो । अभियानलाई सफलपूर्वक अघि बढाउनका लागि यी कार्यले धेरै नै महत्त्वपूर्ण भूमिका खेल्ने रहेछन् ।

# अनुसूची

## २०६७ सालमा बिर्ता जग्गाको जग्गा धनी पुर्जा लिने रसुवाका किसानहरूको विवरण

**(२०६७/११/३ को गोरखापत्र दैनिकमा प्रकाशित सूचनाका आधारमा)**

| क्र. सं. | गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनीको नाम | निवेदन माग गर्ने मोहीको नाम/थर |
|---|---|---|---|---|---|---|
| १ | भोर्ले | ६ | १८७ | ३-४-०-३ | होमनाथ पौडेल | शिवकुमारी पौडेल |
| २ | भोर्ले | ९ | १४० | ३-४-१-२ | होमनाथ पौडेल | टीकानाथ देवकोटासमेत |
| ३ | भोर्ले | १ | ५४६ | ५-१४-२-० | भीमकुमारी पौडेल | नारायणदत्त देबकोटा |
| ४ | भोर्ले | ९ | १०९ | ४-८-३-० मध्ये | ध्रुवनाथ कल्याणनाथ | धर्मदत्त अधिकारी |
| ५ | भोर्ले | ८ | १११ | २-१३-३-३ | ध्रुवनाथ कल्याणनाथ | भुवनेश्वरी पौडेल |
| ६ | भोर्ले | ९ | १०८ | ७-५-०-०3 | ध्रुवनाथ कल्याणनाथ | सोमप्रसाद देवकोटा |
| | भोर्ले | ९ | १०९ | ४-८-२-० | ध्रुवनाथ कल्याणनाथ | सोमप्रसाद देवकोटा |
| ७ | भोर्ले | ८ | ७९ | ४-१०-१-० | ध्रुवनाथ कल्याणनाथ | धनबहादुर तितुङ |
| ८ | भोर्ले | ८ | ११५ | १-१२-०-२ | ध्रुवनाथ कल्याणनाथ | सन्तबहादुर तामाङ |
| | भोर्ले | ९ | १०५ | ८-११-३-३ | ध्रुवनाथ कल्याणनाथ | सन्तबहादुर तामाङ |
| ९ | भोर्ले | ९ | १०५ | ८-११-३-४3 | ध्रुवनाथ कल्याणनाथ | मगनाथ देवकोटा |
| १० | भोर्ले | ९ | १०५ | ८-११-३-५3 | ध्रुवनाथ कल्याणनाथ | नवराज न्यौपाने |
| ११ | भोर्ले | ९ | १०८ | ७-५-०-० | ध्रुवनाथ कल्याणनाथ | गोविन्दप्रसाद अधिकारी |
| १२ | भोर्ले | ९ | १२२ | ५-१४-३-१3 | ध्रुवनाथ कल्याणनाथ | टुकादेवी अधिकारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | भोर्ले | ९ | १०८ | ७-५-०-०उ | ध्रुवनाथ कल्याणनाथ | ठाकुरप्रसाद देवकोटा |
| | भोर्ले | ९ | १०९ | ४-८-०-०उ | ध्रुवनाथ कल्याणनाथ | ठाकुरप्रसाद देवकोटा |
| १४ | भोर्ले | १ | २९७ | ०-३-०-२ | भीमकुमारी पौडेल | चिन्तामणि पौडेल |
| १५ | भोर्ले | ९ | १११ | ११-०-३-० | होमनाथ पौडेल | मेदनीदत्त न्यौपाने |
| | भोर्ले | ९ | ११० | ३-१०-२-० | बोधकुमारी | मेदनीदत्त न्यौपाने |
| १६ | भोर्ले | ८ | १५६ | ८-९-२-२ | ध्रुवनाथ कल्याणनाथ | धनप्रसाद न्यौपाने |
| १७ | भोर्ले | ८ | ८९ | ७-९-०-१ | भद्रकुमारी पौडेल | इन्द्रप्रसाद लामिछाने |
| १८ | भोर्ले | ९ | १४२ | ३-१-१-२ | भद्रकुमारी पौडेल | बद्रीप्रसाद अधिकारी |
| १९ | भोर्ले | ७ | ३३१ | ८-२-०-३ | बोधकुमारी पौडेल | सुकदेब न्यौपाने |
| २० | भोर्ले | १ | २६२ | ०-३-१-१ | जगतप्रकाश टंकराज दुर्गाप्रकाश समेत | लक्ष्मीमाया पौडेल |
| | भोर्ले | १ | २४१ | ०-९-१-३ | भीमकुमारी पौडेल | लक्ष्मीमाया पौडेल |
| | भोर्ले | १ | २४३ | ०-२-३-१ | भीमकुमारी पौडेल | लक्ष्मीमाया पौडेल |
| २१ | भोर्ले | ९ | १४३ | ३-६-०-३ | बोधकुमारी | दयानिधि देबकोटा |
| २२ | भोर्ले | ९ | १४९ | ७-१०-२-३ | बोधकुमारी | पुतलीदेवी अधिकारी |
| २३ | भोर्ले | ८ | ९२ | १-८-२-१ | बोधकुमारी पौडेल | लुमडीप्रसाद लामिछाने |
| | भोर्ले | ८ | ७७ | ६-१३-०-२ | ध्रुवनाथ कल्याणनाथ | लुमडीप्रसाद लामिछाने |
| | भोर्ले | ८ | १५३ | २-९-२-० | ध्रुवनाथ कल्याणनाथ | लुमडीप्रसाद लामिछाने |
| | भोर्ले | ८ | १५९ | ५-९-१-१ | ध्रुवनाथ कल्याणनाथ | लुमडीप्रसाद लामिछाने |
| २४ | भोर्ले | १ | २७३ | ३-४-१-२ | शिवबहादुर थापा का. विशालनगर | पूर्णप्रसाद पौडेल |
| २५ | भोर्ले | १ | ५४७ | २-८-३-२ | शिवबहादुर थापा का. विशालनगर | कृष्णबहादुर तामाङ |
| २६ | भोर्ले | १ | २७५ | १-०-२-३ | शिवबहादुर थापा का. विशालनगर | दिवाकर देवकोटा |
| २७ | भोर्ले | ८ | १०७ | १-१२-२-२ | बोधकुमारी पौडेल | यदुनाथ ढकाल |
| २८ | भोर्ले | ९ | १४५ | ५-१४-२-३ | बोधकुमारी | पवित्रा अधिकारी |
| २९ | भोर्ले | ९ | १४२ | ३-१-१-२ | बोधकुमारी | हेमनाथ ढकालसमेत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भोर्ले | ९ | १४७ | ४-०-०-०उ | बोधकुमारी | हेमनाथ ढकालसमेत |
| | भोर्ले | ८ | १२६ | ७-९-१-० | बोधकुमारी पौडेल | हेमनाथ ढकालसमेत |
| | भोर्ले | ८ | १०६ | १-११-२-० | ध्रुवनाथ कल्याणनाथ | हेमनाथ ढकालसमेत |
| ३० | भोर्ले | ९ | १४७ | ४-०-०-०उ | बोधकुमारी | तिलप्रसाद अधिकारी |
| ३१ | भोर्ले | ७ | ९६ | १५-३-०-२ उ | होमनाथ पौडेल | ठाकुरप्रसाद अधिकारीसमेत |
| ३२ | भोर्ले | ६ | २५३ | ४-१५-१-० | बोदकुमारी का. इ. ज्ञानेश्वर | समरबहादुर पनेरु |
| ३३ | लहरेपौवा | ४ | २३१ | २-५-३-० | होमनाथ उपाध्याय | जीतबहादुर थिङ |
| | लहरेपौवा | ४ | २५६ | ०-७-०-१ | होमनाथ उपाध्याय | जीतबहादुर थिङ |
| | लहरेपौवा | ४ | २५७ | १-४-०-२ | होमनाथ उपाध्याय | जीतबहादुर थिङ |
| | लहरेपौवा | ४ | ४१४ | १-१३-२-१ | होमनाथ उपाध्याय | जीतबहादुर थिङ |
| | लहरेपौवा | ४ | ४१५ | १-११-२-३ | होमनाथ उपाध्याय | जीतबहादुर थिङ |
| | लहरेपौवा | ४ | ४२१ | १-५-०-१ | होमनाथ उपाध्याय | जीतबहादुर थिङ |
| | लहरेपौवा | ४ | ४२२ | ०-११-२-२ | होमनाथ उपाध्याय | जीतबहादुर थिङ |
| ३४ | लहरेपौवा | ४ | २३५ | २-१-०-० | होमनाथ उपाध्याय | कमानसिंग तामाङ |
| | लहरेपौवा | ४ | ४२७ | २-४-२-२ | होमनाथ उपाध्याय | कमानसिंग तामाङ |
| | लहरेपौवा | ४ | ४३० | २-७-३-२ | होमनाथ उपाध्याय | कमानसिंग तामाङ |
| ३५ | लहरेपौवा | ४ | ३५६ | १०-७-०-३ | होमनाथ उपाध्याय | हिमनाथ आचार्य |
| ३६ | लहरेपौवा | ३ | ४८ | २-६-३-१ | होमनाथ उपाध्याय | गुरुप्रसाद घिमिरे |
| ३७ | लहरेपौवा | ५ | ३०० | ०-१३-१-२ | होमनाथ उपाध्याय | पद्मकान्त न्यौपाने |
| | लहरेपौवा | ५ | ३०१ | १-१०-३-२ | होमनाथ उपाध्याय | पद्मकान्त न्यौपाने |
| | लहरेपौवा | ५ | ३१८ | ०-४-२-३ | होमनाथ उपाध्याय | पद्मकान्त न्यौपाने |
| ३८ | लहरेपौवा | ३ | १३९ | ९-२-०-१ | होमनाथ उपाध्याय | भूमिराज आचार्य |
| ३९ | लहरेपौवा | ४ | ४२४ | ४-५-०-३ | होमनाथ उपाध्याय | वीरबहादुर थिङ |
| | लहरेपौवा | ४ | ४०९ | ०-१५-१-३ | होमनाथ उपाध्याय | विरबहादुर थिङ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | लहरेपौवा | ५ | ३१७ | ०-१४-०-० | होमनाथ उपाध्याय | टंकप्रसाद न्यौपाने |
| ४१ | लहरेपौवा | ३ | २१ | ५-११-१-२ | धुब्रनाथ कल्याणनाथ | मिननाथ आचार्य |
| ४२ | लहरेपौवा | ४ | ४४९ | ५-५-१-१ | होमनाथ उपाध्याय | गुरुप्रसाद ढकाल |
| ४३ | लहरेपौवा | ३ | १०३ | ५-८-३-२ | होमनाथ उपाध्याय | दुर्गाप्रसाद घिमिरे |
| ४४ | लहरेपौवा | १ | ३०० | ३-२-०-० | होमनाथ उपाध्याय | मिनाकुमारी लामिछाने |
| ४५ | लहरेपौवा | ४ | १८९ | ९-२-०-१ | होमनाथ उपाध्याय | ठूलीमाया थिङ |
| ४६ | लहरेपौवा | ४ | २२६ | २-७-०-० | होमनाथ उपाध्याय | मंगले ग्लान |
| ४७ | लहरेपौवा | १ | २७२ | ७-१५-२-३ | होमनाथ उपाध्याय | जमुनादेवी आचार्य |
| ४८ | लहरेपौवा | ४ | २०५ | ३-२-०-३ | होमनाथ पौडेल | बमबहादुर ग्लान |
| | लहरेपौवा | ४ | ४५२ | २-०-१-२ | होमनाथ उपाध्याय | दुर्गाप्रसाद ढकाल |
| | लहरेपौवा | ४ | ४४५ | २-६-०-३ | होमनाथ उपाध्याय | दुर्गाप्रसाद ढकाल |
| | लहरेपौवा | ५ | १३० | ४-१३-१-२ | होमनाथ उपाध्याय | भीमनाथ ढकाल |
| | लहरेपौवा | ४ | २१९ | ०-५-२-० | होमनाथ | मंगलबहादुर गलान |
| | लहरेपौवा | ४ | २२७ | २-१-३-३ | होमनाथ | मंगलबहादुर गलान |
| ४९ | लहरेपौवा | ४ | २३४ | ०-५-०-१ | होमनाथ | मंगलबहादुर गलान |
| ५० | लहरेपौवा | ४ | ४२५ | २-१३-२-१ | होमनाथ | मंगलबहादुर गलान |
| | लहरेपौवा | ४ | २३६ | १-६-१-१ | होमनाथ | मंगलबहादुर गलान |
| | लहरेपौवा | ४ | ४९६ | २-१३-३-० | होमनाथ | मंगलबहादुर गलान |
| ५१ | लहरेपौवा | ३ | ३३ | १२-११-०-० | होमनाथ | चेतकुमारी खनाल |
| | लहरेपौवा | ४ | ४२८ | १-०-३-३ | होमनाथ उपाध्याय | सेते थिङ तामाङ |
| ५२ | लहरेपौवा | ४ | ४१८ | ३-१-३-२ | होमनाथ उपाध्याय | सेते थिङ तामाङ |
| | लहरेपौवा | ४ | ४०८ | २-०-१-२ | होमनाथ उपाध्याय | सेते थिङ तामाङ |
| ५३ | लहरेपौवा | ५ | १२७ | ३-४-३-१ | होमनाथ उपाध्याय | टेकबहादुर ढकाल ५४ |
| | लहरेपौवा | ५ | १२८ | २-९-३-१ | होमनाथ उपाध्याय | टेकबहादुर ढकाल ५४ |
| ५४ | लहरेपौवा | ५ | ३१५ | ०-१५-०-२ | होमनाथ | देवकुमारी न्यौपाने ५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लहरेपौवा | ५ | ३१९ | ०-१०-२-३ | होमनाथ | देवकुमारी न्यौपाने ५६ |
| ५५ | लहरेपौवा | ४ | ४४० | २-१-२-२ | होमनाथ | मानबहादुर थिङ |
| ५६ | लहरेपौवा | ५ | ३०४ | ०-१०-१-२ | होमनाथ | होमनाथ आचार्य |
| ५७ | लहरेपौवा | ५ | ३१६ | ०-१५-१-० | होमनाथ | रुकमिना न्यौपाने |
| ५८ | लहरेपौवा | ५ | ७६ | १-७-१-३ | तुलसीप्रसाद ढुङ्गेल | नरबहादुर घले |
| ५९ | लहरेपौवा | ५ | ७७ | ०-१२-१-३ | तुलसीप्रसाद ढुङ्गेल | चन्द्रबहादुर घले |
| ६० | लहरेपौवा | ५ | ७८ | ०-१०-२-३ | तुलसीप्रसाद ढुङ्गेल | लीलाबहादुर घले |
| ६१ | लहरेपौवा | ५ | ७९ | ०-६-३-३ | तुलसीप्रसाद ढुङ्गेल | विष्णुबहादुर घले |
| ६२ | लहरेपौवा | ५ | ८२ | १-६-०-० | तुलसीप्रसाद ढुङ्गेल | दिलबहादुर घले |
| ६३ | लहरेपौवा | ५ | ८० | ०-८-२-० | तुलसीप्रसाद ढुङ्गेल | समरबहादुर घले |
| ६४ | लहरेपौवा | ५ | ८१ | ०-११-१-२ | तुलसीप्रसाद ढुङ्गेल | प्रेमबहादुर घले |
| ६५ | लहरेपौवा | ५ | ५८ | १२-९-१-३ | ठाकुरप्रसाद उपाध्यय का.जि गौरीधारा | सुन्तली थापा मगरसमेत |
| ६६ | लहरेपौवा | ५ | १०० | २-१०-०-२ | नन्दराम भण्डारी | कुलबहादुर थापमगर |
| | लहरेपौवा | ५ | ९६ | २-१२-२-३ | नन्दराम भण्डारी | कुलबहादुर थापमगर |
| ६७ | लहरेपौवा | ५ | ९९ | ६-८-१-३ | नन्दराम भण्डारी | कृष्णबहादुर थापा मगर |
| ६८ | लहरेपौवा | ५ | ५२ | ४-१४-०-० | नन्दराम भण्डारी, ठाकुरप्रसाद भण्डारी | ठूलो देवीबहादुर थापा मगर |
| ६९ | लहरेपौवा | २ | ३८६ | ८-११-०-० | डम्बरशमशेर | लालप्रसाद आचार्य |
| ७० | लहरेपौवा | २ | ३७१ | ४-१४-३-१ | डम्बरशमशेर | तीलनाथ आचार्य |
| | लहरेपौवा | २ | ३८४ | ३-११-१-३ | डम्बरशमशेर | तीलनाथ आचार्य |
| ७१ | लहरेपौवा | २ | ३८७ | ५-११-२-३ | डम्बरशमशेर | कालदास श्रेष्ठसमेत |
| ७२ | लहरेपौवा | २ | ३८५ | ३-३-१-० | डम्बरशमशेर | रेवतीप्रसाद तिवारी ८५ |
| | लहरेपौवा | २ | ३८८ | ८-०-२-० | डम्बरशमशेर | गीतादेवी पौडेल |
| ७३ | लहरेपौवा | २ | ३९० | ३-०-१-० | डम्बरशमशेर | नित्यनाथ आचार्य |
| | लहरेपौवा | २ | ३६७ | ७-७-१-२ | डम्बरशमशेर | नित्यनाथ आचार्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लहरेपौवा | २ | ३७० | ७-८-१-३ | डम्बरशमशेर | नित्यनाथ आचार्य |
| | लहरेपौवा | ९ | ४४ | ०-१२-०-२ | बोधकुमारी | नित्यनाथ आचार्य |
| ७४ | लहरेपौवा | ९ | ६६ | ४-२-३-१ | बोधकुमारी | टीकानाथ पौडेल |
| ७५ | लहरेपौवा | ९ | ६७ | २-१०-३-० | बोधकुमारी | मधुसुदन पौडेल |
| ७६ | लहरेपौवा | १ | ४९० | ३-२-२-२ | बोधकुमारी र होमनाथ | पूर्णबहादुर डंगोल |
| ७७ | लहरेपौवा | २ | ३६९ | १-३-०-३ | डम्बरशमशेर | कृष्णप्रसाद आचार्य |
| | लहरेपौवा | २ | ३८९ | ४-९-१-० | डम्बरशमशेर | कृष्णप्रसाद आचार्य |
| | लहरेपौवा | ९ | ७६ | ५-५-०-१ | बोधकुमारी का. जि. ज्ञानेश्वर | कृष्णप्रसाद आचार्य |
| ७८ | लहरेपौवा | ३ | १३८ | ०-१०-२-१ | रमानाथ उपाध्याय ल. पी ९ | गणेशप्रसाद आचार्य |
| | लहरेपौवा | ३ | १४० | १-९-३-१ | रमानाथ उपाध्याय ल. पी ९ | गणेशप्रसाद आचार्य |
| ७९ | लहरेपौवा | ४ | २४४ | ३-१-२-३ | भद्रकुमारी | भरतमान सिंङ स्याङतान |
| ८० | लहरेपौवा | ४ | ३५५ | १३-१२-१-१ | होमनाथ उपाध्याय | लालप्रसाद न्यौपाने |
| ८१ | लहरेपौवा | ४ | ४५४ | २-१५-०-३ | भद्रकुमारी पौडेलनी का.जि. डिल्लीबजार | खिलनाथ आचार्य |
| ८२ | लहरेपौवा | ८ | १२६ | १५-११-१-३ | भद्रकुमारी पौडेलनी का.जि. डिल्लीबजार | न्हिमावाङ्दी स्याङ्वा |
| | लहरेपौवा | ८ | १२८ | ५-८-३-२ | भद्रकुमारी पौडेलनी का.जि. डिल्लीबजार | न्हिमावाङ्दी स्याङ्वा |
| ८३ | लहरेपौवा | ८ | १२५ | १-७-३-२ | भद्रकुमारी पौडेलनी का.जि. डिल्लीबजार | मानकुमारी न्यौपाने |
| | लहरेपौवा | ८ | १२९ | १-६-०-० | भद्रकुमारी पौडेलनी का.जि. डिल्लीबजार | मानकुमारी न्यौपाने |
| ८४ | लहरेपौवा | ४ | ४८१ | ३-१४-०-२ | रमानाथ उपाध्याय | तुलसादेवी न्यौपाने |
| | लहरेपौवा | ४ | ३५२ | २-११-२-३ | रमानाथ उपाध्याय | तुलसादेवी न्यौपाने |
| ८५ | लहरेपौवा | ३ | ५६ | १-९-०-३ | भद्रकुमारी पौडेल | उमाकुमारी घिमिरे |
| ८६ | लहरेपौवा | ३ | १३७ | ४-१४-०-० | रमानाथ उपाध्याय ल. पी ९ | ईश्वरीप्रसाद आचार्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लहरेपौवा | ३ | २५३ | २-७-१-१ | रमानाथ उपाध्याय ल. पी ९ | ईश्वरीप्रसाद आचार्य |
| | लहरेपौवा | ३ | २५६ | ०-१२-०-२ | रमानाथ उपाध्याय ल. पी ९ | ईश्वरीप्रसाद आचार्य |
| | लहरेपौवा | ३ | २५४ | ०-६-२-२ | रमानाथ उपाध्याय ल. पी ९ | ईश्वरीप्रसाद आचार्य |
| | लहरेपौवा | ३ | २५७ | ०-११-३-१ | रमानाथ उपाध्याय ल. पी ९ | ईश्वरीप्रसाद आचार्य |
| ८७ | लहरेपौवा | ३ | १५९ | ३-१३-०-३ | रमानाथ उपाध्याय ल. पी ९ | जानुकीप्रसाद घिमिरे |
| | लहरेपौवा | ३ | १६१ | ४-६-१-० | रमानाथ उपाध्याय ल. पी ९ | जानुकीप्रसाद घिमिरे |
| | लहरेपौवा | ३ | १०९ | ३-३-१-० | भद्रकुमारी पौडेल ल. पी ९ | जानुकीप्रसाद घिमिरे |
| ८८ | लहरेपौवा | १ | २६८ | ३-०-१-३ | होमनाथ उपाध्याय जगत प्रकाश | पद्मकान्त ढकाल |
| ८९ | लहरेपौवा | ४ | ४८० | १६-७-१-० | जगत प्रकाश पौडेल नुवाकोट | जगन्नाथ न्यौपाने |
| ९० | लहरेपौवा | ३ | १७० | ९-७-१-३ | होमनाथ, रामेश्वर | वीरभद्र पौडेल |
| ९१ | लहरेपौवा | ६ | २८५ | ४-८-०-३ | ठाकुरप्रसाद उपाध्यय | पूर्णप्रसाद न्यौपाने |
| | लहरेपौवा | ५ | ३०२ | ०-८-२-२ | होमनाथ | पूर्णप्रसाद न्यौपाने |
| ९२ | लहरेपौवा | १ | २६१ | २-१०-१-३ | होमनाथ, जगतप्रकाश | कृष्णप्रसाद ढकाल |
| ९३ | लहरेपौवा | ६ | ३०५ | २-१४-२-३ | ठाकुर उपाध्याय | सोमप्रसाद न्यौपाने |
| | लहरेपौवा | ६ | ३०६ | २-११-०-१ | ठाकुर उपाध्याय | सोमप्रसाद न्यौपाने |
| ९४ | लहरेपौवा | ५ | ९४ | ३-४-२-३ | घननाथ उपाध्याय | टीकादत्त न्यौपानेसमेत |
| | लहरेपौवा | ५ | ९३ | १-३-०-३ | घननाथ उपाध्याय | टीकादत्त न्यौपानेसमेत |
| ९५ | लहरेपौवा | ३ | ५६२ | ०-११-३-३ | थिरशमशेर का. इ. नक्साल | लुमडीप्रसाद आचार्य |
| ९६ | लहरेपौवा | ३ | ५६० | १-६-२-० | थिरशमशेर का. इ. नक्साल | कलेश्वरीदेवी आचार्य |
| ९७ | लहरेपौवा | ५ | ५९ | ४-२-३-१ | विष्णुप्रसाद उपाध्याय | कान्छा ललितबहादुर थापा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९८ | धैबुङ | १ | ९३ | ३-५-१-१ | गुणनाथ अर्याल का. जि. टेवहाल | दुर्गादत्त अगस्ती |
| ९९ | धैबुङ | १ | ८१ | २-६-२-० | शंकरप्रसाद र रोहिनीराजसमेत का. जि. टेबहाल | देवीदत्त अगस्ती |
| | धैबुङ | १ | ८९ | ७-७-३-१ | शंकरप्रसाद र रोहिनीराजसमेत का. जि. टेबहाल | देवीदत्त अगस्ती |
| | धैबुङ | १ | १११ | ४-८-२-० | शंकरप्रसाद र रोहिनीराजसमेत का. जि. टेबहाल | देवीदत्त अगस्ती |
| | धैबुङ | १ | ७६ | ०-९-३-३ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | देवीदत्त अगस्ती |
| १०० | धैबुङ | १ | ३६१ | १-१४-१-२ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | रुद्रनाथ अगस्ती |
| | धैबुङ | १ | १६ | ०-८-०-० | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | रुद्रनाथ अगस्ती |
| १०१ | धैबुङ | १ | ९८ | १-७-१-३ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | पुण्यकुमारी अगस्ती |
| १०२ | धैबुङ | २ | ५५६ | १०-०-१-२ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | नन्दप्रसाद अगस्तीसमेत |
| | धैबुङ | १ | ३१४ | १-४-१-३ | गुणनाथ उपाध्याय का. जि. दुगमवहिल | नन्दप्रसाद अगस्तीसमेत |
| १०३ | धैबुङ | १ | ८० | ३-१२-१-२ | गुणनाथ अर्याल का. जि. टेवहाल | धर्मदत्त अगस्ती |
| | धैबुङ | १ | १०१ | ३-२-०-३ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | धर्मदत्त अगस्ती |
| | धैबुङ | १ | ३६४ | ०-११-२-२ | शंकरप्रसाद र रोहिनीराजसमेत का. जि. टेबहाल | धर्मदत्त अगस्ती |
| १०४ | धैबुङ | १ | ९९ | २-५-१-० | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | लुमणीप्रसाद अगस्ती |
| १०५ | धैबुङ | १ | ८२ | ३-२-०-३ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | कुलनिधि अगस्ती |
| | धैबुङ | १ | १०२ | ३-१०-३-१ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | कुलनिधि अगस्ती |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धैबुङ | १ | ३१० | ०-७-३-२ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | कुलनिधि अगस्ती |
| १०६ | धैबुङ | १ | ३३७ | ३-१०-१-१ | शंकरप्रसाद अर्याल का. जि. टेबहाल | लोकनाथ न्यौपाने |
| १०७ | धैबुङ | ६ | १७७ | २-१२-०-० | सुवर्णराज भट्टराई का.जि. पकनाजोल | सन्तबहादुर थिङ |
| १०८ | धैबुङ | ८ | ३०८ | ४-१०-२-१ | सुवर्णराज भट्टराई का.जि. पकनाजोल | कृष्णप्रसाद घिमिरे |
| १०९ | धैबुङ | १ | ८८ | ४-१२–१-३ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | टीकानाथ न्यौपानेसमेत |
| | धैबुङ | १ | ३३२ | ३-१०-३-१ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | टीकानाथ न्यौपानेसमेत |
| | धैबुङ | १ | ३३८ | ७-८-३-० | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | टीकानाथ न्यौपानेसमेत |
| | धैबुङ | २ | ५७१ | २-१-०-३ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | टीकानाथ न्यौपानेसमेत |
| ११० | धैबुङ | १ | १८ | २-१५-२-२ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | पद्मकुमारी न्यौपानेसमेत |
| १११ | धैबुङ | ८ | १६५ | ७-३-२-१ | बिशंभर | भोजबहादुर दमै |
| ११२ | धैबुङ | १ | २१८ | ०-१०-३-२ | हरिबहादुर भट्टराई | उत्तमबहादुर लामिछानेसमेत |
| | धैबुङ | १ | २१९ | ४-१५-१-३ | हरिबहादुर भट्टराई | उत्तमबहादुर लामिछानेसमेत |
| ११३ | धैबुङ | ६ | २०४ | ९-०-२-३ | वीरभद्र भट्टराई पकनाजोल | मैया न्यौपाने |
| | धैबुङ | ६ | ३०३ | १-८-२-१ | सूर्वणराज भट्टराई | मैया न्यौपाने |
| | धैबुङ | ६ | २०३ | १-१२-१-१ | सुर्वणराज भट्टराई | मैया न्यौपाने |
| ११४ | धैबुङ | १ | २३७ | ५-१५-०-२ | इन्द्रप्रसाद भट्टराई | झमनाथ न्यौपाने |
| ११५ | धैबुङ | ४ | १५५ | ०-११-२-० | जगतप्रकाश शर्मा, टंकराज शर्मा, दुर्गाप्रकाश शर्मा | होमनाथ न्यौपाने |
| ११६ | धैबुङ | ८ | १५७ | ०-२-२-० | भीमबहादुर थापा मगर का.जि. बिशालनगर चण्डोल | तोयानाथ पौडेल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११७ | धैबुङ | २ | २२८ | ४-४-३-२ | होमनाथ पौडेल का.जि. महाबौद्ध | लीलादेवी न्यौपाने |
| | धैबुङ | ४ | २८७ | ९-९-०-३ | भद्रकुमारी | लीलादेवी न्यौपाने |
| | धैबुङ | ४ | २८३ | ७-१४-१-२ | होमनाथ | लीलादेवी न्यौपाने |
| ११८ | धैबुङ | ८ | १०० | १-१-१-३ | बोधकुमारी का.जि. ज्ञानेश्वर | एवप्रसाद पौडेल |
| ११९ | धैबुङ | ४ | ७ | ०-११-०-० | भद्रक्मारी पौड्यालनी | चन्द्रबहादुर झारी |
| १२० | धैबुङ | ४ | २९६ | १-०-३-१ | भद्रकुमारी | बालकृष्ण न्यौपाने |
| १२१ | धैबुङ | ४ | २८९ | २-४-०-० | भद्रकुमारी | होमकुमारी न्यौपाने |
| १२२ | धैबुङ | १ | १४९ | ११-२-३-१ | ध्रुवनाथ, कल्याणनाथ | हरिप्रसाद पौडेल |
| १२३ | धैबुङ | ४ | २९० | २-७-०-२ | भद्रकुमारी | लालप्रसाद न्यौँपाने |
| | धैबुङ | ४ | ३५५ | १३-१२-१-१ | होमनाथ उपाध्याय | लालप्रसाद न्यौँपाने |
| १२४ | धैबुङ | २ | १९९ | २-१५-२-० | भद्रकुमारी पौडेल | पद्मनिधि पौडेल |
| १२५ | धैबुङ | ४ | २९४ | ८-१४-०-२ | भद्रकुमारी | भवानीप्रसाद न्यौपाने |
| १२६ | धैबुङ | ४ | २९७ | १-४-१-३ | भद्रकुमारी | तुलसादेवी न्यौपाने |
| १२७ | धैबुङ | ४ | २८६ | १३-३-२-३ | भद्रकुमारी | भूमिनन्द न्यौपाने |
| १२८ | धैबुङ | १ | १३५ | ५-५-०-० | ध्रुवनाथ कल्याणनाथ | तेजप्रसाद खतिवडा |
| १२९ | धैबुङ | १ | १३४ | २-१४-१-२ | ध्रुवनाथ कल्याणनाथ | पोतकुमारी खतिवडा |
| | धैबुङ | ४ | ९० | ०-८-३-१ | ध्रुवनाथ कल्याणनाथ | पोतकुमारी खतिवडा |
| १३० | धैबुङ | ४ | २४६ | ५-११-२-३ | हेमनाथ | हेमनाथ खतिवडा |
| १३१ | धैबुङ | ४ | १०१ | ४-१३-२-० | होमनाथ पौड्याल | सोमकुमारी न्यौपाने |
| १३२ | धैबुङ | २ | २१७ | २-१३-१-१ | होमनाथ पौड्याल | गुरुप्रसाद न्यौपाने |
| | धैबुङ | २ | २२३ | ०-१३-१-२ | होमनाथ पौड्याल | गुरुप्रसाद न्यौपाने |
| | धैबुङ | २ | ५८३ | २-१२-१-२ | शंकरप्रसाद र रोहिनीराज समेत का. जि. टेबहाल | गुरुप्रसाद न्यौपाने |
| १३३ | धैबुङ | २ | ५८४ | ४-८-२-० | बोधकुमारी का.जि. कमलादी | डिल्लीबहादुर न्यौपाने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३४ | धैबुङ | १ | ८३ | २-४-१-१ | गुणनाथ अर्याल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ७७ | ०-६-१-१ | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ३४२ | १-१५-३-२ | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ३४५ | १-२-३-२ | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ३४६ | ०-२-२-० | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ३०९ | १-११-१-२ | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ३६९ | १-७-१-० | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | १०० | ३-५-१-१ | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ३७४ | १-१५-१-३ | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ३७६ | १-८-०-१ | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| | धैबुङ | १ | ३२३ | ०-२-२-० | बुद्धिनाथ अर्याल टेवहाल | रमेशप्रसाद अगस्ती |
| १३५ | धैबुङ | २ | २४५ | २-६-०-१ | बालगोपाल झा का. इ. असल धालासी | गुणकुमारी घिमिरे |
| | धैबुङ | २ | २४४ | २-६-०-१ | बालगोपाल झा का. इ. असल धालासी | विष्णुप्रसाद घिमिरे १४९ |
| १३६ | धैबुङ | २ | २३४ | ४-८-२-० | बालगोपाल झा का. इ. असल धालासी | बलबहादुर थापा |
| १३७ | धैबुङ | २ | २४२ | ६-७-२-२ | बालगोपाल झा का. इ. असल धालासी | चित्रप्रसाद अधिकारी |
| १३८ | धैबुङ | २ | २५४ | २-२-१-० | बालगोपाल झा का. इ. असल धालासी | श्यामप्रसाद न्यौपाने |
| १३९ | भोर्ले | १ | २८१ | ०-१५-३-२ | भीमकुमारी पौडेल | गणकुमारी गजुरेल |
| १४० | धैबुङ | ८ | १६२ | २-१२-१-२ | भीमबहादुर थापा मगर का.जि. विशालनगर चण्डोल | डिलकुमारी पौडेल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धैबुङ | १ | ८१ | २-६-२-० | शंकरप्रसाद र रोहिणीराजसमेत का.जि. टेवहाल | देवीदत्त अगस्ती |
| | धैबुङ | १ | ८९ | ७-७-३-१ | शंकरप्रसाद र रोहिणीराजसमेत का.जि. टेवहाल | देवीदत्त अगस्ती |
| | धैबुङ | १ | १११ | ४-८-२-० | शंकरप्रसाद र रोहिणीराजसमेत का.जि. टेवहाल | देवीदत्त अगस्ती |
| | धैबुङ | १ | ११५ | ०-३-३-० | कनकराम भण्डारी का.जि रानीपोखरी | देवीदत्त अगस्ती |
| | धैबुङ | १ | ७६ | ०-९-३-३ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | देवीदत्त अगस्ती १५५ |
| १४१ | धैबुङ | १ | ८० | ३-१२-१-२ | गुणनाथ अर्याल का. जि. टेवहाल | धर्मदत्त अगस्ती |
| | धैबुङ | १ | १०१ | ३-२-०-३ | बुद्धिनाथ अर्याल का.जि. टेवहाल | धर्मदत्त अगस्ती |
| | धैबुङ | १ | ११३ | १-६-०-० | कनकराम भण्डारी का.जि रानीपोखरी | धर्मदत्त अगस्ती |
| | धैबुङ | १ | ३६४ | ०-११-२-२ | शंकरप्रसाद र रोहिणीराजसमेत का.जि. टेबहाल | धर्मदत्त अगस्ती |
| | धैबुङ | १ | ३६५ | २-११-१-० | शंकरप्रसाद र रोहिणीराजसमेत का.जि. टेबहाल | धर्मदत्त अगस्ती |
| १४२ | धैबुङ | १ | १८ | २-१५-२-२ | शंकरप्रसाद र रोहिणीराजसमेत का.जि. टेबहाल | पद्मकुमारी न्यौपाने |
| | धैबुङ | १ | १०३ | १-७-३-० | शान्तादेवी भण्डारी का.इ. रानीपोखरी | पद्मकुमारी न्यौपाने |
| | धैबुङ | १ | ३५१ | २-६-०-१ | लवराम भण्डारी का.इ. रानीपोखरी | पद्मकुमारी न्यौपाने |
| | धैबुङ | १ | ३६७ | १-१५-२-२ | लवराम कनकरामसमेत का.जि रानीपोखरी | पद्मकुमारी न्यौपाने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४३ | धैबुङ | १ | ९९ | २-५-१-० | बुद्धिनाथ अर्याल टेबहाल | भोजकुमारी अगस्ती |
| | धैबुङ | १ | ८५ | ४-१०-२-१ | शान्तादेवी भण्डारी का.इ. रानीपोखरी | भोजकुमारी अगस्ती |
| १४४ | भोर्ले | ७ | ४४१ | ६-१३-०-० | वसन्तराम भण्डारी | माया लमिनी |
| १४५ | भोर्ले | ७ | ४७६ | ८-६-३-० | वसन्तराम भण्डारी | धर्मबहादुर गुरुङ |
| १४६ | भोर्ले | ७ | ४७९ | ०-१४-०-० | वसन्तराम भण्डारी | रेवतीप्रसाद पौडेल |
| | भोर्ले | ७ | ३२० | ४-३-०-२ | वसन्तराम भण्डारी | रेवतीप्रसाद पौडेल |
| | भोर्ले | ७ | ४२१ | ०-२-२-० | वसन्तराम भण्डारी | रेवतीप्रसाद पौडेल |
| | भोर्ले | ७ | ४२२ | १-१-१-१ | वसन्तराम भण्डारी | रेवतीप्रसाद पौडेल |
| १४७ | भोर्ले | ७ | ४१७ | १-१२-३-० | वसन्तराम भण्डारी | सोमनाथ पौडेल |
| | भोर्ले | ७ | ४१४ | ४-१-२-० | वसन्तराम भण्डारी | सोमनाथ पौडेल |
| १४८ | भोर्ले | ७ | ३१६ | ५-८-२-१ | वसन्तराम भण्डारी | बुद्धिलाल स्याङतान |
| | भोर्ले | ७ | ३१८ | ५-४-३-० | वसन्तराम भण्डारी | बुद्धिलाल स्याङतान |
| १४९ | भोर्ले | ७ | ४२४ | ३-१३-३-१ | वसन्तराम भण्डारी | हरिलाल पौडेलसमेत |
| १५० | भोर्ले | ७ | ४४६ | ३-६-३-० | वसन्तराम भण्डारी | नाम्याल रुम्बा |
| १५१ | भोर्ले | ७ | ४१५ | १-१२-३-० | वसन्तराम भण्डारी | सन्तबहादुर ग्याम्दान |
| १५२ | भोर्ले | ७ | ४४३ | ५-०-२-० | वसन्तराम भण्डारी | सेती लमिनी |
| | भोर्ले | ७ | ४४५ | ०-१०-२-१ | वसन्तराम भण्डारी | सेती लमिनी |
| १५३ | भोर्ले | ७ | ४७१ | ४-२-२-३ २-१-१-२ | वसन्तराम भण्डारी | यदुकुमार पौडेल |
| १५४ | भोर्ले | ७ | ४७७ | ६-१०-२-२ | वसन्तराम भण्डारी | सानुकान्छा स्याङतान |
| १५५ | भोर्ले | ७ | ४७१ | ४-२-२-३ २-१-१-२ | वसन्तराम भण्डारी | पूर्णप्रसाद पौडेल |
| १५६ | भोर्ले | ७ | ३३० | ५-१५-३-३ | वसन्तराम भण्डारी | वीरबहादुर गलान |
| | भोर्ले | ७ | ३३५ | १-०-३-० | वसन्तराम भण्डारी | वीरबहादुर गलान |
| १५७ | भोर्ले | ७ | ३१४ | ३-१५-२-० | वसन्तराम भण्डारी | स्यागे लामा रुम्बा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५८ | भोर्ले | ७ | ३०४ | ३-६-१-० | वसन्तराम भण्डारी | नेत्रप्रसाद न्यौपाने |
| | भोर्ले | ७ | ३०६ | ६-०-०-१ | वसन्तराम भण्डारी | नेत्रप्रसाद न्यौपाने |
| | भोर्ले | ७ | ३२२ | ३-५-३-३ | वसन्तराम भण्डारी | नेत्रप्रसाद न्यौपाने |
| १५९ | भोर्ले | ७ | ३१२ | ६-५-१-० | वसन्तराम भण्डारी | चोपनाथ पौडेल |
| | भोर्ले | ७ | ३११ | १-३-०-० | वसन्तराम भण्डारी | चोपनाथ पौडेल |
| | भोर्ले | ७ | ३०८ | ३-१०-०-३ | वसन्तराम भण्डारी | चोपनाथ पौडेल |
| | भोर्ले | ७ | ३०६ | ६-०-०-१ उ १-८-०-० | वसन्तराम भण्डारी | चोपनाथ पौडेल |
| १६० | भोर्ले | ७ | ३१५ | २-५-०-२ | वसन्तराम भण्डारी | तेजनाथ न्यौपाने |
| १६१ | भोर्ले | ७ | ४१६ | १-१०-०-२ | वसन्तराम भण्डारी | सोमसिं तामाङ |
| १६२ | भोर्ले | ७ | ४७८ | १-१५-०-० | वसन्तराम भण्डारी | फणिन्द्रप्रसाद आचार्य |
| | भोर्ले | ७ | ३१९ | ६-११-१-२ उ २-६-०-३ | वसन्तराम भण्डारी | फणिन्द्रप्रसाद आचार्य |
| १६३ | भोर्ले | ७ | ३१९ | ६-११-१-२ उ ४-५-०-३ | वसन्तराम भण्डारी | महिन्द्रबहादुर न्यौपाने |
| १६४ | भोर्ले | ७ | ४४२ | ४-९-१-३ | वसन्तराम भण्डारी | सेती लमिनी |
| | भोर्ले | ७ | ४४० | ६-३-१-२ ०-५-०-० | वसन्तराम भण्डारी | सेती लमिनी |
| १६५ | भोर्ले | ७ | ४४० | ६-३-१-२ उ | वसन्तराम भण्डारी | नामसिलो तामाङ |
| १६६ | भोर्ले | ७ | ४६९ | १०-९-२-३ उ ५-०-०-० | वसन्तराम भण्डारी | कालु तामाङसमेत ३ जना |
| १६७ | भोर्ले | ७ | ३२३ | ७-१०-२-३ | वसन्तराम भण्डारी | बलबहादुर तामाङ |
| | भोर्ले | ७ | ४६९ | १०-९-२-३उ ४-९-०-० | वसन्तराम भण्डारी | बलबहादुर तामाङ |
| १६८ | भोर्ले | ७ | ४६९ | १०-९-२-३उ २-२-०-० | वसन्तराम भण्डारी | आइतराम स्याङतान |
| जम्मा | | | २८३ (कित्ता सङ्ख्या) | ११२५-१-१-० | | |

# बिर्तासम्बन्धी प्रकाशित लेख रचनाहरू

## बिपी र बिर्ता

**जगत देउजा**

बिपी नेतृत्वको सरकारले २०१६ पुस १९ मा बिर्ता उन्मूलन भएको घोषणा गरेको थियो । बिर्ता प्रथा तत्कालीन समाजको शोषण र अन्यायलाई टिकाउने बलियो आधार थियो । कृषियोग्य भूमिको एक तिहाइ भन्दा बढी जमिन बिर्तावालको अधीनमा थियो। बिर्तावाल मूलतः शाह र राणा खलकका शासकर उनका आसेपासे थिए । बिर्तावाल मोहीबाट प्राप्त कुतले ऐसको जिन्दगी जिउँथे । सरकारलाई कुनै कर भने बुझाउँदैनथे ।

नेपाली इतिहासमा बिर्ता उन्मूलन एक ऐतिहासिक कदम थियो। बिपीको यस क्रान्तिकारी कदमको बिर्तावालले चर्को विरोध गरेका पढ्न पाइन्छ । बिर्ता उन्मूलन हुन नहुने भनेर राजा महेन्द्रलाई विन्तीपत्र समेत बुझाएका थिए । विरोधमा सडक प्रदर्शनसमेत भएको थियो। तर, बिपीले भूमिमाथि जोत्ने किसानको हक स्थापित गर्ने विषयमा सम्झौता नहुने दृढ अडान लिएका थिए । बिर्ता उन्मूलन र भूमि सुधारको विषय २०१५ को आमनिर्वाचनको नेपाली काँग्रेसको चुनावी घोषणापत्रमा स्पष्ट उल्लेख थियो । र, बिपी चुनावी घोषणापत्र कार्यान्वयन गर्न प्रतिबद्ध थिए । वास्तविक किसान तथा उत्पादकको हातमा जमिन हुँदा उत्पादकत्व बढ्छ भन्ने बुझाइ थियो ।

यो घोषणाले जमिनदारी शासन व्यवस्थालाई कमजोर बनाउन धेरै मद्दत पुग्यो । बिपीको तत्कालीन कदमलाई आज पनि एक प्रमुख उपलब्धिका रूपमा लिइन्छ । यद्यपि बिर्ता उन्मूलनबाट समग्र समाजमा परेको प्रभावबारे छुट्टै अध्ययन भने भएको छैन । २०१६ सालमा नै उन्मूलन गरिएको बिर्ताका अवशेषहरू विभिन्न स्वरूपमा अझै बाँकी छन् । त्यसलाई जरैदेखि अन्त्य गर्न त्यसपछिका सरकारले इमानदार प्रयास गरेका छैनन् । नेपाली काँग्रेस आफैँले पटक-पटक सरकारको नेतृत्व गर्दा पनि यो विषय उसको प्राथमिकतामा कहिल्यै पर्न सकेन् ।

अझै पनि रसुवा, नुवाकोट, धादिङ, ललितपुरलगायतका जिल्लामा बिर्ता समस्या छ । जिल्ला भूमि अधिकार मञ्च रसुवा र नुवाकोटले गरेको अध्ययनअनुसार रसुवामा ७१८ र नुवाकोटमा १५५८ परिवारले बिर्ताको जग्गा जोतिरहेका छन् । उनीहरूले बहुदल आएदेखि नै जोतिरहेको जग्गा आफ्नै नाममा दर्ता गराउन विभिन्न प्रयत्न गरिरहेका भए पनि यो समस्यालाई नीति निर्माता र सरकारले गम्भीरतापूर्वक लिएका छैनन् । २०६७ सालमा डम्बर श्रेष्ठ भूमि सुधार मन्त्री भएका बेला रसुवाका करिब ३ सय परिवारले बिर्ता जग्गा रैकरमा दर्ता गराउन सफल भएका थिए । तर, बाँकीको अनेक प्रशासनिक झमेलाका कारण समस्या बाँकी नै छ । जुन लोकतन्त्रको कालो दाग हो ।

ती क्षेत्रका करिब १७ हजार रोपनी जग्गा बिर्ता दिएर त्यसको आयस्ताबाट मन्दिर व्यवस्थापन गर्न पृथ्वीनारायण शाहले आदेश दिएका थिए । मन्दिरको व्यवस्थापन र सञ्चालनका लागि भनिएका जग्गा कालान्तरमा शर्माका भाइ भतिजा र सन्ततिले इच्छाअनुसार किसानलाई 'चार दाम ठेकी' लिएर जोत्न दिएका थिए। भिर पाखो, जङ्गल, चरन चौर, बगर मात्र भएकोर उब्जाउ नभएको जमिनलाई किसानले उब्जाउयुक्त बनाएका थिए ।

बिर्ता उन्मूलन पछि रसुवाको कुनै बिर्ता गुठीको नाममा र कुनै स्वयम् बिर्तावालकै नाममा दर्ता भएको थियो । गाउँका तालुकदार र मुखियाले मालिकको जग्गा नापी गरे थुनामा जानुपर्छ भन्ने डर देखाइदिए । तर, टाठाबाठाले भने त्यतिबेला नै आफ्नो नाममा जमिन नापी गरी पुर्जा लिएका थिए।उही प्रकृतिको जग्गा जोत्ने किसानहरू अहिले पनि बिर्ता नामको जग्गा जोत्न बाध्य छन् ।

जोताहा मध्येका गोर्स्याङका जसमान तामाङ सुनाउँछन्- बिर्तावाल वीरजङ्ग शाह गाउँमा आउँदा पाल्नुपर्ने, सेवा गर्न'पर्ने नियम थियो । बिर्तावाल आउँदा-जाँदा खसी-बोका काटेर खुवाउनुपर्ने बाध्यता थियो । त्यतिबेला आफ्नो घरमा नहुँदा १२ रुपियाँको बोका किनेर बिर्तावाललाई खुवाएको थिएँ । त्यसो नगरे जोतिरहेको जमिन खोस्ने धम्की दिन्थ्यो । म बिर्तावालको 'चाकडीवाल' बनाइएको थिएँ। कतिपटक त कुत बोकेर उसको घर काठमाडौँसम्म आफैं पनि पुऱ्याउनुपऱ्यो । बिर्तावालले जग्गा धनी प्रमाण पुर्जा बनाइदिन्छु भनेर झुटो आश्वासन दियो।अहिले २५ रोपनी जमिन बिर्ताकै छ । २०३३ सालतिर गाउँमा नापी टोली आएका बेला जग्गा धनी महलमा उनै बिर्तावालहरूको नाम लेखियो । २०४२ सालमा माल अड्डामा जाँदा थाहा भयो- मेरो जति मोही लागेको जमिनको फिल्ड बुकमा रातो चिह्न लगाइएको रहेछ।त्यतिबेला

एक्लै केही गर्न सक्ने अवस्था थिएन । किसान डराए, अधिकार माग गर्न सकेनन्। त्यही कारण जोतखन गरेको जमिन अहिलेसम्म बिर्ता नै हुँदा दु:ख पाएका छौं ।

खेतीपाती गरिरहेको जग्गामध्ये बिर्ता उन्मूलनपछि कतैकतै बारीर पाखो जग्गा किसानकै नाममा नापी भई दर्ता भएको छ । तर, उब्जाउ जमिनर खेत बिर्तावालले एकलौटी दर्ता गरी बिक्री वितरण गरेका छन् । अहिले बिर्ता जग्गाका किसानको गुनासो छ- हामी बिर्तावालको पन्जाबाट कहिले मुक्ति पाउँछौं ? बिर्तावाल आएर आफ्नो भनिएको जग्गाको साँधसिमाना देखाओस्, हामी जमिन छाडेर बसाइँ हिंडौंला । हैन भने कहिल्यै नटेकेको जमिन बिर्तावालले मेरो हो भन्दैमा आजसम्म पनि किन बिर्तामा जमिन राखिन्छ ?

हिजोआज बिर्तावालहरूले बिचौलियामार्फत मोहीलाई जग्गा किन्न दबाब दिन थालेका छन् । नकिने अरूलाई बेचिदिने क्रम बढेको छ । कानुनतः २०४९ सालपछि जग्गा दर्ता गर्न नमिल्ने भने पनि बिर्तावालले जग्गा दर्ता गरेको भनी किसानको निवेदन तामेलीमा राखिएको छ । किसानले दर्ता गरेको जग्गामा पनि बिर्तावालले अदालतमा मुद्दा दायर गरी किसानलाई दु:ख दिइरहेका छन् । बिर्ताको जग्गा कमाउन पाए पनि अंशबन्डा, बिक्री वितरण, धितो बन्धकीमा किसानलाई ज्यादै समस्या छ ।

किसानहरू बिर्ता प्रकृतिका जोतभोग गर्दै आएको सबैखालको जग्गा किसानको नाममा दर्ता हुनुपर्ने आवाज उठाइरहेका छन् । गैरकानुनी हिसाबले बिर्तावालाले दर्ता गरेको जग्गा बदर गरी जोताहा किसानको नाममा दर्ता हुनुपर्ने माग गरिरहेका छन् । यी सबै समस्याको समाधान स्थानीय तहको अगुवाइमा नयाँ नापी टोली पठाइ बिर्ता प्रकृतिको जग्गा जोताहा मोहीको नाममा भोगअनुसार नापी दर्ता गरिदिनु सबभन्दा व्यावहारिक हुन्छ ।

बिपी कोइरालाको ११०औं जन्मजयन्ती मनाइरहँदा बाँकी रहेको बिर्ता समस्यालाई पनि जरैदेखि निमिट्यान्न गर्न ध्यान पुग्न जरूरी छ।बिर्ता उन्मूलन कानुन बनेको ६५ वर्ष पुगिसके पनि किसानहरूले जग्गाको जग्गा धनी प्रमाण पुर्जा नपाउनु सबैका लागि सरमको विषय हो । बिपीको एकोहोरो भक्तिभावले उहाँको आदर भन्दा अनादार नै हुन्छ । उहाँको साँचो आदर त उहाँले सुरु गरेर अधुरो रहन गएका सामाजिक न्याय र समाज रूपान्तरणको मुद्दालाई पूर्णता दिनुमा छ ।

नुवाकोटबाट पुराना काँग्रेस अर्जुननरसिंह केसीसहितका नेता प्रतिनिधि सभामा चुनिनुभएको छ । यो सवालमा सम्बन्धित सबैको ध्यान जाओस् । यो समस्या बुझ्नका लागि कष्ट गरोस् । २०१६ सालमा उन्मूलन गरिएको बिर्ता समस्या अझै बाँकी रहनु लोकतन्त्रका लागि पनि लज्जाको विषय हो । उक्त जग्गा तुरुन्त जोताहा किसानको नाममा दर्ता हुनुपर्ने माग कुनै पनि हालतमा नाजायज छैन । यस अर्थमा पनि कि गणतन्त्रमा बिर्ता पटक्कै सुहाउने विषय होइन ।

*(साभार : नागरिक दैनिक, २६ भाद्र २०८० मङ्गलबार)*

# जिउँदो बिर्ता प्रथा

**सीताराम बराल**

बीपी कोइरालाको प्रधानमन्त्रीत्वकालको सबैभन्दा महत्त्वपूर्ण मानिन्छ, बिर्ता उन्मूलनसम्बन्धी निर्णय । उनले असोज ०१६ मा राजा-महाराजाहरूले आफ्ना आफन्त र आसेपासेलाई दिएको बिर्ता उन्मूलन गर्दै त्यस जग्गामा कर लाग्ने निर्णय गरेका थिए । अहिले पनि जब नेपाली कांग्रेसमाथि जमिनदार र पुँजीपतिहरूको पार्टी भन्ने आरोप लाग्छ, कांग्रेसका नेता-कार्यकर्ता गर्वका साथ बीपीको पालामा भएको त्यही बिर्ता उन्मूलनसम्बन्धी निर्णय सगर्व सुनाएर कांग्रेसमाथि लाग्ने आरोपको खण्डन गर्छन् ।

तर, नुवाकोट-रसुवाका कांग्रेस नेता-कार्यकर्ताचाहिं बीपीका पालामा भएको त्यति महत्त्वपूर्ण निर्णय गर्वका साथ उल्लेख गर्न सक्दा रहेनछन्। कारण, त्यो निर्णयको कार्यान्वयन नुवाकोट र रसुवामा हुनै सकेको छैन ।

पृथ्वीनारायण शाहले नुवाकोट आक्रमण गरेपछि भाइभारदार, गुरुपुरोहित र आफूप्रति बफादारहरूलाई त्यस क्षेत्रको जग्गा उपहार स्वरूप बिर्ता दिएका थिए । यसरी देशभरकि जग्गा निकटस्थ र बफादारहरूलाई बिर्ता दिने चलन राणाकालसम्मै जारी रह्यो। बिर्तावालाहरू त्यो जग्गामा खेती गर्दै आएका किसानबाट तिरोका रूपमा कुत (अन्नबाली) उठाउने गर्थे । बीपी नेतृत्वको सरकारले राखेको बिर्ता उन्मूलन प्रस्तावलाई १५ असोज ०१६ मा संसद्ले पारति गरेपछि यसको कार्यान्वयन सुरु त भएको थियो ।

## छ बिर्ता, छैनन् बिर्तावाला

भूमि अधिकार मञ्च नामक गैरसरकारी संस्थाले रसुवा-नुवाकोटमा रहेको बिर्ता समस्या सम्बन्धमा गरेको एक अध्ययन अनुसार रसुवामा कम्तीमा तीन गाविसमा बिर्तावालाहरूको जग्गा अहिले पनि छ । यसमध्ये जिल्लाको दक्षिणवर्ती धैवुङ गाविसका दुई सय ६५, लहरेपौवाका २ सय ७५ र भोर्लेका ७ सय १८ परविारले

बिर्तावालाहरूको जग्गा कमाइरहेका छन् । सबै गरी यी गाविसका ७ सय १८ परविारले २ हजार १ सय ७९ रोपनी बिर्ताको जग्गा कमाइरहेको त्यस अध्ययनबाट देखिन्छ । जग्गा बिर्तावालाका नाममा रहेकाले पुर्खौंदेखि उपभोग गर्दै आएको जग्गा किनबेच गर्नबाट उनीहरू वञ्चित छन् ।

बिर्ता जग्गा रहेका गाविसको संख्या नुवाकोटमा अझ धेरै देखिन्छ । नुवाकोटमा कम्तीमा नौ वटा गाविसमा बिर्ता जग्गा छन् । जस अनुसार गणेशस्थानमा १६, जिलिङमा ४७, गेर्खामा १३, चारघरेमा ४३, खड्गभन्ज्याङमा २७, गोर्स्याङमा १ सय ६२, रातमाटेमा ५४, चौघडामा ४२ र दुई पिपलमा ५६ गरी जिल्लाका ४ सय ६० परविारले बिर्तावालाको जग्गा कमाइरहेका छन् । तर, उक्त अध्ययनले देखाएभन्दा अरू धेरै गाविसमा बिर्ता जग्गा रहेको जानकारहरू बताउँछन् ।

जिल्ला मालपोत कार्यालय, नुवाकोटका अनुसार आफूले कमाउँदै आएको जग्गा बिर्तावालाको भएको बताउँदै आफ्नो नाममा दर्ता गरिदिन उपरोक्तबाहेक सुनखानीका नौ, कुमरीका एक, तारुकाका दुई, जिलिङका आठ, खोलेगाउँका एक, दाङसिङका चार र जिल्टुङका चार परविारले जिल्ला मातपोत कार्यालयमा निवेदन दिएका छन् । जिल्ला मालपोत अधिकृत पृथबहादुर केसी भन्छन्, "कतिपय जग्गा बिर्तावाला र जोतभोग गर्नेका नाममा दर्ता भइसकेको छ । बिर्तावालाका नाममा अहिले पनि जग्गा छन्, कति जग्गा छ भन्ने कुरा खोजबिन गरेर मात्र भन्न सकिने सि्थति छ ।"

बिर्ताका रूपमा जिल्लामा रहेका अधिकांश जग्गा शाह, राणा खलक र गुरु-पुरोहितका नाममा रहेका छन् । जस्तो : नुवाकोटको जिलिङ-४ मा रोहिणीविक्रम शाह, शशीविक्रम शाह र राज्यलक्ष्मी शाह बिर्तावाला रहेको करबि तीन सय रोपनी जग्गा छ भने गोर्स्याङ गाविसमा पनि डुण्डुरजंग शाहका नाममा तीन सय रोपनी जग्गा छ । गणेशस्थान गाविसमा हेम पन्तका नाममा करबि १२ रोपनी बिर्ताकै जग्गा छ ।

रसुवामा पनि शाह-राणालगायत दरबारसँग निकट परविारको जग्गा रहेको देखिन्छ । कतिसम्म भने नेपाल टेलिभिजनका अध्यक्ष नीरविक्रम शाहकी आमा बोधकुमारी शाहको नाममा समेत पाँच वर्षअघिसम्म लहरेपौवा गाविसमा झन्डै ९५ रोपनी जग्गा रहेछ। धैवुङ गाविसका पूर्वअध्यक्षसमेत रहेका भूमि अधिकार मञ्च, रसुवाका संस्थापक अध्यक्ष भवानी न्यौपानेका अनुसार लहरेपौवा गाविसमा आमाको नाममा जग्गा रहेको थाहा पाएपछि आफ्नो नाममा पास गराउन शाह ६ वर्षअघि रसुवा पुगेका थिए ।

तर, जग्गा आफ्नो नाममा दर्ता गर्ने शाहको प्रयास सफल हुन सकेन। वर्षौंदेखि आफूले जोतभोग गर्दै आएको जग्गा आफूले नै पाउनुपर्ने भन्दै किसानहरू संघर्षमा उत्रिएपछि त्यो जग्गा १३ किसानकै नाममा दर्ता भयो। न्यौपाने सम्झन्छन्, "आमाका नाममा बिर्ता जग्गा छ भन्ने सुनेपछि आफ्नो नाममा दर्ता गर्न आएका रहेछन् । तर, उनले कहिल्यै नदेखेको, कहिल्यै श्रम नगरेको जग्गा किन दिने भन्दै किसानहरू मानेनन् र रत्ति हात फर्कनुपऱ्यो ।"

ढिलै सही, लहरेपौवाका किसानले बिर्तावाला भेटे, जसका कारण पुस्तौंदेखि आफूले जोतभोग गर्दै आएको जग्गा आफ्नो नाममा दर्ता गराउन उनीहरू सफल भए । तर, यी दुई जिल्लामा सयौं किसान छन्, जसलाई बिर्तावालाको नाम त थाहा छ तर जग्गाधनी कहाँ छन् भन्नेचाहिँ थाहा छैन। यही कारण पुर्खाको पालादेखि नै खनजोत गर्दै आएको जग्गा आफ्नो नाममा दर्ता गर्न पाएका छैनन् । प्रमुख जिल्ला अधिकारी कोषहरि निरौला भन्छन्, "नुवाकोटको भूमि समस्या भनेकै बिर्ता जग्गाको समस्या रहेछ। कति किसान यो समस्याबाट पीडित छन्, हामी त्यसको रेकर्ड उतार्ने तैयारीमा छौं ।"

## भूमि राजनीति

राणा शासनको समाप्तिलगत्तै बीपी कोइराला र राजाबीच सुरु भएको संघर्ष ०१५ सालमा उत्कर्षमा पुगेको थियो । राजा महेन्द्र र बीपी दुवै राजनीतिमा आफ्नो पकड स्थापित गर्न चाहन्थे। राजनीतिमा पकडका लागि सामाजिक आधार चाहिन्थ्यो । बीपी आधुनिक विचारधाराको प्रतिनिधित्व गर्थे, राजा महेन्द्र पुरातनवादीहरूको । राजतन्त्रको आधार गाउँ-गाउँमा रहेका बिर्तावाला, जमिनदार थिए । जब ०१५ सालमा दुईतिहाइ बहुमतका साथ बीपी प्रधानमन्त्री निर्वाचित भए, उनले गाउँ गाउँमा रहेको राजाको आधार भत्काउने विभिन्न उपायको खोजी गरे । बिर्ता प्रथाको उन्मूलन यसैको उपज थियो ।

यसको कार्यान्वयन मुलुकका अन्य भागमा भयो। रसुवा-नुवाकोटमा कार्यान्वयन फिका रह्यो । किन यस्तो भयो ? यदि रसुवा-नुवाकोट राजधानीबाट अलिक परका, दूरदराजका जिल्ला हुन्थे भने सायद त्यो निर्णयको कार्यान्वयन यी दुई जिल्लामा पनि प्रभावकारी रूपमा हुन्थ्यो होला तर राजधानीनजिक भएकाले कार्यान्वयन फितलो भयो । संविधानसभामा नुवाकोटबाट निर्वाचित कांग्रेस नेता अर्जुननरसिंह केसी

भन्छन्, “बिर्तावाला परविारका लागि दूध-दही, मासु, फलफूल रसुवा-नुवाकोटबाटै आउँथ्यो । त्यसैले बिर्तावालाहरूले जग्गा छाड्न चाहेनन् । दरबारसँगको सम्बन्धका कारण उनीहरू बलिया भए । बिर्ता कमाउने मोही किसानको केही लागेन ।”

बिर्तावालाको जग्गा कमाइरहेका धैवुङ, रसुवाका किसान चोवनाथ न्यौपाने, ६५ को भनाइले केसीको दाबीमा सत्यता देखिन्छ । न्यौपानेका अनुसार किशोरावस्थासम्म पनि बिर्तावालालाई बुझाउने कुत घिउ, चामल, फलफूल आदि बोकेर काठमाडौंसम्म आउँथे उनी । सम्झन्छन्, “उनीहरूले भनेजति नदिने हो भने अर्को वर्ष आफूले खेती गर्दै आएको जग्गाजमिन गुमाउनुपर्ने हुन्थ्यो । नियम-कानुन थाहा थिएन । त्यसैले बर्सेनि चामल, घिउ, फलफूल बोकेर बिर्तावालाकहाँ पुग्ने गर्थ्यौं।“ भर्पाई रसिदहरूले देखाउँछन्, ०५९ सम्म किसानले बिर्तावालाहरूलाई कुतस्वरूप घिउ, अन्न, फलफूल र रूपियाँ बुझाउने गरेका रहेछन् ।

रसुवा-नुवाकोटका कतिपय गाविसमा बिर्ता उन्मूलनको कार्यान्वयन नहुनुमा त्यस भेगमा रहेको चेतना, शोषण, अन्याय-अत्याचारलाई प्रमुख मान्छन्, भूमि समस्याका बारेमा अनुसन्धान गरिरहेका लेखक/विश्लेषक झलक सुवेदी । उनका अनुसार धेरै पहिलेदेखि त्यहाँका जनता शासकहरूको प्रत्यक्ष शोषणको साङ्लोमा थिए । त्यसैले बिर्तावालाका जग्गा कमाइरहेका मोही किसानले ०२१ मा मोहियानी हक पाउने कानुन बन्दासमेत मोहीका रूपमा जग्गा आफ्नो नाममा ल्याउन आँट गरेनन् ।

बिर्ता उन्मूलनताका रसुवा-नुवाकोटको राजनीतिक चेतना कस्तो रहेछ भन्ने बुझ्न ०१५ सालको निर्वाचन परणाािम हेर्दा पनि स्पष्ट हुन्छ । बीपी नेतृत्वको नेपाली कांग्रेसले त्यस बेला प्रगतिशील जनमत-विचारको प्रतिनिधित्व गर्थ्यो । सम्भ्रान्त राणा-शाह वर्गको प्रतिनिधित्व गर्थ्यो, मृगेन्द्रशमशेर राणा नेतृत्वको नेपाल राष्ट्रवादी गोर्खा परषाि्द् (नेरागोप) ले । १ सय ९ सिटमध्ये ७४ सिटका साथ नेपाली कांग्रेसले मुलुकका अधिकांश स्थानमा कब्जा जमायो । तर, उपत्यकानजिकैको नुवाकोट-धादिङ-रसुवा क्षेत्रमा चाहिं पुरातनवादीको प्रतिनिधित्व गर्ने नेरागोपले सबै सिट जित्यो ।

जस्तो : तत्कालीन राजनीतिक विभाजन अनुसार नुवाकोट-रसुवा क्षेत्र समेट्ने निर्वाचन क्षेत्र नं १०६ (धादिङ-दक्षिण) बाट गोर्खा परषाि्द्का ललितबहादुर घले ६ हजार मतका साथ विजयी भए भने दोस्रो स्थानमा रहेका कांग्रेसका भरत उप्रेतीले जम्मा २५ सय मत पाए । क्षेत्र नं १०७ (धादिङ-उत्तर) मा झन्डै नौ हजार मतका

साथ भरतशमशेर विजयी हुँदा कांग्रेसका जगत्प्रकाशजंग शाहले साढे तीन हजार मत प्राप्त गरे । क्षेत्र नं १०८ (नुवाकोट) मा कांग्रेसका बद्रीराम भण्डारीलाई पराजित गर्दै गोर्खा परषदि्कै देववीर पाण्डे विजयी बने । क्षेत्र नं १०९ (नुवाकोट-दक्षिण) विजयी भीमबहादुर कार्कीले झन्डै चार हजार मत ल्याएर जिते, निकटतम प्रतिद्वन्द्वी कांग्रेसका मोहनविक्रमध्वज जोशीले १७ सय मत नघाउन सकेनन् । यस्तै स्थिति काठमाडौंपूर्वको सिन्धुपाल्चोक, काभ्रे, दोलखा र रामेछापमा पनि रह्यो । यस क्षेत्रका कुल १० मध्ये सात सिटमा नेरागोपका उम्मेदवार अत्याधिक मतका साथ विजयी भएका थिए । बाँकी तीन सिटमा पराजित हुनु परे पनि गोर्खा परिषद्का उम्मेदवारले विजयी उम्मेदवारकै हाराहारीमा मत पाएका थिए ।

सबैभन्दा बलियो आर्थिक स्रोतका रूपमा रहेको जमिनमाथि जसको हैकम छ, राजनीतिमा त्यसैको पकड हुने ठानेरै बीपीले बिर्ता उन्मूलनको निर्णय गरेका थिए । यस क्षेत्रको निर्वाचन परिणामले पनि यही देखाएको थियो । त्यसैले बिर्ता उन्मूलन प्रस्ताव संसद्मा पेस हुँदा नेरागोपले विपक्षमा मतदात गर्‍यो । त्यसपछि बितार् वालाहरूले दरबारसमेत गुहारे । बिर्तावालाका जग्गा मोही किसानको नाममा दर्ता गराउने अभियानको नेतृत्व गरिरहेका पूर्वगाविस अध्यक्ष न्यौपाने भन्छन्, “मुलुकमा गणतन्त्र आइसक्यो । तर, रसुवा-नुवाकोटका जनता अहिले पनि बिर्तावालाको जग्गा कमाउन बाध्य छन् ।“

*(साभार : नेपाल म्यागेजिन, २२ चैत, २०७१, आइतबार)*
*https://nepalmag.com.np/contemporary/2015/04/05/8291*

# कहिलेसम्म राख्ने बिर्ता ?

## सुष्मा न्यौपाने

'हाम्रा पुर्खाले जुनेली रातमा बाबियोको नाम्लो-डोरीको पटुकी बाँधेर, भोको पेटमा ढुङ्गा फुटाएर बनाएको र हामीले सन्तानझैं स्याहार र संरक्षण गरेको माटोको हक मागेर हामीले के बिगाऱ्यौं ?'- रसुवास्थित कालिका गाउँपालिका-२ की किसान चित्रकुमारी न्यौपानेको प्रश्न हो यो ।

बिर्ता समस्याले पीडित किसानहरूको दुःखेसो र गुनासो धेरै छ । रसुवा जिल्लाको कालिका, उत्तरगया र नौकुण्ड गाउँपालिकामा अझै बिर्ता समस्या बाँकी छ । यी ठाउँमा तत्कालीन राजा पृथ्वीनारायण शाहले उपत्यका आक्रमणमा हारेपछि गायत्री पुरश्चरण महायज्ञ गर्न वनारस जाँदा एक आध्यात्मिक बाबाले रामचन्द्र र कालिकाको मन्दिर बनाएशक्ति बढ्ने उपाय सुझाएछन् । बनारसबाट फर्किएपछि उनले तत्कालीन लहरेपौवा, वेत्रावतीमा रामचन्द्रको र धैबुङ, कालिकास्थानमा कालिकाको मन्दिर बनाउन लगाएछन् । त्यसपछि वरिपरिका जग्गा ती मन्दिरको व्यवस्थापन निम्ति तोकिएको भन्ने भनाइ छ । यस्तो कार्यको जिम्मेवारी दरबार निकटकाले पाएछन् ।

मन्दिरको व्यवस्थापन र सञ्चालनका लागि भनिएका जग्गा आफ्ना तत्कालीन राजाका पुरोहित एवं नातेदारले 'चार दाम ठेकी' लिएर किसानलाई कमाइ खानू भनी वितरण गरेका थिए । तर जग्गा भने त्यसअघिदेखि नै किसानले जोतभोग गर्दै जीविका चलाउँदै आएका थिए। राजाको हुकुमी शासनपछि भने जग्गाको मालिक अर्कै भए । किसान चाहिं जोताहा । भीरपाखो, जङ्गल, चरन चौर, बगर मात्र भएको र उब्जाउन भएको जमिनलाई पनि किसानले आफ्नो भन्न पाएनन् । २०१६ सालमा बिपी कोइराला प्रधानमन्त्री हुँदा बिर्ता उन्मूलन ऐन जारी गरी कानुनीरूपमा बिर्ता उन्मूलन भइसकेको छ । यसरी कानुनतः यस्तो जमिन जोताहा किसानको हुनुपर्ने तर चतुर कथित बिर्तावाल र उनका आसेपासेले सोझा, लेखपढ गर्न नसक्ने, कानुनबारे अनभिज्ञ किसानलाई धम्क्याएर, छक्याएर, कर्मचारीसँगको मिलेमतोमा जग्गा नापी हुँदा आफ्नै नाममा जग्गा धनी प्रमाण पुर्जा बनाए । जसका कारण

उक्तजग्गाको जग्गा धनी प्रमाण पुर्जा आफ्नो बनाउन किसानहरू अहिले पनि सङ्घर्ष गरिरहेका छन् ।

सबैको साझा यो धर्ती, आकाश, जल, जङ्गल, जमिनलगायत सिङ्गो पृथ्वी र पृथ्वीमा भएका स्रोत, साधनमा सबैको बराबरी हक हुनुपर्ने हो । जसले यी सबै चिजको संरक्षण गरिरहेको छ उनीहरूको अझैं धेरै अधिकार र नियन्त्रण हुनुपर्ने हो तर यहाँ खेती गर्ने किसान स्वामित्वविहीन छन् । जसले आज मात्रै होइन उसको पुस्ताले पनि माटो छोएनन्, सुक्खापाखोमा रूख रोपेनन्, यो जमिन, जङ्गल र प्रकृतिको संरक्षणका लागिकुनै योगदान गरेनन् । बिडम्बना, उनीहरू नैखान्दानीरूपमै जमिनदार भइरहे। शक्तिको आडमा कागजी प्रमाण बनाएर किसानलाई तसाईरहे। उत्तरगया गाउँपालिका-४ मनिगाउँकी बिर्तापीडित किसान शान्ताकुमारी ग्लानको आक्रोश छ, 'हामीलाई सत्ता चाहिंदैन, कुर्सी चाहिंदैन, बालुवाटार पनि चाहिंदैन, हामीलाई हाम्रो पुर्खाको नासो हाम्रो जमिनको कानुनी हक चाहिन्छ भन्दा पनि नपाउने ? अन्याय पनि कतिसम्म ?'

जमिन बनाउने, माटो जोगाउने, अन्न फलाउने र संसारको प्राण बचाउने जीवित किसानहरू पूर्ण र अर्धभूमिहीन सरहको जीवन बाँच्न विवश हुँदै गर्दा बिर्ता जस्तो कुप्रथाबाट कहिल्यै माटो नछुनेहरूले फाइदा लिइरहने कार्यको क्रमभङ्गता टुट्न सकेको छैन। यो टुट्न जरूरी भएको भनाइ छ राष्ट्रिय भूमि अधिकार मञ्च, रसुवाका अध्यक्ष भवानीप्रसाद न्यौपानेको । 'राजाको शासन ठीक भएन भनेर राजतन्त्रफाल्ने तर राजाको शासनमा दरबारका आसेपासेलाई शक्तिको आडमा वितरण गरिएको सामन्ती प्रथाअन्तर्गतको बिर्ता समस्या भने राखिरहने ?', भवानीको प्रश्न छ।

बिर्ता जस्तो सामन्ती र अन्यायपूर्ण भूमिवितरण व्यवस्था कानुनमामात्रै नभएर व्यवहारमै खारेज गरी जोतभोग गर्ने किसानको नाममा कानुनी स्वामित्व उपलब्ध गराउन अब ढिला गरिनु हुँदैन । जमिन र सिङ्गो प्रकृतिको रक्षा गर्ने जमिनका वास्तविक मालिकहरूलाई पूर्ण स्वामित्व दिइनुपर्छ । यसबाट उत्पादनमा अझै योगदान पुग्नेछ । जमिन रैकर भएपछि जनताले राज्यलाई कर तिर्न थाल्नेछन् । अन्यायबाट मुक्ति मिल्दा किसानको आत्मसम्मान, पहिचान र जीविका सुधारमा योगदान पुग्नेछ।

जमिनसँगको सबैभन्दा गहिरो सम्बन्ध रहेका वास्तविक किसानलाई अधिकारबाट वञ्चित बनाइराख्ने र गैरकानुनीरूपमा काठमाडौँका महलमा बसेर बनाइएका

कागजका खोस्टासरहको जग्गा धनी प्रमाण पुर्जालाई आधार मानेर, कानुनका धारा र उपधाराको अपव्याख्या गरी किसानको घाँटी निमोठ्ने कार्य जीवित रहेसम्म गणतन्त्र महसुस गर्न नसकिने पूर्ववडाध्यक्ष तथा माओवादीका स्थानीय नेता पुष्पराज न्यौपानेको तर्क छ । उनका अनुसार अहिलेसम्म उक्त जमिनमा खेती गरिरहनु नै मुख्य प्रमाण भएकाले त्यसैका आधारमा बिर्ताका जोताहालाई स्वामित्व हस्तान्तरण गरिनुपर्छ ।

अन्यायपूर्ण व्यवस्था फेर्न सशस्त्रयुद्ध लडेर पटक-पटक सरकारमा गएको माओवादी पार्टी नेतृत्वको सरकार सधैँझैँ सत्ता जोगाउने खेलमा मात्र होइन, बिर्ता जस्ता कुप्रथा हटाउन पनि लाग्नुपर्छ। हिजो जनतासामु गरिएका प्रतिबद्धता पूरा गर्न' एमाले र कांग्रेसजस्ता ठूला दलको पनि दायित्वहो। त्यसैले अब ढिला नगरिकन स्थानीय, प्रदेश र सङ्घीय सरकारको साझा प्रयासबाट बिर्ता समस्या जरैदेखि उखेलेर फाल्न सबै लाग्नुपर्छ ।

'यहाँको जमिन किसानले अर्थात् हाम्रा पुस्ताले बनाएका हुन्। जमिन उत्पादनका लागि हो, उत्पादन किसानले गरिरहेका छन्। तर कागजी प्रमाण लिएर अरूकोही बसिरहेको छ। यस्तो जटिल समस्या समाधान गर्न धेरै नै ढिला भइसकेको छ', कालिका गाउँपालिका अध्यक्ष हरिकृष्ण देवकोटा भन्छन्, 'तर दुःखको कुरा, यस्ता समस्या समाधानका लागि स्थानीय सरकारलाई अधिकार दिइएको छैन। सङ्घ र प्रदेश सरकारसँग कुरा गर्दा सुनुवाइ हुँदैन।' देवकोटाको भनाइबाट पनि पुष्टि हुन्छ कि समस्या विकराल छ तर यसको साँचो संघीय सरकार स्वयं लिएर बसेको छ ।

*(साभार : नागरिक दैनिक, १३ कात्तिक २०८१)*

# बिर्तापीडित किसानलाई सुन्दैन सरकार

## विश्वास नेपाली

रसुवा कालिका-३ का प्रेमनाथ अगस्ती र उनको पुस्तौंदेखि बसोबास र खेती गर्दै आएको जमिन बिर्ता छ । उनी भूमिहीनसरह छन्, जग्गा धनी प्रमाण पुर्जा छैन । जग्गा धनी प्रमाण पुर्जा लिन सङ्घर्ष गरिरहेका छन् । रसुवाकै उत्तरगया-४ की शान्ता ग्लान बिर्ता रैकर गराउन २०६४ सालदेखि भूमि अधिकार आन्दोलनमा संगठित छिन् तर अहिलेसम्म जग्गा धनी प्रमाण पुर्जा पाउन नसकेकोमा दुःख व्यक्त गर्दै भन्छिन्, 'सरकारले किसानको वेदना सुनेन ।'

त्यस्तै नुवाकोट तारकेश्वर-५ का चूडामणि गजुरेलको उत्पादन हुने जग्गा सबै बिर्ता छ । घरपरिवारको जीविकोपार्जन खेतीबाटै चलेको छ । उनी पुस्तौंदेखि पिरोलेको बिर्ता समस्या समाधान नहुँदा दुःखी छन् ।

नुवाकोट र रसुवा राजधानीनजिकै भए पनि बिर्ता समस्याले पिरोलिरहँदा पनि राज्यको ध्यान पुगेको छैन । यी जिल्लामा केन्द्रीय राजनीतिमा प्रभाव पार्न सक्ने नेताहरू धेरै छन् । किसानहरू हरेक चुनावमा यी समस्या तिनलाई सुनाउँछन् र जहिल्यै उही आश्वासन पाउँछन्– 'अब समस्या समाधान हुन्छ !' र फेरि तिनै किसानको मतले चुनिन्छन् । यो सिलसिला चलिरहेको छ । तर, वर्षौंदेखिको बिर्ता समस्या समाधानमा भने उनीहरू कहिल्यै अग्रसर भएनन् । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २०७१ सालमा गरेको रसुवा र नुवाकोट केन्द्रित अध्ययन अनुसार २ हजार २ सय ७६ परिवार बिर्ता समस्यामा छन् । यो संख्या अझ बढी हुन सक्छ ।

काठमाडौं उपत्यकामा आक्रमण गर्दा हारेपछि गायत्री पुरश्चरण महायज्ञ गर्न बनारस गएका पृथ्वीनारायण शाहलाई एक बाबाले रामचन्द्र र कालिकाको मन्दिर बनाए शक्ति बढ्ने सल्लाह दिएछन् । बनारसबाट फर्किएलगत्तै पृथ्वीनारायणले बेत्रावतीमा रामचन्द्रको र धैबुङको कालिकास्थानमा कालिकाको मन्दिर बनाउन लगाए, जुन अहिले पनि अस्तित्वमा छन् । मन्दिरको रेखदेख गर्न यहाँका जग्गा उनले गुठी र बिर्ता अन्तर्गत राखिदिए । राणाकालअघि छोटो समय प्रधानमन्त्री

बनेका रंगनाथ शर्मा पौडेलले भाइ जयमङ्गल शर्मा (लमजुङबाट आएका थिए) लाई यी क्षेत्रका करिब १७/१८ हजार रोपनी जग्गा दिएका थिए रे ! साथै उनलाई मन्दिरहरूको व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको थियो भनिन्छ । राजाको हुकुमप्रमाङ्गीमा वितरण भएको जग्गा कुशबिर्ताको नामले चिनिन्थ्यो । मन्दिरको व्यवस्थापन र सञ्चालनका लागि भनिएका जग्गा कालान्तरमा शर्माका भाइ-भतिजा वा सन्ततिले आफ्नो इच्छा अनुसार किसानलाई 'चार दाम ठेकी' (त्यतिबेलाको चलन अनुसार) लिएर वितरण गरे ।

जमिन अहिलेजस्तो उब्जाउयुक्त थिएन भीर-पाखो, जंगल, चरन चौर, बगरजस्तो थियो । रोजगारीको अन्य विकल्प नभएका त्यहाँका किसानले यस्तै जमिन खोस्रेर भए पनि जीविका चलाएका थिए । त्यतिबेलै पृथ्वीनारायणले धार्मिक तीर्थस्थल गोसाइँकुण्ड यात्राको क्रममा नुवाकोट राज्य अन्तर्गत पर्ने (हालको रसुवाको धैबुङ, भोर्ले र लहरेपौवा) मा आँखाले देखेजतिका सबै जमिन हातको इसाराले आफ्ना सहयोगी र पुरोहितहरूलाई बिर्ता भयो भनेर छुट्याइदिएका थिए भन्छन्, स्थानीय बासिन्दा । यो क्षेत्रको बिर्ता समस्याको सुरूआत त्यसबेला भएको हो । पहिले जग्गा धनी प्रमाण पुर्जाको चलन थिएन । धितो बन्दकी राख्नुपर्ने आवश्यकता थिएन । किसानहरूले खेती गर्दै आए, बिर्तावालालाई कुतको रूपमा धान, चामल, फलफूल, पैसा, खसी-बोका र तरकारी बुझाउँदै आए । जमिन नयाँ पुस्तामा सर्दै आयो ।

जनसङ्ख्या वृद्धि, बढ्दो बजार र मानवीय आवश्यकता तथा चाहनाअनुरूपका पूर्वाधारले गर्दा जमिनको महत्त्व बढ्दै गयो । बसोबास पनि बढ्दै गयो । तैपनि बिर्तावालाका सन्तति जग्गा खोज्दै आएनन् । जग्गा धितो राखी छोरीछोरी पढाउन, व्यापार-व्यवसाय गर्न वा खरखाँचो टार्नका लागि किसानले जग्गा धनी प्रमाण पुर्जाको आवश्यकता महसुस गरेपछि जग्गा बिर्ता भएको थाहा भयो । त्यसपछि किसानहरूले विद्रोह गरे । रसुवामा किसान विद्रोहको सुरूआत २०४५ सालबाटै छिटफुट रूपमा भए पनि २०५२ सालमा बिर्ता जग्गा सङ्घर्ष समिति बनेपछि, यो आन्दोलन औपचारिक भयो । भूमि अधिकार मञ्च रसुवाका अध्यक्ष हेमनाथ खतिवडा भन्छन्, 'पैसा र शक्तिको आडमा कतिपय स्थानीय नेताले बिर्तावालाहरूलाई प्रलोभनमा पारी जग्गा आफ्नै नाममा ल्याएका छन् ।' नयाँ बिर्तावाला बन्ने क्रम यसरी सुरु भइसकेको छ ।

कालिका गाउँपालिका पूर्वउपाध्यक्ष एवं बिर्तापीडित किसान भवानीप्रसाद न्यौपाने भन्छन्, 'हामी २०४५ सालसम्म कुत बुझाउन गह्रुङ्गो भारी बोकी रसुवादेखि हिंडेरै बिर्तावालाको घर खोज्दै काठमाडौं जान्थ्यौं । तीन दिन लाग्थ्यो । यसरी लगेको

कुत बुझाउँदा पनि बिर्तावालाहरू खुसी हुन्थेनन् । किसानलाई अपमान गर्थे ।' न्यौपाने थप्छन्, 'धेरै पीडा महसुस हुन थालेपछि २०५२ सालदेखि संगठित रूपमै कुत नतिर्ने बरु राज्यसँग जमिनको अधिकार दाबी गर्ने भनेर विद्रोह सुरु गरेका हौं ।' लामो समय भूमि अधिकार अभियानको नेतृत्व गरेका न्यौपाने, स्थानीय सरकारको अघिल्लो कार्यकालमा कालिका गाउँपालिकाको उपाध्यक्ष हुँदा उनकै संयोजकत्वमा समिति बनाई २०७५ वैशाख ४ गते बिर्ता उन्मूलन गर्ने घोषणा गरिएको थियो । तर, स्थानीय तहलाई जग्गा रैकर गर्ने अधिकार नभएपछि जग्गा धनी प्रमाण पुर्जा वितरण गर्न भने सकिएन ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले २०१६ सालमा सुरु गरेको बिर्ता उन्मूलन अभियानले रसुवाका किसानलाई छुन सकेन । बरु बिर्तावालाहरूले नै जग्गा सुरक्षित गर्नका लागि आधार पाएको देखिन्छ । तत्कालीन समयमा सत्ता र शक्तिको दुरुपयोग गरी उनीहरूले जग्गा आफ्नो नाममा बनाउँदा त्यसको असर अझै परिरहेकै छ । यस्तो जग्गाको कर पनि राज्यले पाइरहेको छैन । भूमि अधिकारकर्मी सुष्मा न्यौपाने भन्छिन्, '२०६३ साल यता सयौं पटक सिंहदबार गयौं । मालपोतमा, काठमाडौंको खुलामञ्च र प्रमुख पार्टीहरूको केन्द्रीय कार्यालयमा धर्ना बस्यौं, त्यसको बदलामा आश्वासन त धेरै पायौं तर जग्गा धनी प्रमाण पुर्जा पाएनौं ।'

किसानहरूको आन्दोलनले केही उपलब्धि पनि भएको छ । २०६७ सालमा माधवकुमार नेपाल नेतृत्वको सरकारले निर्णय गरिदिएपछि, रसुवामा करिव ५०० परिवारले १५ सय रोपनी जग्गाको जग्गा धनी प्रमाण पुर्जा लिएका छन् । बाँकी किसानले यसबीच सयौं पटक सरकार गुहार्दा पनि जग्गा धनी प्रमाण पुर्जा पाउन सकेनन् । तत्कालीन बिर्तावाला- रत्नप्रसाद पौडेल, होमनाथ पौडेल, हरिनाथ पौडेल, जगतप्रसाद पौडेल, फणीन्द्रशमशेर, भीमबहादुर थापाको नाममा अहिले पनि बिर्ता छ । कतिपय किसानसँग आधिकारिक रूपमै मोही देखिन मोहियानी हकको रसिद-फारम तथा बिर्तावाललाई कुत बुझाएको भर्पाई लगायत कागजात छन् । धेरैजसो किसानसँग भने यस्तो प्रमाण छैन, कतिपयको २०७२ सालको भूकम्पले घर भत्किएपछि कागजात हरायो ।

बिर्ता सामन्तवादी संस्कृतिको एक अवशेष हो । सोझा सीधालाई ठगी शासनसत्तासँगको सम्बन्धका आधारमा निश्चित वर्गले जग्गा हडप्दा किसानहरू निकै मर्कामा छन् । यो अन्याय हो । कानुनी रूपमा २०४९ सालभन्दा पछि बिर्ता जग्गा दर्ता गर्न नपाइने

भनिएको छ । यद्यपि कतिपय बिर्तावालाले मालपोत प्रमुखसँग मिलेमतो गरी २०६३ सालसम्म पनि एकलौटी रूपमा दर्ता गरेको देखिन्छ, जुन सरासर गैरकानुनी हो ।

नेपालको संविधान २०७२ को धारा ५१ मा राज्यको नीतिहरूको (ङ) मा कृषि र भूमिसुधार सम्बन्धी नीतिको (१) मा भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने भनिएको छ । (२) मा अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उल्लेख छ । तर, संविधान बनेको यत्तिका समय बितिसक्दा पनि किसानले न्याय पाउन सकेका छैनन् । २०७६ माघ २८ मा आठौं पटक संशोधन गरिएको भूमि सम्बन्धी ऐन-२०२१ को दफा ५२ को ग.(१) मा 'कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि यो दफा प्रारम्भ हुँदाको बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए पनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा १० वर्षदेखि आवाद कमोत गरी आएका अव्यवस्थित बसोवासीलाई एक पटकका लागि नेपाल सरकारले निजहरूलाई जग्गा उपलब्ध गराउने' भनिएको छ । सरकारले आवश्यकता पर्दा कानुन बनाएर जमिन दिन सक्ने व्यवस्था पनि अभ्यासमा छ । तर, पुस्तौंदेखि कमाई आएको जग्गाको जग्गा धनी प्रमाण पुर्जा माग्दा सरकारले नसुन्नु लोकतान्त्रिक शासन व्यवस्थाको दुःखलाग्दो पक्ष हो । जसरी भूमि सम्बन्धी ऐन २०२१ संशोधन गरी 'अव्यवस्थित बसोवासीलाई दस वर्षको सीमा तोकी आवाद कमोतका आधार जग्गा दर्ता गर्ने' भनेर प्रक्रिया अघि बढाइएको छ, त्यसैगरी बिर्ता उन्मूलन ऐन, २०१६ संशोधन गरी 'किसानलाई आवाद कमोतको आधारमा' बिर्ता भनिएको जग्गा दर्ता गरिदिन मिल्छ ।

अहिले सामन्ती राजतन्त्रामक व्यवस्था छैन तर त्यसको अवशेषका रूपमा बिर्ता प्रथा अझै छ । गणतन्त्र आएको पनि डेढ दशक भइसक्यो तर, त्यही गणतन्त्र ल्याउन ज्यानको बाजी थाप्ने हजारौं किसान बिर्ता समस्याले थिचिनुपरेको छ । आफू बसिरहेको वा जीविका जोडिएको जग्गा दर्ता गराउन लामो समयदेखि सङ्घर्षमा छन् । योभन्दा विडम्बना अरू के हुन सक्छ र ?

*(साभार : कान्तिपुर दैनिक, असार ७, २०७९)*

# कमजोर छैनौँ हामी

## चित्रकुमारी भट्ट, खड्गमाया न्यौपाने र भुवनेश्वरी लामिछाने

हामी राजधानीबाट नजिकै भएर पनि दुर्गमको पगरी गुथाइएको रसुवास्थित कालिका गाउँपालिकाका बासिन्दा हौं । धेरथोर जमिन छ। भएका जमिनमध्ये धेरैजसो बिर्ता छ । बिर्ता जमिन कानुनीरूपमा २०१६ सालमै उन्मूलन भएको हो अर्थात त्यसयता मुलुकमा यस्तो जमिन रहनु काननुतः अवैधानिक हो तर विडम्बना, हामी अहिले पनि यही अवैधानिक अवशेषको मारबाट गुज्रिरहेका छौं ।

जग्गा पुर्खौंदेखि हामी कमाइरहेका छौं तर न उक्त जग्गा बेखबिखन गर्न पाउँछौं न त वित्तीय संस्थामा धरौटी राखेर केही गर्जो टार्नै । भनाइको मतलव आफैँले वर्षौंदेखि नङ्ग्रा खियाइरहेको जमिनमा पनि हाम्रो स्वामित्व छैन । जोसँग यो जमिनको धनी पुर्जा छ, उसले जमिन नै चिनेको छैन । जसले खनिखोस्री जमिनलाई ऊर्वर बनाएको छ, त्यसबाट उत्पादन लिएको छ, अनि उक्त उत्पादनबाट परिवार पालेर बाँकी रहेको अन्यलाई पनि खुवाएको छ, उसको भने स्वामित्व छैन ।

तर पनि हामीले हिम्मत हारेका छैनौं । राज्यले उन्मूलन गरिसकेको यो प्रथा वास्तवमै मृत तुल्याउन विगत १७ वर्षदेखि निरन्तर क्रियाशील छौं । फलस्वरूप हामीले नपाए पनि करिब ५ सय परिवारले विर्ता जमिनको पुर्जा पाएका छन् । हामी अझै करिब १ हजार परिवार जस्तै आफूले पनि न्याय पाउनका लागि निरन्तर लडिरहेका छौं तर पनि खुसी छौं । खुसी यसकारण कि हाम्रै अगुवाइमा भएको आन्दोलनकै कारण धेरै पीडित परिवारले वर्षौंदेखि कमाइरहेको जमिनमा स्वामित्व पाएका छन् । जसले उनीहरूको मुहारमा खुसी ल्याएको छ भने परिवारको भविष्य उज्ज्वल बनेको छ । सानोतिनो गर्जो टार्ने वातावरण बनेको छ । एकप्रकारले उनीहरू यतिखेर पृथक जीवन बाँचिरहेका छन् ।

रसुवा करिब करिब पूरै भिरालो भूगोलयुक्त जमिन हो । यहाँका खोलानाला विभिन्न हाइड्रोपावरका नाममा कब्जा भइसकेका छन् । हामी भने ललिपप (केही कित्ता सेयर) मा मख्ख हुन बाध्य छौं । नुवाकोटको सिमाना कटेपछि कालिकास्थानसम्म गैरजनजाति र त्यहाँबाट जति माथि गयो उति उति जनजातिको बसोबास रहेको यो जिल्ला वास्तवमै रमणीय छ । तर यो रमणीयतालाई बाहिरबाट आएर खोला कब्जा

गर्ने तथा जमिनमा समेत प्रभुत्व जमाउँदै आएकाले दूषित बनाउँदै आएका छन् । यहाँका किसान आफूले यही भिरालो जमिनमा गरेको उत्पादन पनिपरिवारले मात्र उपभोग गर्न पाउँदैनन् । स्वयम्भुलगायत विभिन्न देवताका नाम लिएर जानेले कुतका रूपमा उठाएर ल्याउँछन् । अझ केही अघिसम्म त गतिलो भालो र खसीसमेत देख्नै हुन्नथ्यो। गुठीको जग्गा भन्छन् । उठ्न धम्क्याउँछन् । बसिरहेको जमिन उनीहरूलाई थाहै नदिइ बेचिदिन्छन् ।

सम्झँदा कहाली लागेर आउँछ । तर पनि हामी महिला भनेर चूप लाग्ने अवस्था थिएन । त्यसैले रातरबिहान भनेनौं । बालबच्चालाई डोकोले छोपेर, गाई/बाच्छा छिमेकको जिम्मा लगाएर हामी कहाँ पुगेनौं ? काठमाडौंको टुँडिखेलमा धर्ना बसेनौं कि ? वनकालीबाट जुलुस निकालेनौं कि ? धुन्चेका भूमि र प्रशासन अड्डा घेरेनौं कि ? के गरेनौं हामीले ? कोसँग भिडेनौं हामी ? मन्त्रालयका कोठा/चोटा कहाँ चाहारेनौं हामीले ? जे होस्, अहिले यसै आन्दोलनको प्रतिफलस्वरूप केहीले भए पनि पुर्जा पाएका छन् । जसले हामीलाई निकै गौरवान्वित तुल्याएको छ ।

हाम्रो आफ्नै सङ्गठन छ- भूमि अधिकार मञ्च । अनि महिला अधिकार मञ्च पनि खोलेका छौं हामीले । भूमि घर नाम राखेका छौं आफैं मिलेर बनाएको घरको । जहाँ हामी पीडितहरू बस्छौं, समस्या पहिचान गर्छौं । कसरी अघि बढ्ने भन्नेबारे विचारविमर्श गर्छौं । अघि बढ्ने योजना बनाउँछौं । समस्या कसरी समाधान गर्ने भन्ने निचोड ननिस्किउन्जेल त्यहीं बस्छौं । लुगाफाटो जोगाड गरेका छौं । त्यहीं सुत्छौं । घर-घरबाट ल्याएको पिठो र गुन्द्रुक त्यहीं उमाल्छौं । अर्थात समाधान नफुरुन्जेल हामी डेग चल्दैनौं । हाम्रो सफलताको मुख्य सूत्र पनि यही हो ।

हामीलाई आफ्ना अधिकारबारे राम्रो ज्ञान छ । अधिकार मात्र हैन, कर्तव्य पनि राम्रै ख्याल छ । त्यसैले त हामी दिनभर माटोसँग खेल्छौं । पशुभाउसँग रमाउँछौं । डाँडाकाँडा घन्किने गरी गीत गाउँछौं र निन्द्रामा परेकालाई ब्युँझाउने प्रयास गर्छौं । हामीलाई थाहा छ, आफ्नो भिरालो भूभाग सम्म तुल्याउन गाह्रो छ । त्यसैले त हामी यसमा चिन्ता गर्न' भन्दा यस्तो जमिनमा के बढी फलाउन सकिन्छ भन्नेमा चिन्तन गर्छौं । हामीलाई थाहा छ, पुरुषका तुलनामा महिलालाई अघि बढ्न गाह्रो छ । त्यसैले त हामी पुरुषसँग पनि काँधमा काँध मिलाएर कामको व्यवस्थापन मिलाउँछौं । हामीलाई थाहा छ, महिलालाई केही जानकारी हुन्न भनेर 'हाकिमसाब' हरूले अवमूल्यन गर्छन् । त्यसैले त हामी वार्तामा बस्दा होस् वा कुनै कार्यक्रममा सहभागी हुँदा, पढेर बुझेर मात्र जान्छौं ।

हामी गाई भैंसी पाल्छौं । दूध बेच्छौं । घिउ बिक्री गर्छौं । फर्सीका मुन्टाबाटै पचासौं हजार हात पार्छौं । काउली, फर्सी, खुर्सानी हाम्रा लागि सामान्य तरकारी हुन ।

एकातिर यस्ता तरकारीले हाम्रो परिवारको स्वास्थ्य स्वस्थ तुल्याउन सघाएको छ अर्कोतिर आर्थिक उपार्जनका कारण पढाइलेखाइ मात्र हैन, सिङ्गो जीविकोपार्जन सहज बनेको छ । आर्थिकरूपमा दरिलो भएपछि आन्दोलन गर्न होस् या कुनै पनि कुरामा अघि बढ्न, सहज हुने अनुभव हामीले धेरैपटक सङ्गालेका छौँ । सोभ्को अर्थमा भन्दा हामीले कुनै पनि कुरालाई आर्थिक पक्षसँग नजोडेसम्म सफल नहोइने अमूल्य पाठ सिकेका छौँ ।

हामी तीनैजना लेखपढ गर्न जान्दैनौँ । सहीसम्म धस्क्याउने मात्र हो । अझ हामी दुई (खड्गमाया र चित्रकुमारी) त विधवा पनि हौँ । यस अर्थमा हामीले छोरारछोरी तथा घरपरिवारमा बाबुको समेत जिम्मेवारी निर्वाह गर्दै आएका छौँ । तर पनि हामी गाउँका कुनै पनि सामाजिक कार्यक्रम छुटाउँदैनौँ । यस्ता कार्यक्रम भएका दिन बिहानै घाँसको जोहो गर्छौँ । सासू, ससुरा र बालबच्चाका लागि खाना/चियाको व्यवस्था अग्रिम मिलाउँछौँ । कतिपय अवस्थामा घरमा सघाउनसमेत अर्मपर्मको चाँजोपाँजो मिलाइरहेका हुन्छौँ । भन्न खोजिएको कुरा के हो भने व्यवस्थापन गर्न जानियो भने कुनै काम, कुराबाट अलग हुनुपर्दैन । यसर्थ हामीले गर्दै सिक्ने प्रक्रियाअनुसार व्यवस्थापनको महत्व पनि राम्रैसँग सिकेका छौँ । जसले हाम्रो जीवनमा प्रतिकूलताभित्र पनि अनुकूलता सिर्जना गर्ने सिप भित्र्याइदिएको छ । लाग्छ, अरू दिदीबहिनीले पनि यो सिप सिकेमा जीवन सुन्दर हुनेछ ।

कहिलेकाहीं छोराछोरी रून्छन् । सासू/ससुरा ठुस्किन्छन् । श्रीमान् अँध्यारो मुख लगाउँछन् । गाउँलेहरू 'नेतिनी' को उपमासहित कुरा काट्छन्, पसल/चोकमा बसेर । हामी यस्ता सबै कुराबाट सूचित छौं तर हामीलाई कुनै फरक पर्दैन किनकि हामीलाई हाम्रो परिवार कसरी खुसी राख्नुपर्छ र हाम्रो जिम्मेवारी के हो भन्ने कुरा राम्रोसँग थाहा छ । जहाँसम्म पराईको कुरा छ, हाम्रा लागि त्यो पनि समस्याको विषय हैन किनकि नेपाली गाउँले समाजको सोच र बुझाइको स्तरबाट पनि हामी परिचित छौँ । त्यसैले राम्रो कामका लागि अघि बढ्दा बुझेका र सज्जन तथा ज्ञानी मानिसले उपलब्ध गराउने स्यावास, धन्यवाद, साहसी आदि शब्द नै हाम्रा लागि महत्वपूर्ण ऊर्जा हुन् । विरोधीले यी वास्तविकता पछि बुझ्छन् भन्ने पनि हामीलाई थाहा छ ।

परिवर्तन सहज छैन । सुन्दर गुलाव हात पार्न काँडाघारीको यात्रा तय गर्नैपर्ने वास्तविकतासँग पनि हामी अनविज्ञ छैनौँ । त्यसैले काँडासँग जुधेर प्राप्त गरेको गुलाव जस्तै सुन्दर छन् हामीले प्राप्त गरेका उपलब्धि । हामीले खाएका डन्डा, हाम्रा जिउमा बर्सिएका फोहोरा तथा कुटाइका प्रतिफल त हुन अहिले हात परेका जग्गा धनी पुर्जा । जसले हामीलाई जमिनको स्वामित्व मात्र दिलाएको छैन । सामाजिक

न्यायको लडाइँमा अभूतपूर्व सफलतासमेत हासिल भएको छ । हामीलाई राम्रोसँग थाहा छ, लडाइँ अझै जारी छ र त्यो झन् कठिन पनि छ । हामीलाई अझ यो भन्दा पनि महत्वपूर्ण अर्को कुरा पनि थाहा छ- यस्तो लडाइँ हामी पक्कै जित्नेछौँ किनकि यो सत्यको पक्षमा छ ।

नारी दिवसले सबै महिलामा निराशा हैन, हाम्रो जस्तै आँट र ऊर्जा भरोस् । अनि मात्र महिला हुनुको गर्व प्रदर्शन गर्न सकिन्छ ।

*(रघुनाथ लामिछानेसँगको कुराकानीमा आधारित । २०७९ फागुन २४ नारी दिवसका अवसरका नागरिक दैनिकमा प्रकाशित ।)*

# बिर्ताको जाँतोमा रसुवा-नुवाकोट

**रघुनाथ लामिछाने**

## प्रसङ्ग १

रसुवास्थित कालिका गाउँपालिका, धैबुङका भवानीप्रसाद न्यौपानेले कमाइरहेका बिर्ता जमिनको कानुनी स्वामित्व काठमाडौँस्थित महाबौद्धका होमनाथ उपाध्यायको नाममा थियो। २०३५ सालतिरै हिंडेर आइ पकनाजोलको घिउ कोठी (तत्कालीन लज) मा बसेर कुत तिर्न जाँदा हपारेर पठाए। कारण थियो- कुत तिरेको भर्पाइ माग्नु। होमनाथ कुत लिन रसुवा नै जाँदा भवानीको चुलो खालि गरिदिनुपर्ने मात्र हैन, करेसामा भएका ताजा र मीठा तरकारी अनि सबै भन्दा राम्रो चामलसमेत धोइपखाली गरेर ठीक पारिदिनुपर्थ्यो। उनी र उनको टोली खाएर बिदा भएपछि मात्र त्यो चुलो भवानीको परिवारको हुन्थ्यो। भवानी यस कुरामा अचम्म मान्छन् कि त्यति गर्दा पनि 'मालिक' कहिल्यै खुसी भएनन्।

## प्रसङ्ग २

चूडामणि गजुरेल नुवाकोटको तारूकेश्वर गाउँपालिका-५ का बिर्तावाल किसान हुन्। उनले कमाइरहेको जमिन २०३५ सालमा नापी भएको हो। त्यतिबेला स्थानीय पञ्चहरूले जग्गा धनीको महलमा जबर्जस्ती पूर्णजङ्ग शाह र भगवती शाहको नाम लेखाइदिए।

त्यति मात्र हैन, बिर्तावालले स्थानीय पञ्चहरूलाई दुरूपयोग गरेर जग्गा धनीमा आफ्नो नाम लेखाए ५ वर्ष कैद र ३ लाख जरिवाना हुने डङ्कासमेत पिटाए। त्यतिबेलाका पञ्चको अगाडि को बोल्न सक्ने ? जसका कारण अहिलेसम्म पनि गजुरेल आफूले पुस्तौंदेखि कमाएको पाखोबारीको समेत असली मालिक बन्न सकेका छैनन्।

## प्रसङ्ग ३

पुतलीमाया लो रसुवाकै ज्याङलाङ, आलडाँडाकी बासिन्दा हुन् । सन्तानलाई टन्न खुवाउन भनेर आफूले गाँस कटाएर किनेको जग्गा बिर्ता रहेछ। नापीका बेला उनीहरूलाई आफू पनि जानुपर्छ भन्ने थाहै भएन । अहिले कान पनि नसुन्ने र आँखा पनि राम्रोसँग नदेख्ने उनका ससुरा सोझो भएकै कारण कसैले खबर पनि गरेन । त्यसैले आफ्नो जग्गाको धनीमा होमनाथ, गौरीनाथ लेखिएको छ रे भन्नेसमेत सुनेकी छिन् पुतलीमायाले तर न पुर्जा छ न त अन्य केही प्रमाण नै । त्यसैले पुस्तौँदेखि कमाइरहे पनि त्यो जग्गा आफ्नो हो कि होइन, उनैलाई थाहा छैन ।

सन् १९५४ मा अमेरिकाले नेपालको विशेषगरी तराई क्षेत्रमा औलो रोग नियन्त्रण परियोजना सुरु गरेपछि उक्त क्षेत्रका लाखौं बासिन्दाको हित भयो र लाखौं बिघा जमिनमा बसोबास गर्ने तथा जोतभोग गर्ने अवसर जुऱ्यो । तर यससँगै पहाड तथा अन्यत्रबाट यहाँ बसाइँ सरेकाहरूले रैथाने थारूको जमिन हडपे । त्यसपछि जग्गा धनी थारूहरू जीविकाका लागि आफ्नै जग्गा हडप्नेको शरणमा पर्न बाध्य भए । यसरी बस्नेलाई कमैया भनिन्थ्यो । यसरी औलोविरूद्धको अभियान लाखौं मानिसका लागि वरदान भए पनि रैथाने थारू समुदायका लागि भने अभिशाप सावित भएको थियो । जसको असर अझै पनि प्रत्यक्ष देख्न सकिन्छ ।

ठीक यही मेसो नुवाकोट-रसुवाले पनि बेहोरेका छन् । पृथ्वीनारायण शाह नेपाल एकीकरणकर्ता हुन् । यही कारण उनी नेपाली इतिहासको सर्वोच्च शिखरमा कालजयी व्यक्तिका रूपमा लिपिबद्ध छन् । एकीकरणकै क्रममा शाहले १८०१ सालमा नुवाकोट जितेका थिए । त्यसपछि उनले यस क्षेत्रको जग्गा बिर्ताबापत बाँड्ने कार्यको श्रीगणेश गरेका थिए । जसका कारण अहिले पनि यी दुई जिल्लाका हजारौं परिवार आफ्नो पुस्तैनी जमिनमा कानुनी स्वामित्व नपाएर तड्पिरहेका छन् । यही कारण सिङ्गै राष्ट्रको गौरव हुँदाहुँदै पनि पृथ्वीनारायण शाह यी जिल्लाबासीका बिर्तापीडितका लागि भने सदाको पिलो बनेर बिझाइरहेका छन् ।

## के हो बिर्ता ?

बहादुरी देखाएबापत वा वृत्तिका निम्ति मिलेको, सरकारलाई तिरोभोर गर्न' नपर्ने जग्गा, सबै वा केही मालपोत खान पाउने गरी सबैखालको माफी पाएको जग्गा (हाल बिर्ता उन्मुलन ऐनअनुसार खारेज भएका कुशबिर्ता, सुनबिर्ता, सेवाबिर्ता आदि) लाई

बिर्ताले चिनिन्छ । यस्तो बिर्ता मुख्यगरी ३ प्रकारका पाइन्छ । जसमध्ये एउटा हो कुश बिर्ता । तिल कुशसहित सङ्कल्प गरी सबै रकम माफी गरी ब्राह्मणलाई दिइएको एकप्रकारको जग्गा कुश बिर्ता हो । कुश समाती दान दिइएको यस्तो जग्गाको पोत तिर्न' पर्दैन । सुन बिर्ता बिर्ताको अर्को प्रकार हो । राजा/महाराजाले सुन र कुश साक्षी राखेर दिएको वा किनिएको जग्गा सुन बिर्ताको नामले चिनिन्छ ।

त्यसैगरी सेवा गरेबापत दिएको जग्गा, सेवक वा नोकरचाकरलाई तलबबापत उत्पादन खानू भनी दिइने गरेकोचाहिं सेवा बिर्ता हो । यस्तो बिर्ता जमिलाई २ भागमा विभाजन गरिएको छ । जसअनुसार ठेकिएको मालपोतसम्म उठाइ खान पाउने गरी पाएको वा जसरी लिए पाएको भए पनि ठेकिएको मालपोत वा मालपोतको अङ्कबमोजिमसम्म उठाइ खानेगरी आएको नेपाल सरकारमा केही तिर्न'पर्ने वा नपर्ने बिर्ता जग्गा र आवाद नभएको पर्ती जग्गा तथा जङ्गल बिर्ता जग्गासमेतलाई क श्रेणीको बिर्ता जग्गा भनेर कानुनले नै तोकेको छ । क श्रेणीको बिर्ता जग्गाबाहेकको अरू सबै जग्गाचाहिं ख श्रेणीको बिर्ता बुझ्नुपर्ने परिभाषा पनि यही कानुनले समेटेको छ ।

## बिर्ताको जन्मकुण्डली

बिर्ताको जरो निकै कडा र गहिरो देखिन्छ अध्ययन गर्दै जाँदा। इश्वी संवत् २५० देखि शासन सम्हालेका लिच्छविकालीन शासकदेखि नै बिर्ताका नाममा जग्गा बाँड्न थालेको देखिन्छ । यतिबेला अग्रहार भनेर दिइने जमिन बिर्ताकै तत्कालीन रूप हो ।

खासगरी प्राचीन समयमा गुरुकूलबाट शिक्षा पाइ आउने विद्वान् ब्राह्मणलाई जीविकाका निम्ति चलनअनुसार दिइन्थ्यो अग्रहार । यसबाहेक राजाद्वारा ब्राह्मणलाई जीविकोपार्जनका लागि दिइएको जग्गा कहीं अग्रहार त कहीं कुश बिर्ताका नामले चिनिन्छ । मल्ल कालमा यस्तो जग्गा कसलाई दिने र कसलाई नदिने भन्नेबारे नियम बनेको देखिन्छ ।

गोरखा राज्यका चौथो शाह वंशीय राजा राम शाह (जसले १६६३ सालदेखि १६९० सालसम्म २७ वर्ष शासन गरे) ले राज्य सञ्चालनका लागि २६ थिति बसालेका थिए । जसमध्ये नवौं थितिमा 'अघि ब्राह्मणलाई बिर्ता दिदामा पनि फलानु डाडो फलानो षोलो फलानु पहरो फलानु काँल्हो भित्रको जग्गा विर्ता दिञ्यु भन्याको मात्रै येति मुरी येति रोपनी येति भन्या ठेगाना केही न हुनाले ब्राहम्णको विर्ताको र रैकर जग्गाका साध किलाको व्रंदेज न भयाको नजर हुँदा कस्तो हुकुम भयो भन्दा अब

उप्रान्त ब्राहम्णलाई विर्ता संकल्प परि वक्सदा श्री ५ महाराजाको भूमि चौतरियाको झारी काजिको विती ब्राहम्णको हात दान गर्नाले येति षेत येति रोपनी येति मुरी भनि संकल्प गर्न' संकल्प गराउन्याले पनि संकल्प वाक्ये यही येति षेत येति रोपनी मुरी भन्या वाक्ये परि संकल्प गराउनु विर्ता लिनु अरूलाई दिलाउनु पनि श्री ५ माहाराजका हुकुमले थर घर पाँचहरू गै साधलाई ४ किल्ला गाडी येति षेत येति रोपनि भनी साधलाई श्री ५ महाराजका बाहुलीबाट संकल्प भयामा घटि बढि कति नपारि जति संकल्प भयाको छ तति साधलाई आउनु भन्या थिति बाधि बक्सनु भयो...' उल्लेख छ ।

पृथ्वीनारायण शाहले १८२५ सालमा बिना कानुन बिर्ता नदिनू भन्ने नियम बसाले । यसको मतलव बिर्ता पाउनेले कुत तिर्नैपर्ने भन्ने भयो । त्यसपछि जङ्गबहादुर राणाले जारी गरेका मुलुकी ऐनमा बिर्ताबारे केही व्यवस्था गरिएको छ भने त्यसपछिका श्री ३ चन्द्रशमशेरले बिर्ता जग्गाको अभिलेख तयार गर्न लगाएका थिए । पछि १९९६ मा पोत बिर्ता अड्डा नै खडा गरियो र यसलाई व्यवस्थित बनाउने अभ्यासहरू भएका देखिन्छ ।

## बिर्ता उन्मूलन ऐन २०१६

बिर्ता उन्मूलन ऐन २०१६ को प्रस्तावनामै यो ऐनको औचित्य पुष्टि गर्न भनिएको छ कि 'नेपाल अधिराज्यका विभिन्न वर्गका जनतामा समनताको भावना र स्थिति उत्पन्न गराइ सुसम्बन्ध कायम राख्नका लागि...', 'राज्य कर नतिरी जग्गा जमिन भोग गर्ने समान्त प्रथालाई अन्त गर्न वाञ्छनीय भएकाले...।' त्यसैले ऐनले नै सामन्त प्रथा किटान गरिसकेपछि बिर्ता प्रथा ठीक थियो वा छ भनेर हजारौंतर्क गरे पनि यो गलत हुनेछ ।

यसरी हेर्दा नेपालमा कानुनतः बिर्ता जग्गा छैन तर व्यवहार भने ठ्याक्कै उल्टो छ । जिल्ला भूमि अधिकार मञ्च, रसुवा र नुवाकोटको संयुक्त अध्ययनअनुसार नुवाकोटमा १५ सय परिवारले जोगभोग गरेका ४९५७ रोपनी र रसुवामा ७ सय १८ परिवारले जोगभोग गरेका १४६९ रोपनी जमिन अझै पनि बिर्ताका रूपमा छ । यी यस्ता जमिन हुन् जसको कानुनी स्वामित्वको लडाइँमा अर्थात कानुनले नै गरेको व्यवस्था कार्यान्वयनका लागि पीडित किसानले सङ्घर्ष गरेका ६५ वर्ष अर्थात एउटा सिङ्गो जीवन बितिसकेको छ ।

## अबको प्रश्न

बिर्ताको समस्या अन्यत्र जिल्लामा पनि छ । नुवाकोट र रसुवामा २०३५/३६ सालमा नापी भयो । जतिबेला जोतभोग गर्नेलाई थाहै दिइएन । जो थाहा पाएर आए, उनीहरूलाई जग्गा धनीमा नाम लेख्न दिइएन, धम्क्याएर । जसले मोहीमा सम्म नाम लेखाउन सके, उनीहरूमध्ये पनि धेरैले अहिलेसम्म कानुनी हक पाएका छैनन् ।

यसरी जग्गा नपाउँदा बिर्ता शब्दको नामोनिसान कतै देखाइएन । जसमा नापी गर्ने कर्मचारी र स्थानीय पञ्चहरू बिर्तावालद्वारा किनिए, प्रभावमा पारिए । यही कारण धेरै बिर्तावालले पछि जमिन आफ्नो नाममा बनाए । किनबेच पनि गरिरहे । तर जोतभोगवाला यी घटनाबाट बेखबर छन् । बिर्ता जग्गा जोतभोगकर्ताको स्वामित्वमा जानुपर्नेमा कानुनविरूद्ध किन बिर्तावालकै नाममा गरियो ? बिर्तावालकै नाममा गरिनु थियो भने बिर्ता उन्मूलन ऐन किन जरूरी थियो ? जबकि ऐनको दफा ३ ले नै बिर्ता जग्गामा रहेको बिर्तावालहरूको भूस्वामित्व स्वतः समाप्त हुने भनेको छ ।

पृथ्वीनारायण शाहले नेपालका प्रथम प्रधानमन्त्री रङ्गनाथ शर्मा पौडेलका भाइ जयमङ्गललाई मन्दिर व्यवस्थापनका लागि भने यहाँका करिब १८ हजार रोपनी जमिन दिएका थिए । कुश बिर्ता यी जग्गा पछि पारिवारिक बनाइयो। मुलुक यतिबेला गणतन्त्रात्मक शैलीमा फेरिएको छ। अनि अन्यायचाहिँ २८३ वर्षअघिकै सहनुपर्ने ?

बिर्ता जग्गामा दाबी गर्न सरकारले सूचना पनि निकालेको हो । पहिलो कुरा त यो सूचना निक्लनुअघि नै धेरै बिर्तावालले जालझेलमार्फत जमिन आफ्नो बनाइसकेका थिए । दोस्रो कुरा, यस्तो सूचना बिर्ताका जोतभोगकर्तासम्म पुग्ने गरी जारी नै गरिएन । यस्तो अवस्थामा प्राविधिक अल्झन अघि सारेर सरकार आफैँले बनाएको कानुनविपरीत अघि बढ्न पाउँछ ?

कुनै दुर्गम तथा विकट जिल्लाको सयौं रोपनी जमिन काठमाडौंका सम्भ्रान्त वर्गको नाममा हुन्छ, जसलाई न ठाउँ थाहा छ न आफ्नो जमिन नै चिनेको छ भने उक्त जग्गा बिर्ता हो भन्ने सबै भन्दा ठूलो आधार यो भन्दा के हुन सक्छ ? जसलाई पुष्टि गर्न स्थानीय तह नै काफी छन् । त्यसैले यो विधि अपनाएर बिर्तावालले गैरकानुनीरूपमा आफ्नो नाममा ल्याइसकेका पुर्जा रद्द गरेर जोतभोगकर्ताकै नाममा गर्ने र उनीहरूले पुर्जा नबनाइसकेका जग्गाको स्वामित्व स्वतः किसानलाई नै दिने निर्णय गर्न सरकारलाई केले रोक्यो ?

## अन्त्यमा

यतिबेला बिर्ता उन्मूलन ऐन जारी गर्ने बिपी कोइरालाको दल र 'जसको जोतः उसको पोत' समेतको नारा घन्काएर मत बटुली सत्तामा पुगेका एमालेसहितको संयुक्त सरकार छ । त्यसैले उनीहरूको भनाइ र व्यवहार जाँच्ने एउटा अवसर पनि हो यो समय । हेरौँ, एक माघले जाडो नजाने भनाइ यिनले सम्झेका छन् कि बिर्से ?

*(साभार : नागरिक दैनिक, २९ मङ्सिर २०८१)*

## रगत-पसिना बगायौं, बदलामा के पायौं ? : संगीता लामिछाने

## बिर्ता आन्दोलनको आइकनिक फोटो स्टोरी

**दीपक सापकोटा**

काठमाडौँ– 'बिर्ताको व्यथा' को पहिलो भागमा एउटा तस्बिर छापिएको थियो- सयौं आन्दोलनकारीका बीच हलो बोकिरहेकी एक किशोरीको । रूखमुनि रातो बर्को ओढेकी, रातो टीका लगाएकी, कालो स्वेटर लगाएकी त्यो तस्बिरकी उदास किशोरी अब आमा बनिसकेकी छन् । उनकी ४ वर्षकी छोरी छिन् । रसुवाको कालिका गाउँपालिका- २, गैराघरकी उनी हाल काठमाडौंको तारकेश्वरमा बस्छिन् ।

धेरै वसन्त र हिउँद बितिगए, आन्दोलन पनि चलिरह्यो । उनको बिहे भयो, जिन्दगीको धुन र लय बदलियो । कुनै कम्प्युटरको अर्काइभ-फोल्डरमा सुरक्षित आफ्नो पुरानो तस्बिर ई-कान्तिपुर र कान्तिपुरमा प्रकाशन भएपछि रसुवाकी तिनै संगीता लामिछानेलाई उनका साथीहरूले, आफन्तले खुब फोन गरे, फेसबुक म्यासेन्जरमा सन्देश पठाए । तिनले भने, 'ओइ ! तँ त भाइरल पो भइछस् । अनलाइनलगायत पत्रिकामा फोटो आएछ है ।'

फोटोमा संगीता किशोरी छिन् । 'अहिले त म फेरिएँ नि ! आमा नै भइसकें,' उनी भन्छिन् । उनले सहरको कालोपत्र भुइँमा टेकाएको त्यो हलो-कथा बेग्लै छ । रसुवादेखि काठमाडौंसम्म सरकारलाई आफ्ना व्यथा सुनाउन आएका महिला आन्दोलनकर्मीहरूले आफ्नो बलियो काँधमा बोकेर ल्याएका थिए त्यो हलो ।

२०६७ चैत १ देखि ८ सम्म ५० जिल्लाका भूमिहीन महिलाको आन्दोलन चलिरहेको थियो । रसुवाबाट प्रतिनिधित्व गरी आफ्ना आफन्त, साथीहरूसँग आन्दोलनमा सहभागी थिइन्, १७ वर्षे संगीता । र, उनी काठमाडौं खुला मञ्चमा भएको त्यो ८ दिने धर्नामा बसेकी थिइन् आफन्तहरूसँग । उनी र उनका साथीहरूको एउटै माग थियो- आफूले जोतिरहेको बिर्ताको जमिन आफ्नै होस् ।

आन्दोलनमा मानिसको ठूलो पंक्ति थियो, धेरैले सहरमा हलो बोक्न लाज मानेका थिए । तर, मैले भनें- म बोक्छु नि ! -संगीता लामिछाने

ई-कान्तिपुरसँग संगीताले भनिन्, 'आफ्नै पुरानो फोटो छापिएको देखेर म त खुसी भएँ नि !' त्यो फोटो-सम्झना उनीसँग यस्तो छ, 'आन्दोलनमा मानिसको ठूलो पंक्ति थियो, धेरैले सहरमा हलो बोक्न लाज मानेका थिए । तर, मैले भनें- म बोक्छु नि !' यो फोटो 'कान्तिपुर'का तत्कालीन फोटो-पत्रकार किरण पाण्डेले खिचेका थिए । किरण भन्छन्, 'आन्दोलनको भीडबीच एक किशोरी हलो बोकेर प्रदर्शन गरिरहेकी थिइन् । त्यो फोटो मेरो क्यामरामा कैद भयो ।' फोटोमाथि थुप्रै प्रतिक्रिया पाइरहेको अनुभूति संगीताले सुनाइन् । फोटो पत्रकार किरण सम्झिन्छन्, 'ती निर्दोष नानीको आँखामा विद्रोहको ज्वाला थियो ।'

पुरानो आफ्नो फोटो पुनः छापिएपछि संगीता ती दुःखमय आन्दोलनका पुराना दिनतिर फर्किइन्, जतिबेला उनी सडकमा नारा लगाउँदै हिंडेकी थिइन् । रोमाञ्च पनि थियो, आन्दोलनकारीको आँखामा विद्रोह थियो । ती नारा यस्ता थिए-

*आन्दोलनमा महिला, भूमि चाहियो पहिला....*

*रगत-पसिना बगायौं, बदलामा के पायौं ?*

*सामन्ती प्रथा बिर्तार्ले, जालझेलको पुर्जा फिर्ता ले.....*

*हाम्रै नारा, हाम्रै भोट, बिर्सेउ बाचा, दियौ चोट.......*

*बिर्तार् जग्गा रैकर गर, रैकर गर, रैकर गर.......*

*अहिले पनि उनको प्रश्न छ- रगतपसिना बगायौं, बदलामा के पायौं त ?*

उनलाई लाग्छ- खुब नारा लगाइयो, कति हिउँद-वर्षा हिंडियो नारा लगाएरै । सँगै यस्तो पनि लाग्छ- तर, नाराहरू हावामै बिलाए । 'फोटोले विगत सम्झायो । भोकभोकै गोडामा ठेला उठाउँदै हिंडेको झलझली सम्झना आयो,' संगीता भन्छिन्, 'हाम्रो थोरै खेत पनि बिर्तामा थियो । त्यसैले आन्दोलनमा जोडिएकी थिएँ । आन्दोलनमा हिंड्दाहिंड्दै अधिकार नपाई कत्ति बितिसके, कत्ति थला परिसके । कहिलेसम्म गर्ने आन्दोलन ?'

उनले त्यसबेला सोचेकी थिइन्- अब हाम्रा सबै माग पूरा होलान् । त्यो आन्दोलनमा उनले समय व्यतित गरिन्, तर के पाइन् ? त्यसको जवाफ उनीसँग छैन । वसन्तले पालुवा फोरिरह्यो, तर सरकारले उनीहरूका मागमाथि कुनै रूचि देखाएन । भन्छिन्, 'मेरो परिवार (माइती) बिर्तापीडित हो- उहिले पनि, अहिले पनि । हामीहरूसँग भएको थोरै खेत पनि सबै बिर्तामा थियो । बुबा त्यो खेत जोत्नुहुन्थ्यो, गाउँमा अरु धेरैको पनि खेतबारी बिर्तामै थियो । त्यसैले म पनि आन्दोलनमा जोडिएको थिएँ ।'

अगेनावरिपरि बसेर संगीताका बुबा चूडाप्रसाद लामिछाने कुत बुझाएका कथाहरू सुनाउँथे साँझ-साँझ । बुबाले सुनाउने कथा यस्ता थिए- पाखो खनीखोस्री, झाडी र पहरा फोरेर हाम्रा बाबु-बाजेले त्यसलाई उब्जनी हुने खेत-बारी बनाए । पुर्खाहरू राणा र धनीहरूका दरबार, हवेलीमा कुत बुझाउन गइरहे, रात-साँझ । म पनि उब्जनी कुत बुझाउन निकैपटक काठमाडौं गएको छु । वर्षौं लगाएर खेत उब्जाउयुक्त बनाएका थियौं, तर राजाको एक आदेशले किसानको जग्गा बिर्तावालाको भयो । जग्गामा न बिर्तावालाको मिहिनेत छ, न पसिनाको थोपै परेको छ ।

'गाउँमा बिर्तावालहरू आए भने धेरै मान-सम्मान गर्नुपर्थ्यो, डोको लिएर बोक्न जानुपर्थ्यो । खानेकुरा जुटाइदिनु पर्थ्यो । -चूडाप्रसाद लामिछाने

रिपोर्टिङमा रसुवा पुग्दा गाउँमै भेटिएका थिए संगीताका बुबा चूडाप्रसाद । उनले हामीसँग आफ्ना पुराना घाउ-व्यथा सुनाएका थिए । 'मेरो बिर्ता ३ रोपनी छ- खेत । ०३५/०३६ सालसम्म बाली उठाउन आउँथे बिर्तावाल । बिर्तावालले द्वारे भनेर राखेको काठमाडौं बस्नेको प्रतिनिधि नै आउँथे घरघर । मैले पनि धेरै पटक कुत बुझाएको छु । कुत बुझेपछि ती भर्पाई दिन्थे । राम्रो जग्गाको १५ पाथीदेखि १ मुरीसम्म धान बुझाइन्थ्यो, मास पनि बुझाउनु पर्थ्यो,' रसुवामा पुसको सिरेटोबीच भेटिएका चूडाप्रसादले भनेका थिए, 'गाउँमा बिर्तावालहरू आए भने धेरै मान-सम्मान गर्नुपर्थ्यो, डोको लिएर बोक्न जानुपर्थ्यो । खानेकुरा जुटाइदिनु पर्थ्यो । उहिले बाबु-बाजेदेखि अहिलेसम्म हामी किसानले दुःख पाइरह्यौं ।'

संगीता भन्छिन्, 'बुबा, हजुरबुबा, जिजुबाजेहरूले भूमिकै लागि धेरै संघर्ष गर्दै आउनुभयो । अहिले पनि मेरो बुबालगायत किसान आमाबुबा, दाजुभाइ दिदीबहिनी जमिनको कानुनी स्वामित्व (लालपुर्जा) को लडाइँमै हुनुहुन्छ । बुबाहरूको आफूले जोतेको जग्गा आफ्नो बनाउने सपना कहिल्यै पूरा भएन । गरिब किसानलाई कहिल्यै अधिकार नदिएर, भूमिहीनसरह पारेर सरकार टुलुटुलु हेरेर बस्न मिल्दैन ।

जोतभोगका आधारमा लालपुर्जा दिइयोस् । समस्या पालेर राख्ने होइन, समाधान गर्ने हो । त्यो जिम्मेवारी राज्यकै हो ।'

उनको सम्झनामा खुलामञ्चको त्यो धर्नाका दिनहरू सुखमय थिएनन् । दुःखै थिए । त्यो दुःख-सम्झना १४ वर्षपछि पनि दुरुस्तै छ संगीतासँग । '८ दिनसम्म पालमुनि सुतेका थियौं । न खान पाइन्थ्यो, न मज्जाले सुत्न नै । गाउँबाट ल्याएको मानो-मुरी पकाएर खान्थ्यौं । पानी पनि प्रशस्त खान पाइन्नथ्यो । दलका नेताहरू आएर सहमति त गरेका थिए । तर, केही भएन,' उनले भनिन् ।

'केही नभए' पनि संगीतासँग आशाको झिल्को बाँकी छ । 'यसबीच थुप्रै सरकार बने, हामी पनि सिंहदरबार पुगिरहेकै छौं, ज्ञापनपत्र बुझाइरहेकै छौं । न्यायको याचना गरेका छौं, तर सरकारसँग कान भएर पनि सुन्दो रहेनछ,' उनी भन्छिन्, 'सरकारले एकदिन हाम्रा दुःख अवश्य अनुभूत गर्ला र माग अवश्य सुन्ला । त्यसकै लागि हाम्रो आन्दोलन जारी छ ।'

सायद यो फोटो बिर्ता आन्दोलनमध्येकै 'आइकनिक' फोटो हो, जसमा संगीताले बोकेको हलोले किसानका मुद्दा सम्झाइरहनेछ ।

*(साभार : कान्तिपुर, २०८२, माघ ६)*

# किसानलाई गलपासो

## रमेश कुमार

रसुवा भोर्ले-९ का ध्रुवप्रसाद पौडेलले पुस्तौंदेखि जोतभोग गर्दै आएको जग्गा आफ्नो नाममा रैकर गरिपाऊँ भनी २६ चैत २०६६ मा जिल्ला मालपोत कार्यालयमा निवेदन दिएर पटक-पटक ताकेता गरे । त्यसको ८ महिनापछि पौडेललाई मालपोतले चलानी नम्बर १७५ को पत्रमार्फत जवाफ दियो- उक्त जग्गा २०५४ फागुनमै काठमाडौंका बिर्तावार अनन्तकुमार थापामगरको नाममा दर्ता भइसकेको छ । आफूले खनजोत गरेको जमिन बिर्तावारले सुटुक्क रैकर बनाएको थाहा पाएका पौडेल जस्ता रसुवाका ७१८ परिवार अहिले बिलखबन्दमा छन् । मालपोतले तामेली बिर्ताअन्तर्गत राखेर जग्गाको स्वामित्व दिन नमानेपछि किसान सुकुमबासी बन्ने खतरा बढेको छ ।

किसानले आन्दोलन थालेपछि मन्त्रिपरिषद्ले २९ पुस २०६६ मा 'ख' श्रेणीको बिर्ता जग्गा कमाउनेले आफ्नो नाउँमा दर्ता गराउन बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७ को उपदफा(१) बमोजिम सम्बन्धित मालपोत कार्यालयमा चैत २०६६ भित्रदरखास्त दिनुपर्ने र बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १२ को 'क' को प्रतिबन्धात्मक वाक्यांशबमोजिम रैकरमा परिणत गरी जग्गा दर्ता गराउन परेका निवेदनहरूको कारबाहीको टुङ्गो लगाउन सम्बन्धित मालपोत कार्यालयलाई चैत २०६७ सम्मको म्याद तोकिएको थियो । त्यसअनुसार १५२ परिवार किसानको नाममा जग्गाको स्वामित्व आएपनि करीब ७२० परिवारको जग्गा बिर्तावारले सुटुक्क आफ्नो नाममा रैकर बनाएको भेटिएको छ ।

### पुस्तौंदेखिको रोग

संविधान सभा निर्वाचनमा नेपाली कांग्रेसकातर्फबाट उम्मेदवार रहिसकेका बालचन्द्र पौडेल रसुवाका एक जना बिर्तावार हुन् । पौडेलकाअनुसार, पृथ्वीनारायण शाहले नुवाकोटको विजयपछि रसुवाका धैबुङ, लहरेपौवा र भोर्ले गाविसका हजारौं रोपनी

जग्गा मन्दिरको आयस्रोतका लागि छुट्याएर प्रधानमन्त्री रंगनाथ शर्मा पौडेलका भाइ जयमंगललाई व्यवस्थापनको जिम्मा दिएका थिए ।

जयमंगल पौडेलले किसानहरूलाई पाखो जग्गा आवाद गरेर त्यसको केही आम्दानी मन्दिरलाई दिन लगाएका थिए । कालान्तरमा त्यही जग्गाको स्वामित्व आफूसहित जयमंगलका सन्तानहरूमा सर्दै गएर कमाउने किसानलाई समस्या भएको बालचन्द्र पौडेल बताउँछन् । "ती जग्गामा लगानी र श्रम दुवै हिसाबले बिर्तावारहरूको कुनै योगदान छैन", पौडेल भन्छन्, "जग्गाको स्वामित्व जोताहा किसानकै हुनुपर्छ ।"

आफ्नो नाममा दर्ता धेरैजसो जमिन सम्बन्धित किसानलाई दिइसकेका पौडेलले बाँकी पनि निशर्त पास गरिदिने बताए । धैबुङ, भोर्ले र लहरेपौवाका जग्गा २०३३/३४ मा जोत्ने किसान तथा बिर्तावार दुवैको नाम (द्वैध स्वामित्व) मा नापी भएको थियो । तर, मोहियानी हकको ७ नं. रसीद, ४ नं. फारम र बिर्तावाललाई कुत बुझाएको भर्पाईलगायत सबै आधिकारिक कागजात बोकेर बसेका किसान कतिपय बिर्तावारले लालपुर्जा बनाएको भेटेपछि रनभुल्लमा परेका थिए । अर्का बिर्तावार दीपक पौडेल पूर्वजहरूले समझदारीका आधारमा भोगचलन गरे पनि अहिलेको पुस्तामा त्यो नहुँदा विवाद भएको बताउँछन् । उनी भन्छन्, "हामी किसानलाई जग्गा दिन तयारै छौं, तर उनीहरूले पनि हामीलाई स्वामित्व बापतको अंश दिनुपर्छ ।"

भूमि अधिकार मञ्च रसुवाकी अध्यक्ष चित्रकुमारी न्यौपाने काठमाडौंमा बस्ने बिर्तावारहरूले मालपोत कार्यालय रसुवासँग मिलोमतो गरेर २०४१ सालदेखि २०६३ सम्ममा कानूनी प्रक्रिया पूरा नगरी ती जग्गा आफ्नो नाममा दर्ता गराएको बताउँछिन् । स्थानीय निकायको सिफारिश र मोहीको सहमतिमा जग्गा दर्ताको प्रक्रिया अघि बढाउनुपर्ने व्यवस्था भएपनि बिर्तावारहरूले मालपोतका कर्मचारीलाई मिलाएर एकल स्वामित्व कायम गरेको उनले बताइन् । न्यौपाने भन्छिन्, "कानूनले बिर्ता उन्मूलन गरिसकेकोले पनि यो दर्ता गैर-कानूनी छ।"

बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १२ (क) मा 'बिर्ता जग्गा दर्ता गर्ने विशेष व्यवस्थाअन्तर्गत असार २०४९ सम्ममा कसैको नाउँमा रैकरमा परिणत गरी दर्ता भै नसकेको 'ख' श्रेणीको बिर्ता जग्गा सो जग्गा कमाउने व्यक्तिका नाउँमा मात्र दफा ७ (क) बमोजिम दर्ता गरिने' उल्लेख छ । सो अवधिपछि कुनै बिर्तावालको नाउँमा 'ख' श्रेणीको बिर्ता जग्गा दर्ता नगरिने र दर्ता भएको रहेछ भने पनि मान्यता नहुने कानूनी व्यवस्था छ ।

ऐनले मोहीलाई जानकारी दिएर, स्थानीय निकायको सिफारिश, वडा मुचुल्का र गाविसमा तिरो तिरेको प्रमाणका आधारमा मात्र जग्गा दर्ता गराउन मिल्ने व्यवस्था गरेपनि बिर्तावारहरूले अर्कै बाटोबाट जग्गा रैकर बनाएको देखिन्छ । मालपोत कार्यालय भने, किसानलाई आफूले कमाइआएको जग्गा कसरी रैकरमा परिणत भै पुर्जा बनेको हो, कुन-कुन बिर्तावालको नाउँमा दर्ता भएको हो भन्ने जानकारीसमेत दिन अटेर गरिरहेको छ । धैबुङका नन्दप्रसाद अगस्थी भन्छन्, "जग्गा देख्नु त कहाँ हो कहाँ, त्यो कहाँ पर्छ भन्ने समेत थाहा नभएका बिर्तावारले मेरो घरबारी आफ्नो बनाएछन् ।"

मालपोत कार्यालयका प्रमुख भूपध्वज खत्री बिर्ता उन्मूलन ऐनको संशोधन २०४९ ले बिर्ता जग्गालाई रैकर बनाउन रोके पनि त्यसअघि नै दिइएका निवेदनमाथि कारबाही गरेर बिर्तावारको नाममा रैकर बनाइएको बताउँछन् । खत्री भन्छन्, "सर्वोच्च अदालतले मोही र जग्गाधनीमध्ये जसले पहिला जग्गाको स्वामित्व दाबी गर्दै निवदेन दिन्छन् उसैको नाममा जग्गा दर्ता गरिदिन फैसला गरेको नजिरका आधारमा बिर्तावारको नाममा जग्गा दर्ता गरिएको हो ।"

मालपोत कार्यालयले बिर्तावारहरू डम्बर जबरा र थीरशमशेर जबराले २०४९ सालअघि नै निवेदन दिएको भेटिएको भन्दै लहरेपौवाका १२ घरधुरी किसानको १८ रोपनी जग्गा उनीहरूको नाममा दर्ता गर्न आनाकानी गरिरहेको छ ।

नुवाकोटको खड्गभञ्याङ, गोर्स्याङ, चारघरे, रातमाटे, जिलिङ, दुईपीपल, गेर्खु लगायतका गाविसका पनि पुस्तौंदेखि जग्गा जोतभोग गर्दै आएका ३७३ परिवारले १ हजार ९४७ रोपनी १२ आना जग्गाको लालपुर्जा पाएका छैनन् । यस्ता जमीनमा जोताहाको अधिकार लाग्ने भन्दै किसानहरूले लामो समयदेखि आन्दोलन गरिरहेका छन् । यो समस्या हटाउन भूमिसुधार मन्त्रालयले ९ जेठ २०६९ मा आन्दोलनरत किसानको प्रतिनिधि संस्था भूमि अधिकार मञ्चसँग गरेको समझ्दारीमा तत्काल अध्ययन टोली खटाउने उल्लेख छ ।

## रैकर पनि खोसियो

रसुवाको भोर्ले-५ मा त १६ घरधुरी किसानको १८१ रोपनी रैकर जग्गा नै अरूले लगेको पाइएको छ । २०३४ सालको नापीले लालपुर्जा दिएको ती रैकर जग्गा खेमराज शमशेर राणाले २०४१ सालमा नापी र मालपोत कार्यालयका हाकीमलाई

हातमा लिएर आफ्नो नाममा बनाएका छन् । उनले २०४२ सालमा १८१ मध्ये १३१ रोपनी जग्गालाई कृषि विकास ब्याङ्कमा धितो राखेर रु.३६ हजार ऋण लिएका थिए । उनले ऋण नतिरेपछि उक्त जग्गा ब्याङ्कले नै सकारेकोमा १८ परिवार किसानले गएको कात्तिकमा साँवा-ब्याज गरी रू.४ लाख ५२ हजार तिरेर ११७ रोपनी जग्गा फिर्ता गरेका थिए । त्यसमध्ये १४ रोपनी जग्गा फेला परेकै छैन भने ७ घरधुरीको ५१ रोपनी अझै खेमराज शमशेरकै नाममा छ । आफ्नो जग्गा अरूले नै पचाइदिएपछि समस्यामा परेका ६० वर्षीया कृष्णबहादुर मगर भन्छन्, "मैले १३ रोपनीको लालपुर्जा पाएको छैन ।"

२०४२ सालको नापीमा नुवाकोटको खड्गभञ्ज्याङमा पनि किसानको रैकर जग्गा बिर्तावारको नाममा दर्ता भएको पाइएको छ । नुवाकोट जिल्ला भूमि अधिकार मञ्चका अध्यक्ष चुडामणि गजुरेलका अनुसार, खड्गभञ्ज्याङमा ११५ किसान परिवारको ७०० रोपनी जग्गा हरण भएको छ । तिनैमध्येका एक ६६ वर्षीय तेजप्रसाद ढुंगेल भन्छन्, "यो अन्याय हटाउन सरकारले नै उचित कदम चाल्नुपर्छ ।"

## झन् गरिब

कम उब्जाउ हुने भएपनि आफूले जोतभोग गर्दै आएको जग्गा स्वामित्वमा नआउँदा किसानहरू झन् गरिब बनिरहेका छन् । लालपुर्जा नभएको जग्गा धितो राखेर ऋण लिन नमिल्ने, आधिकारिक किनबेच नहुने र आपत-विपत्मा घरायसी कागज बनाएर कम मूल्यमा बिक्री गर्नुपर्दा किसान मारमा परेको अधिकारीकर्मी हेमनाथ खतिवडा बताउँछन् । जग्गामा स्वामित्व कायम नहुँदा किसान सामाजिक, शैक्षिक विभेदको खतरामा समेत परेको खतिवडा बताउँछन् । "लालपुर्जा नहुँदा कतिले घरमा विद्युत् जडान गर्न समेत पाएका छैनन्", खतिवडा भन्छन् ।


*(साभार : हिमाल, १५-२१ असार २०७२)*

# तस्बिर सङ्ग्रह





जिल्ला प्रशासन कार्यालय धुन्चेमा बिर्ता तथा गुठी पीडित किसानको ज्ञापन पत्र पेस कार्यक्रम, २०६६



गुठी समस्या भएको आमाछोदिङ्मो गाउँपालिका वडा नं. १ को ठुलो हाकु गाउँ



परिवेश नक्साङ्कन एवं गाउँ छलफल- ठुलोहाकु गाउँ भूमि अधिकार मञ्च, आमाछोदिङ्मो गाउँपालिका-१ ठुलोहाकु गाउँ (तत्कालिन हाकु गाविस)



गुठी समस्या भएको आमाछोदिङ्मो गाउँपालिका वडा नं. २ को सानो हाकु गाउँ



धुन्चेमा आयोजित ऱ्यालीमा हाकुका गुठीपीडित किसानहरू, २०६६



ठुलोहाकुमा गुठी परिवेश विश्लेषण, २०६६



जिल्लाको भूपरिवेश र किसान सङ्घर्षको कथा सुन्न आउनुभएका एकता परिषद् भारतसहितका प्रतिनिधिहरू, धैबुङ, कटुन्जे गाउँ



भूमि अधिकार मञ्चका अगुवाहरू सामूहिक कृषि खेतीमा, कालिका- २, गैराघर




नयाँ संविधानमा भूमि सुधारबारे काठमाडौंमा भएको आन्दोलनमा रसुवाका प्रतिनिधिहरू



सामुदायिक भूमि परिवेश नक्साङ्कन अभ्यास, उत्तरगया- ४, मनिगाउँ, २०६५



महिला किसानसँग भूमि अधिकार छलफल, कालिका- २ धैबुङकोट, २०६६



रसुवाका किसानको भूमि अधिकार आन्दोलन पढ्न आएका विदेशी पाहुना, २०६६



भूमि अधिकारबारे गाउँ शिविर एवं छलफल, कालिका- २ गैराघर



बिर्ताका किसानहरूलाई लालपुर्जा वितरण, धैबुङ, कालिकास्थान, २०६७



बिर्ताका किसानहरूलाई लालपुर्जा वितरण, धैबुङ, कालिकास्थान, २०६७



बिर्ताका किसानहरूलाई लालपुर्जा वितरण, धैबुङ, कालिकास्थान, २०६७



नौकुण्ड गाउँपालिका- ५ का बिर्ताका किसानहरू लालपुर्जाको साथमा। बिर्तावालाले २०४१ सालमा कृषि विकास बैंक धुन्चेमा ऋण-धितो राखी हिडेको र उक्त जग्गा लिलामी भएको थियो। भूमि अधिकार मञ्चको सहजीकरणमा आर्थिक स्रोत सङ्कलन गरी २०७१ सालमा ऋणमुक्त भई लालपुर्जा लिन सफल भएका थिए


मालपोत कार्यालय, धुन्चेमा आयोजित धर्नामा किसानहरू, २०७१


मालपोत कार्यालयमा धर्ना बस्नु पहिले धुन्चेमा निकालिएको किसान ¥याली, २०७१



भूकम्पपछि उत्तरगया- ५ बोगटीटारमा गुठी, बिर्ता, भूमिहीन र विस्थापित परिवारको पुनर्स्थापनाको सवालमा बृहत सरोकारवाला छलफलमा सहभागीहरू, २०७२



भूकम्पको कारण विस्थापित भएका परिवारलाई मञ्चको समेत सहजीकरणमा पुनर्वास गराउन पहल गरिएको थियो । आमाछोदिङमो गाउँपालिकाका विस्थापित परिवारलाई पुनर्वासको लागि जग्गा खरिदपछि सामूहिक तस्विर । मालपोत कार्यालय, धुन्चे





विपद्मा मञ्चको साथ । भूकम्प पीडित परिवारलाई मञ्चमार्फत राहत वितरण, २०७२



गाउँ भूमि शिविर नौकुण्ड-५, भोर्ले



गाउँ भूमि शिविर उत्तरगया-४, मनिगाउँ





मञ्चको भूमि घर, कालिकास्थान






भूमि घरमा वृक्षारोपण तथा घेरबारका लागि अगुवा सहभागिता



संयुक्त लालपुर्जा निर्माण शिविर, भूमि घर


संयुक्त लालपुर्जा बनाउने कार्यमा सहजीकरण, मालपोत कार्यालय, धुन्चे



मोही पुर्जा प्राप्तिपछि हाकुका गुठी किसान, २०७५



हाकुका गुठीका मोही किसानलाई मोही पुर्जा वितरण कार्यक्रम, धुन्चे २०७५




हाकुका गुठीका मोही किसानलाई मोही पुर्जा वितरण कार्यक्रम, हाकु २०७५



गुठी संस्थानमा डेलिगेसन, काठमाडौं, २०८०



आमाछोदिङमो गाउँपालिका अध्यक्ष बुचुङ तामाङ गुठीका मोही किसानलाई मोही पुर्जा वितरण गर्दै, हाकु २०७५


गुठीका मोही किसानलाई मोही पुर्जा वितरण, २०७५, धुन्चे



परिवेश नक्साङ्कन एवं गाउँ छलफल, चेतनशील गाउँ भूमि अधिकार मञ्च, कालिका-३ इटपारे गाउँ



भूमि अधिकार जागरण ऱ्याली, कालिकास्थान २०७५



एकता परिषद् भारतका राजागोपाल पिभीको रसुवा भ्रमण



संयुक्त लालपुर्जा बनाउने जोडीलाई सम्मान कार्यक्रम, कालिकास्थान


नेतृत्व विकास तथा कानुनी प्रशिक्षण


संगठन एवं अभियान सुदृढीकरणका लागि अभिमुखीकरण




प्रतिनिधि सभा सदस्य मोहन आचार्य र प्रदेश सभा सदस्य शान्ति थिङलाई भूमि अधिकार पत्र पेस । भूमि घर, कालिकास्थान २०७५




कालिका गाउँपालिकामा ज्ञापन पत्र पेस, २०७५



अगुवा प्रशिक्षण कार्यक्रममा सहभागी, २०८०




अगुवा क्षमता विकास कार्यक्रम






भूमि अधिकारसम्बन्धी (बिर्ता उन्मूलन) विशेष घोषणा सभा कालिका गाउँपालिका, २०७५







पाँचौ जिल्ला सम्मेलनको अवसरमा अभियानमा महत्वपूर्ण सहयोग पुऱ्याउने व्यक्तिहरूलाई सम्मान, २०७९



चौथो जिल्ला अधिवेशन र निर्वाचित जिल्ला मञ्चका पदाधिकारीहरू




तेस्रो जिल्ला अधिवेशन र निर्वाचित जिल्ला मञ्चका पदाधिकारीहरू



जिल्लाको भूमिसम्बन्धी समस्या समाधानमा सहजीकरण गरिदिन माग राखी राष्ट्रिय भूमि आयोगमा ज्ञापन पत्र पेस, काठमाडौं २०८०




रसुवा भ्रमणमा आउनु भएका राष्ट्रिय भूमि आयोगका पदाधिकारीलाई भूमिहीनका समस्या समाधान गरिदिन माग राखी निवेदन पेश। कालिकास्थान रसुवा, २०८०



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठसँग छलफल, सिंहदरबार, काठमाडौं, २०७९



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी रसुवा भ्रमणपछि किसानका समस्या सुन्दै र मायाको चिनो ग्रहण गर्दै, २०८१



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई भूमि अधिकार मञ्चको अगुवाईमा ज्ञापन पत्र पेश, सिंहदरबार, काठमाडौं, २०८०



बिर्ता समस्या समाधानको लागि नुवाकोट र रसुवाका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र मञ्चको टिमको सयुक्त डेलिगेसन, सिंहदरबार, काठमाडौं, २०८०



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्यालको सहभागितामा भूमिसम्बन्धी बृहत् कार्यक्रम, कालिकास्थान, २०७६



बिर्ता समस्या समाधानबारे भूमि सुधार मन्त्रालयमा मन्त्री डम्बर श्रेष्ठसँग डेलिगेसन एवम् छलफल, २०६६

# नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र राष्ट्रिय भूमि अधिकार मञ्चका प्रतिनिधिबीच भएको समझदारी

राष्ट्रिय भूमि अधिकार मञ्चले विभिन्न जिल्लामा भूमि माथिको अधिकारका विषयमा विभिन्न माग राखी धर्ना दिने लगायतका कार्यक्रमहरु सञ्चालन गरिरहेको सन्दर्भमा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यूको उपस्थितिमा राष्ट्रिय भूमि अधिकार मञ्चका प्रतिनिधिहरुसँग छलफल गरी देहाय बमोजिम समझदारी गरियो ।

१. बाँके, बर्दिया लगायतका विभिन्न जिल्लाहरुमा जग्गाधनी र मोहीबीच बाँकी रहेको जग्गा बाँडफाँड गर्ने कार्य सम्पन्न गर्न मन्त्रिपरिषद्मा प्रस्तुत भएको भूमि सम्बन्धी संशोधन विधेयकलाई व्यवस्थापिका संसदबाट पारित गराउन पहल गर्ने ।

२. मोही लागेको जग्गा बैंक, वित्तीय संस्था तथा सहकारीमा धितो राखी ऋण लिन धितो/दृष्टिबन्धक राख्ने कार्य रोक्नका लागि अर्थ मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल राष्ट्र बैंक र कृषि विकास बैंकमा अनुरोध गर्ने र बाँडफाँडका लागि निवेदन परेका जग्गा रोक्का राख्न मालपोत कार्यालयहरुलाई परिपत्र गर्ने ।

३. सेवा निवृत्त कर्मचारीलाई कार्यालयमा आफ्नो काममा बाहेक अन्यको काममा बाधा विरोध गर्ने वा दलाली गर्ने वा मोहीलाई तर्साउने कार्य भएको गुनासो सम्बोधन गर्न त्यस्ता व्यक्तिलाई कार्यालयमा प्रवेश नदिन सम्बन्धित मालपोत तथा भूमिसुधार कार्यालयलाई निर्देशन दिने र प्रभावकारी अनुगमन गर्ने व्यवस्था गर्ने ।

४. नुवाकोट र रसुवा जिल्लाका बिर्ता जग्गाको दर्ता सम्बन्धमा देखिएका समस्याको समाधानका लागि अध्ययन र छानबीन गर्न मन्त्रालयबाट टोली खटाई पठाउने र यस्तो छानबीन कार्य सम्पन्न नहुन्जेलसम्म छानबीनलाई प्रतिकूल प्रभाव पार्ने गरी कुनै क्रियाकलापहरु कसैबाट हुन नदिने व्यवस्था मिलाउन सम्बन्धित मालपोत कार्यालयलाई मन्त्रालयले निर्देशन दिने ।

५. नुवाकोट र रसुवा जिल्ला लगायतका बिर्ता जग्गाका प्रकृति समेतलाई समेट्ने गरी बिर्ता उन्मूलन ऐन, २०१६ मा संशोधन प्रस्ताव गरी बिर्ता जग्गा दर्ता सम्बन्धी समस्या सम्बोधन गर्ने व्यवस्था मिलाउने, ऐन संशोधन मस्यौदा तयार गर्दा राष्ट्रिय भूमि अधिकार मञ्च लगायत सरोकारवालाका प्रतिनिधि समेतसँग परामर्श गर्ने ।

नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल

६. सिन्धुपाल्चोक, पाल्पा, नुवाकोट र रसुवा जिल्लाको हाकु गा. वि. स. लगायत विभिन्न जिल्लामा रहेका विभिन्न किसिमका गुठी जग्गाहरुका खास खास प्रकृतिका समस्या समाधानका लागि मन्त्रालयले एक अध्ययन टोली गठन गरी समस्या समाधानका लागि पहल गर्ने र रसुवा जिल्लाको हाकु गा. वि. स. बाट सो को अध्ययन, छानबीन शुरु गर्ने ।

७. सम्मानीत सर्वोच्च अदालतबाट भएको गुठी रैतानी नहुने सम्बन्धी निर्णयलाई पुनरावलोकन गर्नको लागि भूमि अधिकार मञ्चले निवेदन दिने व्यवस्था लगायतका आवश्यक पहल गर्ने ।

८. बर्दियामा धर्नाका क्रममा मृत्यु भएका लौटन रैदासलाई क्षतिपूर्ति दिनको लागि गृह मन्त्रालयलाई अनुरोध गर्ने ।

९. राष्ट्रिय भूमि अधिकार मञ्च जिल्ला समितिहरुले विभिन्न जिल्लामा गरी रहेको धर्ना लगायतका सबै विरोध कार्यक्रम आजैबाट फिर्ता लिने ।

**भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तर्फबाट**

कृष्णराज वि. सी. — संयोजक

लक्ष्मीप्रसाद गौतम — सदस्य

पद्मनिधी सोती — सदस्य

**राष्ट्रिय भूमि अधिकार मञ्चका तर्फबाट**

श्यामबहादुर दर्जी, महासचिव

जगत देउजा, भूमि अधिकारकर्मी

भवानीप्रसाद न्यौपाने, अध्यक्ष — रसुवा

**उपस्थिति:**

दलबहादुर राना, मा. मन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

लोकदर्शन रेग्मी, सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

रहितकुमार भट्टराई, सह-सचिव, " " "

कपिल डंगोल, सह-सचिव, " " "

**उपस्थिति:**

सोनप्रसाद भण्डारी, राष्ट्रिय अध्यक्ष

चुडामणिप्रसाद गजुरेल, अध्यक्ष — नुवाकोट

होमेन्द्रबहादुर थापा, अध्यक्ष — बर्दिया

जक्षविर बड, अध्यक्ष — बाँके

जगत बस्नेत, भूमि अधिकारकर्मी

**विशेष उपस्थिति**

माननीय सभासद् छोवाङ तेन्जेन

माननीय सभासद जनार्दन ढकाल

इति सम्वत् २०७१ साल जेष्ठ ६ गते रोज ६ शुभम् ...............................................................

बिर्ता जग्गा जोतभोग गर्ने १६८ परिवारको जग्गाधनी प्रमाण पुर्जा बन्यो । गुठीपीडित किसानको मोही हक सुरक्षित भयो, महँगो कुत आधा छूट भयो ।

भूकम्पबाट विस्थापित भएका ८१५ र भूकम्प पीडित भूमिहीन २१ परिवारको पुनर्वासमा मद्दत पुग्यो । ८८७ किसान परिवारले संयुक्त जग्गाधजी पुर्जा बनाई भूमिमा महिला-पुरूषको बराबरी स्वामित्व कायम गराएका छन् ।

• • •

कालिकास्थानमा निर्माण भएको भूमि घर हामी सबैको साझा घर हो । अभियानसम्बन्धी छलफल गर्ने, भेला हुने, तालिम एवं विभिन्न कार्यक्रम सञ्चालन गर्न सहजता भइरहेको छ ।

यो दुई दशक निरन्तर खट्ने अगुवाहरूको क्रियाशीलता, माया, आफ्नोपन र सङ्गठनप्रतिको लगावले नै यो भूमि अधिकार यात्रा सफल हुँदै अघि बढेको छ ।

अभियान र आन्दोलनको यात्रा कठिन र लामो हुने रहेछ । भन्नेबित्तिकै उपलब्धि आइहाल्ने भन्ने हुँदैन । अभियानको यात्रा नै लामो हो ।